# दायित्व
(साहित्यिक मासिक)

वर्ष १२ | आश्विन २०५५ | पूर्णाङ्क-३२



**प्रधान सम्पादक/ प्रकाशक**
रामप्रसाद पन्त
फोन. ४८६४७६

**व्यवस्थापक**
लक्ष्मी पन्त
फोन. ४८६४२७

**सम्पादन सल्लाहकार**
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

**प्रतिनिधि**
केशवराज पन्त

**विशेष सहयोगी**
विनोद ढुंगेल

**सहयोगी**
विष्णु ज्ञवाली
ऋषिराम डी.सी.
गोविन्द नेपाल



**कार्यालय**
घ १-६०१ चावहिल, काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

**सहयोग**
संस्थागत: रु. १००/-
व्यक्तिगत: रु. २५/-


## यात्रा विशेषाङ्क

### विषयक्रम


| | | | |
|---|---|---|---|
| १. | एउटा अविस्मरणीय यात्राको सेरोफेरोमा | १ | - इन्द्रकुमार श्रेष्ठ 'सरित्' |
| २. | पच्चीस बर्षपछि सुर्खेत र रोटेपिङ | ४ | - काजी रोशन |
| ३. | हाम्रोलागि त्यो साहसिक यात्रा थियो | ८ | - केशवराज पन्त |
| ४. | राराको यात्राः अमिट सम्झना | ११ | - प्रा. गोपीकृष्ण शर्मा |
| ५. | वे साइड, वल्छीवाल र समुद्रको छाल | १२ | - जय छाङ्छा |
| ६. | युगान्तरीय यात्रीहरू | १६ | - डा. टीकाराम पन्थी |
| ७. | छब्बीस वर्ष अगाडिको अविस्मरणीय यात्रा | १९ | - डा. तुलसी भट्टराई |
| ८ | अल्छी आँखो र हाम्रो नियात्रा | २४ | - तेजप्रकाश श्रेष्ठ |
| ९ | बेलायतको एक साँझ | २७ | - ध.च. गोतामे |
| १० | दहीका खुट्टा र हाप्सिलाको जुहारी | ३२ | - नरेन्द्रराज पौडेल |
| ११. | बाल्यस्मृति | ३६ | - पूर्णप्रकाश नेपाल 'यात्री' |
| १२. | त्यो रात हामीले रोएर बितायौं | ४० | - बादेपा |
| १३. | संस्मरणः अधूरो यात्राको | ४३ | - भरतराज शर्मा 'मन्थलीय' |
| १४. | रेलको झ्यालभरिको संसार | ४६ | - भीष्म उप्रेती |
| १५. | पाटलीपुत्र, अर्थात् पटना | ४९ | - मनु ब्राजाकी |
| १६. | कहिले आउला त्यो दिन ! | ५३ | मञ्जुल |
| १७. | ठेचोको बिहान र ठैवको साँझ | ५५ | - युवराज नयाँघरे |
| १८. | सन्ताउन्न वर्ष बितेछ त्यस यात्राको | ५९ | - रमेश विकल |
| १९. | त्यो संक्रान्ति डाँडो अनि त्यो छाते ढुंगो | ६६ | - रामचन्द्र गौतम |
| २०. | बुकिट कियारा, अर्थात् उच्चस्थानमा रहेको वस्ती | ६९ | - रामप्रसाद पन्त |
| २१. | यात्रा-दर्शन दिग्दर्शन | ७२ | - प्रा. शिवगोपाल रिसाल |
| २२. | नेपाली दिलका ध्वनि । | ७५ | - शैलेन्दुप्रकाश नेपाल |
| २३. | दुई पटकसम्म हुन सक्छ कि । तीन पटक हैन | ७९ | - श्रीकृष्ण गौतम |
| २४. | यात्राको सानो क्षण | ८० | - सुनिल पौड्याल |
| २५. | रिमुवा-उर्लेनी भएर तम्घासत्तिर | ८३ | - सुब रान |



कम्प्युटरः **कम्प्युटर सलुसन** (पवन रेग्मी) चावहिल, फोन नं. ४८६४३३

मुद्रकः **क्षितिज अफसेट प्रिन्टिङ्ग प्रेस**, चावहिल, फोन नं. ४७४४८३, काठमाडौं ।

# सम्पादकीय

- हामी यसपटक साहित्यिक यात्रामा लागेका छौं । साहित्यले प्रत्यक्ष वा परोक्षरूपमा सम्पूर्ण राष्ट्र र जनताको बौद्धिक एवं सांस्कृतिक समुन्नतिमा कम योगदान पुऱ्याएको छैन । जुन देशमा साहित्य र संस्कृतिको रक्षा गरिदैन/अपहेलना गरिन्छ र अनुत्पादक भन्न थालिन्छ त्यसवेला देश दुरावस्थातिर धकेलिन्छ । जुनसुकै देशलाई चिनाउने वा बुझाउने त्यहाँको धर्म/संस्कृति हो र त्यहाँको समाजलाई समयानुसार विकाशोन्मुख दिशातिर अग्रसर गराउँदै लैजाने त्यहाँको साहित्य हो । अत: जुन देशको अस्तित्व कायम राख्न हामी मनसा वाचा कर्मणा समर्पित हुन्छौं तव मात्र देश समुन्नत हुन्छ, अन्यथा देशले दुरावस्था भोग्न वाध्य हुनुपर्छ ।

- हाम्रो साहित्य संस्कृति र कलाको फाँट कम उर्वर छैन । हामी विश्वसामु कम क्षमतावान छैनौं । यो जानिबुझिकन पनि हामीले आफ्नो अस्तित्वको पहिचान गराउन सकिरहेका छैनौं । हाम्रा साहित्यिक प्रतिष्ठानहरू पनि क्रियाशिल हुन सकिरहेका छैनन् । जसले साहित्य र साहित्यकारहरूको योथोचित कदर एवं सम्मान गर्नुपर्थ्यो त्यो गर्न सकिरहेका छैनन् । सरकारी क्षेत्रको त कुरा नै के अगाडि सार्ने ! साहित्य संस्कृति र कलाको क्षेत्रमा मूकदर्शक बनेको छ सरकारीतन्त्र । आफ्नो जीवन साहित्य मै उत्सर्ग गर्ने र दोश्रो उपार्जन नभएका दौलत र गोविन्दलगायतका धेरै विशिष्ठ साहित्यसाधकहरू अहिले विरामी पर्दा औषधिका गोली पनि कहाँबाट जुटाउने भन्ने समस्याले ग्रस्त छन् । केहीदिन अघि दिवंगत हुनुभएका 'व्यथित'लाई पनि समयमै ठाउँमा पुऱ्याउन सकेको भए आयु अरू केही दिन लम्बिन्थ्यो कि ?

- अर्कोतिर प्रजातन्त्र पुन:प्राप्ति पश्चात् साहित्यिक जमातमा पनि आशा गरे विपरित विभाजन देखा परेको छ, जसबाट साहित्यिक संगठन एवं साहित्यिक आवाज एउटै हुन सकेको छैन । एउटै साहित्यिकवादलाई विर्सेर साहित्यकारहरू विभिन्न वादविवादको पछि लागेर आफ्नै अस्तित्वलाई विवादास्पद बनाएका छन् । आफ्नै साहित्यिक मान र मर्यादालाई मर्दन गरेका छन । अर्थात् तुच्छ लालचमा फसेर आफ्नै उच्च प्रतिष्ठामाथि कुठाराघात गरेका छन । यो आफैमा विरोधाभाष बन्न पुगेको छ ।

- आज हजारौं हजार साहित्यकारहरूको लामलस्कर लागे पनि देवकोटा, सम, लेखनाथ जस्ता साहित्यसेवीहरूको सिला खोज्नुपर्ने स्थिति छ । अहिलेको साहित्यमा मात्रात्मक विकास भएपनि गुणात्मक विकास हुन सकेको छैन । यसो हुनुमा हामी आफैमा आफै दोषी छौं । राजनीति गर्नेहरूलाई प्रजातन्त्र नपचे जस्तो साहित्य रचना गर्नेहरूलाई पनि खुल्ला वातावरण नपचेको हो कि ? नत्र हामी अहिले एकजुट भई साहित्य विकासको सोंचतिर नलागेर किन विभाजित मनस्तिथिमा छौं ? र एउटा तुच्छ स्वार्थको पछि दौडिरहेका छौं ? यस कुरामा हामी गम्भीर हुनुपर्दछ ।

- अब हामी 'दायित्व'का कुरा गरौं - आम नेपालीले यस वर्ष (सन् १९९८) लाई नेपाल भ्रमण वर्षको रूपमा मनाइरहेको वेला साहित्यिक क्षेत्रबाट पनि थप सहयोग पुगोस् भन्ने उद्देश्य राखेर विगत अङ्कमा प्रण गरेअनुसार यस पूर्णाङ्कलाई 'यात्रा विशेषाङ्क'को रूपमा प्रकाशित गरेका छौं । लेखक महानुभावहरूले दायित्वप्रति यति ठूलो सद्भाव देखाइदिनु भयो कि हाम्रो क्षमताले नभ्याउनेगरी रचनाहरू वैरिए । यो क्रम चलिरहेकै वेला हामीबाट अनुरोध गरिएका तर रचना प्राप्त हुन बाँकी रहेका लेखकहरूसंग लाचार भएर के भन्नुपर्ने स्थिति आयो भने -'लेख्न थालिसक्नु भएको छैन भने कृपया लेख्ने हतार नगर्नु होला, हामीले यात्रा विशेषाङ्कको दोश्रो भाग प्रकाशित गर्नेछौं ।' तसर्थ यो हाम्रो अर्को प्रतीज्ञा हुन गएको छ कि सम्भवत: यसपछिकै अंक र सो सम्भव नभए त्यसपछिका अन्य कुनै अङ्कलाई यात्रा विशेषाङ्कको दोश्रो रूप दिनेछौं ।

**विजया दशमी तथा दीपावली २०५५ ले सम्पूर्ण नेपालीको घर-आँगनमा खुसी र उमंगको लहर ल्याओस् । हामी शुभ-कामना ।**

Jiny Pisya

# एउटा अविस्मरणीय यात्राको सेरोफेरोमा

✍ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

## यात्रा: उत्सुकतामय शुरुवात

कहिलेकाहीं कसैको पनि जीवनमा अचानक सोच्दै नसोचेको काम कुरा भइदिन्छ । यस्तो अचानक कहिले दु:खद् र कहिले सुखद् रूपमा देखापर्छ । यस्तै स्वाभाविक 'अचानक' र सुखद् स्थितिसंग जम्काभेट भएपछि सन् १९९५ फेब्रुअरी १० तारीखका दिन कार्यालयको व्यस्तता र घरको रुटिङ्ग अनुसार दैनिकीलाई चटक्क छोडेर भारतको राजधानी दिल्ली जाने सुअवसर हात लाग्यो । आफूसंगै अन्य मित्रहरू पनि भएकोले बस्ने ठाउँ (होटल) को साथी कै दिल्लीबासी आफन्तले गरिदिनेछन् भन्ने भरोसामा पर्दा व्यर्थै दिल्लीको इन्दिरा गान्धी हवाई अड्डामा तीन घण्टा जति बेवारिसे अवस्थामा बस्नु पऱ्यो । त्यसपछि बल्लबल्ल करोलवागको दुर्गा होटलमा प्रतिकोठा रु. ४५०/- भा.रु. का दरले ठाउँ पाइयो र शुल्क हाम्रो गच्छेभन्दा बाहिर कै भए पनि अगरमा भरदिने बिछ्यौनामा थाकेको शरीरलाई विश्राम दियौं । कार्यालयसंग सम्बन्धित काम पाँचबजेसम्ममा सिध्याएर साँझ परेपछि हामी चाँदनीचोकका एकभन्दा अर्को सुन्दर चाँदनीहरूलाई आँखाको नानीमा राख्दै पालिकाबजार पुऱ्यौं । त्यहाँ केही सामानहरू खरीद गऱ्यौं अनि भोलिपल्ट आगरा-मथुरा जानका लागि र पर्सीपल्ट चाहिं दिल्लीको दृश्यावलोकनका लागि गाडीमा सिट बुक गऱ्यौं । त्यसपछि अन्धासुरमा यहाँदेखि त्यहाँ डुल्दै हामीले दिल्लीको दिल छाम्ने प्रयत्न गऱ्यौं । तर जहाँ गए पनि उस्तै ठाउँ र मान्छेहरूको उत्तिकै भीडबाट आजीत भएर करोलवाग जान ट्याक्सीको बुंई चढ्न पुग्यौं । दिल्ली पुगेको भोलिपल्ट अर्थात् फेब्रुअरी ११ तारीकको बिहान छ बजे नै हामीलाई लिन गाडी आएकोले हामी हतारिदै आ-आफ्नो स्थान सुरक्षित गर्न गाडीतिर दौडियौं । करोलबागबाट शुरु भएको हाम्रो यात्रा त्यहाँबाट उत्तर पूर्व हान्दिदै बिहानको करीब ८:३० मा कुनै अज्ञात ठाउँमा चिया चमेनाका लागि ओल्यौं । करीब पन्ध्र मिनेटपछि चियाद्वारा पेटलाई तातो बनाएर पुन: उत्तरतर्फ बढ्ने क्रममा दिउँसो १२:२० तिर हामी आगरा कोर्ट पुग्यौं । मुगलकालीन सुन्दर भवनहरूको अवशेष देख्दा तत्कालीन मुगल शासकहरूको वैभवताको प्रदर्शन भइरहे झैं लाग्दथ्यो । रानी जोधबाइले बनाउँन लगाएकी जहाँगीर बिल्डिङ्गले तत्कालीन मीनाबजारको कथा भनिरहे झैं थियो कि यही मीनाबजारमा कुनैबेला तत्कालीन रानी र शहज्यादीहरूका लागि 'आइमाइ बजार' लाग्ने गर्दथ्यो । त्यस्तै सन् १६६६ मा दीवङ्गत भएका शाहजहाँले बनाएको 'मोतीमस्क' पनि आफ्नो अतीतलाई सम्झेर रोइरहे झैं देखिन्थ्यो । यही मोतीमस्कमा बसेर शाहजाहाँले ताजमहललाई घण्टौं नियाली रहन्थे भन्ने जनविश्वास पाइँदोरहेछ । तर मलाई यी विविध कुराहरूले पटक्कै लोभ्याइरहेका थिएनन् किनकि म त संसारको सातौं आश्चर्यभित्र पर्ने अर्थात् दुनियाँका साँचो प्रेमीहरूको निम्ति विश्वास र प्रेमको प्रतीक ताजमहल हेर्न चाहन्थें । अमरप्रेमको प्रतीक र कारीगरीको उत्कृष्ट नमूना ताजमहलको अस्तित्वलाई छोएर म एकैक्षण भए पनि शाहजहाँ र मुमताजको अमर प्रेमकथालाई श्रद्धाञ्जलि स्वरूप प्रेम, आस्था र विश्वासको दुईथोपा आँसु चढाउँन चाहन्थें । त्यसैले चाँडोभन्दा चाँडो ताजमहललाई हेर्ने र छुने तीब्राकांक्षाले मन संग-संगै म पनि उत्सुक भएरहेको थिएँ - त्यसै छटपटिरहेको थिएँ - मनमनै उत्तेजीत अनि प्रफूल्ल पनि भइरहेको थिएँ ।

## ताजमहल: शाहजहाँको दुईथोपा आँसु

मोतीमस्कबाट दिनको २:१० मा बाहिर निस्किएर हामी सानो तर सफा रेस्टुराँमा दीवाभोजनका लागि पस्यौं । भोजनालयबाट निस्केर हामी ताजमहल अर्थात् शाहजहाँको दुईथोपा आँसुको प्रतिक सामुं उभिन पुग्दा ठीक २:४० भएको थियो । यमुनाको किनारमा एक्लै-एक्लै चुपचाप ठडिएको शाहजहाँको दुईथोपा आँसुको मात्र हैन बरु शाहजहाँ र मुमताजको अमरप्रेमको प्रतीक यो अति सुन्दर अनि अति नै आकर्षक ताजमहललाई हेरेर आहा । म त्यसै त्यसै स्तब्ध र भावुक दुबै एकैचोटी हुन पुगेंछु । त्यसैबेला वर्षौं अघिदेखि आफूले हेर्न चाहेको प्रेम र विश्वासको यो अनुपम नमूना आज देख्न पाउँदा मन रोमाञ्चित भएर आनन्द,

खुसी र उत्सुकताका काँढाहरू शरीरभरि एकैचोटि उम्रिरहेका थिए । स्मृतिका लागि तस्वीर खिच्न-खिचाउँने क्रम सिध्याएर ताजमहललाई भावमय स्पर्श गर्दै शाहजहाँ-मुमताजको कब्रलाई श्रद्धाञ्जलिस्वरूप परिक्रमा गरेर बाहिर निस्किंदा पनि मलाई विश्वास नै भइरहेको थिएन कि म ताजमहलको सन्निधिमा नै छु र वास्तवमा मैले ताजमहललाई छोइरहेछु । आहा ! प्रेमको यो अमररूप । विश्वासको यो अखण्ड प्रतीक र दुनियाँका लागि यो अनुपम उदाहरण । साँच्चै । प्रेम भन्नु नै त्याग, समर्पण, चाहना र विश्वास नै त हो । यही पवित्र भावनारूपी श्रद्धाञ्जलि शाहजहाँ र मुमताजलाई चढाएर साथीहरूसंगै म पनि बाहिर निस्किएँ । यात्राको क्रममा अघिदेखि मसंग बात मारिरहेका तमिल मित्रले मलाई के भनिरहेका थिए मैले केही सुनिरहे कै थिइन । किनकि म त केवल शाहजहाँ-मुमताज-ताजमहल-ताजमहल-मुमताज-शाहजहाँको स्मृति र भावमा डुबिरहेको थिएँ, पौडिरहेको थिएँ । किनकि ताजमहललाई स्पर्श गरिसकेपछि, नियाली सकेपछि जिन्दगीमा अब मलाई प्रेमको परिभाषा पढ्नु पनि छैन र बुझ्नु पनि छैन । ताजमहलको अस्तित्व नै मेरो लागि प्रेम, आस्था, विश्वास र समर्पणको सिंगो परिभाषा हो भनेर स्वीकार्दा म मनमनै सन्तुष्ट छु, तृप्त छु । जीवनमा एकपटक शाहजहाँ र मुमताजको अमरप्रेमको साक्षी बनेर ताजमहल हेर्ने धोको सफलीभूत भएकोमा मेरो यो यात्रा जीवनभरिका लागि अविस्मरणीय बन्न पुगेको छ ।

४ बजे हामी ताजमहललाई मुटुमा बोकेर सिकन्दरातर्फ लाग्यौं । ४:४० मा सिकन्दरा पुगेको हामीले ५ बजे त्यहाँको दृश्यावलोकन सिध्याएर त्यहाँबाट भगवान् श्रीकृष्ण जन्मिनु भएको पावनभूमि मथुरातर्फ लाग्यौं । साँझ ५:४० मा मथुरा पुगदा हामीलाई साक्षात् श्रीकृष्ण भगवान्को दर्शन पाएको अनुभव र अनुभूति भइरहेको थियो । तर भगवान् श्रीकृष्णजीको पावन जन्मभूमि मथुरा अव्यवस्थित खुद्रेबजार, फोहर र मांग्नेहरूको घुइँचोले गर्दा त्यति मनोहारी चैं पक्कै पनि थिएन । तर भव्य र विशाल मन्दिरभित्र पसिसकेपछि चाहिं कसोकसो भगवान् श्रीकृष्णप्रति मनमा त्यसै त्यसै भक्तिभाव उर्लेर आउँदो रहेछ । त्यही निस्वार्थ भक्तिभावले श्रीकृष्णले जन्मलिनु भएको पावन माटोलाई श्रद्धापूर्वक स्पर्श र प्रणाम गर्दै हामी राती ७:१५ मा मथुराबाट दिल्ली फर्क्यौं ।

## दिल्ली: सुन्दरताको खानी तर फोहोरी बानी

अघिल्लो दिनको यात्राको थकानलाई बिदाई गरेर फेब्रुअरी १२ तारीकको बिहानीलाई स्वागत गर्दै दिल्ली दृश्यावलोकनका लागि हामी करोलवागबाट बिहान ९:३० बजे निर्धारीत बसमा चढ्यौं । हामी आ-आफ्नो सिटमा बसिसकेपछि बस लक्ष्मीनारायण मन्दिरतर्फ हुईंकियो । सबै धर्मावलम्बीहरूका लागि खुल्ला गरिएको यो मन्दिर सन् १९३८ मा महात्मा गान्धीले उद्घाटन गरेका रहेछन् । भगवान् र नारायणको दर्शन गरिसकेपछि हामी त्यहाँबाट नेहरु संग्रहालय (त्रीमूर्ति भवन) पुग्यौं । त्रीमूर्ति भवनको सुन्दरता र इतिहासलाई नियाली सकेपछि हामी सफदररोड, अकबररोड हुँदै इन्दिरा गान्धी मेमोरियल भवनमा पुग्यौं । भारतका भूतपूर्व प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीको स्मरण गराउँने लुगाफाटा, सामग्री एवं तस्वीरहरू देख्दा त्यसबेला यस्तो लागिरहेथ्यो मानौं एकातिर इन्दिरा गान्धीको बालापन हाँसिरहेछ भने अर्कोतिर उनको हृदयविदारक अन्त्य, मानवताको दुहाई दिनेहरूका अगाडि सुक्सुकाइरहेछ । आतंकवादको क्रूरताद्वारा मारिएकी इन्दिरा गान्धीले अन्तिम समयमा लगाएको रक्तरञ्जीत वस्त्र र उनलाई गोली लागेको अन्तिम क्षणहरूलाई झल्काउँने सामग्रीहरूले गर्दा किन किन मन एक तमासले बोझिलो हुनपुग्यो । त्यहाँबाट अघि बढ्ने क्रममा 'ग्रीन दिल्ली' को नारा दिने दिल्लीलाई गिज्याउँदै बाटो वरिपरिको फोहरमा सुंगुरहरू बंगालीको ढिकी झैं लडिरहेको देख्दा फोहोरको कुण्डमा डुबेको काठमाडौंबासीको नाताले मलाई त हर्षित नै तुल्यायो ।

## 'दिल्लीकी कुतुवमिनार देखो'

बालापनदेखि सुन्दै आएको एउटा चर्चित हिन्दी गीत 'देखो देखो दिल्लीकी कुतुवमिनार देखो'..... मा वर्णन गरिएको दिल्लीको कुतुवमिनारलाई आज यसरी प्रत्यक्ष देख्न र छुन पाएकोमा आनन्दले मनमा हरिणले झैं बुर्कुसी मारिरहेको थियो । यस्तै खुशी र प्रसन्नता अन्य साथीहरूको मुहारमा पनि झल्किरहेको देखिन्थ्यो । साँच्चै । हिन्दू-मुस्लिम बीचको साम्प्रदायिक संकुचित विचारधाराले ताण्डव नृत्य नगरेको भए यो ऐतिहासिक क्षेत्र झन कति सुन्दर देखिन्थ्यो होला ? इतिहासको खुड्किलोबाट गीतको माध्यमले जनजीब्रोमा झुण्डिएको कुतुवमिनारलाई स्नेहालु स्पर्श गर्दै ११:२० मा हामी त्यहाँबाट प्रस्थान गर्यौं र कौटिल्यमार्ग,

टेनिस कम्प्लेक्स आदि हुँदै हामी १ बजे कमल मन्दिर (लोटस टेम्पल) पुग्यौं । विशाल कमलको फूलको सिमेन्टेड आकृतिभित्र आफ्नो लागि आफै प्रार्थना गर्न बनाइएको चिसो अनि शान्त स्थान र सुन्दर बाग-बगैंचाले कसको मन नलोभ्याउला र ? चौरमा टेक्न निषेध नै भए पनि पालेको हप्की र दप्की खाएरै भए पनि लोटस टेम्पलको हरियो दूबोमा बसेर तस्वीर खिचेरै छाडियो । चौकिदारको लखेटाइ र हाम्रो भागाभागको यो अनुभव अविस्मरणीय यात्राको एउटा रमाइलो प्रसङ्ग बनेर आजीवन रहनेछ भन्ने कुरामा सहयात्री मित्रहरूलाई पनि द्विविधा नहोला नै, हैन त ?

## हेर्‍यौ लालकिल्ला: भोलिको खाना त घरैमा खाउँला

दिनको १:३० बजे हामी लोटस टेम्पलबाट हिंड्यौ र त्यहाँबाट च्चौलाकुवाँ, लाजपत नगर, सोल्टी ओबराय, दिल्ली गल्फ मैदान, नेशनल ग्यालरी अफ मोर्डन आर्ट, इण्डिया गेट, राजभवन, रेलभबन, संसाद भवन, अल इण्डिया रेडियो, डी.डी. सेन्टर, सरदार पटेल भवन, निर्वाचन सदन हुँदै दिनको २:१५ बजे करोलवाग आइपुर्‍यौं । करोलवागकै एउटा भीडमभीड रेस्टुराँमा पसेर बिहानको खाना खाएर दिउँसो ३:३० बजे हामी फेरि गाडी चढेर लालकिल्ला पुग्यौं । भारतको प्रसिद्ध विशाल भवन लालकिल्लाको इतिहास नबुझे पनि लालकिलाको भव्यताले कसलाई नलोभ्याउला र ? साथै लालकिलाभित्रको संग्रहालयमा संग्रहित ऐतिहासिक र पुरातात्त्विक महत्त्वका वस्तुहरूले पनि पर्यटकहरूलाई लोभ्याइरहे झैं भान हुन्थ्यो । तर लालकिलाभित्रको अव्यवस्था एवं फोहोर देख्दा बम्बई एवं औरंगावादका ऐतिहासिक स्थलहरूको तुलनामा लालकिलाको उचित मर्मत, सम्भार एवं संरक्षण भएजस्तो चाहिं लागेने । लालकिलालाई परिक्रमा गरिसकेपछि हामीले बुकिङ्ग गरेको गाडी छाडिदियौं र फेरि एकपटक चाँदनीचौक आइपुग्यौं । तुलनात्मक दृष्टिले हेर्दा असनको भीड त पनाती भन्न सुहाँने चाँदनीचौकको भीडलाई चिर्दै सानातिना केही आवश्यक सामानहरू किन्यौं । अनि एउटा तीन पांग्रेमा चढेर करोलवाग आइपुग्यौं । करोलवागमा आइपुगेपछि होटलमा सामान थन्क्याएर हामी पुन: किनमेल गर्न निस्क्यौं । स्वेटर, शर्ट, पैन्ट, सुटकेश जस्ता सामग्रीहरू किंनेर फर्किंदा रातको नौ बजिसकेको थियो । यी सामानहरू पनि थन्क्याएर हामी खाना खान होटल नजीकैको एउटा पञ्जावी रेस्टुराँमा पस्यौं । पञ्जावी शैलीको 'मूर्ग मसल्लम' को स्वाद लिदै एक आपसमा हेराहेर गर्दै हामीहरूले मनमनै भनिरहेका थियौं - घुम्यौं दिल्ली, मथुरा, आगरा हेर्‍यौं लालकिल्ला तर भोलिको खाना खान त घरै पुगौंला

यसरी दिल्लीको छोटो बसाइ, मीठो यात्रानुभव र रमाइलो घुमाइलाई सम्झिदै भोलि आर.ए.को उडानबाट घर पुगिने खुसीलाई न्यानो अंगालोमा च्यापेर म निद्रादेवीको शरणमा परें ।

*- तरहरा (सुन्सरी)*

*हाल: काठमाडौं*


२०५५

विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा हाम्रा समस्त उपभोक्तावर्गहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

**नेपाल खानेपानी संस्थान**

परिवार

त्रिपुरेश्वर

# पच्चीस बर्षपछि सुर्खेत र रोटेपिङ

✍ काजी रोशन

केही नयाँ वातावरणको खोजीमा छु र म अविरल भिन्दाभिन्दै र छुट्टाछुट्टै दृश्यहरूको गोचरमा आफूलाई अभिप्रेरित गरिराखेको छु । यसैले बाग्लुङलाई घेरिएका चार दिवारका अग्ला डाँडाबाट उछिट्टिएर मलाई पनि लेक र बेंसी गर्न मन लाग्छ । कहिले शहरैशहर र कहिले बगरैबगरमा फुक्का मन घुम्न मन लाग्छ ।

अहिले प्रसङ्ग सुर्खेतको छ । सुर्खेत मेरालागि स्मरणीय स्थल हो । त्यसभित्र मेरा केही संझनाहरू छन्, भावनाहरू छन् । २०२९/२०३० सालतिर म जुम्ला जाने सिलसिलामा दुईपटक पुगेको छु । एकपटक नेपालगञ्जबाट प्लेनमा सुर्खेत गएर पैदल जुम्ला गएको छु । अर्कोपटक जुम्ला लोकसेवा आयोगको स्टिलको दराज र अन्य केही सामानहरू लिने सिलसिलामा जुम्लाबाट एकसाता हिंडी दैलेख भएर सुर्खेत पुगेको छु । सुर्खेत पहिले र अहिलेमा धेरै परिवर्तन भयो होला । सुर्खेत झैं ममा पनि ठूलो परिवर्तन आएको छ । सुर्खेत गएको बेला म भर्खरकै ठिटो थिएँ, अविवाहित थिएँ, जुङ्गाका रेखीहरू भर्खरभर्खर टुसाएका थिए, छुरा पनि प्रयोग गरेको थिइन, धेरै उन्मुक्त थिएँ । तर अहिले म सरकारी सेवाबाट पनि निवृत्त छु, जीवनका धेरै जटिलताहरूमा झुण्डिरहेकोछु ।

अहिले म साहित्य प्रतिष्ठानका साथै धेरै संघ संस्थाहरूमा आबद्ध छु । यसै क्रममा जिल्ला बालकल्याण समितिसँग सम्बन्धित छु र समितिकै कार्य सिलसिलामा केही ठाउँहरूमा पुग्ने अवसर पाएको छु ।

२०५४ माघ ५ गते सुर्खेत प्रस्थान गर्ने गाडी तयार हुन्छ । माघ ७ गते नै सुर्खेत, पर्सा, काठमाडौं, पाल्पा, उदयपुर, लम्जुङ, तनहुँ, सिन्धुपाल्चोक, बाग्लुङ, म्याग्दी जिल्लाका बालकल्याण समितिहरूबीच पुनरावलोकन गोष्ठी त्यहाँ हुँदैछ र एस.सि.एफ.का रमेशपुरी र म त्यसतर्फ लाग्दैछौं ।

त्यसतर्फका कवि लेखकहरूको जानकारी लिने उद्देश्यले मैले घटराज भट्टराई लिखित बृहत् नेपाली साहित्यकार कोष नियालें, साथै हरिप्रसाद शर्माद्वारा सम्पादित 'नव कविता' को मेरो संकलन भलुम पनि हेरें र एकजना मित्रको नाम टिपें, बस त्यति भए पनि मेरोलागि काफी थियो ।

एउटा मनमोहक बिहानी साह्रै चित्ताकर्षक माघको पहिलो साताभित्रको त्यो बिहानी जहाँ आकाश सफा थियो, छाँटीभित्रै केही हेर्ने, केही भेट्ने र केही बुझ्ने भावनाको त्रिवेणीबीच ७:३० बजे गाडी हुन्हुँनाउँदै अघि बढ्यो । रमेश पुरी भर्खरै U.K. बसेर आउनुभएको उहाँसँग U.K. अमेरिकातर्फका सहस्र अनुभवहरू थिए, त्यसतर्फका धेरै रमाइला कुरा थिए । गाडीभरि उहाँले आफूले भोगेका विभिन्न अनुभवहरू ओकेल्दै जानुभयो । म पनि औधी रमाइरमाइ सुन्दै जाँदा गाडीले निकै पर लगिसकेको रहेछ । केही क्षणमै पोखरास्थित बाग्लुङ बसपार्क आइपुग्यो, सिलिङमिलिङ मान्छेहरू देखिए । हामी चढेको गाडी कुनै लोकल बस नभएकोले कहीं अडिने र भुल्ने भन्ने सवालै थिएन । त्यो दिन हाम्रो उद्देश्य दाङको लमहीमा पुग्ने थियो ।

'हैन रोशनजी खाना यहीं खाउँ' आँवु खैरेनी पुगेपछि रमेश पुरीजीले भन्नुभयो । समय पनि १०:३० भैसकेकोले त्यहीं खायौं । आजभोलि सबै मार्केट भारतीय जस्तो देखिन्थ्यो, आफ्नो उत्पादनभन्दा आयात नै बढी देखिन्थ्यो ।

मुग्लीनबाट नारायणघाटतिर गाडी लाग्दा पनि पुरीजीको U.K. सकिएको थिएन, नाटक सम्राट् सेक्सपियरको घरमा प्रवेश आदि उहाँका कुराहरू रेलको इञ्जिनजस्तै लामा थिए । मैले उहाँलाई यी सबै कुरा तपाईंले एउटा साहित्यिक कार्यक्रममा सुनाउनुपर्छ भनी मैले भनें । हाम्रो त्यो सल्लाह मिति २०५४/१२/८ मा पर्वतमा भएको साहित्यिक कार्यक्रममा साकार हुनपुग्यो ।

चितवनको नारायणघाटको बाटो नआई गाडी पर्सामा गई रोकियो, कक्रिएका हातखुट्टा केही तन्कायौं र केहीबेर ओहोरदोहोर गऱ्यौं ।

नारायणघाटदेखि पश्चिमको बाटो भने मेरोलागि बिल्कुलै नौलो थियो । म धेरै वर्ष अघि पोखरा, स्याङ्जा हुँदै बुटवल पुगेको थिएँ । बिल्कुलै समतल भाग अब पोखरा बाग्लुङको जस्तो थिएन । यो बाटोमा धेरै बस्तीहरू पर्दा रहेछन्, सब कुरा एक-एक सोध्दै नोट गर्दै म अघि बढ्छु ।

मेरो यात्रामा नेपाली जनजीवन थियो । साना बच्चाहरू भैंसीको आँडमा बसेर यताउता गरेको पनि देखियो, बच्चाहरू

त्यत्तिकै खेलवाडमा थिए, किसानहरू आ-आफ्नो मनको लड्डुमै व्यस्त देखिन्थे । जीवनको अर्थ ढुकढुकी बचाउनु मात्र भएको प्रतीत हुन्थ्यो ।

दुम्कीबासमा आइपुग्दा बाउन्ने देवीलाई भुल्न सकिदैन । बाटोले अब महाभारत रेञ्जलाई पक्डन्छ ।

यात्रा अतिनै मीठो लाग्छ, रमाइलो लाग्छ । विभिन्न परिवेशको अनुभूतिले जीवनको गतिलाई दृष्टिकोणलाई र शैलीलाई थ्याङ-थ्याङ हान्छ, घोच्छ र चलचलायमान भएर लैजान्छ । यात्रा पक्षका मेरा धेरै कमजोरी पनि छन् -मैले यात्रालाई कहिलेकाहीं विष बराबर पनि सम्झन्छु, यस्तो हुन्छ कि सास नै गइहाल्छ कि ! अनि कहिलेकाहीं वान्ताको सहनाइमा शरीर नै निस्तेज तुल्याइदिन्छ ।

दिनको ठीक ४:३० बजे बुटवल पुगियो । एक-दुई साथीहरूको संझना भएको थियो तर त्यो मनभित्रै रह्यो । केही खाने उद्देश्यले एक होटेलमा पस्यौ तीन-चार थरीका परिकारहरू आए तर ती सबै आलु, आलु नै थिए । त्यहाँबाट पनि गाडी पश्चिमतिर लाग्यो अब हामी दाङ सुर्खेत, पुग्ने बाटो ततायौं ।

आकास बडो सफा थियो, त्यहाँ गर्मीको रमरम र पानीको झमझम पनि थिएन, सफा निर्मल हावा थियो, आफ्नै भू-भाग केही डर, त्रास र भय थिएन । दृष्टि वरिपरि शान्ति थियो, दृष्टिको किनार-किनारसम्म प्राप्ति थियो ।

ख्यालख्यालमा वाग्लुङ सोचेको दाङको सुनपुर भन्ने स्थान पनि आइपुग्यो तर बोलाइमा यसलाई पनि लमही भनिंदो रहेछ । रमेश पुरीले दाङको लमहीमा साँझ हाम्रो बास हुन्छ किन भनेको रहेछ ? अब मलाई बुझ्न गाह्रो भएन । त्यहाँ त उहाँले आफ्नी माहिली बहिनीको विहे गरिदिनु भएको रहेछ ।

दाजु बहिनीको क्या मीठो भेट ! फेरि ज्वाईं, सासू, ससुरा आदि सबैसँग भेट्न पाउने कति आनन्द ! म पछिपछि हिंड्ने लोकन्तेलाई त यस्तो अनुभव । झलमल्ल बत्ती बलेको कोठामा झोला र अन्य सामानको थन्को लगायौं ।

अब के थियो दाजुबहिनीका मीठामीठा बात, म चुपचाप सुनिरहें । बाहिर बिल्कुलै अँधेरो थियो । बहिनीले दाजुको सम्मानमा हाँस काटेकी रहिछन्, हाँसको मासुसँगै खाना आनन्दसँग खाइयो ।

त्यहाँ कमैया राख्ने चलन रहेछ । उब्जनी बालीको तीनमनमा दुईमन जिमिन्दारले र एकमन कमैयाले पाउने रहेछ । कमैयाकी श्रीमती र छोरीहरूले सित्तैमा कामगर्नु पर्दोरहेछ । म बिहान कमैयाहरूका छाप्राछाप्रामा पसी धेरै कुराको जानकारी लिएँ ।

कमैया पछि कमजोर हुँदै गएमा उसको बदला छोरालाई राखेर मात्र फुर्सद पाउँदो रहेछ । उनीहरू भालेको डाँकसँगै जिमिन्दारको खेतमा खन्न जानुपर्ने रहेछ र दशबजे खाना दुईबजे खाजा र साँझ खेतमै खाना ल्याइदिने चलन रहेछ । जस्तो पानी परे पनि खेतमै खानपर्ने रहेछ । उनीहरू बसिरहेको घरले ओगटेको जग्गामात्र उनीहरूको नाममा दर्ता भएको भए पनि 'मेरो काम नगरे घरै बस्न दिन्नँ' भनी जिमिन्दारले थर्काउने गर्दो रहेछ । तर जस्तै शोषण भए पनि जिमिन्दारको अगाडि एकशब्द बोल्न सक्दो रहेनछ । अहिले कमैया उन्मूलनको हावा त्यहाँ पनि पुगेको छ, उनीहरूमा पनि धेरै जागृति आइसकेको छ र परस्पर सल्लाह गरी कोही पनि जिमिन्दारकहाँ नजाने गरेको पनि पाइयो । यसबाट जिमिन्दारको मनमा ढ्याङ्ग्रो ठटाएको पनि पाइयो । मैले भित्रभित्र बुझ्दा उनीहरू आक्रोषित भई आफ्नो सङ्गठन विस्तारमा तल्लीन भएको पाएँ । त्यहाँ बूढाहरू ७५ देखि ८० वर्षसम्म बाँच्दारहेछन् र बूढीहरू नातीनातिना स्याहारी दिन बिताउँदा रहेछन् ।

श्रीगाउँ देउखुरीका श्री बालाराम पुरीको घर पनि हामी पस्यौं । उहाँ बालजनता उच्च मा.वि.को शिक्षक पनि हुनुहुँदो रहेछ । उहाँले छोटो समयमा गोरु, अन्त्य, यहाँ के छ रे ? मृत कविको सन्देश आदि कविता सुनाउनु भएको थियो ।

त्यहाँबाट हामी अझै पश्चिमतिर लाग्यौं । बिहान दशबजे लमही बजार पुग्यौं । एस.सि.एफ. काठमाडौंकी केशरी थापा, रेडवार्ना पाल्पाका श्री धर्मबहादुर श्रेष्ठ र सिन्धुपाल्चोकका साथीहरू सुर्खेतमा हुने गोष्ठीको लागि जाने क्रममा हामीले त्यहीं भेट्यौं ।

अब सँगसँगै अघिपछि गरी दुई गाडी सँगसँगै हिंड्यौं । हामी अहिले 'देउखुरी उपत्यका' मा भएको जानकारी भयो । साना मसिना झ्याड, केही मसिना घुम्तीहरू हुँदै अमिलिया भन्ने स्थानमा हाम्रो गाडी रोकियो । तुलसीपुर त्यहींबाट गइँदो रहेछ । मध्यान्ह बाह्रबजे हामी कोहलपुर पुग्यौं । कोहलपुरको बीचभागमा एउटा अग्लो स्तम्भ निर्माण भएको रहेछ । अरूभन्दा त्यहाँ बजार ठूलै रहेछ । टेलिभिजनका लागि ट्रान्समिटिङ टावर हर्रेको डाँडामा रहेछ । हामीले खाना त्यहीं खायौं । केशरीजी र सिन्धुपाल्चोकका साथीहरू नेपालगञ्ज हेर्न उता लागे । हामी सुर्खेततिरै लाग्यौं, त्यसबेला दिनको एक बजेको थियो ।

चिसापानीको जङ्गल हुँदै हामी शाही वर्दिया राष्ट्रिय निकुञ्ज शुक्लाफाँटमा पुग्यौं । राष्ट्रिय निकुञ्जभित्र ३१ कि.मि. मोटर बाटो पर्दोरहेछ । बाटोको दुबै साइड निकुञ्जको भाग

भएकोले केही समय अगाडिसम्म पनि त्यो बाटो भएर आवतजावत गर्नेहरूलाई ठूलो तकलिफ भएको रहेछ ।

देउराली, बबई गाउँ र बबईको लामोपुल पनि बाटोमा पर्दछ । निकुञ्ज एरिया समाप्त भएपछि सुर्खेत जिल्ला आउँछ । त्यहाँ टाँगिएको सुर्खेत जिल्ला विकास समितिको अभिवादन वोर्ड पनि रहेछ ।

अब सुर्खेत त्यति टाढा नभए पनि पहाडी बाटोमा धेरै घुम्तीहरू थिए, वरिपरि बोट बुट्यान र जङ्गलहरू पार गर्दै हामी निकै उच्च भागमा पुग्यौं । जताहेर्‍यो उतै रमाइलो, रमणीय दृश्य हेर्दै सुर्खेत उपत्यकामा झर्‍यौं र कालीबजारबाट टोली नदीको पुल तरी छिन्चु बजार पुग्यौं । त्यहाँबाट वीरेन्द्रनगर झलक्क देखियो ।

धेरै चाक्ला बाटाहरू थिए, धेरै खुल्ला भागहरू थिए । म यस्तैयस्तै हेर्न आएको त हुँ, हाम्रो देशमा जादूगरी चमत्कार र वैज्ञानिक चातुर्यता कहाँ हुनु ?

सुर्खेत घण्टाघर अगाडि रहेको एस.सि.एफ. को अफिस अगाडि हाम्रो गाडी रोकियो । ईरादा गौतमजीसँग भेट भयो, हामीलाई आमन्त्रित गर्ने वहाँ नै हुनुहुन्थ्यो, त्यस कार्यालयका प्रोजेक्ट मेनेजर ।

सुर्खेतमा आएर बालकल्याण समितिको कामको अलावा मेरा अपनै साहित्यिक कामहरू थिए । म त्यस भेकका साहित्यिक मित्रहरू, साहित्यिक संस्था एवं त्यससंग सम्वन्धित व्यक्तिहरूलाई भेट्न चाहन्थें । बाग्लुङ छँदा मैले 'नव कविता' त्रैमासिकमा इन्दिरा आत्रेयको एउटा कविता देखेको थिएँ । संयोगवस त्यहाँको लोकल फोन डाइरेक्टरीमा वहाँको फोन नं. पनि भएकोले रिङ गरीहालें, वहाँ काठमाडौं मै वस्नु हुने जानकारी मिल्यो । काठमाडौमा वस्ने असंख्य साहित्यकारहरू काठमाडौंको गोटा खाएर जिल्लाको ठेगाना लेख्ने धेरै छन् र सहरमा वसी जिल्लाको प्रतिनिधित्व गर्नेहरू पनि धेरै छन्, यो पनि यस्तै परेछ क्यार । त्यहाँका साहित्यकारहरूका सम्बन्धमा केही खोजी पस्दा मलाई खोपीराम लम्साल, लिलाधर गौतम, बलभद्र, विष्णु गौतम, पिताम्वर ढकाल, भानुभक्त भारती र इन्द्रलाल शर्माको नाम हात पर्‍यो । वहाँहरू मध्ये श्री भानुभक्त भारतीलाई भेट्न सकें । वहाँ मानव अधिकारवादी व्यक्तित्व एवं अधिवक्ता समेत हुनुहुँदो रहेछ । वहाँ मार्फत् स्थानीय साहित्य वारे केही जानकारी भए पनि साहित्यिक कृयाकलापमा संलग्न व्यक्तिसंग साक्षात्कार गर्न म असमर्थ भएँ । सायद मेरोलागि समय नपुग भएको पनि हुन सक्छ ।

कर्मचारी मिलन केन्द्र सुर्खेतबाट 'सुर्खेत सुमन' २०५३, वर्ष १ अंक १ प्रकाशित भएको रहेछ । उक्त पत्रिकाले सुर्खेत सम्वन्धी धेरै कुरामा छर्लङ्ग पारे झैं लाग्यो ।

यता जिल्ला वालकल्याण समितिको पुनरावलोकन गोष्ठीको प्रारम्भ हुने भएकोले हतार हतार गोष्ठीस्थलमा फर्कन्छु । रेडवार्ना नेपाल, एस.सि.एफ.यू.के. भएका १० जिल्लामा रहेका वालकल्याण समितिलाई केही गतिशिल वनाउने उक्त दुई अन्तर्राष्ट्रिय संस्था र महिला तथा समाज कल्याण मंत्रालयबीच दुई वर्षीय सम्झौतापत्रमा हस्ताक्षर भएको छ । प्रारम्भमा समितिको संयोजकको काम प्र.जि.अ.ले गर्ने र पछि समिति गठन भएपछि अरू सदस्यहरूलाई जिम्मा दिने कार्यनीति रहेको छ । हामीले पनि आ-आफ्नो क्षेत्रमा कार्य गर्न र सम्पर्क बढाउने उद्देश्यले सम्पर्क समिति वनायौं, साथीहरूले मलाईनै संयोजकको अविभारा बोकाए ।

साहित्यिक सम्मलेन र अन्य गोष्ठीहरूमा धेरै फरक पर्दछ । कुनै विषयगत गोष्ठीमा घोडाको पदपङ्ति लगाएझैं हिड्नु पर्दछ, उड्न र डुब्न पाइदैन तर साहित्य मार्का साह्रै स्वच्छन्द हुन्छ ।

मैले तालहरूमा रारा र फेवाताल देखेको छु । यस वाहेक मानसरोवरलाई पनि छोएको छु । अहिले बुलबुलेताल हेर्ने संजोक मिलेको छ । अवसर गुमाउने त कुरै भएन ।

बुलबुले ताल प्रवेश गर्न प्रतिव्यक्ति रू. १/- लाग्दछ र बाटोको दुवै छेउ काइयोका ठूलाठूला रूखहरू लहरै देखिन्छन् । प्रवेश स्थानबाट ५/७ मिनेट हिंडे तालमा पुगिन्छ । बुलबुलेताल ३५ विगा एरियामा रहेको छ । यसको संरक्षण र संचालन नगर विकास समितिले गरेको रहेछ । विदाको दिनमा १०० बाट १५० र अघिपछि ८०-९० जना व्यक्तिहरू प्रवेशगर्दा रहेछन् । पहिला यो पुरै भाग खेत रहेछ । यसमा बुलबुल पानी आउने भएकोले २०३२ सालमा क्याम्प घेरिएछ र २०३३ तिर जग्गा अधिकरण गरी उद्यानको रूपमा विकशित गरिएछ । अनि बुलबुल पानी आएको भागमा सिमेन्ट प्लाष्टर गरी पोखरी कुण्ड बनाइएको रहेछ । यो संकलन गरेको पानीबाट दक्षिणतिर ५ र पूर्वतिर ५ गरी १० धारा निकालिएको छ । नुहाउन लुगा धुनलाई आनन्द छ । यसको स्वरूप बालाजुको धारा जस्तै छ । बालाजुमा पानी संकलन हुने ३-४ पोखरीहरू छन् भने यहाँ त्यो १ पोखरीको ३ खण्डको १ खण्ड होला । तर यसलाई तालको संज्ञा कस्ले दियो ? बरु बुलबुले कुण्ड भनिएको भए विदेशी एवं स्वदेशी नागरिकको आँखाबाट ताल यसरी कुंजिने थिएन होला ।

२०५४/१०/८ गते विहानको समय हामी सब

सहभागी जागी सक्छौं । ७:३० बजीसक्दा विहानको कार्य सब सकिएको हुन्छ । लौ छिटो गर्नुस् भन्ने संगीता श्रेष्ठ (रेडवार्ना नेपाल) र अरू केही साथी गाडी लिएर कतै गइसक्नु भएकोले हामी त रनभुल्ल पो पर्‍यौं । सो दिन हाम्रो अन्तिम वसाई थियो । मैले रमेश पुरीलाई 'सर, सुर्खेत आएर धितै मेटिएन कतै जान पाइएन' भन्नेपछि वहाँले यसलाई शून्य समयको महत्त्वपूर्ण प्रस्ताव सम्झनु भयो र गाडीभित्र नवराज पहाडी (लमजुङ), खड्गबहादुर अधिकारी (तनहुँ), राममणी रिसाल (उदयपुर), हरिकुमार श्रेष्ठ (म्याग्दी) प्रेम पन्त (सुर्खेत) रमेश पुरी र म लाटी कोइलीमा अवस्थित शिवजीको मन्दिर हेर्न गयौं । बोलीचालीमा लाटीकोइली मन्दिर पनि भनिदो रहेछ ।

१२-१५ मिनेट मै मन्दिर अगाडि पुग्यौ । ढुङ्गै ढुङ्गाले बनेको यो मन्दिर कलाको बेजोड नमूनाको रूपमा रहेको छ । वि.सं.१९३९ मा प्रताप शाही र मानशाहीको राज्यकालमा बनेको उक्त मन्दिरको शिलापत्र यस प्रकारको छ -

"स्वस्ती नेपाल अधिराज्यको आधुनिक विकास प्रवर्तक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट समयको अन्तरालमा झण्डै उजाड भैसकेको सुर्खेत उपत्यका गुल्जार गरी वीरेन्द्रनगर स्थापना गरीबक्सी ७०० वर्ष पुरानो भनिने खण्डहरको रूपमा परिरहेको काँक्रे विहारको पश्चिमतिरको पाखामा रहेको विक्रम सम्वत १६३९ मा लगननाथको चेला आत्मानाथले शिला स्थापना गरेको लाटीकोइली आदर्श गाउँ पञ्चायतका प्रसिद्ध महादेवको मन्दिर सम्वत् २०४० मा जिर्णोद्वारा गर्न निगाहा वक्स भएअनुसार स्वदेशी भक्तपुरे शिलाकारहरूद्वारा जिल्ला पञ्चायतको जिम्मेवारीमा जिर्णोद्वार सम्पन्न भयो । इति विक्रम सम्वत् २०४१ शाके सम्वत् १९०६ नेपाल सम्वत् ११०४ इस्वी सम्वत् १९८४ श्रावण रक्षावन्धन पूर्णीमा शुभम्.....'

यो मन्दिर सुर्खेतको प्रसिद्ध दर्शनीय देवस्थलको रूपमा रहेको छ । यहाँ शिवरात्रीको दिन ठूलो मेला लाग्दछ ।

'लौ लौ हिडौं' साथीहरू कुर्लन लागे, हामी सबै निधारमा रातो टीका लगाई गाडीभित्र पस्यौं ।

'अव कता लाग्ने ?'

'जाऔं जाऔं काक्रे विहार तिर' भन्दा सबै साथीले परर.. ताली ठोके । विशाल जंगलले घेरिएको डाँडामुनि गाडी रोकी हामी अलिकति उँकालो उक्लेर काक्रेविहार पुग्यौ । त्यहाँ पत्थरमा कुँदिएका बुद्धका सहस्र चक्रहरू, विभिन्न फूलका बुट्टाहरू र बुद्धका सुन्दर चित्रहरू कोरिएका थिए । विशाल चौकुने भारी ढुङ्गाहरू १-२ जनाले चलाउनै नसकिने खालको छ । मैले एउटा कलात्मक ढुंगा नापें, त्यो ६ हात लामो र २ हात चौडा थियो । ऐतिहासिक हिसावले यसको ठूलो महत्त्व रहेको छ । यस्तो कल्पना गर्न सकिन्छ कि कुनैबेला यो विहार नेपालका लागि मात्र हैन विश्वकै कलात्मक बौद्ध विहारको तुलनामा पुग्न सक्ने कलाकारिताको उच्च नमूना यस्मा थियो । त्यहाँ कुनै शिलापत्रहरू भेटिदैन । काँक्रे सम्वन्धी केही तथ्य बुझ्न खोज्दा त्यो ठाउँ काँक्राको वियाको आकारमा भएकोले सो नाम रहेको बुझियो ।

हाम्रो गोष्ठीको अखडामा पुग्दा साथीहरू पूर्ण सन्तोष देखिन्थे । कार्यक्रम शुरू पो हुन आँटेको रहेछ यथास्थानमा वसेर गोष्ठीलाई अघि बढायौं । सबै साथीहरूले बालहीतका सम्वन्धमा भएका कार्यहरू सुनाए- केही महत्त्वपूर्ण निर्णयहरू भए । वाल वालिकाहरूका सम्वन्धमा हुनुपर्ने र गर्नुपर्ने प्रतिबद्धताहरू जाहेर भए । यो अवश्य पनि प्रगतिको सूचक हो । समितिसँगकै संलग्नताको नाताले बाग्लुङबाट यहाँसम्म पुग्न पाइयो, यसकालागि रमेश पुरीलाई फूलमाला लगाईदिनै पर्दछ ।

२५ वर्ष पछिको मेरो सुर्खेत यात्रा २५ घण्टाको बसाइमा बिहान बेलुकी गरी २:५० घण्टा जति उबारेको समयले साहित्यिक रङ्गकर्मीहरूको खोजीमा लागें । स्थानीय पुस्तक, पत्र-पत्रिका हेरें, वीरेन्द्रनगरका नगरीमा घुमें र टहलिएँ । बाग्लुङ होटेल भनेर साइनबोर्ड झुण्डचाइएको रहेछ त्यहाँभित्र पनि पसी केही बुझें र सररर एउटा कविता पनि लेखें -

बचपन मैं रौं फुलेर
कतै खानाको अभाव
या २ नं ३ नं घटिया तेलहरूको कारण
लावण्य सुकुमार पनहरू भित्र कतै
ब्लडप्रेशर हुर्किएर
आजकल सुर्खेतलाई
चिल्लों केही देख्न हुँदैन ।

मिति २०५४/१०/८ गते दिनको ३:३० बजेतिर गोष्ठीको विसर्जन भयो । साथीहरू कोही त्यो दिन त्यहीं बस्ने भए, कोही हिड्ने, भए हामी हिड्नेमा पर्‍यौं ।

सुर्खेतले सहस्र भावनाहरू तरङ्गित पार्‍यो, हलचल पार्‍यो, जीवनमा केही नयाँ अनुभूतिहरू दियो, सार्थकता दियो, दृष्टि दियो, भावना दियो, त्यही भावनाको रोटेपिडमा म चहै चहै गरी नाच्न थालें । 'प्रिय सुर्खेत ! तिमी टाढा छैनौं, मेरो मन मस्तिष्क भित्र तिमी छौ ।'

- बाग्लुङ

# हाम्रोलागि त्यो साहसिक यात्रा थियो

✍ केशवराज पन्त

वास्तवमा गोसाईंकुण्ड यात्रा मेरो अन्तस्करणबाट उब्जेको वा बनाइएको योजना थिएन, अर्थात् अकस्मात् बनेको कार्यक्रम थियो । आफ्नो जीवनकालमा धेरै नै पूजाआजा र तिर्थस्थलहरूको भ्रमण गरीसकेकी मेरी बृद्ध आमाले साउन महिनामा पोखरी नुहाउनु पर्छ भन्ने धार्मिक परम्परा अनुसार आफूले जाने इच्छा राख्दाराख्दै नुहाउन जान बाँकी रहेको गोसाईंकुण्ड यसपटक जाने चाहना राख्नुभयो । गोसाईंकुण्डको महिमा र महत्त्व जनैपूर्णिमाको दिन भएकोले सोही अवसर पारेर जाने निश्चिय गरियो ।

मेरो साथमा आमा, दिदी र श्रीमती जाने निधो भयो । त्यसै दाजु, भाउजु (काकाका छोराबुहारी) समेत गरी हाम्रो ६ जनाको यात्रादल बन्यो । जस अनुसार भैरहवाबाट रात्रीबसद्वारा काठमाडौंको लागि प्रस्थान गर्‍यौं ।

अर्कोदिन विहान काठमाडौं पुग्दा विहानको ६ बजेको थियो । त्यसैदिन काठमाडौं- धुन्चेको बस टिकट पाउने प्रयाश सफल नभएपछि हामी त्यो दिन काठमाडौंस्थित मेरै सहोदर दाजुको घरमा विश्राम लिई तेस्रोदिन विहान १०:३० बजे धुन्चे (रसुवा) को लागि प्रस्थान गर्‍यौं,।

बालाजु र नागार्जुनका सुन्दर रमणीय दृष्यहरू हेर्दै काठमाडौं उपत्यकालाई छोडिसकेपछि केहीवेरमैं हामी एउटा खोल्सो पार गरी नुवाकोट जिल्ला प्रवेश गर्‍यौं । पाक्न लागेका मकै, हरियो कोदो र कहींकहीं मकैभित्र मूलाको लागि वनाइएका ड्याङ् र रमाइला पाखा-पखेराहरू हेर्दै काठमाडौंबाट २५ कि.मि. को दूरीमा अवस्थित ककनी हुँदै रानीपौवा पुग्यौं । त्यसपछि हामी पहाडको दायाँपाखा भएर डाँडा खोल्सा हुँदै घुमाउरो बाटो ओरालो लाग्यौं । पक्की भएर पनि कच्ची जस्तै लाग्ने खाल्टा खुल्टी र ठाडो भीर भएकोले बाटो डरलाग्दो देखिन्थ्यो । जति तल गयो उति राम्रो र रमणीय वस्ती भएको प्रकृति हेर्दै तादी खोलाको किनारामा पुग्यौं । पुल पार गरिसकेपछि पश्चिमोत्तर हुँदै हामी विदुर नगरपालिका प्रवेष गर्‍यौं । उत्तर-दक्षिण भएर रहेको सो नगरपालिका वास्तवमा उर्वरा र रमणीय देखिन्थ्यो । यसैक्रमसँगै हामी दिउँसो २ बजे ७० कि.मि. दूरीमा रहेको त्रिशुली बजार पुग्यौं ।

त्यसपछि हामी बजारलाई छोडेर १०५ कि.मि. लामो त्रिशुली-सोमदाङ सडक हुँदै रसुवाको सदरमुकाम धुन्चे जाने क्रममा करिव १५ मिनटमा बेत्रावती पुग्यौं । त्रिशुली बजार देखि ८ कि.मि. उत्तरमा भेटिने बेत्रावती नदीले नुवाकोट र रसुवा जिल्लालाई छुट्याउँछ, जुनठाउँ सन् १७७० को नेपाल-चीन मैत्री सन्धीले प्रख्यात छ । बेत्रावतीको १५ कि.मि. को दूरीमा पर्ने कालिकास्थान पुगेर मात्र काठमाडौंबाट चलेको बस पहिलो पटक रोकियो र ड्राइभरले चियानास्ताको लागि १० मिनेट समय सूचना गर्‍यो । त्यहाँ सानो बजार, केही सरकारी कार्यलय र एउटा माध्यमिक विद्यालय पनि रहेछ । धर्मप्रति अगाध श्रद्धालु आमा त्यसदिन एकादशी तिथि हुनाले निराहार रहनु भएको र त्यसमाथि बस चढेदेखि नै निरन्तर वान्ता भइ राखेकोले थकित देखिनु हुन्थ्यो । हामीले त्यहाँ नासपाती किन्यौं र, चिया नास्ता गर्‍यौं । करिव पौने तीनबजेतिर बस उकालो लाग्यो । घुम्ती नै घुम्ती भएको उक्त सडकको ३३ कि.मि.मा अवस्थित राम्चे पुगेपछि मात्र केही तेर्सोबाटो आयो । त्यो ठाउँ लामटाङ राष्ट्रिय निकुञ्जको प्रवेशद्वार रहेछ । शाही सेनाद्वारा संरक्षित त्यो निकुञ्ज रारा पछिको दोस्रो ठूलो निकुञ्ज हो । त्यसले रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाको हजारौं कि.मि. एरिया ओगटेको छ ।

त्यो राष्ट्रिय निकुञ्ज प्रवेश गरेपछि हामी घनाजंगलको दक्षिण भेगबाट ठाडो-तेर्सो हुँदै धुन्चेतिर लाग्यौं । बाटो कच्ची भए पनि कडा चट्टानले बनेको पहाडी भू-भाग हुनाले बाटो राम्रो थियो । उच्च पहाड चढ्दै जाँदा वारीपारी र बाटामा झर्ने माथिबाट हाम्फाल्दै गरेका मनमोहक छहराहरूको दृश्य बडो रमाइलो थियो । यसरी हामी त्रिशुली-सोमदाङ सडकको ४८ कि.मि. दूरीमा पर्ने रसुवाको सदरमुकाम धुन्चे दिउँसो ४ बजे पुग्यौं ।

उत्तर फर्केर सामान्य भिरालो धरातलमा अवस्थित त्यस धुन्चेबजारको तल माथि सरकारी कार्यालयहरू, संघ-संस्थाहरू र ८-१० वटा होटल र लजहरू देखिन्थे । लामो यात्राको थकाइले गर्दा केहीवेर सडकको छेउमा आफ्ना सामानहरू राखी हामी सबै दुईजना बासको खोजीमा लाग्यौं । साथुहरूको भिडले गर्दा आवश्यकतानुसार लज पाउन सकिएन । दिनभरको निरन्तर वान्ता, थकाइ र निराहारले गर्दा आमा निकै कमजोर हुनुभएकोले छिटो बासको व्यवस्था मिलाउनु अनिवार्य

थियो । आफ्नो कार्यालयसंग सम्वन्धित स्थानीय कार्यालयमा बस्ने व्यवस्था हुन सक्ने भएकोले त्यहीं बस्ने निधो गर्यौं ।

भोलीपल्ट विहान सवा ३ बजे नै उठेर हामी सबैले धारामा नुहाइधुवाइ गरी स्टोभमा चिया पकाई खाएर ५ बजे नै गोसाईंकुण्डको लागि बाटो लाग्यौं । करिव पौने घण्टामा त्रिशुलीको सानो पुल तरेर गोसाईंकुण्डको लागि ठाडो उकालो उक्लन आरम्भ गर्यौं । अलिकति माथिको एउटा चिया पसलमा तामाङ्ग दाइसँग खुकुरी मागी उकालो चढ्ने सहाराको लागि एक-एकवटा लौरा काटी टेक्दै उकालो चढ्दै गयौं । साढे आठबजे हामी एउटा सानो घाँटीमा पुग्यौं । त्यहाँबाट चन्दनवारीको लक्ष गरेर उकालो चढ्दै गरेका यात्रीहरूको ताँती निकै आकर्षक देखिन्थ्यो । खाना खान चन्दनवारी पुग्ने लक्ष राखेर हिंडेका हामीलाई त्यसपछिको उकालोलें केही कठिन महसुश गरायो । बाटो उकालो भए पनि नराम्रो थिएन, सजिलैसित दोहोरो हिड्न सकिन्थ्यो । तर पनि अघिल्लो दिनको निराहार र निरन्तरको वान्ताले आमाको बृद्ध शरीर निकै कमजोर भएको थियो । उकालोमा आमालाई हात समातेर क्षण क्षणमा आराम गराउँदै ठाउँ ठाउँमा राखेको चिया पसलबाट दूध लिई आफूसंग भएको चिउरा, सातु खुवाउँदै खाँदै विस्तारै हिड्दै थियौं । कसैले चन्दनवारीसम्म आमालाई बोकाएर लैजाने सल्लाह पनि दिए । तर आमाले अरूको पिठ्यूँमा चढेर तीर्थ जान ठीक मान्नु भएन, तैपनि हामी ११ बजे दिम्सा सैनिक क्याम्प पुग्न सक्यौं । त्यहाँ केही चिया पसलहरू र धारा पानी पनि भएकोले खाना बनाई खान उपयुक्त सम्झी सुरक्षित र सफा ठाउँको अनुमति लिन सैनिक क्याम्पमा गयौं । संयोगवश त्यस क्याम्पमा आफ्नै जिल्लाका सैनिकहरू भएकोले पकाउने, खाने र विछ्याउने सम्वन्धी सामानहरूको ठूलो सहयोग मिल्यो । निकै सजिलोसँग खाना बनाइ खायौं । त्यसपछि आमाकै अगुवाइमा सवा दुई बजेतिर हामी चन्दनवारी (१०,५०० फिट) पुग्यौं । त्यो ठाउँ केही समतल र हरियाली भएकोले निकै रमणीय र मनमोहक लाग्थ्यो । त्यहाँ एक बौद्धगुम्बा र केही पक्की होटेल/लजहरू पनि थिए । यात्राको क्रममा खानेकुराहरू प्रायः पाइने तर जति माथि गयो उति महँगो हुँदै जाने भएकोले आवश्यक सबै सामानहरू बोकेर लैजान पर्ने या अलिधेरै रुपियाँ बोकेर जानु पर्ने रहेछ । त्यहाँ अलिअलि पानी परिरहने भएकोले छाता ओढ्न र बाटोमा हिड्न केही कठिनाइ त भइरहेको थियो तापनि बाटो तेर्सो र फराकिलो भएकोले त्यो कठिनाइलाई बिर्साइदिएको थियो । बाटोको छेउछाउको घना जङ्गलमा ढलेर उपयोग विहिन भएका ठूलठूला रूखहरू देखिन्थे ।

चोलाङ्गपाटी (११,५०० फिट) पुग्दा पाँच बजेको थियो । त्यहाँ तीन/चार वटा ढुङ्गाका घरहरू र अरू १५/१६ वटा चित्राका छाप्राहरू थिए । हामीलाई लौरी विनायकसम्म पुग्ने समय थियो । तर ढिलोगर्दा राम्रो बास पाउन कठिनाइ पर्ने हुनाले समयमै बासको प्रबन्ध मिलाई त्यही बस्यौं । जनैपूर्णिमाको दिन तामाङ जातीहरूको ठूलो चाड भएको र तीन/चार दिन अघिदेखि नै नाच-गान गर्ने प्रचलन भए अनुसार युवा/वयस्क र बृद्ध महिला/पुरुष सबै गोलबन्द भइ एक अर्काको हात समातेर 'सोइसोइ है सोइसोइ' भाका हाली गीतको तालमा खुट्टा बजार्दै रातभरिनै नाचीरहे । हामी आफुसँग भएको स्टोभ बाली रोटी, पुरी, चाउचाउ र चिया बनाइ खाएर सुत्यौं । ओछ्यानकालागि जङ्गलको घास-पात राखिएको र त्यसमाथि पातलो कपडा ओछ्याएर मिलाइएको थियो । हामीसँग स्लिपिङब्याग र ओढ्ने कम्बल, च्यादर भएकोले खासै समस्या थिएन । प्रतिव्यक्ति रु. १५/- मा बासको व्यवस्था मिलाइएको थियो । रातभरिको तामाङ नाचगान र पानी परिरहँदा चिसोले निन्द्रा परेन । अर्कोतिर हामीमध्ये अधिकांशलाई उचाईको कारण टाउको दुख्ने र वाकवाकी लाग्ने संकेत देखा परेको थियो । अर्थात् त्यहीदेखि लेकलाग्न थाल्दो रहेछ । यसरी नै भोक नलाग्ने अति थकाई लाग्ने, रिङ्गटा लाग्ने, स्वाँस्वाँ हुने र अचेत हुने जस्ता लक्षणहरू समेत प्रकृति अनुसार मानिस पिच्छे देखापर्दा रहेछन् । यसबाट बच्नको लागि विस्तारै हिड्ने, हलका भारी बोक्ने, तातोपानी पिउने प्रकृयाहरू अपनाउनु पर्दो रहेछ ।

भोलिपल्ट विहान ५:३० बजेनै उठेर हामी लौरी विनायकको उकालो लाग्यौं । हाइअल्टिच्यूटका कारण केही असजिलो र अस्वस्थपना हामी धेरैमा देखापर्दै थियो । नियन्त्रणका लागि आफ्नो साथमा रहेको कागती, अदुवा, टिमुर, लसुन, भकिम्लो आदि चीजहरू प्रयोग गर्दै थियौं । लौरीविनायकको उकालोमा शाहीसेना र सामाजिक सस्थाहरूबाट स्वास्थ शिविरहरू पनि राखिएका थिए । उनीहरूले लेक लाग्नबाट बच्ने सल्लाह र औषधी पनि बाँडेको देखिन्थ्यो । सामान्य औषधी हामीसँगै भएकोले सहयोगको आवश्यकता परेन । लौरीविनायकको बाटो उकालो भएर पनि अप्ठ्यारो र पट्यारलाग्दो नभइ रमाइलो थियो । पारीपट्टि हिमशिखरहरू, तल धुन्चे बजार नजिकै जस्तो देखिन्थ्यो । ठाडो फराकिलो खुल्ला नाङ्गो डाँडाको बाटोमा तलदेखि माथिसम्म लौरो टेक्दै हिंडेका यात्रुहरूका ताँती बडो रमाइलो र आकर्षक देखिन्थ्यो । यात्रुहरूकै साथमा बाजा-गाजा र नाचगान सहितको तामाङहरूको टोलीले यात्रालाई अरू आनन्दित पारेको थियो ।

१३ हजार फिटको उचाईमा रहेको एउटा मान्द्रे छाप्रो

भएको होटेलमा बसेर प्राकृतिक दृश्यहरू हेर्दै सिरसिरे हावा खाँदै केही चियानास्ता गर्‍यौं । तत्पश्चात् अन्तिम उकालोमा अवस्थित गणेशको मन्दिरमा पुगेर आफूले टेक्दै आएका लौराहरू त्यही समर्पित गरेर हामी त्यहाँबाट तेर्पाएँ लाग्यौं । त्यहाँबाट दाहिने हुँदै कहालिलाग्दो भीर-पहराहरूको बीचबाट गोसाईंकुण्डतिर अभिमुख भयौं । गोसाईंकुण्ड पुग्नु अघि पार गर्नुपर्ने सानो घाँटीको सिधा तल सरस्वती कुण्ड पर्दो रहेछ । गोसाईंकुण्डबाट बग्दै आएको पानी धेरै माथिबाट त्यस कुण्डमा खस्दो रहेछ । यो कुण्ड धेरै तल र खोचमा पर्ने भएकोले मानिसहरू त्यहाँ जाने र नुहाउने चलन थिएन । वर्षको ८ महिना हिउँ जम्ने त्यहाँका डाँडाहरू हिउँपग्लेर नाङ्गा देखिन्थे । त्यहाँबाट १०/१५ मिनेट हिंडिसकेपछि भैरवकुण्ड आउँदो रहेछ । यो कुण्ड सरस्वतीकुण्ड भन्दा ठूलो र कहालिलाग्दो कालो रङ्गको रहेछ । जस्लाई नागकुण्ड पनि भनिदो रहेछ । यस्को धार्मिक महत्त्व भएको पाइएन । त्यसपछि हामी करिव ११ बजे आफ्नो लक्षस्थान गोसाईंकुण्ड पुग्यौं । समयमै पुगेकोले हामीलाई बासको समस्या भएन । कुण्डकै किनारको एउटा मान्द्रे छाप्रोमा हाम्रो बस्ने व्यवस्था भयो । विछ्यौनाको लागि प्रति डन्लव रु. ५०/- तिरी व्यवस्था मिलायौं । यात्रुहरूको भीड बढ्दै जाँदा पछि प्रति डन्लव रु. १००/- मा पनि त्यो सुविधा अरूलाई मिलेन । त्यहाँ तीन/चारवटा पक्की घर भएपनि मान्द्रालेबारी प्लाष्टिकले बेरेर बनाइएका छाप्रा भने प्रसस्तै रहेछन् ।

कुण्डमा नुहाइधुवाइ गरेर हामीले खान पकाउने व्यवस्था गर्‍यौं । तर उच्चताको कारणले चामल पाक्न ज्यादै मुस्किल पर्दो रहेछ । जे भए पनि आफैले पकाएको तातो तरकारी र भात खान पाउँदा त्यो जाडोमा निकै मीठो र आनन्दको अनुभव भयो । बाहिर सिमसिम पानी परिरहेकोले हामी दिनभरी यताउता नलागेर छाप्रोमै बितायौं ।

भोलिपल्ट पूर्णिमाको दिन विहान तीनबजे नै यात्रुहरू उठेर नुहाउने पूजागर्ने कार्य शुरुगरे । अकासबाट पानी परिरहेकोले निकै जाडो थियो । तर कुण्डमा डुबुल्कीमारी नुहाउँदा पनि सोचेजस्तो जाडो लागेन । शरीरमा एक प्रकारको फुर्ति, न्यानोपन महशुस भयो । नुहाउने काम सकिएपछि पूजागरी आफ्नै समूहका पूज्य र प्रतिष्ठित गुरुबाट रक्षाबन्धन बाँध्ने र जनै लगाउने काम गरियो । त्यसपछि केही व्यक्ति खाना बनाउनमा र केही घुमफिर गर्न विभाजित भयौं ।

कुण्डको बीचमा पानी भित्र शिवजीको शिला भनिने सेतो पदार्थको दर्शन गर्‍यौं । शिवजी सुतिरहेको आकृतिमा देखिने त्यो दृश्य मौसम सफा भएको बेलामा मात्र देख्न सकिदो रहेछ । त्यहाँको मौसम छिनमै सफाहुने, छिनमै कुहिरो लाग्ने र घामपानी बदली भैराख्ने क्रम चलिनै रहदीरहेछ ।

यात्रुहरू विहानै देखि नुवाइधुवाइ सकेर आ-आफ्नो घर फर्कने क्रम जारी थियो । त्यसदिन गोसाईंकुण्ड पुग्ने यात्रु भन्दा फर्कने यात्रुहरूनै बढी भएकोले भीड कम हुँदै गएको देखिन्थ्यो । त्यसदिन हेलिकोप्टरले प्रतिव्यक्ति रु. ७,५००/- मा पाँच ट्रिप यात्रुहरू ओसारेको थियो । धार्मिक दृष्टिले महत्त्व राख्ने कुण्ड गोसाईंकुण्ड भएपनि त्यहाँ तलमाथी अरू धेरै कुण्डहरू भएकाले हामी खाना खाइवरी त्यहाँबाट एक सवा घण्टा परको सूर्यकुण्डतिर लाग्यौं । बाटो तेर्सो-उकालो भएकोले सजिलो भएपनि उचाईका कारण हिड्न कठिन भएको थियो । फाटफुट यात्रुहरू मात्र त्यता गएको देखिन्थ्यो । बाटोमा जाँदा पहिले बायाँतर्फ बर्दकुण्ड र दायाँतर्फ गोसाईंकुण्डकै अगाडि धर्मकुण्ड देखियो । यी कुण्डहरूबाट अलिकति अगाडि सूर्यकुण्ड पर्दो रहेछ । त्यसकुण्डमा नुहाउने र पूजागर्ने खास चलन भएको देखिएन । हामीले पनि धूप-दीप र जल सिंचन गरी कुण्डलाई प्रणाम गरी फर्क्यौं । काभ्रे सिन्धुपलान्चोकतिरका केही यात्रुहरू त्यही बाटो हुँदै घरतिर जाँदै थिए भने काठमाडौंको सुन्दरीजलतिरबाट पैदल हिडेर आउने यात्रुहरू तेस्रो दिनमा त्यहाँ आइपुगेको बताउँदै थिए । त्यहाँबाट फर्केर गोसाईंकुण्ड आई पूर्ववत् समूहवद्ध भएर बेलुकाको चार बजेतिर यात्रालाई मोड्यौं र अर्कोदिन दशबजे धुन्चे ।

धुन्चेमा यात्रुहरू बसको खोजीमा अघिल्लो दिन देखिनै प्रतीक्षारत रहेछन् । स्थानीय प्रसाशन, बस व्यवसायी समिति र प्रहरी प्रसाशनको कमी कमजोरीले हो या होटेल/लजहरूको साठगाँठले गर्दा हो हामी जस्ता थुप्रै यात्रुहरूले निकै कष्ट बेहोर्नु पर्‍यो । त्यति ठूलो मेलाका यात्रुहरूलाई फर्कने समयको लागि कुनै नियमित चल्ने बसको थप व्यवस्था गरिएको थिएन । सडकका छेउछाउ र होटेल/लजहरूमा यात्रुहरूको भीड थियो तर टिकट मिलेको थिएन । तसर्थ त्यो दिन हामी त्यहीं बस्न बाध्य भयौं ।

भोलिपल्ट पनि बस नमिलेकोले ट्रकद्वारा त्रिशुलीको भाडा रु. ४०/- को बदला १००/- तिरेर त्रिशुली बासबसी तेस्रो दिन काठमाडौंको लागि प्रस्थान गर्‍यौं । रानीपौवा आएर ट्रक धेरैवेर रोकिएको हुँदा त्यहाँ हामीले चिया नास्ता गर्‍यौं र प्रसस्त पाइने सस्तो र मीठो मुला र बेलौती किन्यौ त्यसपछि ट्रक माथिको हाम्रो यात्रा पुनः शुरू भएर काठमाण्डौको गोंगबु बसपार्कमा आएर सकियो । त्यहाँबाट हाम्रो समूह विभाजित भयो । आ-आफ्ना आफन्तहरूको आश्रय लिने क्रममा हाम्रो समूह पनि त्यो दिन त्यहीं विश्राम गर्ने गरी चावहिल स्थित दाइको निवासतिर लाग्यो ।

**- सिद्धार्थनगर, रुपन्देही**

# राराको यात्राः अमिट सम्झना

✍ प्रा. गोपीकृष्ण शर्मा

मुगु जिल्लाको रारातालमा पुग्ने धोको मलाई पोखराको फेवातालले उब्जाएको हो । उच्च पहाडी प्रदेशको टाकुरामा रहेको रारालाई मानसरोवरको भाइ भन्ने पनि गरिन्छ । मौका मिलिरहेको थिएन । यस्तैमा मुगु जिल्लाको विकास-निर्माण सम्बन्धी अध्ययन गर्ने दायित्व मामाथि आइपऱ्यो । कर्णाली अञ्चल, जुम्लासँगै जोडिएको जिल्ला । सिंजा उपत्यकाले प्राचीन नेपाली भाषाको उद्‌गम थलोलाई सम्झाइदियो । एकदशक पनि भएको छैन, मुगु जानका लागि काठमाण्डौबाट नेपालगन्ज पुगें । त्यहाँबाट दुर्गमस्थलमा जान हवाइजहाजको टिकट लिन बाघ मार्नुजस्तो रहेछ । काम विशेषले जान लागेकाले मलाई हवाइ टिकटको कठिनाइ भएन । बैशाख महिना थियो । बिहान ७ बजे नेपालगन्जबाट जुम्लाका लागि जहाज उड्यो । पहाडको खोंच हुँदै जुम्ला पुग्ने बेलामा त्यहाँका चन्दननाथको मन्दिर र तिलानदीले मलाई मन्त्रमुग्ध तुल्याए । जहाज उत्र्यो । स्थानीय मानिसहरू जहाज आउनासाथ घेरिंदा रहेछन् - आफन्त आए कि, कुनै खबर आयो कि, सामान आइपुग्यो कि ? यस्तै यस्तै उत्सुकता लिएर । त्यहाँ पूर्व परिचित साथी रामशरण शर्मा स्थानीय विकास अधिकारीका रूपमा रहेछन् । उनैकहाँ एकरात बसियो र अर्कोदिन बिहान ७ बजेतिर जुम्माबाट मुगुका लागि प्रस्थान गरियो । कर्णाली प्राविधिक शिक्षालय जुम्लामा नौं बजेतिर पुगी दिउँसो बाह्र बजे म र एकजना साथी डाँफे लेकमा पुग्यौं । बैशाख महिना थियो । उच्च पहाडी भेगमा हिउँ जमेकै थियो । डाँफेको लेकमा घौरालीलाई ढुंगा थुप्राउँदै र पानी चढाउँदै तेर्पाएँ ओरालो हिउँ टेकेर झरिएको थियो । दिउँसो काभ्रा होटलमा चिया-विस्कुट खाएर चौथा भन्ने ठाउँमा साउने भण्डारीको भट्टिमा बास बसियो । भण्डारी, परिवार नियोजनका स्थानीय कार्यकर्ता रहेछन्, कुरा गर्न निकै सिपालु । दोस्रो दिन बिहानै उठेर बाटो लाग्यौं । बाटामा सिंजा घर हुने ज्योतिषी नैनानन्द काफ्लेसँग भेटभएको थियो । उनले सिंजा उपत्यकाको बखान गरे । यसपछि दिउँसोतिर बाटाको भुलभुले होटलमा खाना खाई बेलुकी मुगु जिल्लाको सदरमुकाम गमगढी पुगियो । त्यहाँ प्र.जि.अ. गणेशप्रसाद भट्टराई रहेछन्, पहिले त्रिचन्द्र कलेजका शिक्षक र पुराना साथी पनि । उनैकहाँ एकरात बसेर अर्को दिन खाना खाई एकजना पिउन साथमा लिएर गमगढीबाट उकालो लाग्यौं । करीब दुई घण्टा पैदल हिंडेपछि गमगढीकै टाउकामा रहेको रारातालमा पुग्यौं ।

रारा राष्ट्रिय निकुञ्जका तत्कालीन वार्डेन गोकुलप्रसाद उप्रेती रहेछन् । उनीबाट राराबारे धेरै कुरा ज्ञात भयो । २०३२ सालमा यस ठाउँलाई नेशनल पार्कका रूपमा घोषणा गरिएको रहेछ । २०३५ सालदेखि उक्त पार्कको रखवारीका लागि आर्मीको व्यवस्था मिलाइएको र उक्त सैनिहरूबाट राष्ट्रिय निकुन्जको संरक्षण हुँदै आएको देखियो । पार्कको क्षेत्रफल १०६ वर्ग किलोमिटर रहेछ । त्यसको बीचमा अवस्थित रारातालको जलले ओगटेको क्षेत्र १० वर्ग किलो मिटर भएको जानकारी पनि प्राप्तभयो ।

२०४० सालतिर आएको जापानी टोलीको अन्वेषण प्रयासबाट रारातालको सबभन्दा गहिरो क्षेत्रमा १६७ मिटर गहिराइ भएको पत्ता लागेको रहेछ । राता जलक्षेत्रको अधिकतम लम्बाइ ५ किलोमिटर र चौडाइचाहिं ३ किलोमिटर रहेको देखियो । चारैतिर जङ्गल । पहिले त्यहाँको बस्तीलाई गमगढीमा सारिएको हुनाले र पार्क हुनाले पनि रुख-वनस्पति हुर्केका रहेछन् । जङ्गली जनावरमा बनेल, भालु, घोरल, चितुवा, ब्वाँसो, कस्तुरी, थार आदि र लगभग ३० जातका चराचुरुङ्गीहरूले त्यहाँको प्राकृतिक वातावरणलाई जोगाइरहेको देखियो । प्रमुख चरामा च्याँखुरा, लुइँचे, डाँफे र कागका साथै भुराभुरी स-सना चराहरूले समेत तयस पार्कलाई जीवन्तता दिएको देखिन्थ्यो । रारा जलक्षेत्रबाट करीब एक घट्ट जति पानी अर्को छेउबाट झरेर खत्याड खोलाको नाम हुँदै मुगु कर्णालीमा पुगेर मिसिंदो रहेछ । एकरात वार्डेनकै आवासगृहमा गुजारियो र अर्को दिन सूर्योदयसँग राराका किनारमा खेल्न पुग्यौं ।

साँच्चै रारा, कवि म. वी. वि. शाहले टिप्पणी गरे झैं प्राकृतिक अप्सरा नै रहेछ । कञ्चन पानी, स-सना माछा, हल्का हावा बहँदा छचल्किएका तरङ्गमा प्रतिबिम्बित रङ्गीन प्रकाशले अपूर्व सौन्दर्य दिएको देखिन्थ्यो । किनारैमा गएँ, एक अञ्जुली पानी उभाएर खाएँ, कति स्वादिष्ट ? हाम्रो अहिलेको मिनरल वाटर भन्दा पनि सफा, शुद्ध र परिष्कृत उच्च पहाडी भेगको पानी । पर्यटकहरू पनि यस स्थललाई देखेर मन्त्रमुग्ध हुँदा रहेछन् । त्यहाँबाट ४/५ कोश पर ताल्चा भन्ने ठाउँमा त्यतिबेला देखि नै सानो विमानस्थल बनाउने योजना भएको र केही रकम निकासा भई काम पनि भएको सुनियो । तर अहिलेसम्म त्यसको निर्माणकार्य पूरा नभएको चाल पाउँदा दुःख लाग्नु स्वाभाविकै हो । नेपाल भ्रमण वर्ष १९९८ का अवसरमा पनि त्यहाँको आन्तरिक पर्यटनको वृद्धि र वाह्य पर्यटनको सम्बन्धमा कुनै काम भएको सुनिएको छैन ।

रारा एक्लै, कोलाहलदेखि दूर, शान्त समुद्र जस्तै स्थिर रहेछ । वैशाख महिनामा एक घट्ट चल्ने जति पानी मात्र विकास भएर खत्याड खोलो बन्दा मूलको पानी न्यून भएको भान हुन्छ । आफ्नो अरू काम, एकरात र एक बिहान मात्र बिताएको राराको वास अहिले पनि झलझली सम्झना आउँछ ।

---

# वे साइड, वल्छीवाल र समुद्रको छाल

✍ जय छाङ्छा

२०५५ साउन महिनाले पनि दश पाइला बढाइसकेछ आज । भर्खरै हो सूर्यले मुस्काएको । विदाको दिन भएकोले बाहिरको वातावरण बारे अनभिज्ञ नै छु नौ बजे बिहानसम्म । भित्र कोठामा जतातते वातानुकुलित यन्त्र (एयरकण्डिसनर मेसीन) जडान भएको हुनाले पनि आनन्दमय रहिरहन्छ कोठाको वातावरण । अमेरिकामा अहिले समर सिजन भएकोले नव्वे डिग्री फरेन्हाइट हुनु अस्वाभाविक होइन । विहानको ब्रेकफास्ट खाएर टेलिभिजनका पर्दासंग आँखा जुझाइ रहेको थिएँ । यस्तैमा फोनको घण्टी बज्न थाल्यो । रिसिभर उठाएँ -

'हेलो, जय बोल्दैछु ।'

'नमस्कार ..... म डी.वी. बोल्दैछु । चिन्नुभयो होला नि ?' उताबाट आवाज आयो ।

'मज्जाले चिनें ।'

'आज के कार्यक्रम छ दिउँसोको ? फुर्सद भए यसो सीवीच (समुद्रको छेउमा बालुवा थुप्रिएर रमाइलो बनेको) तिर घुम्न जाउँन ।'

'हुन्छ, यदि तपाईंलाई फुर्सद छ भने ।' सी वीचमा घुम्न जाने भनेपछि हुरुक्कै भएँ म । अनौठो मज्जाले पुरिएँ ।

'लौ त तयार भएर त फोन टोपलेको ।' फोनमै हाँस्नु भयो उहाँ ।

'लौ त तयार भएर रहनु होला । हामी साढे आठ बजे आइपुग्छौं ।'

'हुन्छ ।' छोटो उत्तर दिएर फोन राखें ।

दीपेश र रत्नालाई तयार हुन आदेश दिएँ मैले । दीपेशले हाफपैण्ट र टीशर्ट लगायो । रत्नाले कुर्ता-सुरुवाल र मैले हाफपैण्ट र सेतो रंगको अन्नपूर्ण वेस क्याम्प लेखिएको टिशर्ट बडो ममतापूर्ण तरिकाले लगाएँ । वास्तवमा यो टिशर्ट हत्तपत्त लगाउन मन थिएन मलाई । म काठमाण्डौमा रहँदा पोखराका मेरा अनन्य मित्र एवं कवि रमेश श्रेष्ठले भीष्म उप्रेतीको हातमा उपहार भनेर पठाइदिएका हुन् । नेपालमा नै जतन गरी राखौंला भन्दाभन्दै रत्नाले विदेश आउने कुटुरोमा खुसुक्कै हालेर ल्याइ पुऱ्याइछिन् । त्यसैले आज पहिरिनु परेको छ मैले । टिशर्ट लगाइने क्रममा सबैभन्दा पहिले श्रीओम रोदनलाई अनि भीष्म उप्रेती, क्याप्टेन जनकबहादुर राणा र भरतवंशी चुडाललाई संझिएँ । यो टिशर्ट मेरो साथमा आइपुग्न प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा उहाँहरूको ठूलो देन रहेको छ । अहिले धेरै टाढा वा उल्टो संसारमा म छु कि ? मेरा मित्रहरू ? खुट्याउन सक्तिनँ म । म डिनर खाएर सुत्ने बेलामा उहाँहरू बिहानको चिया खानुहुन्छ । मैले गुड इभिनिङ भन्ने बेलामा उहाँहरू शुभप्रभात भन्नुहुन्छ । खै म कसरी भनौं म सुल्टो संसारमा छु कि उहाँहरू !! लाग्छ मेरो तर्फबाट आफै वकालत गर्दा परक पर्दैन भने म नै सुल्टो संसारमा छु होला भनेर फैसला सुनाउन चाहन्छु ।

सबै तयार भएर तीनतले घरको सीसाको झ्यालबाट चियायौं हामीले । आइतवार भएकोले एकप्रकार सुनसान सडक पस्रिएर लमतन्न सुतेको छ । वीक डे (कार्यालय लाग्ने दिन) मा बिहान पाँचै बजेदेखि व्यस्त हुने सडक वीकेण्ड (कार्यालय नलाग्ने दिन)मा नौ/दश बजे बिहानसम्म झोक्राएर बस्छ सडक । त्यसैले सडकले शून्यतालाई अंगालो मारेको छ अहिले । बादलका टुक्राहरू खस्नाले वातावरण अधेरिएको छ अलिकति । धेरै वेर बाटो हेर्दा पनि नआउनु भएकोले अलमल्ल पऱ्यौं हामी । र, बैठक कोठाको टि.भी. खोलेर सोफामा बस्यौं । दीपेश जुस खान्छु भन्दै भान्साको फ्रिजतर्फ बढ्यो ।

ट्यार .... ट्यार ..... ।

डुअरवेलको आवाजले तान्यो हामीलाई । टि.भी. बन्द गरेर सोहोरिएर झऱ्यौं तल हामी । डी.बी.जी. सपरिवार आउनु भएको रहेछ । नमस्तेको आदान प्रदान गऱ्यौं । साह्रै मज्जा लाग्यो मलाई । नेपालबाट आएको करीब बीस दिन जति भैसक्यो । जहिले पनि गुड मर्निङ, गुड आफ्टरनून, गुडनाइट र हेल्लो ..... आदिले कानै अनौठो बनिसकेको समयमा नमस्कारको आदान प्रदानले नेपालकै कुनै ठाउँमा छु कि जस्तो अनुभव भयो मलाई ।

'राधा, मेरी श्रीमती । अनि यो सानी छोरी पूजा ।' डी.बी.जीले परिचय गराउनु भयो हामीलाई ।

'हेर्नुस् न पानी परेर कस्तो बेमज्जा भयो । सी वीचमा गएर यो पौडी खेलेर रमाइलो गरौं भनेको ।' डी.बी.जीले दुःखेसो पोख्नुभयो ।

'होइन, घाम त लाग्ला जस्तो छ ।' आश्वासनको स्वर ओकले मैले ।

'अँ पूजाले समर भ्याकेशन (गर्मी विदा) मा सबै साथीहरू कहाँ कहाँ जान्छन् । मचाहिं कही नगई भ्याकेशन सकिन लाग्यो । फैमली भ्याकेशन भएन । जहाँ भए पनि लैजानुस् भनेर कर गरेकी गरेकै धुरुक्कै पारी । अनि तपाईहरू पनि

भर्खरै आउनु भएकोले घुम्न मजा होला भनेर योजना बनायौं । पानीले दुःख देला जस्तो छ ।' डी. बी. जीले भन्नुभयो ।

'हामीलाई त वासिंगटनमा पानी परेको भए पनि रमाइलै होला । किनकि यता कसरी पानी पर्छ त्यो पनि हेर्नै बाँकी छ नि !' सबै हाँस्यौं एकपल्ट ।

ड्राइभिङ सीटमा डी. बी. जी बस्नुभयो । त्यसको छेउमा डोरीले बाँधिएर (सीटबेल्ट) बसें म । पछाडि सीटमा राधाजी, पूजा, रत्ना र दीपेश क्रमशः बसे । अनि विस्तारै मोटर हुइँकिन थाल्यो अगाडि । ले रोइ प्लेस, वासिंगटन हिल्टन होटल, कनेक्टिकुट एभेन्यू हुँदै न्यूयोर्क एभेन्यू तर्फ । यस्तैमा राधाजीले केही खानेकुरा लिनुपर्ला भन्नुभयो । र, म्याकडोनाल्ड फास्टफुड रेष्टुराँतर्फ मोटर मोड्नुभयो डी.वी.जीले । मोटरबाट नओर्लिइकन फास्टफुड खरिद गर्न सकिने प्रबन्ध पनि मिलाएको हुन्छ म्याकडोनाल्डले । त्यसैले ड्राइभ वेबाट खरिद गर्ने स्थानमा लगेर मोटर रोक्नुभयो र म्याकडोनाल्डको पछाडिपट्टि जडान भएको स्पीकरमा गएर भन्नुभयो-

'हेला ..... ।'

'हेलो, ह्वाट डु यू लाइक ।' उताबाट जवाफ अयो ।

'वी लाइक थ्री स्मल स्प्राइट, ह्यास ब्राउन, पम्फ्रिट एण्ड .... ।

'ओ. के. ।' उताबाट जवाफ गुञ्जियो ।

मोटर अगाडितर्फ बढ्यो । झ्यालबाट, अर्डर गरेका सामानहरू धमाधम दिनथाल्यो । अर्डर ब्रमोजिमको सामान आएपछि डलर भुक्तानी गर्नुभयो राधाजीले ।

मोटर हाइ वेमा धमाधम हुइँकिन थाल्यो खुरुरु.. । रुट ५० इष्ट भएर अनापोलिश भन्ने मेरिल्याण्डको राजधानी सहर क्षेत्रमा भित्रियो मोटर । अनापेलिश भित्रिंदा घामले वातावरण तताइसकेको रहेछ । सी वीचमा पुगेर बालुवाको तातो तापेर समुद्रको सङ्लो पानीको छालसंग आनन्दले लुकामारी खेल्न पाइने भयो भनेर खुशी लाग्यो मनमनै । आज भन्दा ठीक बाह्र वर्ष अगाडि नेदरल्याण्डस्को द हेग स्थित सेभेनिङगेनमा उत्तरी सागर को सी वीचमा रत्ना, दीपेश र म कण्डक्टेड टुर बसबाट पुगेको संझना आयो झल्याँस्स । तर त्यसबेला समुद्रसंगको परिचय र त्यहाँको वातावरणसंगको अनभिज्ञताका कारणले पौडी खेल्ने कल्पना समेत गरेनौं हामीले । त्यसैले त्यसबेला समुद्रको पानीमा पौडिने मौका चुक्यो त्यत्तिकै । केवल उत्तरी सागर माथिको छोटो पुल र समुद्र अवलोकन गर्ने टावर चढेर आनन्द मात्र लुटेका थियौं हामीले ।

त्यस्तैबेला सन् १९९४ मा अस्ट्रेलियाको तस्मानीयामा पुगेको समयमा अवलोकन भ्रमण भनेर युनिभरसिटी अफ तस्मानियाकी ओभरसीज स्टुडेण्ट एडभाइजर श्रीमती फिलीम काल्डर पोट्सले वे साइडमा लगेकी थिइन् । त्यसबेला पनि समुद्रको दर्शन गर्ने सिवाय अरू केही गर्न सकेको थिइनँ । तर यसपाली चाहिं समुद्रको पानीमा तैरिने हिसावले दीपेश र म कस्सिएका छौं ।

वासिंगटन डि.सीबाट करिव दुई घण्टासम्म मोटरसंग जंगलले छोपिएको बाटो पार गरेपछि नीलो पानीको सतहसंग आँखा जुध्यो हाम्रो । एटलाण्टिक महासागरको अलिकति पानी मेरिल्याण्डतर्फ आएर चेसापिक वे बनेको रहेछ । आहा !! कति आनन्दको समुद्रको सतह । नीलाम्मे बनेको छ जताततै । झुक्किएर नीलो जमीन सतह रहेछ भनेर दौडिन खोज्यो मनले । तर नीलो जमीन जस्तो देखिए पनि विशाल समुद्रको छेउमा आइपुगेको कुरा विर्सिन सकिनं मैले । नीलो सतहको पानीमा डुबिरहूँ झैं लाग्यो कताकता । यही विशाल समुद्रको सतह पार गर्न करीब पाँच माइल लामो फलामे पुल बनाइएको रहेछ यहाँ । पुलबाट मोटर लैजान दुई डलर र पचास सेन्ट लाग्ने रहेछ । काउण्टरमा डलर बुझाएपछि गेट खुल्यो र मोटर अगाडि बढ्यो हुइँकिएर । म समुद्रमाथिको पुलमा पुगिहाल्न हतारिएको छु । समुद्रको सतहमा मोटर बोट र मालबाहक जहाजहरू सलहसरि वगिरहेका छन् सलल । कुनैकुनै जहाजबाट जाल हान्ने प्रयत्नमा छन् युवा युवतीहरू । आनन्दको भुमरिमा परेका रहेछन्-वासिंगटन, भर्जिनिया र मेरिल्याण्डका निवासीहरू ।

यस्तैमा पुल पार गरेर पारिपट्टि पुग्यौ हामीहरू । कार रोक्नुभयो डी.वी.जीले वे साइडसंगै टंसाएर बनाएको हेमिग्वे रेष्टुराँको अगाडि । समुद्रलाई उपस्थिति जनाउन जहाज चढ्नको लागि बनाइएको समुद्रमाथिको छोटो काठे पुलमा जान अनुमति माग्नुभयो डी.वी.जीले । अनुमति पाएपछि काठे पुलमा चढ्यौं हामी । डी.वी.जी, पूजा, दीपेश र म । सी गलले छपक्कै छोपेको छ काठे पुललाई । सायद खाना पाउने आशाले बसेका होलान् पुलमा । मलेवा जस्तै लाग्यो मलाई सी गल । हामी छेउमा पुग्दा बलैले भुर्र गरेर उड्छन् सी गल । पूजा पक्रिन खोज्छिन् सी गललाई । सी गल रमाइलो पाराले उड्छन् नीलो सतहमाथि । जलहारीहरू जाल हान्दै मोटर वोटमा दौडिरहेकोले लहर उठेर छेउसम्म आउँछन् कहिलेकाहीं । मोटर वोट, सी गल र समद्रलाई हेरेर निकै बेर टोलाइ रहें म । राधाजी र रत्ना भने रेष्टुराँको अगाडि उभिएर गफिंदै छन् अहिलेसम्म ।

समुद्रको किनारबाट फर्कियौं हामी । डी.वी.जीले जलहारीको बारेमा बताउँदै हुनुहुन्छ मलाई - 'यहाँ पचास डलर तिरेर मोटर वोट र जाल एक घण्टा जतिको लागि भाडामा लिन

पाइन्छ । नत्र माछा मार्न लाइसेन्स लिनु अनिवार्य छ अमेरिकामा । मोटर वोटवालाले नै लाइसेन्स लिएर भाडामा दिने हुँदा जस्ले भाडामा लिए पनि हुन्छ माछा मारेर आनन्द लिन ।' यस्तैमा मोटर पार्क गरेको ठाउँमा आइपुगियो र चढ्यौं मोटरमा फेरि ।

डी.वी.जीले मोटरलाई हुत्याएर समुद्रमाथि बनेको पुलको छेउमा पुऱ्याउनु भयो । फर्कदा कुनै टिकट खरिद गर्नु परेन । एकतर्फी भाडा तिरे पुग्ने रहेछ । जान र आउनलाई एकतर्फी गरेरबाटो बनाइएको छ । जानलाई तीन लेनको र फर्कनलाई तीन लेनको बाटो भएको दुईवटा जुम्ल्याहा फलामे पुल बनाइएको छ एटलाण्टिक उपमहासागरको समुद्रमाथि । असाध्यै रमाइलो भयो समुद्रमाथिको पुल तर्दा । अहिले फ्रान्स र बेलाइत बीचमा उत्तरी सागरको मुनिबाट रेल हिड्ने सुरुङ मार्ग बनिसकेको भए पनि त्यसबाट आवत जावत गर्ने सुअवसर मिलेको छैन । तर पनि आज समुद्रमाथि बनेको पुलबाट हिंड्दा अनौठो प्रकारको मज्जा आइरहेको छ । कसरी सुनाउँ मैले जुन अनुभूतिलाई अक्षरहरूमा कुंदन असमर्थ छु आफै ।

पुल तर्ने क्रममा एउटा सानो विमानस्थल जस्तो देखियो छेउमा । र, डी.वी.जीले त्यसबारे बताउनु भयो मलाई ।

'यो सबै हेलिकाप्टरहरू निजी हुन् - खास गरी ट्रक ड्राइभरहरूका । सात हजार डलर भए हेलिकाप्टर किनेर राख्न सकिन्छ अमेरिकामा । रश आवर (जाने आउने भीड हुने समय) मा सडकबाट हिड्दा धेरै समय लाग्ने भएकोले हेलिकाप्टर प्रयोग गर्छन् उनीहरूले । सबैले किन्न पाउने सुविधा छ यहाँ ।' डी.वी.जीले भनिरहनु हुँदा मैले मेरो जन्मभूमि भोजपुरको वस्तिलाई र कर्मक्षेत्र रहेको काठमाडौं संझिएँ । दशैं र अन्य समयमा काठमाडौंबाट भोजपुर जान खोज्दा दुई बजे रातिदेखि गएर चिसो सिरेटोसंग जुझ्दै लाममा सुतेर हवाइजहाजको टिकट खरिद गरेको कुरा मनभरि चल्बलायो । कतिपय समयमा त रातभरि लाममा बसेर पनि आफ्नो पालो आउँदा टिकट सकियो भनेर उद्घोषण गर्दा आँशु झर्थ्यो तुरुक्क । सात हजारमा राम्रो खालको साइकल त नपाइने ठाउँमा कहाँको मोटर । एयरक्राफ्टको कुरा त सपनामा पनि सोच्दिनथें म । आज मेरै कानमा गुञ्जिरहेछ ट्रक ड्राइभरको निजी एयरक्राफ्ट । नमीठो लाग्यो मलाई । झसंगिदै चेतनामा आउन खोजें म । डी.वी.जीले केही भनिरहनु भएको छ । खै के के कुरा सुनाउनु भयो सुन्नै भुलेछु मैले । मोटर पनि पुल वारि भइसकेछ यतिञ्जेलसम्ममा ।

पुल तरेर अघिकैतिर आइसकेपछि दाहिने मोडियो मोटर । र, जङ्गलले ढाकिएको चउरतिर बढ्न थाल्यो सरासर । स्याण्डि प्वाइण्ट स्टेट पार्कको गेटमा आइपुगेपछि राधाजीले पर्स खोलेर प्रतिव्यक्ति तीन डलरको दरले अठार डलर काउण्टरमा बुझाउनु भयो । काउण्टरमा बसिरहेकी काली काली, हाम्रै कदकी र उचाई भएकी, मोटाएर गाला पुक्क परेकी, हाँस्दा बत्ती बलेजस्तै देखिने दाँतका लहर भएकी युवतीले मुस्कुराउँदै भनिन् ।

'हाइ, हाउ आर यू डुइङ्ग सर ।'

अनि टिकट च्यातेर दिइन् । साथै स्याण्डि प्वाइण्ट स्टेट पार्कको एक पाने ब्रोस्योर पनि । ब्रोस्योरमा मोटरपार्क गर्ने ठाउँ, पिकनिक क्षेत्र, रेष्टरुम (चर्पीलाई अमेरिकामा भनिने शब्द), नुहाउने ठाउँ, विश्राम गृह ? ट्रास (फोहर फाल्ने कण्टेनरलाई अमेरिकामा भनिने शब्द) राखिएको स्थान, फुटबल खेल्ने क्षेत्र, बल्छी खेल्ने क्षेत्र, सी वीचमा पौडी खेल्ने क्षेत्र, दलदल क्षेत्र, हिंड्ने बाटो र मोटर दगुराउने बाटोको नक्सा बनाइएको रहेछ । साथै ग्लास कन्टेनर, आगो, मदिरा जस्ता चीजहरू निषेध गरिएको कुरा पनि उल्लेख भएका छन् ब्रोस्योरमा । पिकनिक टेबल, कोइला द्वारा वार्बेक्यू गर्ने सुविधा, समुद्रमा अवलोकन गर्ने टेलिस्कोप (पच्चीस सेन्ट खसाएर हेर्ने यन्त्र), साइकल कुदाइने क्षेत्र, क्याम्पिङ गर्न चाहनेलाई क्याम्पिङ सुविधा पनि उपलब्ध गराइने कुरा ब्रोस्योस्करबाट थाहाभयो मलाई ।

मोटर पार्क गरेर समुद्रको बालुवाले बनेको सुन्दर चउरमा डी.वी.जीले कार्पेट ओछ्यानुभयो । पूजा, दीपेश र म पनि त्यहीं गयौं । रत्ना र राधाजी भने विश्रामगृह नजिकै रहेको काठको फलैंचामा वस्नुभयो । टीशर्ट र भेस्ट फुकालेर डी.वी. जी, दीपेश र पूजा समुद्रको पानीमा हामफाल्दै पस्नुभयो । अनि पछि-पछि लागें म पनि ।

अरुण नदीको जस्तो चिसो पानी होला भनेको त मनतातो पो रहेछ समुद्रको पानी । हात खुट्टाले चाल्दै अलिकति अगाडि बढें म । छाल सोहोरिएर किनारतिर बढ्दा पानी मुखमा परिहाल्यो । मेरी वास्सै !! चर्को नुन हालेको तरकारीको झोल जस्तै कलविष रहेछ समुद्रको पानी । फेरि नुनले केश फुल्छ भनेर सुनेको छु । त्यसैले केश भिज्ने हो कि भनेर डराएँ अलिअलि । तर पौडिने मजाले त्यत्तिकै विर्सिएँ मैले । दीपेश र पूजा, पानी एक आपसमा छेपाछेप गर्दै रमाइलो गरिरहेछन् । दीपेश त्यत्तिको पौडिन जान्दैन । तर पूजा त खप्पिस रहिछिन् पौडिन ।

पौडी खेल्दा भवितव्य पर्ला भनेर अग्लो बेञ्च जस्तो ठाउँमा घाम छल्ने ह्याट लगाएर एउटा मान्छे बसेको छ । पौडी खेल्न खुलाइएको क्षेत्रमा चंखो बनेर दृष्टि लगाइ रहन्छ । मान्छेहरू बालुवामाथि ओछ्याउने फिजाएर रेडियो खोलेर क्यानको कोकाकोला या पेप्सी पिउनमा मस्त छन् । कोही प्लाष्टिकका चेयरमा बसेका छन् त कोही गार्डेन फर्निचरमा । कोही बच्चालाई पौडिन सिकाउँदै छन् त कोही पानी छेपाछेप गरिरहेका छन् । प्रेमी प्रेमिकाहरू

पानीमा बसेर ओंठ चुसाचुस गर्नमा व्यस्त छन्। स्वीमिङ कस्ट्युममा पौडिने युवतीहरू लोभलाग्दा देखिन्छन् । काला, गोरा र गहुँगोरा वर्णका अग्ला, होचा र मझौला कदका मान्छेहरू गड्यौलासरि चल्वलाइरहेका छन् समुद्रको पानीमा। नानीहरूलाई तैरिन सघाउने लाइफ बेल्ट जस्ता रवरबाट निर्मित सामानहरूले रंगीन बनाएको छ सी बीच। नानीहरू यता उता गरिरहेका छन् लाइफ बेल्टमा चढेर। यसरी नै आ-आफ्नै संसारमा व्यस्त छन् सबैसबै। कोही कसैलाई फुर्सद छैन अरू के गरिरहेका छन् भनेर चियाउने । केवल म मात्र होला सबै हेरेर रमाइलो मान्ने । पानीको फैलावट कहाँ कतिसम्म छ उभिएर ठिम्याउन सक्तिन म।

पौडिंदा पौडिदै थकित भएँ म । पानीबाट निस्किएर नाङ्गा खुट्टाले वरपर डुलेर आनन्द लिन थालें मैले । निकै पर हिंडेर पुगेपछि पौडि खेल्न निषेध गरेको साइन बोर्डसँग आँखा ड्याम्मै जुध्यो मेरो । त्यसभन्दा तलतिर माछा मार्नको लागि खुल्ला गरिएको क्षेत्र रहेछ। त्यहाँ लहरै मान्छेहरू बल्छी थापेर कुनै शुभक्षणको पर्खाइमा रहेछन्। एकहरो बल्छीको धागो अड्याउने टाँगोको टुप्पामा आशाका नयनले हेरिरहेका विचराहरूलाई देखेर दयाको एउटा रेशा चेतनाको जगतमा चलवलायो मेरो । कुनै पनि बजारमा गए तुरुन्त भनेजस्ता माछा किन्न सकिने ठाउँमा किन यस्तो दुःख बेसाएका होलान् भैं लाग्यो। अनि प्वाक्क सोधें मैले ।

'हेलो, गुड आफ्टरनुन ! डे इज सनी, भेरी नाइस वेदर ।'

'यस इट इज ।' एउटा अधवैशे मान्छेले जवाफ दियो ।

'यू डन्ट लाइक टु स्विम ?'

'यश, सम टाइम ।'

'ह्वाइ यू आर डुइङ्ग दिस जब टु डे ?'

'अन्ली फर इन्टरटेनमेन्ट ।'

रमाइलाका लागि पो बल्छी खेल्दा रहेछन् मोराहरू। अरूका ज्यान मारेर रमाइला मान्ने कसाइहरू विकसित देशमा पनि जीवितै रहेछन् भन्ने आभास मिल्यो मलाई। वल्छीवालाको छेउमा माछा राख्ने आइस बकेट, गड्यौला राख्ने सानो डिब्बा खाजा राख्ने भाँडा, भाँडामाथि सिगरेट र सलाई, माछा काट्ने अचानो, ठूलो रेडियो र त्यसैको छेउमा सेतो प्लाष्टिकको कुर्सीमा बसेका मान्छेहरू देख्दा प्रतीक्षाको पलपल सहने मान्छेहरू अमेरिकामा पनि बस्दारहेछन् भन्ने कुरा सहजै अनुमान गरें मैले।

वल्छीवालाको आँखा सदैव टाँगोको टुप्पोमा झुण्डिरहेको छ। वल्छीमा परेको माछा कसैले लगिदिए पनि थाहा नहुने गरी एकहोरिएका छन् बल्छीवालाहरू। धेरै पहिले आजभन्दा अढाइ दशक अगाडि झापाको तोपगाछीमा पढेर बस्दा कहिलेकाहीं क्याम्पाबजार छेउको कमलखोलामा जान्थें म। र त्यहाँ थुप्रै सेता बकुल्लाहरू माछा ढुकेर घण्टौंसम्म बसेको देखेको थिएँ मैले । आज अमेरिकामा आएर एटलाण्टिक महासागरको उप महासागरमा माछा ढुकेर बस्ने मान्छेहरू देख्दा अचम्मिएँ म । एकप्रकार रमाइलो लाग्यो मलाई।

समुद्रका साना तिना माछा मार्न गड्यौला भए पुग्ने रहेछ। ठूला माछा मार्न भने माछा नै काटेर वल्छीमा लगाउन पर्ने रहेछ। करीब आधा घण्टाजति वल्छीवालासँग बस्दा एक मुठीभरका माछा मात्र पारेको देखें । ठूला माछा भने देख्न पाइन। सी गलहरू वल्छीवालाका नजिक नजिक आएर टकाकुटुकुक बसेको देख्न पाउँदा खुवै आनन्द लाग्यो मलाई।

समुद्रको पानीका लहरहरू धेरै वरवरसम्म आउँछन् घरिघरि । पौडी खेल्न भनेर बसेका मान्छेहरूलाई जवर्जस्ती धकेलिदिन्छ पाखातिर । फेरि ह्वात्तै समुद्रको केन्द्रतिर जान्छ रमाइला छालहरू। समुद्रको छेउमा बसेर दिन काट्न कत्ति गाह्रो नपर्ने रहेछ। त्यसैले चर्को घाम लाग्यो कि वे साइडमा ओइरिंदा रहेछन् अमेरिकावासीहरू।

नानीहरू पटक्कै मान्दैनन् पानी छोड्न । बल्लतल्ल कर गरेर निकाल्यो नानीहरूलाई। बाहिर आयो कि बालुवामा लुटपुटिन थालिहाल्छन् । फेरि पखालिन भनेर पानीमा पसिहाल्छन् । कति प्रिय रहेछ समुद्रको बालुवा र पानी नानीहरूलाई। पानीबाट बाहिरिए पछि नुहाउने घरमा गयौं र नुहायौं मज्जाले। नुहाइसकेपछि लुगा फेरेर खाजा खाने तरखरमा लाग्यौं। राधाजीले पम्फ्रिट (तारेको आलु), अनिअन रिङ, कोकाकोला र जुस तथा अरू फास्टफुड रेष्टूराँबाट ल्याउनुभयो । थाकेर भोकाएको बेलामा लाजै नमानी खायौं धमाधम । समुद्रको पानी निलेर नुनिलिएको जिब्रो, मन र शरीर मीठो खानेकुरा र चिसो पेयले शीतल बनाइदियो तुरुन्तै। मनमनै धन्यवाद दिएँ - डिगबहादुर जी र राधाजीलाई ।

उकालिएको बिहान पत्तै नपाई ओह्रालिन थालेछ । घामलाई विचरा भन्ने फुर्सद समेत भएन मलाई। हतारले छोप्यो हामीलाई पनि। घाम क्षितिजमा लुक्नु अगावै माटोले बनेको चार पर्खालभित्र लुक्नु छ हामी पनि। त्यसैले वे साइड, पार्क, वल्छीवाला र समुद्रको छाललाई छाडेर मोटरतिर लाग्यौं हामी। साह्रै आनन्दको संसारमा पुगेर फर्कन खोज्दा मेरो तन र मन अत्यन्तै भारी भएको महसुस गरें मैले।

- हाल-वासिङ्टन डि.सी.
अमेरिका।

# युगान्तरीय यात्रीहरू

✍ डा. टीकाराम पन्थी

नेपालदेश हिमालयका काखमा अवस्थित छ । प्राचीनग्रन्थहरू (पुराणहरू) मा बताइए अनुसार हिमालय भनेको हिउँले ढाकेको क्षेत्र मात्रै नभई हिमालय - संग्लिष्ट सबै पहाडी भाग हो - रुरुक्षेत्र, पोखरा, काठमण्डू, सभापोखरी, स्वर्गद्वारी जस्ता ठाउँ हिमालय हुन् । त्यस अनुसार त हिमालयको काख त हाम्रो तराईक्षेत्र पनि पर्दछ । प्राचीन समयको इतिहास खोज्नु पर्‍यो भने नदी-मार्ग, नदी-क्षेत्र बाहेक अर्को कुनै उपाय छैन । अर्थात् वीरगञ्ज - हेटौंडा - काठमाडौं, यो बाटो मधेसतर्फबाट कोही आएको कुरा खोज्न सकिन्न, केही भेटिन्न । चतरा-वराह-क्षेत्र-अरुण-सुनकोशी त्रिवेणीको बाटो वा देवघाट-रिडी-म्याग्दीको बाटो उभोतर्फ यात्रीहरू प्रवेश गरेको कुरा भेटिन्छ । नदी-वर्णन-सम्बद्ध कुरालाई केन्द्रित तुल्याएर अरू कुराहरू खोज्न सकिन्छन् ।

मधेसतर्फबाट हिमाली क्षेत्रतर्फ प्रवेश गर्नेहरूका उद्देश्य विभिन्न हुन्थे । भारतीय राजा महाराजाहरू छोरा युवराजको काँधमा राज्यभार सुम्पी वानप्रस्थ ग्रहण गरी बाँकी जीवन हिमाली भागमा बिताउने उद्देश्यले आउँथे । कोही आश्रम बसालेर बस्दथे । बाल्मीकि त्रिवेणीमा बसे, पुलस्त्य, पुलह र कपिल पुलहाश्रम (म्याग्दीको पुला) मा बसे । कोही केही वर्षका लागि खास उद्देश्य लिई मधेसतर्फबाट महाडतर्फ प्रवेश गर्दथे, काम पूरा गरेपछि फर्किहाल्दथे । व्यास, गौतम, पाणिनि, भृगु, देवदत्त आदि त्यस्तै थिए । व्यास मधेसतर्फबाट आए, केही वर्ष दमौलीमा बसी तप गरेर ज्ञान प्राप्त गरे, फर्के, सरस्वतीको किनारमा बसी ग्रन्थ लेखे, वेदको विभाजन गरे, महाभारत र पुराणहरू लेखे । कोही केवल घुम्नेमात्र उद्देश्य लिई आउँथे, केही दिन घुमेर फर्किहाल्थे । इन्द्र आदि देवहरू, ऋषि महर्षिहरू, राजा-महाराजाहरू, प्रम्लोचा (अप्सरा) त्यस कोटीका यात्रीहरू देखिन्छन् ।

भगवान् विष्णुले मुक्तिनाथ गिरिमा धेरै वर्षसम्म तप गरे । उनलाई खोज्न इन्द्र आदि समस्त देवताहरू त्यहाँ भेला भए । विष्णुबाट तेज उत्पन्न भयो, तेजको बाफ गण्ड (गाला) बाट बग्यो, त्यही विष्णुको पसिनाको प्रवाह गण्डकी नदी बगिन् । अर्को एक वर्णन अनुसार विष्णुले सृष्टिकालमा लोकपालनार्थ शक्ति प्राप्त गर्न शालग्राम क्षेत्र (गण्डकी क्षेत्र) मा सूर्यको आराधना गरेका थिए । काम पूरा भएपछि विष्णु फर्के, इन्द्र आदि देवता त विष्णुलाई भेटेर फर्किहाले तुरुन्तै । स्वायम्भुव मनुका छोरा प्रियव्रत थिए । उनका छोरा जम्बूद्वीप (सम्पूर्ण भारतवर्ष) का राजा आग्नीध्र नौ भाइ छोराहरूलाई राज्य बाँडिदिएर गण्डकी क्षेत्रमा बाँकी जीवन विताउन आए । आग्नीध्रका छोरा नाभि, उनका छोरा ऋषभ, उनका छोरा भरत थिए । यी ऋषभ र भरत (बूढेसकालमा) छोराहरूलाई राज्य सुम्पेर वानप्रस्थ जीवनमा, (जीवनको अन्तिम कालमा) पुलहाश्रम (म्याग्दीको पुला वा मतान्तर मा रुरुक्षेत्र रिडी) आएका थिए । ऋषभ, वैदिक परम्परामा सनातन भगवान्का अवतार थिए भने जैनहरूको परम्परामा आद्य तीर्थङ्कर थिए । भरत चक्रवर्ती थिए, यिनैका नामबाट 'भारत' भन्ने नाम भएको हो । यिनी राजर्षि भरत अर्को जन्ममा त्यसै क्षेत्रमा 'मृग' र आर्को जन्ममा ब्राह्मणपुत्र जडभरत हुन्छन् । जडभरतले गण्डकी किनारमा बसी (म्याग्दी,पुलामा) कपिलको आश्रममा ज्ञान प्राप्ति निमित्त जान लागेका रहूगण राजालाई अद्वैत ब्रह्मज्ञान दिए । महामुनि महायोगी सांख्याचार्य कपिल पुलहाश्रममै, एउटा सानो स्वकीय आश्रम बनाएर बसेका थिए । उनी आफ्नी आमा देवहूतिलाई सांख्यतत्व बताएपछि पुलहाश्रम तर्फ (देवीभागवत अनुसार) लागेका थिए । (भागवत अनुसार गंगासागर-संगममा पुगी त्यहीं बस्छन् ।) रुरुक्षेत्र रिडीमा गण्डकीकै किनारमा, स्याङ्जातर्फ, भृगु ऋषिको आश्रम, भृगुतुङ्ग छ । भृगु केही समय त्यहाँ तप गरी फर्के, उनका आश्रम धेरै छन् । रिडीका तपस्वी देवदत्तले रिडीमा (रुरुक्षेत्र र भृगुतुङ्गमा) तप गरेका थिए । स्वर्गबाट त्यहाँ आएकी प्रम्लोचा अप्सरा केही समय देवदत्तसँग विलासिनी बनिन् र रुरु कन्या जन्माएर स्वर्गतर्फ लागिन् । उनी अल्पकालकी यात्रिणी थिएन् ।

गण्डकीको तटवर्ती पर्वत रेसुंगा रुरुक्षेत्र रिडीकै शिरोभाग हो । सृष्टिकालदेखि हालसम्म, आधुनिक युगका तपस्वीहरू-शशिधर, लक्ष्मीनारायण र यदुकानन्दसम्म, कति ऋषिमुनिहरू यहाँ आए, आश्रम बसाले, त्यसको गणना गर्न सकिदैन । अयोध्याका राजा दशरथकी महारानी कौशल्याकी

छोरी, रामचन्द्रकी सहोदर दिदी 'शान्ता' थिइन् । धर्मपुत्रीको रूपमा अंगदेशका राजा रोमपादले दशरथसंग मागी शान्तालाई आफ्नी छोरी बनाएका थिए । कोशीको किनारमा जन्मेका विभाण्डक मुनिका छोरा ऋष्यशृङ्ग (शृङ्गी) थिए । यिनी ऋष्यशृङ्गले दशरथ कहाँ पुत्रेष्टि याग गराए र रामचन्द्र आदि चार भाइ छोरा दशरथका जन्मे । यिनी ऋष्यशृङ्गले राजा रोमपाद कहाँबाट शान्तालाई विवाह गरे । यिनी मुनि विशुद्ध नेपाली हुन्- कोशीतटमा जन्मेका । यिनका आश्रम रेसुङ्गामा (नर्मीयाममा) र शृङ्गामा (हिँउदमा) थिए ।

लङ्काबाट फर्केर अयोध्यामा राज्य गर्न थालेपछि एकपटक यात्राको सन्दर्भमा श्रीरामचन्द्र सीतालाई साथमा लिएर भागीरथी र गण्डकीको संगममा नुहाएर, काठमाडौं पुगी पशुपतिको दर्शन गर्छन् । त्यसपछि उनी काठमाडौंबाट पश्चिमतर्फ लाग्छन् र अनेक ठाउँहरूमा घुम्छन्, देवघाट पुगेर फर्कन्छन् । अर्कोपटक श्रीरामचन्द्र सीता, बन्धुवर्ग र सीमित सैनिक जवान लिएर गण्डकी क्षेत्रमा, मधेसको नजीकपर्ने पहाडी भाग (रामपुर, रामदी, तानसेन, अर्गली, रिडी) तर्फ, गण्डकीको दायाँ तटमा घुमेका छन् । त्यहाँ दुइवटा गुफामा थुनिएका, चार ब्राह्मण कन्या र सोह्र हजार क्षेत्रीय वैश्य कन्या भेट्टाउँछन् । (दुन्दुभि राक्षसले तिनीहरूलाई थुंनेको थियो, त्यसबेला दुन्दुभि मरिसकेको थियो) । अनि श्रीरामचन्द्रले ती कन्याहरू आ-आफ्ना बाबुआमालाई, भारतका विभिन्न भागमा लगेर बुझाइदिन्छन् । (यो रोचक कथा आनन्द रामायणको हो) ।

सनातन भगवान् विष्णुका षष्ठ अवतार परशुरामले ब्रतवन्ध पछि केही वर्ष गण्डकी क्षेत्रको कुनै पर्वतीय चुचुरोमा तप गरी फर्केका थिए । त्यो ठाउँ अज्ञात छ । उत्तानपादका छोरा ध्रुव थिए, उनका छोरा शिष्टि थिए । उनकी छारी 'सुच्छाया'ले छोरा नहुँदा गण्डकी क्षेत्रमा केही वर्ष तप गरी फर्केकी थिएन् र पाँचवटा छोरा जन्माएकी थिइन् । त्यो ठाउँ पनि अज्ञात छ ।

बराहपुराण अनुसार देवघाटको नाम 'देवाट' हो । देवा: अटन्ति यत्र देवाट: । त्यो देवताहरूको पर्यटनस्थल थियो । स्वर्गबाट देवताहरू भूतलमा ओर्लेर पतिपत्नी - युगल जोडी, भएर त्यहाँ घुम्ने गर्दथे । त्यो ठाउँ कालीगण्डकी र सेतीगण्डकीको संगम भन्दा माथितर्फ (तनहुँमा पर्ने) मानिएको छ ।

देवघाटदेखि तलपट्टि गण्डकी (नारायणी) को बायाँतर्फ मिथिला (जनकपुर) सम्म एउटा ठूलो साम्राज्य थियो । त्यहाँ 'सिन्धु' भन्ने दैत्य सम्राट् थिए । त्यसबेला इन्द्र, बरुण, कुवेर, विष्णु, गुरु, भौम, चन्द्र, सूर्य, यम, अग्नि, वायु, आदि असंख्य देवताहरू सिन्धुको साम्राज्यमा बन्दी बनाइएका थिए । (यसबारे विस्तृत कथा गणेशपुराणमा छ) । त्यहाँ समस्त भारतवर्षका राजा महाराजहरू र ऋषिमुनिहरू पनि भेला हुन्थे ।

शालङ्कायन नामक मुनि गण्डकी क्षेत्रका तपस्वी थिए । उनका शिष्य 'आमुष्यायण' मथुरामा बस्दथे । शालङ्कायनले आमुष्यायणलाई ल्याउन नन्दीलाई मथुरा पठाए । आमुष्यायण आएपछि शालङ्कायन र आमुष्यायणले सम्पूर्ण गण्डकी क्षेत्र भ्रमण गरेका छन् । मुक्तिनाथदेखि म्याग्दी - रुरुक्षेत्र - त्रिवेणी हुँदै 'आरा'मा पुग्ने, गङ्गा गण्डकीको संगमसम्म भ्रमण पूरा गर्ने, (बाराह पुराण आनुसार) यिनीहरू नै हुन् । वाराहपुराण अनुसार मुक्तिनाथदेखि त्रिवेणीसम्म, गण्डकीको प्रवाह (धारा) बाट नाप्दा ४८ कोश (९६ माइल वा २४० किलोमीटर) छ । मुक्तिनाथदेखि त्रिवेणीसम्म ४८ टुक्रा पार्दा एक टुक्रामा जति लम्वाइ पर्छ, त्यति नै त्यस समय (वाराहपुराण लेख्ने समय) को कोश परिमाण थियो ।

उल्लिखित व्यक्तिहरू वाहेक अनेक देवता र मुनिहरू गण्डकी क्षेत्रमा साधनारत थिए भन्ने कुरा विभिन्न ग्रन्थहरूको अध्ययनबाट थाहा पाइन्छ । सेतीगण्डकी, त्रिशूली लगायत ६ वटा गण्डकी शिवमूलक र कालीगण्डकी विष्णुमूलक मानिन्छिन् । यी सबै एकीभूत हुने स्थल देवघाट (देवाट) हरिहर क्षेत्र, शिव-विष्णुको साझा क्षेत्र मानिन्छ । शिवले भृगुतुङ्गका तपस्वी देवदत्तलाई वरदान दिंदा 'शिव र विष्णुमा फरक दृष्टि नराख्नू है' भनेका थिए ।

ऋष्यशृङ्ग मुनिको चर्चा पहिल्यै गरियो । उनी विभाण्डक मुनिका छोरा थिए । विभाण्डक कोशी नदीको तटवर्ती वन क्षेत्रमा एउटा ठूलो तालका किनारमा तप गर्दथे । एक पटक स्वर्गबाट घुम्न आएकी उर्वशी अप्सराले त्यस तालमा नुहाउँदा रागात्मक मुनि विभाण्डकको तेज: स्खलन हुन्छ, पानीमा परेको सो तेज मृगिणीले पिउँछे । मृगिणीका गर्भबाट टाउकोमा एउटा सिंग भएका मुनि (शृङ्गी वा ऋष्यशृङ्ग) जन्मे । कौशिकीतटमा पर्ने ठूलो ताल भएको त्यो आश्रम कहाँ थियो ? ठोकुवा गर्न सकिन्न । संखुवासभा जिल्लाको 'सभापोखरी' मान्ने हो भने शृङ्गीलाई ल्याउन अंगदेशका राजा रोमपादले पठाएका सुविधा भोगी वेश्याहरू त्यहाँ कसरी पुगे ? तसर्थ त्यो आश्रम चतरा (धरान) तर्फ हुनुपर्ने हो । मातृकाप्रसाद कोइरालाले विभाण्डकको आश्रम विराटनगर पूर्वको सिंग्याही नदी मान्नुभएको छ । महर्षि भृगुका छोरा ऋचीक

मुनि 'और्व' नामले प्रसिद्ध थिए। यिनले गाधिराजकी कन्या 'सत्यवती' विवाह गरे । यिनी सत्यवती सुखभोगादि पछि जीवनको अन्तिम भागमा उच्च पहाडी प्रदेशमा, कोशी नदीको शिरोभागतर्फ, आफ्ना पतिका साथ तपस्विनी भएर बसिन् । पतिको स्वर्गारोहणपछि पतिका साथै दिव्य शरीरमा स्वर्ग गइन् , पार्थिव शरीर जलमय (द्रवरूप) भयो, उनी कौशिकी नदी बनेर बगिन्। कहाँनेर सत्यवतीको शरीर जलमय भई बग्यो ? यो खोज्न अहिले गाह्रो पर्छ। अनुमानत: उपचार्चित 'सभा पोखरी' हो कि जस्तो लाग्दछ ।

महर्षि विश्वामित्र (कौशिक) उपचर्चित सत्यवतीका सहोदर भाइ थिए । यिनका अनेकौं आश्रम भारतवर्षमा थिए । अन्तिम आश्रम कौशिकीतटमा थियो । यिनी आफ्नी दिदी सत्यवती प्रति अपार श्रद्धा राख्दथे । तसर्थ आफ्नी दिदीको शरीर- स्वरूप कोशीको तटमा यिनको अन्तिम (जीवनको पछिल्लो) आश्रम थियो । मेरो विचारमा-सभापोखरीबाट बगेको सभानदी (सभाया खोला) अरुणकोशीमा मिसिने ठाउँलाई 'सतीघाट' भन्दछन्, त्यहीं नै विश्वामित्र कौशिकको आश्रम हुनुपर्छ । महा कोशीप्रताप (छोट्करी नाम - महाकोशी, महाकोषी) को वर्णन विस्तृत रूपमा शिवपुराण, कालिकापुराण र कुमारसंभवमा पाइन्छ । पौराणिक कालदेखि कालिदासको समय (विक्रमादित्यको काल, आजभन्दा २००० वर्ष अघि) सम्म अति प्रसिद्ध रहेको त्यो ठाउँ कुन हो ? त्यो ठाउँ अरुण तमोर सुनकोशीको त्रिवेणी भन्दा माथिको भागमा कतै हुनुपर्छ । पौराणिक तथा कालिदासीय वर्णन अनुसार 'महाकोशीप्रपात' भन्ने ठाउँमा धेरै जना भेला हुन्थे, भेटघाट गर्थे, ठूला ठूला सभा गर्दथे । त्यहाँ देवगण भेला हुन्थे । शिवका नन्दी भृङ्गी प्रथम आदि गण भेला हुन्थे, पृथिवीका मानिस भेला हुन्थे, ऋषिमुनिहरू भेला हुन्थे, राजा महाराजहरू भेला हुन्थे । त्यो ठाउँ हिमाली ठण्डीको प्रभाव नभएको पहाडी भाग थियो । कालिकापुराण अनुसार 'महाकोशीप्रपात' मा ठूलो ताल छ । त्यसै तालबाट विश्वामित्र (कौशिक) ले कौशिकी नदी बगाए । त्यो ठाउँ 'संखुवासभा' जिल्लाको सभापोखरी नै हो, अरू त्यस्तो ठाउँ छैन भन्ने मलाई लाग्छ ।

मैले यहाँ अतीतकालका यात्रीहरू बारे, अनुसन्धानको ढोका घच्घचाउन एउटा संकेत मात्र प्रस्तुत गरेको छु ।


विजया दशमी २०५५ को पुनीत उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना

---

नेपाल खाद्य संस्थान परिवार


**सन्दर्भग्रन्थहरू:**


१. वाराहपुराण, अध्याय १४४, १४५, १४६
२. भविष्यपुराण, ब्रह्मपर्व, अध्याय १५६
३. विष्णुपुराण, द्वितीय अंश, अध्याय १
४. भागवत पुराण, पञ्चम स्कन्ध, अध्याय ७
५. अग्निपुराण, अध्याय ३८०
६. ब्रह्मवीवर्तपुराण, कृष्णजन्मखण्ड, अध्याय ६७
७. देवीभागवत, अष्टमस्कन्ध, अध्याय ३
८. सन्त शशिधरको बाणोपनिषद् (किरण पुस्तकालय, गुल्मी)
९. योगी नरहरिनाथ -
   क) हाम्रो देश दर्शन
   ख) देवभूमि भारत एवं अध्यात्मिक नेपाल
१०. आनन्द रामायण -
   क) यात्राकाण्ड, सर्ग ६
   ख) राज्यकाण्ड, पूर्वार्ध सर्ग, ११-१२
११. पद्मपुराण, उत्तरखण्ड, अध्याय २४१
१२. कौर्मपुराण, पूर्वार्ध, अध्याय १४
१३. गणेशपुराण, उत्तरखण्ड, अध्याय ७३ देखि १२६ सम्म
१४. वाल्मीकि रामायण, बालकाण्ड, सर्ग, ९-१४
१५. महाभारत, वनपर्व, अध्याय ११०-११३
१६. मातृकाप्रसाद कोइराला 'कल्पना' द्वैमासिक साहित्यिक पत्रिका, वर्ष ४ अंक १
१७. हरिवंश, हरिवंशपर्व, अध्याय २७
१८. शिवपुराण, रुद्रसंहिता, अध्याय ७
१९. भागवत, नवमस्कन्ध, अध्याय १५
२०. वाल्मीकि रामायण, बालकाण्ड सर्ग ३४
२१. शिवपुराण, रुद्रसंहिता, सतीखण्ड, अध्याय २०-२२
२२. महाकवि कालिदासको 'कुमारसंभव' सर्ग ६
२३. कालिकापुराण, अध्याय १४, २३


---


२०५५

विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

---

**जिल्ला विकास समिति**

रुपन्देही

# छब्बीस वर्ष अगाडिको अविस्मरणीय यात्रा

✍ डा. तुलसी भट्टराई

"दार्जीलिङ सहरमा पुगेर गाडीबाट उत्रियौं । आफन्तहरू नभएको सहर-बजारमा बास बस्ने ठाउँ होटल नै हुने गर्छ। हामीहरू चौरस्तातिर जाने बाटो उकालो चढ्यौं । केही माथि गएपछि होटलहरू देखिए । एउटा घरको भित्तामा लेखिएको 'दिलखुसा होटल' पढेपछि त्यसैभित्र पस्यौं । भर्खरै बिहे भएका हामी जोडालाई 'दिलखुसा' ले भित्रैदेखि प्रभावित पारेजस्तो लाग्यो ।"

- पुरानो डायरी पल्टाउँदा यस विवरणमा आँखा पुगेछन् । २०२२ साल यताका डायरी टिपोटहरू छन् । २०२६ यताका पूरै दैनन्दिनी छन् । यहाँ यात्रासँग सम्बद्ध एउटा प्रसङ्ग उल्लेख गर्दैछु । यात्रा अनि संस्मरण । धेरै वर्ष अघिको यात्रा भएकोले- संस्मरणात्मक यात्रा ।

- २०२८ फागुन २१ गते मेरो विवाह भएको । त्यसबेला बनारसमा बसेर अध्ययन र विद्यार्थी राजनीति गर्थें । बनारसमा बसेका त्यसबेलाका हामी युवाहरूले बिहे नगर्ने सल्लाह गरेका थियौं । क्रान्तिकारीहरूले बिहे गर्नु हुँदैन भन्ने सोचाइ राखेको हुनाले यस्ता सल्लाह हुने गर्थे ।

- पार्टीको काम लिएर विराटनगर, झापा गएका बेला घर पुग्दा बिहेको कुरो चल्यो । सातदिन भित्रै कामकुरो भ्याएर बनारस फर्केको थिएँ । साथीहरूलाई बिहेको कुरो बताइन । लुकेर आउने-जाने गर्नुपर्थ्यो - नेपालभित्र । २०२९ असारमा झापा मेरो घरमा प्रहरीले खानतलास गरेपछि घरतिरको जानेक्रम खुलस्त हुन सकेन ।

- २०२९ साल भदौ २६ गते सिलीगुडी (भारत) तिरबाट मिरिकको बाटो हुँदै इलामको फिक्कलस्थित ससुराली घर पुगें । दुईदिन बसेर भदौ २९ का दिन श्रीमतीलाई साथ लिएर दार्जीलिङ पुगेको हुँ । दार्जीलिङमा 'दिलखुसा' लेखिएको बोर्ड देख्ता आफ्नै दिल खुसी भएको भान हुनु स्वभाविक थियो, खुसी वास्तविक हो ।

- बिहे गरेर तीनदिन मात्र साथ बस्न पाएको । सात/आठ महिनापछि दुईको घेटघाट । दार्जीलिङको अपरिचित भीडको एकान्तमा ।

- दोस्रो दिन 'प्रेम की गंगा' हेर्यौं । नायक-नायिकाको प्रेम की गंगा आफूमै अन्तर्निहित अनुभव भयो । तीन दिनको दार्जीलिङ बसाइ - पछिसम्मलाई एउटा मीठो संबल बन्यो । दिलखुसाको तीन रात - दिन - आज छब्बीस वर्षपछि पनि स्मृतिमा प्रष्ट छ ।

"असोज १ गते बिहान चौरस्तातिर घुमेर वारिपारिको हरिया चिया बगाने डाँडाको रमणीय दृश्य आँखाभरि पार्‍यौं, आफ्नो अगाडिको गन्तव्यतिर तयार भएर जीपमा बस्यौं । घुम बजारको अनौठो रमाइलो हेर्दै सुके बजारमा आएर गाडीबाट ओर्लियौं । सुके बजार नेपालको सीमाना छेउको भारतीय बजार हो । त्यसपछि माने भञ्ज्याङ जाने गाडीमा चढेर जङ्गलै जङ्गलको बीच हुँदै पुरानो समयको मुख्य नाका माने भञ्ज्याङ बजार पुग्यौं ।"

(२०२९ असौज २ गतेको टिपोटबाट)

- बाह्र वर्षको उमेरसम्म जीबा (हजुर बा) को छत्रछायामा हुर्किएको हुँ । प्राथमिक शिक्षा उहाँबाटै प्राप्त गरेको थिएँ ताप्लेजुङको फावाखोला ओसेमा हुनुहुन्थ्यो, जीबा । हामी मधेशतिर २०२२ सालमा झरेका ।

- बिहे गरेपछि नातिनी-बुहारी देखाउन लैजाने मेरो विचार । मैलै पत्नी सुधालाई हजुर बा भेट्न जाने इच्छा जनाउँदा खुसी मानेकी थिइन् । चार दिनजति पैदल हिंडेर पुग्नुपर्ने ठाउँ - फावाखोला ओसे ।

- ससुराली घरबाट हिंड्दा यही कुरो जनाउ दिएको थियो । दार्जीलिङको योजना थिएन । गइयो र 'दिलखुसा' ले खर्च टकटक्याइदियो । तैपनि ताप्लेजुङ पुग्ने जोश बाँकी नै थियो । उत्साह कम भएको थिएन ।

- ताप्लेजुङ पुग्ने दृढतासाथ माने भञ्ज्याङ पुगेका हौं । त्यहाँबाट 'जौबारी' भन्ने ठाउँसम्म ट्याक्सी पुग्दथ्यो । हामी ट्याक्सीमा बस्यौं । साँझ परिसकेको थियो । गाडी उकालो लाग्यो । खलासी भाडा उठाउँदै आयो । दुई जनाको दस रुपियाँ ।

- मैले आफ्ना सबै गोजी छामिसकेको थिएँ । जम्मा तेह्र रुपियाँ मसँग... । दश तिर्दा, तीन मात्र रहने । चार दिन पैदल हिंडेर पुग्नुपर्ने छ- गन्तव्य । चार दिनसम्म खाने, बस्ने... ।
- जौबारी पुगेर दिने भनेपछि खलासी फर्कियो । जौबारी पुगुन्जेल सल्लाह गऱ्यौं दुईजनाले । हामी बास बस्न पुग्ने घर त्यस क्षेत्रमा निकै कहलाएको घर थियो । धनी-मानी । मेरो ससुराली परिवारका पुराना खानदानी इष्टमित्र । त्यही आधारमा हामीले त्यस अपरिचित ठाउँमा बास बस्न ठूलोघर रोजेका थियौं ।

- गाडीबाट ओर्लिएपछि फेरि भाडा माग्यो । 'टी. एन. भट्टराईको घर कुन हो ?' भनेर उसैलाई सोधें । 'केही पर नीलो टिन लगाएको ठूलो घर' - देखाएपछि भोलिपल्ट बिहान भाडा दिने भनेर हामी हिंड्यौं ।
- अपरिचित खलासीले पनि ठूलो घरका पाहुना भनेर विश्वास गरिदियो ।
- भोकतीर्खाले आकुल हामी पुग्यौं - टी. एन. भट्टराईका घरमा परिचय दिएपछि सम्मानपूर्ण आतिथ्य पायौं । भोजन सकेर सुत्ने कोठामा गएपछि 'अब के गर्ने ?' अन्यौलमा पऱ्यौं । सुधाले औंठी निकालेर मेरो हातमा दिइन् । यो औंठी राखेर केही पैसा लिनुपर्छ र भोलि बिहान गाडीभाडा तिर्ने अनि यात्रामा लाग्ने सल्लाह भयो ।

- बिहान चारबजे तिरै उठें र उठाएँ ... । ससुराली पक्षकहाँ औंठी राखेर पैसा कसरी माग्ने । यत्रा ठूला घरवाला । के ठान्लान् ? यसो गर्नु राम्रो हुँदैन । केही बेर छलंफल गरेपछि टुंगोमा पुग्यौं । पाँचै बजे त्यहाँबाट हिंड्ने । गाडीवाला आठ नबजी उठ्तैन । उठेर खोज्न आउन्जेलमा दश माइल काटिसकेका हुन्छौं । ठूला घरका ठूलै पाहुना । पैसा दिन बिर्सिएको ठहर हुन्छ । हामी टाट भएको कुरो कसैले पत्तो पाउने छैन ।

- हुन पनि हो त्यति टाढा पुग्ने यात्री, त्यो पनि नवदम्पति । पैसा नभएको कुरा कसले अड्कल लाउने ।
- बिहान पाँच बजे नै तयार भयौं । जङ्गल र लेकको निर्जन बाटो पार गर्नु थियो । सन्तपुर कोठी पुगेर फालेलुङ डाँडा चिर्दै पल्लापट्टि झर्नुपर्ने । बाटोको मुख्य ठाउँ र जाने दिशाको परिचय त्यहींका एकजना कामदारबाट थाहा गरेका थियौं ।

"बिहान पाँचै बजे हामी बाटो लाग्यौं । उज्यालो राम्ररी झरिसकेको थिएन । भदौ भर्खरै सकिएको भए पनि निकै जाडो । 'जौबारी' जतिसक्तो छिटो छोड्नु थियो । कहिल्यै नहिंडेको अपरिचित ठाउँ - बाटो । अज्ञात भय र चिन्ता । जङ्गली शून्यपथ । 'गैरीबास' सम्म तेर्छो र ओरालो एक किसिम कुदेरै पार गऱ्यौं । त्यसपछि उकालो शुरु भो । उकालो पनि छिटै काटेर पल्लापट्टि- 'कालापोखरी' भन्ने ठाउँमा पुगियो ।" असोज ३ गते ।

- कालापोखरी पुगेपछि बल्ल ढुक्क भइयो । आठ बजे- करीब तीन घण्टामा त्यहाँ पुगेका थियौं । चार-पाँचवटा गोठ जस्ता पसलहरू भएको काला पोखरी । जौबारीदेखि काला पोखरी करीब ११ माइल बाटो तीन घण्टामै पार भएछ ।

"गाडीवाला भर्खरै उठेर हामीलाई खोज्न जाँदै होला । अब यहाँ आइपुग्न सक्तैन । दश-एघार माइल किन धाउला र खलासीले ।" हामी मुक्त रूपमा हाँस्यौं । अघिल्लै दिनदेखि बोल्न-हाँस्न सकेका थिएनौं । यो एउटा विचित्रकै घटना थियो । गाडी भाडा नतिरी सभ्य-शिष्ट भएर भागेको घटना । यसरी म दश रुपियाँको ऋणी भएको छु ।

- सन्तपुर कोठी पुग्न कतिबेर लाग्छ दिदी ? चिया पकाउँदै गरेकी शेर्पिनी दिदीलाई सोधें । 'हिंड्न सक्नेलाई तीन चार घण्टा जति लाग्छ ।'
- खानेकुरा यताउति हेरें । केही छैन । 'भाइ यै रोटी मात्रै हो । गहुँको रोटी ।' ठूल्ठूला, काला गहुँका रोटी । हेर्दै घिनलाग्दो । साथीको मुख हेरें, निन्याउरो । भोकतीर्खाले थकित । सन्तपुर नपुगी अर्को बिसौनी छैन- बीचमा ।
- दुईवटा रोटी मागेर खान थाल्यौं । रोटी के को हो चिन्नै नसकिने । माटो खाएजस्तो, कुहिएको गन्हाउने । कालो चियासँग बल्लतल्ल एउटा रोटी निलियो । त्यस्तो खानेकुरा पहिले पनि खानुपरेको थिएन र पछि पनि खाइएन । काला पोखरीको त्यो गहुँको रोटी र कालो चिया अझै संझनामा छ ।

- बाह्र बजेतिर सन्तपुर कोठी पुगियो । उकालो सिद्धिएपछिको तेर्छो समतल डाँडो । उता दार्जीलिङ, सिक्किम, खर्साङ आदि क्षेत्रहरू देखिने । यता इलाम जिल्लाको माथिल्लो भाग छलँगिने । त्यो दिन घमाइलो थियो । रमणीय लाग्यो ।

"आज धेरै दिनमा घाम लागेको । यहाँ त घाम लागेको दिन

देखनै पाइँदैन । हावा, पानी, हुरी मात्रै हो यहाँको सधैंको पेवा ।" सीमा प्रहरीकी जहानले हाँस्तै बताइन् ।

- त्यहाँ चिया दोकानहरू थिएनन् । हामी भोकले पीडित... । कसरी हिंड्ने । झन् कठिन बाटो छ उताको । चोर डाका लाग्ने नागी र जङ्गल तरेर जानुपर्ने ।
- सीमारक्षकीले चिया पकाएर दिइन् । 'पैसा पर्दैन कालो सादा चियाको । हामी चिया बेच्ने होइनौं ।' सीमारक्षकी दिदीको गुन । अघाउने गरी चिया खायौं । भोको पेट टन्न भरियो । दिदीलाई धन्यवाद दिंदै बाटो लाग्यौं ।
- बाटो अँध्यारोमा निशाना लगाउनु जस्तै छ । कहिल्यै नहिंडेको जङ्गलको अप्ठ्यारो बाटो । करीब बाह्र हजार उचाइको डाँडो तेर्छो लाग्दै, नाघ्दै गइयो । लेकाली चराचुरुङ्गी र कीराहरूको स्वर बाहेक अरू केही पाइँदैन । मान्छे देख्न पाइएन । हामी दुईजना कुदेका छौं- अज्ञात दिशातर्फ । एकोहोरो- भय मिश्रित हिंडाइ ।
- एकघण्टा हिंडेपछि ओरालो लाग्ने ठाउँ आयो । केही तल झर्नासाथ 'फलाके' भन्ने ठाउँमा पुगियो । त्यहाँ तीन चार वटा दोकान रहेछन् । एउटा दोकान छेउमा खाना पकाउने प्रबन्ध मिलाएँ । एकमाना 'बगडा चामल' को भात र आलुको तरकारी पकाएँ । पुरानो, कालो उसिना चामल । काँचोकाँचै जस्तो भयो । दुईवटा थालमा पस्किएँ ।
- 'भोक मीठो कि भोजन मीठो' - यहाँ भोक नै मीठो थियो । अमृत मानेर खायौं । श्रीमतीले त 'बगडा' चामल सुनेकी पनि थिइनन् । त्यस दिन एकैचोटि पेट भर्नु पर्‍यो । कसरी खाइयो ? त्यो अनुमान गर्न पनि कठिन हुन्छ ।
- फलाकेबाट ओरालो लागेर केही तल जङ्गलका बीचमा पुगेपछि तीनचार जना बसेको देखियो । बाटा छेउका ढुंगामा बसेका मान्छे देख्ता खुसी लाग्यो । अब गाउँ आउन लागेछ भनेर डर पनि हरायो । छेउमा पुगेर गाउँ निस्किन कतिबेर लाग्छ भनेर सोधें । एकघण्टा जतिमा गाउँ निस्किने कुरो गरेपछि अझ ढुक्क भइयो । चारबजेको थियो । 'ए भाइ पख पख' एउटाले कराएर रोक्यो । उनीहरूमध्ये एउटाले भन्दैथ्यो - 'मा रिङ्ने, यसको त निको चाला छैन । एई .... कहाँदेखि केटी भगाएर ल्याइस् । एस्यामा ..। यसलाई समात्नु पर्छ .. ।'
- मेरो होसहवास उड्यो । डरले थरर्र .... । आफ्नै बिहे गरेर ल्याएकी । अरूकी भगाएको होइन । इलामतिरबाट यता च्याङथापु घर जान यो बाटो हिंड्नु परेको ... । भनेर बेली विस्तार लाएपछि बल्लबल्ल त्यहाँबाट छुट्कारा पाइयो । केही पर पुगुन्जेल पनि एकजना चाहिं कराउँदै थियो- 'पक्कै भगाएर ल्याएको हुनुपर्छ । नत्र यसरी जङ्गलको बाटो एक्लै किन हिंड्थ्यो । छोड्नु हुँदैन त्यसै ।'
- बेलुका साढे पाँचतिर गाउँमा निस्कियो । मान्छे बोलेको गाईबस्तु कराएको, कुखुरा बासेको सुनिदै छ । सुधा हिंड्न नसकेर ढुंगामाथि थचक्क बसिन् । बास बस्ने घरको खोजीमा यताउति आँखा घुमाएँ । बाटा छेउछाउ बस्ने लायक घर देखिएनन् । अलि तल बाक्लो गाउँ देखियो ।
- उनी हिंड्न नसक्ने भइन् । खुट्टाभरि घाउ, फोका उठेको । त्यति डर पनि थिएन । अब त गाउँ आइसकेको छ । हातमा समातेर बिस्तारै हिंडाउन थालें । बोल्न पनि नसक्ने भएकी छन् । मलिन, उदास ... । थकाइले लखतरान ।
- साँझ झमक्क भइसक्यो । बास बस्ने घर फेला पर्दैन ... । केही तल झरेपछि बाटाको छेउमा एउटा सानो घर देखियो । कतै शीत छल्ने छाप्रो पाए पनि हुन्थ्यो भन्ने भइसकेको छ । अँध्यारो पनि भयो । हिंड्न सक्ने स्थिति छैन । सुधालाई बाटो छेउमा बसाएर घरको आँगनमा ओर्लिएँ ।
- 'बास पाइन्छ कि भनेर । कहिल्यै यतातिर नआएको नयाँ मान्छे । रात पर्‍यो । अभरै परियो ... । बास दिनुपर्‍यो दाइ ..... ।'
- 'कति जना हुनुहुन्छ ?' हामी दुई जना मात्रै छौं- लोग्ने स्वास्नी ।

  "बस्ने ठाउँ चाहिं राम्रो छैन । यही बाहिरपट्टिको खाटमा सुत्नु होला.... । हुन्छ नि ..... । घर भनेकै मान्छे बस्नका लागि हो । मान्छे बसैकै ठाउँमा मान्छे आउँछ ।" बडो मीठो बोली लाग्यो ती घर धनीको । मानवीय गुण ।
- सुधा त्यतिबेरमा सिकुवाको छेउमा आएर बसिसकेकी थिइन् । त्यस मानिसको सहृदयभावबारे म सोच्तै थिएँ । कत्रो आत्मीयपन पाइयो । मानवताको प्रतिबिम्ब... ।
- दिनभरिको थकाइ खाटमा बस्नासाथ शान्त भएझैं लाग्यो । कहिल्यै नदेखेको, नजानेको मान्छे । हामीबीच परिचयको आदान-प्रदान हुँदै थियो । केही बेरमै तातो चियाले आदर गरिन्- घरपत्नीले । एकैदिनमा जौबारीबाट त्यहाँ आइपुगेको कुरा गर्दा छक्क परे । हामीले दुई दिनको बाटो एकै दिनमा हिंडेका रहेछौं ।
- घरधनी बिक्रम लामा भारतीय सेनामा हवल्दार रहेछन् । दशैंको छुट्टिमा घर आएका तीन वर्षमा । परदेश खाएका देखेका र बुझेका । ... हरिया मकै र आलुको तरकारीले स्वागत गरे । पेटभरि खाएर सुत्यौं । थकाइपूर्ण निद्रा... ।
- बिहान हिंड्ने तर्खरमा लाग्यौं । तर सुधाका खुट्टा टेकिएनन् । खुट्टा सुन्निएछन् । लामा दाइले बस्ने आग्रह गरे । त्यहीं

मकैका चामलको भात र इस्कुसको तरकारी पकाएर खायौं । एघार बजेतिर बिस्तारै ओरालो झर्यौं । त्यो बास बसेको गाउँको नाउँ थियो- पराङबुङ् ।

- ओरालो झरेर तल हिंवाखोलामा पुग्यौं । हिंवाखोला पाँचथर जिल्लाको ठूलो खोला हो । हिउँद वर्खे तर्न नसकिने । भर्खर भदौ बितेको खोलो उर्लिएकै थियो । भीर ओर्लिएर किनारमा पुगेपछि अलि माथि झोलुंगे फड्के पुल देखियो । एकजना हामीभन्दा अघि तरेर पनि गयो ।
- फड्केको छेउमा पुगेर उभियौं । चारपाँचवटा बाँस चोयाले बाँधेर तेछ्र्याइएको । बीचमा दुईपट्टिको बाँसका टुप्पाको जोड्नी । दुईदुईवटा बाँसको घेरा, हातले समात्न बनाइएको । बर्खाभरि भिजेर कालो भइसकेको र ठाउँठाउँमा चोया मकाएर खुस्किएको पुल हो कि काल .... । बडो डर लाग्दो ।
- मेरो बाल्यकाल पहाडी क्षेत्रमा नै बितेको । तमोर, काबेली, इन्द्रावती आदि ठूल्ठूला खोलाका पुल तरिसकेको हुँदा अचम्म त लागेन तर मेरी साथी भने डरले काली नीली भइसकेकी थिइन् । यति ठूलो खोलो पहिलो पल्ट देखेकी भीरको चेपको अनकन्टार ठाउँ । ठूल्ठूला ढुंगामा छाँगो जस्तै उर्लिंदै बगेको भीषण आवाज .... ।
- दुईवटा व्याग र छाता बोकेर पुलमा पसें । धर्मरधर्मर गर्दै पारी पुग्न सकें । सामान राखेर फर्किएँ । ... र हात समाएर पुलमा ल्याएँ साथीलाई । बाँसमा टेकेर दुई तीन पाइला अघि बढ्नासाथ रिंगटा लागेर थ्याच्च बसिन् । अलमल्ल परेर हेरें । खोलो आफ्नै गतिमा छ । के गरी तार्ने प्रियालाई ?
- वारिपारि ढुंगाले थिचेर अड्याइएका बाँस । बन्धन मकाएर झरिसकेको । टेक्ने र समाउने - आधारका बीच सम्बन्ध टुटिसकेको । एकजनाकै भार थाम्न नसक्ने अवस्थाको बाँसे फड्के । यो थाहा हुँदाहुँदै पनि अठोट गरें - सहचरीलाई बोकेर तार्छु ।

'लु आऊ । तिमीलाई बुई बोक्नुपर्‍यो ।' डडाल्नो थापेपछि- उनी केही बेर अलमलमा परिन् । फेरि उही कुरो दोहोर्‍याएपछि ५/६ वर्षे बालकलाई झैं बोकेर बलियो गरी टाउकामा समात्न अह्राएँ । मैले दुईपट्टिका बाँस दुबै हातले समात्नु पर्ने ... ।

- 'जय पाथीभरा' भन्दै पुलमा खुट्टा राखेर अघि बढें । बीचमा पुगेपछि दुईतिरको जोड्नी भाग कररर.. गर्दै नुहिन थाल्यो । पानी छुने स्थितिमा पुगेपछि मेरो मन भित्रभित्रै आत्तियो । एकक्षण उभिएर सोचें - अब बाँचिदैन । यही अनकण्टारमा मर्ने लेखान्त रहेछ । खुट्टा थरथरी कामेका छन् । पछाडि फर्किन पनि नसकिने स्थिति छ । सुधालाई भनेको छु - 'तल पानीतिर नहेर्नु, पारिको डाँडालाई हेर्नु, नत्र रिंगटा लाग्छ'- तर मैले त पानीतिरै हेर्नुपर्छ । क्रम मिलाएर खुट्टा सार्नुपर्ने छ । एउटा खुट्टा बाँस बाहिर जानासाथ खोलाभित्र परिन्छ । "एकदिन त मर्ने पर्छ । प्रत्येक जन्मिनेले मृत्यु लिएरै आउँछ । मात्र ढिलो चाँडोको कुरा न हो । केही गरेर, नाम, यश राखेर मर्ने इच्छा थियो ? त्यो नपुग्ने भो । बुबा-आमाका लागि अरू छोराहरू छँदैछन् । भर्खर बिहे गरेकी पत्नी पनि विधवा हुने डर भएन । दुबै एकसाथ मर्न पाइँदैछ । मेरो मृत्युले खासै कतै पनि प्रभाव पार्ने छैन । छिटै बिर्सिइने छु ।" मेरो दार्शनिकता यसरी झल्कियो ।
- तलतिर हेर्न नसकेर केही क्षण आँखा चिम्म गरें । साथीलाई नआत्तिई बलियोसँग समात्न अह्राएँ । बनारसमा संकटमोचन मन्दिर दर्शन गरिन्थ्यो । त्यहाँ मन्दिरको भित्तामा 'हनुमान चालीसा' भन्ने स्तोत्र लेखिएको थियो । केही श्लोक र दोहा कण्ठ गरेको थिएँ । त्यसैलाई जीवनको आधार सम्झें ।

'जसले हनुमान चालीसा' पाठ गर्छ त्यो ठूल्ठूला संकटबाट सहजै मुक्त हुनसक्छ ।' जीवनबाट मुक्ति अथवा पुल पार गर्ने शक्ति । दुईवटामा एउटा त पक्कै हुन्छ । मन दह्रो पारेर पाइला सार्दै गएँ । 'चर्रर, कर्रर' बाँस रड्किन्छ । - 'आयुका छोरालाई वायुले लाँदैन' पारिपट्टि पुग्न सफल भइयो । जीवन लामै रहेछ ।

- सुधाको अनुहार पहेंलो भइसकेको थियो । मेरो पनि डर र चिन्ताले मुटु हल्लिएको थियो । आधा घण्टाजति त्यहीं पल्टियौं । दुबैले निकै बेरसम्म बोल्न सकेनौं । एकजना सुब्बा दाइ आइपुगे । पुलतिर हेर्दै भने- 'आरे हौ, तिमी त मुटु नभा' मान्छे रैछौ । त्यस्तो पुलमा दुईजना एकैचोटि तर्नुहुन्छ ! यो विचरा केटी पनि जान्थ्यो, तिमी पनि जान्थ्यो । अरे गाँठे, कस्तो डर नलाग्या ।'
- हामी उकालो तेर्छो सकेपछि मच्छेबुङको सिरानमा पुग्यौं । त्यहाँबाट ओरालो झरेर मच्छेबुङ खोला तरेपछि 'एकातिन' को पुछार आयो । यो निकै लामो उकालो काट्नुपर्ने । बिस्तारै हिंडेर 'तुसारे' अन्तरे मिश्रका घरमा बास बस्न पुगियो ।
- तुसारेका काहिंला मिश्र मेरा जन्तरे काकाका ससुराली । काकाका ससुराली मेरा पनि मावली ...। अन्तरी आमैले राम्रो आतिथ्य गरिन् । खाना खाएर विश्राम ... ।
- बिहान उठेर गन्तव्यतर्फ लम्कियौं । दश बजेतिर बारेबुङका खरेलका घरमा पसेर आफ्नो परिचय बुबाको नामबाट दिएँ । भात पकाएर खानका लागि सुधातिर हेरेर घरधनीले

अह्राए । म पण्डितको छोरो । आफै पकाएर खानुपर्ने । सुधा नपकाउने भएकी । अप्ठ्यारोमा परें । बारीमा हरिया मकै देखेर मकै खाने प्रस्ताव राखें । मकै, दही र आलुको तरकारी खाएर बाटो लाग्यौं ।

- बेलुका 'सेरेजा' दाहालका घर पुगियो । मेरो जेठा फुपाजु .. । एक दिन त्यहाँ बसेर नाम्रेक, च्याङथापु र गडी - का चिनारु र आफन्तलाई भेट्यौं । धेरै रमाइलोसँग घुमियो । असौज ८ गते सेरेजाबाट हिंडेर इन्द्रावती - इवाँखोला किनारै किनार हुँदै 'साबलाखु' भएर बेलुका मिश्रटार साहिंली काकीकहाँ गएर बास बस्यौं ।

- मेरा साहिंला काकाले दुई बिहे गर्नुभएको र जेठी काकीचाहिं माइतमै बसेकी थिइन् । उनी पनि छोरा-बुहारी देखेर-भेटेर खुसी नै भइन् । बिहान उठेर काबेली खोलामा नुहायौं र चढ्यौं उकालो । सिनामको उकालो त्यस भेगको प्रख्यात उकालो हो । डाँडा गाउँका ज्योतिषी अधिकारीकहाँ पुगेर बिहानको भोजन गऱ्यौं । अधिकारीहरू हाम्रो पारिवारिक चिनारु ... ।

- सिनामको उकालो काटेर तेर्छो जङ्गल लेकैलेक दुईघण्टा जति हिंडेर ओरालोतिर लम्किदै गर्दा एउटा गोठमा पुगियो । गोठाला दाइ त फुपूका छोरा भान्दाइ रहेछन् । चिनाचिन गऱ्यौं । मकै र दही खाएर उनको बस्ने आग्रह नमानी 'ओरप्पे' तिर लाग्यौं । ओरप्पे पुग्दा साँझ परिसकेको थियो केही तेर्छो हिउँ पछि चतुरे डाँडो आयो । यो डाँडो राती एक्लै दोक्लै हिंड्न हुँदैन भनेर केटाकेटीमा जानेको थिएँ । चिहान राख्ने ठाउँ । जङ्गल र अँध्यारो अनि चिहान केन्द्र .... । तर पनि डर लागेन । गन्तव्यको एकमात्र लक्ष्य । 'ओसे' पुग्नु र हजुर बाको दर्शन ।

- असौज ९, २०२९ का दिन बेलुका आठ बजे मेरो, हामी दुईको यात्रा टुंगियो । मेरो आदर्श गुरु, हजुर बा, जीवा-पं. शिवनिधि भट्टराईका खुट्टामा ढोगेर छेउमा बसें । मधुरो कुप्पी (बत्ती) को उज्यालोमा मेरो टाउको सुमसुम्याउँदै खुसीका आँसु झार्नु भो । नातिनी-बुहारी सुधालाई टाउकामा हात राखेर 'भाग्यमानी भएस्' आशीषले सिञ्चनु भो । काहिंला काका-काकीलाई ढोग्यौं ।

- हजुर बा त्यसबेला अठहत्तर वर्षको हुनुहुन्थ्यो । सेता दाढी, जुंगा र कपाल- शान्त, सौम्य र निश्छल आकृति । सातभाइ छोरा र तीन छोरीका पिता । हजुर आमा २०१४ सालमै खस्नुभएको हुँदा उहाँको एकाकी स्वयंपाकी जीवन थियो ।

- मैल त्यसबेला एउटी अबोध युवती मेरी पत्नीलाई समेत आफ्नो स्वार्थमा तानें भन्ने लागेको थियो । ५/६ दिनको पैदल हिंडाएर मेरा हजुर बालाई भेट्न उनलाई साथ लिएको, मेरै स्वार्थ हो । तर त्यसो होइन रहेछ । सुधा पनि हजुर बालाई भेटेर प्रसन्न भइन् । हजुर बालाई भेटेपछि आफ्नो सबै थकाइ, पीडा र कष्ट मेटिएको बताइन् ।

- हजुर बासँग को भेट यो नै अन्तिम रहेछ । फेरि हामीले उहाँको दर्शन गर्न पाएनौं । तर दुबै जनाले एकैसाथ आशीर्वाद लिन पाएको हुँदा आज पनि उहाँको आशीर्वाद सफलीभूत भएको अनुभव गर्न पाइएको छ ।

- 'मधुर स्मृति कुनै अवर्णनीय मधुर सङ्गीत जस्तै जीवनका प्रत्येक क्षणमा झंकृत भइरहन्छ । स्मृति विशेषत: यात्रा स्मृति ज्यादै प्रभावकारी र प्रेरक हुन्छ ।' भनाइ छ । साँच्चै नै आजभन्दा छब्बीस वर्ष अघिको त्यो यात्रा, यात्राक्रममा भोग्नुपरेका विभिन्न अप्ठ्यारा क्षण र संकटहरू सम्झिंदा आज पनि एक प्रकार आँग जिरिङ्ग हुन्छ । जीवन साँच्चै नै झंकृत हुने रहेछ यस्ता उल्लेख्य यात्रा स्मृतिद्वारा ।

---


२०५५
विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

**जयन्ती लम्साल**
(प्रधानाध्यापक) तथा
चामुण्डा माध्यामिक विद्यालय
जोरपाटी, काठमाडौं

२०५५
विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

**सागरप्रताप राणा**
(प्रमुख) तथा
सिद्धार्थनगर नगरपालिका
परिवार, रुपन्देही

# अल्छी आँखो र हाम्रो नियात्रा

✍ तेजप्रकाश श्रेष्ठ

'एक पन्थ दोकाज' गर्ने उद्देश्यका साथ हामी यात्रामा निस्किएका थियौं । पुसको विहान, कठ्यांग्रिदो जाडो । स्यूँ स्यूँ गर्दै धरहरा छेउ पुगी फेबाटुर्सको बसको सीट तताउने उपक्रम गर्न लाग्दा बस हुइँकिएर त्रिपुरेश्वर नाघ्न थालिसकेको थियो ।

विष्णुमती पुलबाट चन्द्रागिरी र फुल्चोकको लेकमा सेताम्मे हिउँ फुलेको देखियो । बिहानीको घामसँगै चम्किरहेको हिमकणले हाम्रो चिसो भएको मन प्रफुल्लित तुल्यायो, हिंम दृश्यले सौजन रमायो अत्यधिक ।

दश वर्षको बालक सौजन कै उपचारको लागि हामी सीतापुर (भारत) सम्म पुग्ने लक्ष्य लिएर निस्किएका हौं । यो नै हाम्रो प्रमुख लक्ष्य हो । तर यात्राक्रममा कार्यालयको काम पनि बोकेर हिड्न पाउँदा सुनमा सुगन्ध हुने नै भयो । त्यसैले हामी यात्राको थालनीमा प्राकृतिक सौन्दर्यको खानी पोखारातर्फ लाग्यौं ।

पृथ्वीराजमार्गको दुईसय किलोमिटर लामो पहाडी बाटो बसद्वारा यात्रा गर्दा सौजन रोमाञ्चित भइरहेको थियो । सहयात्री लक्ष्मण खनाल र सौजनको रमाइलो गफ सुन्दासुन्दै साँझ ५ बजे बस पोखरा पृथ्वीचोकमा पुगेर रोकियो । झोला काँधमा भिरेर पोखरालाई पुनः आत्मसात् गर्दै मित्र क.अ.विष्णु नेपालको आतिथ्य ग्रहण गर्न उनको डेरामा भित्रियौं ।

प्रसंगवश सौजनको आँखा जचाउन सीतापुर जाने क्रम उल्लेख गर्दा मित्र नेपालले नेत्र विशेषज्ञ डा. कृष्णजङ्ग कार्कीसँग सरसल्लाह गर्ने राय व्यक्त गर्नुभई उहाँको क्लिनिकमा लिएर जानु भयो । डा. कृष्णजङ्ग कार्की हाम्रा मित्र शेरजङ्ग कार्कीका भाइ रहेछन्, चिनाजानी भयो । डाक्टर कार्कीको सौहार्द्रतामा हामी रमाउन पुग्यौं । मैले आफ्नो समस्या जस्ताको त्यस्तै राख्ने प्रयास गर्दै यो मेरो कान्छो छोरो ! दाहिने आँखा ठ्याम्मै देख्दैन, करीब अढाइ वर्ष उमेर हुँदा यसको आँखामा सेतो फुलोजस्तो देख्यौं । अनि त्यसबेलाका नामूद आँखा विशेषज्ञ डा. उपाध्याय कहाँ हतारिदै पुग्यौं ।

'यो मोति विन्दु हो, अपरेशन गर्नुपर्छ तर अहिले कलिलो छ पाँच वर्ष उमेर नाघेपछि आउनु होला । अहिले केही गर्नु पर्दैन' भन्ने सल्लाह दिनुभयो । हामीपनि ढुक्क भयौं । त्यसको लगतै म जागीरको क्रममा दुर्गम स्थानतिर खटाइएँ । एक दुई वर्ष त्यसै बित्यो । एकपटक लहान पुग्दा त्यहाँको आँखा अस्पतालमा जचायौं । त्यहाँ कार्यरत विदेशी डाक्टरले 'आँखा बिग्रिसकेको छ, अपरेशन गरे पनि नगरे पनि केही फाइदा हुँदैन' भन्दा छाँगाबाट खसे झैं भयौं ।

तत्कालै काठमाडौंमा आएर डा. उपाध्यायलाई भेट्यौं । ६ महिना पछि अपरेशन गर्ने फेरि सल्लाह दिनुभयो । तर हामी आतिइ सकेका थियौं । अनि डा.एन.सी. राईको क्लिनिकमा शरण लिन पुग्यौं । डा. राईले हामीलाई राम्रैसँग झपार्नु भयो । 'पहिले नै गर्नु पर्ने अपरेशन यति ढिला किन ? तपाईंहरू खेलाँची गर्नु हुन्छ । बिग्रिसकेपछि अब के गर्ने ?'

हामी अन्यौलमा पर्यौं । एउटा डाक्टरलाई देखाउँदा एउटा सल्लाह दिन्छन्, अर्कोलाई देखाउँदा अर्कै । पिल्सिने त हामी भयौं, अब के गर्ने ? हामी कुइराको कागझैं रनभुल्लमा पर्यौं । अन्तमा संयम भएर डा. राईले भन्नु भयो 'अपरेशन गर्दा मोति बिन्दु त हट्छ तर आँखा देख्ने कुरामा ५% मात्र आश गर्न सकन्छि ।'

आशै न हो । ५% नै आशा भएपनि निराशा त' हुनुभएन । त्यसैले हामीले अपरेशन गरायौं । तर उसको आँखाले काम दिएन । आँखाको लागि सीतापुर (भारत) प्रख्यात रहेछ । धेरैले एक पटक सीतापुर लगेर जचाउने सल्लाह दिए । लौ तानि भनेर हिंडेका हौं ।'

मैले आफ्नो कुरा डा.कार्कीलाई यथार्थ पस्किदिए । उनले धेरै कोणबाट परीक्षण गरेपछि भन्नुभयो । 'यो अल्छी आँखो हो । यसले अब देख्न सक्ने सम्भावना कम छ । केटाकेटीको आँखामा एक महिनासम्म कालो पट्टी बाँधिदिएर खोल्दा आँखा देख्न सक्ने स्थितिमा हुँदैन । त्यस आँखाको देख्ने र हेर्ने शक्ति क्षीण भएर आँखा अल्छी हुन्छ । शरीरको बृद्धिको अवस्थालाई बलजफ्ती रोकेमा कुनै पनि अंग शिथिल हुन्छ । हात खुट्टालाई

धेरैवर्ष नचलाई राखेमा पनि ती हातखुट्टाहरू सुकेर जान्छन् । त्यस्तै आँखामा मोतिविन्दुको फैलावटले गर्दा धेरै वर्षपछि देख्न नसक्ने भएर जान्छ । वावुको आँखामा पनि त्यस्तै भएको हो । कलिलो उमेरमा भएको क्षतिले आँखो अल्छी भयो । पहिले नै विचार पुऱ्याउनु पर्ने ।' - डा. कार्कीले स्पष्ट पार्दै फेरि भन्नु भयो 'छिप्पिएको उमेरमा आएको मोतिविन्दुको अपरेशन पश्चात् देख्न सक्ने अवस्था रहन्छ । तर बालकको मोतिविन्दु भएमा त्यो अवस्था नरहन सक्छ । त्यसमा पनि केटाकेटीको एउटा मात्रै आँखामा भएको मोतिविन्दुले त एउटा आँखालाई पुरै अल्छी बनाउँछ । ढिलो अपरेशन भएर मात्र बिग्रेको होइन, समयमै अपरेशन भएपनि त्यस आँखाले देख्छ नै भन्ने छैन । तत्काल देख्न सकेपनि पछि विस्तारै रोशनी लोप हुँदै जान सक्छ । आइग्लासले मात्रै पनि त्यसको बचावट गर्न सक्दैन ।' डा.कार्कीको भनाइ ध्यान दिएर सुनिरहेका थियौं । डा.एन.सी. राईले सौजनको आँखा अपरेशन गरेपछि चस्मा लगाउन सिफारिश नगर्नुको कारण पनि त्यही रहेछ ।

डा. कार्कीले अझ स्पष्ट पार्दै भन्नु भयो - 'बाबुको आँखामा रोशनी आउन ज्यादै कठिन छ । यहाँसम्म आइसक्नु भयो जानोस् एकपटक सीतापुर । मनलाई शान्ति मिल्ने छ । तर यस्तो समस्या यूरोपका देशहरूमा पनि ज्यूँका त्यूँ छ । त्यसैले यस सम्बन्धमा न कुनै डाक्टरको न कुनै आमाबाबुको दोष छ, दोष त्यही आँखाको छ, मैले त स्पष्ट भनेको हुँ माइन्ड नगर्नु होला ।'

डा. कार्कीको कुरामा सहमत हुन खोज्दा खोज्दै पनि सीतापुर पुग्ने हाम्रो लक्ष्य खण्डित भैसकेको थिएन । सौहार्द्रताको लागि धन्यवाद टक्र्याउँदै उठ्यौं ।

भोलिपल्ट हामी माछापुच्छ्रेको प्रतिछाँयामा सिंगारिएको फेवाताल, वराह मन्दिर, पाताले छाँगो, आराध्यदेवी विन्ध्यवासिनी र शहरबजारको अवलोकन गरी पर्सिपल्ट अर्थात् २०४७ पुस २१ गतेको विहान झिसमिसेमा नै पाल्पा जाने बस चड्न पुग्यौं ।

सिद्धार्थ राजमार्गको घुमाउँरो र उकाली ओरालीले सौजनलाई केहीवेर रिंगायो । तर पछि ऊ प्राकृतिक दृश्यमा रमाउन थालिसकेको थियो ।

यात्राक्रम कहिले रहरलाग्दो त कहिले वाक्क लाग्दो हुँदोरहेछ । अहिलेको यात्रा रमाइलोसंगै बित्दो थियो । त्यसैमा पनि एउटी प्रवासी नेपाली केटीको गफले वातावरण मुस्कुराइ रहेको देखिन्थ्यो । ऊ हाम्रो सिट छेवैको अर्कोपट्टि बसेकी थिई । ऊ अतिनै बोलक्कड देखिन्थी - टेप रिकर्डझैं पटटट.... बोली रहनु पर्ने । उसैको गफको सिलसिलामा ऊ भैरहवामा उसको घर जान आएकी र मिजोरममा बसोबास गर्ने कुरा बुझियो । उसँगैको सीटमा बस्ने यात्रुले उसको कुरा ध्यान दिएर सुनिरहनु पर्दोरहेछ । बर्मा, मिजोरम, नेपाल, भैरहवा, पोखरा आदिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गफ गर्न पोख्त ती केटीको गफ छिटपुट सुनिने गर्थ्यो । हामीलाई रमाइलै लागिरहेको थियो । अझ सहयात्री लक्ष्मण खनाल त मख्खै थियो ।

केही अघिल्लो सिटमा कालोकालो वर्ण, छोटो छोटो तीखा जुँघा, ठूलाठूला आँखा र मोटोघाटो एकजना यात्रु देख्यौं । उसको शरीरमा भारतीय पुलिसको पुरानो फाटेको वर्दी थियो । ऊ आफूलाई ज्यादै बुजुक देखाउन खोजिरहेको थियो । गफको प्रसंगमा ऊ भारतको ठूलो प्रशंसा गरिरहेको मात्र हैन नेपाललाई होच्याउन खोज्थ्यो । ऊ भनिरहेको थियो - 'चाहेमा नेपाललाई भारतले काँच्चै खाइदिन सक्छ । नेपाल त एउटा सानो गरीब, लाचार देश हो । यसको अस्तित्व भारतले गर्दा बाँचेको छ । प्रशस्त नेपालीहरू भारतमै शरण लिन पुगेका छन् तर भारतीयहरू त नेपालमा नगन्य आएका छन् । भारत हाम्रो अन्नदाता हो । हामी नेपाली हौं तर नेपालले हामीलाई के गरेको छ र ! दुःख र अभाव दिनु सिवाय ।'

यस भनाइको प्रतिवाद गर्न मलाई खसखस लागिसकेको थियो । तर उसको त्यस तुच्छ भनाइलाई मिजोरमकी ती केटीले भित्ता पुग्ने गरेर जवाफ दिई - 'नेपालले तपाईंलाई केही गरेको छैन भने किन आयौ त यहाँ । आफ्नो देशको रतीभर पनि माया नगर्नेलाई कृतघ्न भनिन्छ । तिमी त देशद्रोही पो रहेछौ । यस्तो वाहियात कुरा पनि गर्ने ?'

त्यसपछि ऊ शान्त भयो । कालो मुख झन् कालो पारेर सीटमै हराउने प्रयत्न गर्न थाल्यो । मिजोरमकी ती केटीको मातृभूमिप्रतिको मायामा कृष्णगण्डकीको किनारको राम्दीमा विहानको खाना पनि मीठो लाग्यो ।

यस यात्राक्रममा हामीले पाल्पा, वाल्मीकी आश्रम, त्रिवेणी, लुम्बिनी, तिलौराकोट, कृष्णनगर हुँदै नेपालगञ्ज पुग्दा

केहि दिन बितायौं ।

नेपालगञ्ज भित्रँदा पुस २६ गतेको दिन ढल्कंदै थियो । स्थानीय आराध्यदेवी वागेश्वरी भगवतीको दर्शन गर्दा जुंगे महादेको पनि दर्शन गर्यौं ।

टाँगै टाँगाको शहरको रूपमा चिनिने नेपालगञ्ज पश्चिम नेपालको व्यस्त शहर हो । मन्दिर-मस्जिदको संगमस्थलको रूपमा रहेको नेपालजञ्जबाट सीतापुर पुग्न अझै धेरै टाढा रहेछ, करीब-करीब काठमाडौं जतिनै टाढा छ रे । तर पुग्न त्यति गाह्रो भने छैन रे । तैपनि सीतापुर आँखा अस्पतालको शाखा अस्पताल रहेको नजिककैको वहराइचमा एकपटक परीक्षण गराउँने सुझाव पाएअनुरूप नेपालगञ्जमा पुगेको भोलिपल्टै मित्र वि.क.अ. जगन्नाथ श्रेष्ठजीको सौहार्द्रतामा हामी भारतको सीमावर्ती देहाती शहर वहराइच पुग्यौं । डा. अग्रवालबाट सौजनको आँखा परीक्षण गराइयो । तर कुनै उपलब्धी हात परेन । वहराइचको गर्मी र फोहरको साथै आँखा परीक्षण गराउँदा गराउँदा बरु सौजन झिज्जिइ सकेको थियो । हामीलाई पनि त गर्मी, फोहर र भोकले सताउन थालिसकेको फर्कन हतार भैसकेको थियो ।

नेपालगञ्जमा हामीले क.अ.हृदयनारायण दासको आतिथ्य पाइरहेका थियौं । उनैको सौजन्यताबाट 'फत्ते बाल आँखा अस्पताल' (नेपालगञ्ज) मा स्वीस डाक्टरद्वारा सौजनको पुनः आँखा जाँच गराइयो । आशा हो ! मौकामा चौका हान्नु पर्छ भन्ने उक्ति खेर जान दिनु भएन त ! नेपालगञ्ज उद्योग वाणिज्य संघका सचिव एवं सोही आँखा अस्पतालका कोषाध्यक्ष श्री कन्हैया टण्डनको सक्रियतामा आँखाको राम्रोसंग परीक्षण भयो । अन्ततः स्वीस डाक्टरको निस्कर्ष पनि डा. कार्कीको जस्तै पायौं ।

'आँखाको नानी अस्थिर छ । अस्थीरताको कारणले आँखामा रोशनी आउन सक्दैन । अस्थिर नानीलाई स्थिर पार्ने उपकरण तथा औषधी विश्वमा कतै आविष्कार भइसकेको छैन । त्यस्तो उपकरण आविष्कार नभएसम्म प्रतीक्षा नै गर्नुपर्छ । अर्को उपाय छैन ।' स्वीस डाक्टरको भनाइमा तीतो सत्य थियो । मित्रहरूको सल्लाहअनुसार तत्काल सीतापुर पुग्नु निरर्थक लाग्यो । त्यसैले नेपालगञ्जबाट सीतापुर जाने कार्यक्रम रद्द गरेर हामी धनगढीतर्फ लाग्यौं । तर अल्छी आँखाले हामीलाई अझै पछ्याउन छोडेको छैन ।

*२०५५/४/१५ शोणितपुर, चुनिखेल, काठमाडौं ।*


२०५५

विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

---

भरत के.सी. (सभापति)

खगराज पाण्डे (उप-सभापति)

तथा

जिल्ला विकास समिति परिवार

घोराही, दाङ्

२०५५

विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा हाम्रा सम्पूर्ण शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

---

**सिद्धार्थ फ्लावर मिल**

गुरवनिया, रुपन्देही

# बेलायतको एक साँझ

✍ ध.च. गोतामे

म १९६६ ई. को जनवरी २२ का दिन लण्डन पुगें । निखिंद पुसको महिना, प्रचण्ड जाडो थियो । सिमलको भुवा जस्तो सिमसिम हिउँ परेको देखेको पनि थिइन, त्यहीं देखें । हिमपातको दृश्य यति मनोरम थियो कि जहाँ अरू सबै लण्डनियाँहरू न्यानो कोठामा कोच्चिएर बसेका थिए भने, म घरबाट ल्याएको थोत्रो बर्साती र माकल टोपी भिरेर बाहिर सडकमा भौंतारिरहेको थिएँ । एकाएक हिउँले खाएकोले नयाँसडक बाटा पसलमा किनेको जुत्ताको तलुवा उप्केर शार्क माछोले मुख च्यातिराखे जस्तो जुत्ताको हविगत हुन गएको थियो । बडो लज्जित भएर बासस्थानतिर जुत्ता घिसार्दै फर्किएँ । हिंड्दा कुनै मुनिवरले आँग्ल देशमा 'यो गर्नु, यो नगर्नु' मध्ये जुत्ताबारे पनि खबरदार गरेका थिए - "यहाँको जुत्ता लाएर हिउँमा हिंड्ने चेष्टा कदापि नगर्नु, त्यसपट्टि बलमिच्यायी गऱ्यौ भने त्यो लाएजस्तो नभै निर्घात खाएजस्तो तिमीलाई अनुभव हुनेछ ।

होटेल, लज वा डेरातिर फर्किनु परेको भए मलाई कुनै दिकदारी हुने थिएन, लम्केर जान्थें र ढोका खोलेर ओछ्यानमा डम्म पल्टिने थिएँ । तर म त बोलायतको शाही राजदूतावासमा प्रथम सचिवको पाहुना भएर बसेको थिएँ । गएको रात त्यहीं काटेर भोलिपल्ट हिम-विहार गर्न निस्केको थिएँ, साथै कुनै होटेल आफ्नो गच्छे अनुसार देखा परिहाल्छ कि भनेर आँखा पनि दौडाइरहेको थिएँ ।

हिथ्रो विमान घाटबाट लण्डन पुग्दा राति सात बजिसकेको थियो । एक त प्लेन ढिलो, त्यसमाथि अनेक औपचारिकता । ब्रिटिश एयरवेजको न्यानो बसले ल्याएर भिक्टोरिया टर्मिनलमा ओरालिदियो । कहाँ जाने यस विशाल शहरमा ? सातबजे त आधिरात जस्तै हुँदो रहेछ लण्डनमा । कुनै मानिस लिन आउँनेछ, उसले अगावैदेखि आरक्षित होटलमा लगेर राखिदिने छ भनेका थिए । चारैतिर आँखा दौडाएँ कोही आउला वा ध्वनि विस्तारकमा उद्घोष गर्ला 'गौतम फ्रम नेपाल', तर कोही भएन । प्लेनको बिंयालोले सबै भताभुङ्ग पारेर मलाई अनकण्टारमा दुःख पाउन छाडेर गयो । आधाघण्टा यहीं सबका लागि कुरिरहें । टर्मिनल भवनका सबैजसो यात्रीहरू निखिसकेका थिए । सबै आ-आफ्ना गन्तव्यतिर लागिसकेका हुँदा हुन्, मेरो पो कतै जाने अत्तोपत्तो थिएन ।

धेरै सोच-विचार र जाउँ-नजाउँको दोधारे उहापोह पछि दूतावासमै आजको रातकटनी गर्नु पर्ने । इहमित्थमा पुगें । दूतावासमा कोही पूर्व परिचित नभएको भए त्यता मेरो ध्यानै जाने थिएन किनभने नेपालीले अनुनय विनय गरेमा बरु कुनै अफ्रिकन देशको दूतावासमा शरण पाउँदो हो तर नेपाली दूतावासमा किमार्थ पाउँदैन ।

तर शाही नेपाली दूतावासमा म आएका वखत प्रथम सचिव भएर नारायण अर्याल आसीन थिए । यी मेरा पुराना परिचित मात्र होइन, सन्निकटका मित्र पनि थिए । स्वभावका मृदु र बोली-बचन मिठा भएका मानिस थिए । केन्सिङ्गटन गार्डेन पैलेस, मटिङ्गहिलको ठेगाना दिएपछि अंग्रेज टैक्सी चालकले दूतावासको ढोकामै पुऱ्याइदियो । फेरि जिउ भारी भयो, द्वारको घण्टी थिच्न सकिन । नारायणको के बेला होला कुन्नि ? कुनै ठूलो पार्टीको रमझममा पो व्यस्त छन् कि ? अंग्रेजहरूको उच्चस्तरीय समागममा कहाँबाट यो गोर्खे ऐले आइ पुग्यो भन्ने हुन् कि ? परराष्ट्रका मानिस यसै पनि निखुल्किएका हुन्छन् । नारायणप्रसाद अधिका त सज्जन हुन् तर परराष्ट्रमा गएर यिनको चरित्रपनि अरू सरह नभैसकेको होला त्यो कसरी भन्न सकिन्छ ? म अनाहूत रात्रि-विश्रामका लागि एकाएक याचना गर्न आएको थिएँ, अघिबाटै समय निर्धारण गरेर सहमति पाएर आएको थिइन । अंग्रेजहरूको सामान्य आचारसंहिताका लागि त यस्तो गर्नु सर्वथा निन्दनीय र धृष्ट आचरण हो ।

जे होस् अब त संघारमा आइ पुगेको थिएँ । जाडोको रातमा अनकण्टार कंक्रीटको जंगल भित्र आश्रयका लागि भौतारिरहनुभन्दा यहाँ किंचित अपमानित भए पनि तौलमा यही कम वजनको लाग्यो । यौटा बाल सखाले कुट्याममा आउने भनी आँखा तरिहाले पनि के भो र ? उत्तरमा फिस्स हाँसेर क्षमा मागेमा मन शान्त भैहाल्छ नि । जे पो होला ? हात लम्काएर

घण्टी थिचिदिएँ । सैनिक पहिरन लाएर पूर्णकदमा उभिएको एक द्वारपालले ढोका खोल्यो । मलाई तलदेखि माथिसम्म दुईपटक हेऱ्यो र मबाट दूतावासलाई कुनै अनिष्ट हुँदैन भन्ठानेर कहाँबाट आएको र कोसित भेट्ने हो भनी प्रश्न गऱ्यो । मैले प्रथम सचिव सित भेट्ने मनसाय प्रकट गरें । उसले सुरक्षाबारे आश्वस्त भए पनि मलाई भने मन पराएन जस्तो लाग्यो । बडो रुखो भाषामा प्रश्न गऱ्यो - 'समय लिएर आएको हो ?'

'म भर्खर विमानघाटबाट आउँदै छु, उनी मेरा मित्र हुन् ।

'माई गुड ओल्ड फ्रेण्ड ।'

'तपाई भोलि आउनुस्, आज उहाँसित भेट हुन सक्दैन । उहाँ रोयल प्रिन्ससित व्यस्त हुनुहुन्छ र केही बेरपछि बाहिर निस्किने तयारी गर्दै हुनुहुन्छ । यस्तोमा मैले तपाईंको पहुंच पुऱ्याउनु मेरा लागि कठिन हुनजान्छ ।'

अंग्रेज द्वारपालको कुरा सुनेर मन खड्ग्रङ्ग भयो र मनभित्र एकतमासको चिसो सिरेटो हुंडरी मारेर गयो । बडो निराश भएँ । को हो यो प्रिन्स भनाउँदो जसले मेरो नरबलि मागिरहेछ ?

काठमाडौंबाट हिंड्ने बेला मित्रहरूको सर-सल्लाह माग्दा तिनले परिचय-कार्ड छपाएर लैजानाले बेलायतमा सारै सुविस्ता हुन्छ भनेकाले मैले पनि त्यसै गरेका थिएँ । त्यही कार्ड झिकेर अंग्रेजलाई विनय गरें- जनिगरी यो कार्ड उहाँसम्म पुऱ्याइ देउ, उनले फुर्सत छैन भनेमा म फर्केर जानेछु ।

'मेरा मित्र, यहाँसम्म म आएर पनि सूचना नदिई गएकोमा दुःखी हुने छन् र तिमीलाई पनि अबगाल नआउने कुरा छैन ।' उसले कार्ड पढ्यो । मेरा घटिया पहिरन, लामो यात्राको हरारत र दूतावासबाट खेदिने भयले विकृत अनुहार देखे पनि कार्डले उसलाई आश्वस्त पारेछ - यो लुच्चो त होइन रहेछ, आफ्नो देशको सर्वोच्च विधाइकाको उप-सचिव रहेछ । मनमनै भनें- हे अधम कार्ड तँ मेरो जेहनमां अघिनै किन आइनस् ? एकाएक चिसो ढुङ्गो तेर्सिए जस्तो वातावरण केही खुकुलो भयो । आँग्ल रक्षकको अहिलेसम्म डमरुमा चाला तन्काए-जस्तो अनुहार सामान्य संकुचनमा फर्क्यो । हो कि होइन जस्तो स्मितहाँसोमा यौटा रित्तो मेच देखायो । म बसें, उ कार्ड लिएर गलैंचा ओछ्याएको भऱ्याङ्गको खुडकिला उक्लेर मास्तिर लाग्यो ।

मनमा भय युक्त खुल्दुली थियो - 'भोलि भेट्नुस्' को संवाद लिएर खाकी सूट र बिर्के टोपी लाएको कुइरे अब सुस्तरि भऱ्याङ्ग वर्लिंदै होला भन्ने । तर त्यसो भएन । केही बेरपछि तीनचार ओर्लिन लागेको पदचाप र मधुरो स्वर-संघातमा कल्याङ्ग-मल्याङ्ग गरेको सुनियो । म आत्तिएर उठें । के देख्छु भने, अघि-अघि अधिराजकुमार वसुन्धरा, पछि नारायणप्रसाद र त्यसपछि उही गृह-रक्षक ओर्लिरहेका रहेछन् । वसुन्धरलाई धेरै पटक बार्बरका साथ वा एक्लै पनि देखेको थिएँ । राजसी भोगवादको लामो संस्कारले गालाका पाटाभरि गिर्खैंगिर्खा उठेको, अक्षता योनिको चरमसुखका चाहनामा संधैभरि लाप्लाप लिप्लिप गरिरहने हन्तकाली अनुहार मैले टाढैबाट चिनिहालें । नजीक आएपछि नारायणले करबद्ध भएर भने - 'सरकार मेरा मित्र गौतम हुन् भर्खर नेपालबाट आएको' मैले ढाड भाँचेर नमस्कार गरें । पछि लाग्यो, आत्तिएर आवश्यकता भन्दा बढीनै कुब्रिएँछु । मेरो नमस्कारको प्रत्युत्तरमा सरकारले मुखको लामो सिगार झिकेर नजीकको एस्ट्रेमा खरानी झारे र त्यही झिल्का च्यापेको हात उठाइ दिए । मलाई उदेक लाग्यो । पक्का यो बृटेनको खाँटी प्रजातान्त्रिक पर्यावरणले यति गरायो होला भन्ठानें ।

नेपालमा राजाले हरेकलाई दुबै हातले दसनंग्री जोरेर नमस्ते फर्काउँथे तर उनका भाइहरूले दुबैपट्टि लाम लागेका प्रजाजनका करबद्ध अभ्यर्थनाको उत्तर कहिले आफ्नो कान्छी औंलासम्म हल्लाएर दिएको मलाईमात्र होइन, कसैलाई थाह छैन । सहस्र पंक्तिबद्ध अभिवादनको उत्तरमा ती अतिशय गंभीर अनुहार लाउँदै टाउको बंग्याएर आफ्नो रुद्रघण्टि हल्लाई दिन्थे । पंचायतकालका प्रजा कृतकृत्य हुन्थे । अब यी इतिवृत्तका नगण्य अनुच्छेदहरू हुनगएका छन् । तर भावी सन्ततिका जिज्ञासाका लागि कहीं नकहीं त आलेखित हुनै पर्ने हो ।

अधिराजकुमार वसुन्धरा संघार नाघेर निस्केर आफू पछि फ्रांसेली बहुमूल्य अत्तरको प्रचण्ड झोक्का छोडेर गए । नारायणप्रसादले हातमिलाएर बडो स्नेहपूर्ण स्वागत गरेर सुस्तरी भने - 'मलाई फर्किन ज्यादै अबेर हुनेछ, गार्डलाई अह्राइसकेको छु । खाना खाएर आराम गर्नुस् । फील ऐट होम ।' अनि आफ्नो पुरानो थेगो प्लीज को 'ज' लाई तान्दै द्वार बाहिर हुत्तिएर पुगे- उनका लागि सरकारलाई कहीं कुर्नु त परेन ?

अबलाई मेरो सबै दुश्चिन्ता समाप्त भैसकेको थियो । आंग हलुंगो भयो । प्रसन्न मनमा बल्ल यो बेलायत आइपुगेको

चौचौ पलाउन थाल्यो । अघि अररो भएर कुनै सालिक जस्तै उभिरहेको अंग्रेज सुरक्षा कर्मीपनि मालिकहरू बाहिर पाटो लागेकोले होला नरम भएर सहज पारामा फर्किसकेको थियो ।

गार्डले माथि लगेर मेरो केठा देखाइ दियो र गयो । नरम स्पन्जको सय्यामा डङरङ्ग लडेर केही बेरका लागि आँखा चिम्लिए ।

यात्राको धपेडी एकपछि अर्को प्लेन समात्ने कुदाकुद, पहेंलो धर्सोको वारपारको झर्कोलाग्दो औपचारिकता, प्लेन भित्रका परिचारिकाहरूको प्लाष्टिक शल्यकृया गरेर सदैव हाँसिरहे जस्तै लिपिस्टिक पोतरेका ओठ अहिले थकाइको पहाड बोकाइदिए जस्तै हुन्छ । खेलसित जसरी हारजीत गाँसिएको हुन्छ त्यसै गरी यात्रासित थकाइ पनि टाँस्सिएको हुन्छ । खेलको कुरा बेग्लै हो, स्वतन्त्र यात्रा गर्नु परे पीटी उषा पनि थकाइले लखतरान पर्दी हो । यही सब तन्द्रामा आँखा लोलाइरहेको थियो, कसैले ढोकामा ट्वाक-ट्वाक गरेको सुनें । ढुंगो झुण्ड्याइरहे जस्तो परेला उचालें । देखें, तेह्र-चौध वर्षको एक सुघ्घरी गोरो बाहुन केटो हाँसिरहेको थियो । कुनै छल-कपट नभएको डल्ले केटो मलाई बेसलाग्यो । 'को तिमी, के नाउँ हो ?'

'सरको काम गर्ने । मेरो नाम बलराम हो । बले भनेर बोलाए हुन्छ । साहेवले जानेबेला हजूरलाई ख्वाएर मात्र सुत्न दिनु भन्नु भएको छ । हजुर के खाने ?'

'हेर बलराम मैले हवाइजहाज मै खाइसकेको छु । म केही खान्न सक्छौ भने एक गिलास दूध ल्याइदेउ ।'

केटोले एक कप मनतातो दूध लिएर आयो । किन हो केटोसित मलाई गफ गर्न मन लाग्यो ।

'कति भो तिमी यहाँ आएको ?'

'तीन महिना नाघिसक्यो । मलाई त यो कुइरेहरूको देश पटक्कै मन परेन ।'

'मानिस बेलायत भनेपछि आउन हत्ते गर्छन् । तिमीलाई किन मन परेन ?'

'बोल्न जान्दिन, कोही चिनेको मानिस छैन, खेल्ने साथी पनि छैन अनि के रमाइलो हुने यहाँ ?'

'भोलिदेखि म तिम्लीलाई राम्रो राम्रो ठाउँ डुलाइ दिउँला ।' यति भन्दा नभन्दै मेरो आँखा लागि सकेछ । म इन्तुनचिन्तु भएर सुतेंछु । भोलिपल्ट उठ्दा आठ बजिसकेको रहेछ ।

बाहुन केटो दश बजेतिर ब्रेकफास्टका लागि डाक्न आयो । भोक लागिसकेकोले हत्तपत्त उठेर डाइनिङ्ग भित्र पस्नै आँटेको थिएँ, कापको ऐनाबाट नारायण मेचमा बसिसकेको देखें । उनी थ्रि-पीस सुट र टाई भिरेर कार्यालय जाने पोशाकमा बसेका थिए । मैले आफूलाई रोकें, किनकि मैले रातिसुत्ने पाइजामा मात्र लाइराखेको थिएँ । कोठामा फर्केर नयाँसुट झिकेर लाएँ । टाइको गाँठो बनाउन धेरै अभ्यस्त नभएर बढी समय लाग्ला भनी खुला कमिजमा पुगें ।

'राति केही नखाँई सुत्नुभएछ ? केटो मीठो पकाउँछ ।' नारायणले हाँस्दै सोधे । भेटनासाथ अभिवादनमा भान्छा गर्नु भो ? भन्छौं, त्यसैको प्रकारान्तर थियो यिनको पहिलो सम्बोधन पनि । मैले हाँस्दै भनें- 'ज्यादै थाकेर आएकोले खाने आनन्दलाई सुत्ने आनन्दले जित्यो । बडो सुखद् निन्द्रा पाएँ । विहान आठबजे उठेकोमा लज्जित हुनै आँटेको थिएँ, तपाईं दशबजे उठ्नु हुन्छ भन्ने सुनेर संतोष गरें ।' नारायण हाँस्न थाले । अनि पुनः गम्भीर भएर भने- 'निन्द्राका लागि हरेक रात जति म हुरुक्क हुन्छु त्यो मलाई नै थाहा छ । आज बीस दिन भयो बिहान तीन बजेसम्म आँखा झिम्म गर्न पाउँदिन ।'

अनि उनले आफ्ना अधिराजकुमारसितका सहस्र रजनी-चरित्र सुनाएँ । घोर अनिद्राले रुग्ण भएका अधिराजकुमार को छाया जस्तै सुरा र सुन्दरीहरूका अखडा, कामातुर धनपतिहरूका क्लव भनाउँदा रमण केन्द्र र देहव्यापारका मण्डीहरू एकपछि अर्को चाहार्दाचाहार्दै छर्लङ्ग सिंगै रात जान्छ । घोर दरिद्रतामा पिंधको प्रस्तर छिचोल्न पुगेको अभागी देशका अधिराजकुमार प्रत्येक रात अपार धन राशि लुटाएर प्रातः प्रहर 'ऐलागुलु' अधिराजकुमार इन्तुनचिन्तु ढलेपछि ड्राइभर र गार्डले लर्बराउँदै टेकाएर ल्याउँछन् र सुताइदिन्छन् अनिमात्र नारायणको नैश-कर्म समाप्त हुँदोरहेछ । उनी भन्थे - 'यस घटनाबाट एउटा ठूलो सत्य थाहा पाएँ - निःशुल्क पाइने मूल्य हीन निद्रा भन्दा बहुमूल्य कुरो संसारमा केही रहेनछ ।'

दूतावासमा, आज भोलि भन्दा भन्दै एक साता जति बसेंछु । नारायणको आग्रहले होला - 'होइन, तपाईंलाई किन हाम्फाल्दै होटेल बस्न जाने हतार ? तपाईंलाई यहाँ केही कमी छ भने भन्नुस्, फेरि म पनि त एक्लै छु ।'

सबै त्यहाँ ठीकठाक थियो । उनको बसोबास अंग्रेजी रहन-सहनको नापो भन्दा रत्तिभर कम थिएन । खाने कुराले फ्रिज फुट्ला जस्तै कोचिकोचि भरिएको थियो । उनको मिनीबार एकसेएक बहुमूल्य मदिराले अटेसमटेस थियो । तर पनि किन हो मलाई त्यहाँ रमाइलो भने पटक्कै लागेको थिएन । मन नलाग्नुमा दूतावासको भयानक एकान्त हुँदो हो । दिउँसो देखिनै नारायणले पाउ रखवारीमा पुग्नु पर्थ्यो । सबै खानपीन सरकार सितै गर्नुपर्ने । पानी जहाज जस्ता अधिराजकुमारसित उनले पिउने कुनै तारतम्य मिलाउन सक्ने कुरै थिएन । 'उनले खाएजतिले मलाई

नुहाउन पुग्दो हो, अतः अल्सरको दीर्घरोगी भएको देखाएर त्यसतर्फबाट मुक्ति पाएको थिएँ भन्थे, अंगरक्षकले छायाँ जस्तै मालिकको संगत छाड्दैन तर हाकिमको कुनै कार्य-व्यापारमा उ अंशियार पनि हुँदैन, त्यही अवस्था मेरो थियो ।'

एक दिन नारायण अर्याल आफ्नो परिभ्रमणमा गएको बेला नजिकैको डेरामा सरें-बेजवाटर दूतावासबाट दशमिनेट टाढा थियो । कर कार्यालयका एकजना थिए नूरमान । उनैको सहायताले यो एककोठे आरामको ठाउँ भेट्टाएको थिएँ ।

मैले कामगर्न जाने संसदको सत्र प्रारम्भ हुनमा अझ दुई/तीन दिन बाँकी थियो । नूरमानलाई भनें - दूतावासको एकान्तले गर्दा झण्डै त्यहाँको भान्से केटोजस्तै 'होमसिक' हुन लागिसकेको थिएँ, त्यसैले उम्केर आएको । त्यो केटो यति न्यासी घर सम्झिंदो रहेछ कि एकदिन तरकारी किन्न जाँदा भेंडेखुर्सानी देखेर रुन थालेछ भनी एक दिन नारायणले सुनाएका थिए ।

नूरमानले भने - 'दुईतला माथि उक्लिएको भए तपाईंलाई त्यही दूतावास अति रमाइलो लाग्ने थियो । नयाँ मान्छे भएको तपाईंले थाहा पाउनु भएन । भोलि म तपाईंलाई लिएर जानेछु' भने ।

यस बीच अधिराजकुमार स्वदेश प्रस्थान गरिसकेका थिए र सायद यही औसरलाई पर्खेर बसेको अर्यालको परिवार पनि आइसकेको थियो । उनी सित टेलीफोनमा भलाकुसारी हुन्थ्यो र उनी खानका लागि डाक्या-डाक्यै गरिरहेका थिए ।

नूरमान सित कुरा भएको दोस्रो दिन म र उनी तेस्रोतलामाथि सुस्तरी उक्लिनै लागेका थियौं । नारायणबाटैमा भेट भए । नूरमानले माथि जाने भने तर नारायण के मान्थे - 'तपाईं जानुस् उहाँ आज मेरो पाहुना हुनुहुन्छ । माछा समात्न ढढिया थापेर बसे जस्तै उनले मलाई झ्याइंकुटी पारेर लगे - 'भाउजुसित भेट्नु हुन्न ? सरकार सवारी भएपछि तपाईंसित फुर्सत साथ कुरा गर्न पनि पाएको छैन ।'

फेरि उही 'प्लिज' को पाराबाट, अंग्रेजी सत्कारको गंजागोल, कांटा चम्चाको देब्रे-दाहिनेको धरपकड, टेबिल संहिताको दफावार पालना गर्दै खानुपर्ने । बिचरा नूरमान मेरैलागि आएको थियो तर मेरो कायरताले गर्दा उसले मबाट धोखा पायो । मैले दरो भएर एकै छिन माथि पुगेर आउँछु भनेर लमलम हिंडेको भए कुरा आयो-गयो हुने थियो । यहाँ म अनाहूत च्याँखेमा बल्झिएँ जस्तै आएको थिएँ, जबकि गौतमलाई ल्याउनु है भनी माथिकाले दुई चोटि फोन गरिसकेका थिए । दूतावासबाट दशबजे लोतेकाम लाएर लुरुलुरु एक्लै डेरामा फर्किएँ । नूरमानको कोठासँगै थियो । बत्ती बलिरहेको देखेर यसो घचेटेको उनी ओछ्यानबाट उठ्न पाएका थिएनन् मैले क्षमा मागें । उनले हाँस्दै भने - साँचै भनूँ भने हामी जाने ठाउँमा आजको प्रमुख अतिथि नै तपाईं हुनुहुन्थ्यो । फेरि तपाईं गएको ठाउँ यस्तो अप्ठ्यारो पऱ्यो कि टेलिफोन गरेर डाक्न पनि नसक्ने । उनीहरू तल्ला कर्मचारी भएकाले कताकता प्रथम सचिवलाई साथी भएकोले तपाईं त्यहाँ गएको बसेको मन पर्दैन होला । जे होस् तपाईं साहित्यिक भएकोले उनीहरू भेट्न उत्सुक छन् ।'

माथि बस्ने दुईजना रहेछन् - कनकबहादुर हमाल र टेबहालका सुरेन्द्र प्रधान । दुबै खरिदार पदका थिए । भोलिपल्ट फोन गरेर उनीहरू सित क्षमा मागें र कुनै दिन आउने वचन दिएँ ।

यौटा कुरा के पनि त्यहाँ थाहा पाएँ भने स्वदेशबाट आएको नेपाली यहाँका रैथाने नेपालीहरूका लागि लोभ लाग्दो कोसेली जस्तै हुँदो रहेछ । डाक-बोलाउ गर्नका लागि हारालुछ गर्दा रहेछन् । म कहाँ आइरहोस्, खाइरहोस् र गफ-गाफ गरिरहोस् भन्ने सबैको ध्याउन्न हुँदो रहेछ । यहाँ सडकमा मुन्टो बटारेर हिंड्ने मानिस पनि त्यहाँ अङ्कमाल गर्न आतुर हुँदो रहेछ । विदेशमा स्वजन प्रतिको हुरुक्क हुने स्नेह आफ्नो माटो र देशप्रतिको ममताकै अभिव्यक्ति होला भन्ठानें ।

दुईदिन पछि फेरि कनकबहादुर हमालको फोन आयो । भोलि आइतवार हो, एक-दुई जना अरू नेपाली मित्रहरू पनि आउने छन् । तपाईं अवश्य आउनु होला, हामी बेलुकी कुरिरहेने छौं । मैले भनें - 'आउन त आउने छु, तर त्यसै गरी बल्छी हालेर कोइ बसेको भेट्भो भने मेरो केही लाग्दैन कांटामा माछा उनेजस्तै मलाई लिएर जानेछ ।

उनले जुन युक्ति बताए भोलिपल्ट त्यसको पालना गरेर निरापद रूपलें उनको कोठाभित्र पुगें । नोकर चाकरका लागि यौटा फलामको घुमाउरो भऱ्याङ्ग रहेछ पछिल्तिर उनीहरूले जस्केलो ढोका खोलिदिएका थिए त्यहींबाट रिङ्दै म माथिपुगें । चोरबाटोबाट गएकोले कसैले अत्तोपत्तो पाउने कुरै थिएन ।

यिनीहरूको बैठक साझा रहेछ, कोठाभने बेग्ला बेग्लै । बैठककोठा सभा-कक्ष जस्तो निकै ठूलो । घुमाउरो भऱ्यांगको फन्को मार्दै एक्कासी त्यस कोठाभित्र पस्दा लाग्यो बेलायतबाट उडेर एकाएक नेपालभित्र आइपुगें । कुनै अंग्रेजी ठस्सायुक्त सजधज नभएको एक मध्यमवर्गी स्वच्छ तर सरसामान असंरल्ल छरिएको विशुद्ध नेपालीपनको सन्चो र सुविधा दिने कोठा थियो त्यो । तल पलेटी मारेर बस्न हुने नरम चकटी ओछ्याएका बीचमा रासका

रास खाने र पिउने सरजाम ।

यहाँ आएको झण्डै एक महिनादेखि जहाँजाउ त्यहाँ माड्लाएर इस्त्री गरेजस्तै अररो भएर बस्नु परेको थियो । नब्बे डिग्रीकै मेरुडण्डमा खानपिन गरी कृत्रिम हाँसो-हाँसेर प्रत्येक स्वादरहित परिकारलाई मिथ्या 'वन्डरफुल' तुल्याएर कुनै चाप-चिपको ध्वनि न झिकी चबाइरहु । माछा काट्ने चुपी कतै कुखुराको फिलामा भ्रमले रोपिन गयो भने भाते टेबिलका वरिपरि खाइरहेका दर्शौं जोर आँखा आग्नेय भएर त्यस गरीब अतिथि उपर ट्वाल्ल पर्ने छन्, जसले भोकको खपिनसक्नुमा मत्स्यवेधन गर्ने शस्त्रास्त्र पंछीका लागि प्रयोग गरिदिएछ । आंग्ल भोजन-संहिताको अक्षम्य अवमानना ।

जाना साथ अतिथ्यले कोट र टाइ फुकाल्न लाएर पालैसित झुण्ड्याइ दिए । गमगम तोरीको ताजा गुन्द्रुकले सिंगै हल्लाई अगरबत्ती बालेजस्तै गम्काइ राखेको थियो । गुन्द्रुक सांधेको र बाटाभरि पहेंलपुर तामाबोडीको तरकारी देखेर मलाई त लाग्यो त्यही बाटामा हाम्फालुं र आकण्ठ डुबिरहुं । ती मेरा सारै राल-काढ्ने परिकार थिए, जसका लागि म घरमा पनि हुरुक्क भैरहन्थें ।।

अरू पनि चार पाँचजना नयाँ अनुहारका नेपालीहरू थिए, सबै प्रसन्न र घरायसी परिवेश पाएर फच्याक-फुरुक गरिरहेका थिए । कोही पलेटी कसेर बसेका थिए भने कोही हातको तकिया बनाएर पल्टेका थिए । ती मध्ये म नवागन्तुक भएकोले मेरो परिचय गराइयो । उत्तरमा मैले भनें -'बेलायतको यो स्वर्गद्वारी आउन पाएकोमा यति प्रसन्न छु कि अब लाग्दछ महाप्रभु जस्तै यहीं समाधि लाएर बसिरहुं । असुरहरूले मलाई यहाँ अहिलेसम्म आउन नदिएकोमा मेरो आफ्नै कर्मको पनि दोष हो जस्तो लागेको छ ।'

यति भन्नासाथ यौटाले कम्मरमा मादल बाँध्यो अर्कोले उठेर कम्मर भाँच्ने सुरसार झिक्यो । टेपबाट मीठो धुन बज्न थाल्यो-

'आज पनि जाउँ जाउँ, भोलि पनि जाउँ जाउँ
पर्सी त जाइजाउँला
बिरानो माटो चटक्कै छाडी
पखेटा फिजाउँला, हाइ पखेटा.....

खानपीन गर्दागर्दै रात छिप्पिन लागेको थियो । संगीतको मीठो धुनले कसैलाई बस्न दिएन । हामी सबै मादलको तालमा मन थाम्न नसकेर नाच्न थाल्यौं -

आज पनि जाउँ जाउँ, भोलिपनि जाउँ जाउँ .....।

---

२०५५
विजया दशमी तथा दीपावलीको
पुनीत उपलक्ष्यमा सम्पूर्ण
नेपालीमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

जिल्ला विकास समिति
परिवार
ललितपुर

२०५५
विजया दशमी तथा दीपावलीको पुनीत
उपलक्ष्यमा हाम्रा सम्पूर्ण शुभचिन्तक
महानुभावहरूमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं

कौशला रोलिङ मिल्स प्रा.लि.
मधवली, विहुली, रुपन्देही

# दहीका खुट्टा र हाप्सिलाको जुहारी

✍ नरेन्द्रराज पौडेल

विहानी भयो भनेर उठेको भन्नै बेलुका जस्तो परेछ । हामी तीन जना दौंतरी मङ्सिर महिनाको वार्षिक परीक्षा सकेर घर जाने क्रममा थियौं । जाँच सकिएकै दिन बेलुकी पाँचपैसाको एकबिटो धनियाँ किनेर भएजति सबै घिउको भुटुन हालेर रसदार तरकारी बनाएका थियौं अनि छ/सात बजेतिरै त्यही तिहुन् भनौं कि तरकारी र भात खाएर सुतेका थियौं । शायद त्यसै वर्षदेखि हामी भक्तपुर पढ्न बसेकोले डसना सिरक उति पर्याप्त बनाउन भ्याएका पनि थिएनौं । एक-एक सरो सिरक ओढेर सुत्दा जाडजाडैमा रात बित्दथ्यो । त्यसमा पनि त्यस दिन जाडो बढी पलाइसकेको भान हुन्थ्यो भने उता जाँच सकेको आनन्द र घर जाने खुशियाली दुबैको व्यग्रताले चञ्चल बनेको हाम्रो अवचेतन साँच्चिकै चकचके बनेर चाँडै बिउँझिएछ र चेतन मनलाई पनि सुत्न दिएनछ । हामी तीनै जना विद्यार्थी वटुहरू भन्नै एकै साथ बिउँझिएर लुगाफाटा लगाएर ट्यानछ्यान पार्यौं, झोला कसकास गर्यौं । जुनेली रात भएपनि भक्तपुर सुकुल ढोकाभित्र गल्लीमा रहेको हाम्रो डेराबाट निस्कने इट्टा बिच्छ्याएको गोरेटो बाटोसम्म जुनको प्रकाश पुग्न सक्तैनथ्यो, चारपाँच तले अल्का घरहरू गुजुमुज्ज रहेको बस्ती भित्रबाट अँध्यारोमा छामछुम गर्दै र साथी भित्तो दुबैको सहारा लिदै हामी सुकुल ढोका मूल सडकमा निस्किएका थियौं ।

कसैका नाडीमा घडी थिएन । कसैका हातमा टर्च लाइट थिएन । केही परिहाल्छ कि भनेर खल्तीमा एकबट्टा सलाई राखेका थियौं । सुनसान र निरव रातको भक्तपुर बजारमा हामी निस्कने वित्तिकै कुकुरहरूले हल्ला मच्चाएर धावा बोल्न थाले । तर मूलबाटो वरिपरि घरघरमा सडक उज्यालो पार्न र वटुवाहरूलाई प्रकाशको व्यवस्था गर्न बत्ती बालीदिने चलन थियो । हामी कुकुरहरूमाथि ढुंगामूढा गर्दै र कहिले हप्कीदप्की पार्दै बिजुलीबत्तीले झलमल्ल उज्यालो सडकमा तडातडी आफ्नो बाटो लाग्यौं ।

दत्तात्रय मन्दिरको अगाडि चोकमा पुगेपछि हामीलाई पुलिसले रोकेर सोधखोज गर्न थाल्यो । हामीले उसको प्रश्न अनुसार सबै जबाफ दियौं । पूर्व एक नम्बर सिन्धुपाल्चोक जिल्ला थुमसीषा पोखरेबाट हामी भक्तपुर माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थीहरू वार्षिक जाँच सकेर घर फर्किन लागेको भन्दा उसले सबै कुरा पत्याए पनि त्यति चाँडै मध्यरातमै बाटो लाग्नु राम्रो हुन्न भन्ने कुरा उप्कायो । तर उसँग पनि घडी रहेनछ । अघि मात्रै दरबार स्क्वायरमा हानेको घण्टा पनि कति पटक हानेर अडियो भन्ने उसले बिर्सिएछ । हामीले पनि याद गरेनौं । जुनेली रात भएकोले नडराइकन तडातडी गए हुन्छ भनेर उसले हामीलाई छाडिदियो । हामी गल्लीगल्ली आफ्नो बाटो अघि बढ्यौं । बजार चोक अनि गल्लीहरू सकेपछि खुला मूलसडकमा निस्कियौं । बिजुली बत्तीको प्रकाशको सट्टा अब टहटह लागेको जून हाम्रो साथी भयो । पहिले रात साँझ यसरी आवतजावत गर्दा कतै कसाहीहरू राँगा/भैंसी काटकुट र पोलपाल गर्न लागेका, कतै किसानहरू खेतबारीमा गोडमेल गर्न लागेका, कतै पानी मार्न र कतै लगाउन लागेका, कतै बालीबाट साँडे भगाउन र कतै पिठ्यूँ पोल्टाका शिशुहरूलाई फकाउन लागेका भेटिन्थे । कहिले लुगाफाटो नूनतेल र खिचीमिची किनमेल गर्न गएका देउपुर सिपा, मण्डन, अनेकोट, फहकशिला आदि गाउँ ठाउँका मान्छेहरू धोजे कसेर दोहोरी लत्ता हिंडिरहेका हुन्थे । तर त्यस दिन साँच्चीकै कतै कुनै चहलपहल देखिएन । हामी भक्तपुर बजार सकेर खरीपाटीतिर तडातडी बढिरहेका थियौं । बाटोका दुबैतिर खेतबारीमा किसानले ठड्याएका बाली रक्षक मानव र पशुपन्छीको आकृतिका ख्याकहरू मात्रै देखिन्थे । तिनीहरूबारे हामी राम्रै सुपरिचित भइसकेकाले कतै केही डर थिएन । केही बेर हिंडेपछि अलिक पर बाटैमा ठूलो बाँसघारी देखियो । जूनको प्रकाशलाई समेत ठपक्कै ढाकेर ढसमस्स उभिएको कालो दैत्याकार बाँसघारी । हामी त्यतैतिर बढ्दै थियौं र नगीचै जस्तो पुगिसकेका थियौं । बाँसघारी झन्झन् कालो बन्दै गयो र धम्मरधूस अनुहार माथि शण्डमुण्ड, शुम्भनिशुम्भ, नन्दीभृङ्गी, वेताल, मुर्कट्टा जस्ता विभिन्न आकृतिहरू खेल्दै उफ्रदै र कहिले झगडा गर्दै गरे जस्ता देखिन थाले । बाँसघारी भित्रको अँध्यारो बाटा र

त्यसको भयावह स्थिति बारे हामी साथीभाइ छलफल पनि गर्न थाल्यौं । अनि कुनै वस्तुलाई काल्पनिक महत्त्व दिएर त्यसलाई भयावह सम्झंदा मन कातर हुन्छ भनेर आफैले आफैलाई सम्भाल्यौं । अनि सम्जेमन्त्र जप्दै निरव अन्धकार बाँसघारीमा तडातडी पाइला बढाएर पार गर्‍यौं । अनि फेरि फाँटैफाँटको बीचमा सानो डाँडोको टुप्पैटुप्पा सुलुत्त परेर नागबेली बनेको बाटो अगाडि बढ्यौं । कीर्था, झ्याउँकिरीको झ्याइँझ्याइँ आबाजमा मुखरित कालो दैत्याकार बाँसघारी फर्किएर हेर्दा झन् भयानक लाग्दथ्यो ।

खरीपाटी पुगेर चौतारीमा एकछिन विश्राम गर्‍यौं । वरपरका पसलहरू खुल्ने सुरसारमा थिएनन् । माथि तल सबैतिर का गाउँहरू सुनसान थिए । कतै झल्याकझुलुक बत्तीको उज्यालोसम्म थिएन । खरीपाटीबाट हामीलाई फेंदीतिर लाग्नु थियो, नभन्दै त्यतै लाग्यौं । फेंदीका दुईचार पसल र होटेल पनि बन्द थिए । त्यताबाट हामीलाई एउटा सानो खोलाको पुल तरेर उँभो लाग्नु थियो, त्यतै लाग्यौं ।

मड्सिर अन्त्यतिर भएकोले फाँट खाली देखिन्थ्यो । कतै भर्खर दाई सकेको, कतै खेत खन्दै डल्ला फोर्दै गरेको, कतै बाँझै, कतै गहुँ छर्ने, गहुँ उम्रने आदि इत्यादि गरेका लमतन्न फाँट बागेश्वरी सुँडाल टुसाल र उतापट्टि चाँगुनारायणसम्म डाँडाको किनारैकिनार फैलिएको देखिन्थ्यो । जून टहटह भएर बढी उज्यालो छरे जस्तै गरी चम्किएको थियो, अघिसम्म सुनसान लाग्ने मौन रात्री यतिखेर सेतो खास्टो ओडेकी कुनै बोक्सी, डाइने या वनझाँक्री प्रतीत हुनथाल्यो । हामी त्यो सानो खोलाको पुल तरेर उँभो लाग्दै थियौं । पर बारीको डीलमा देखिने सिम्मलको बोटबाट हाप हाप हाप गरेर हाप्सिलो कराउन थाल्यो । अर्कोपट्टि रुख गोठ के माथि बसेर हो कुन्नि हुँ.. हुँ.. गरेर हुच्चिलको आबाज निस्कियो । अनि त्यही सानो खोलाको माथि मुहानतिरबाट 'को हो, को हो' भनेर प्रश्न गरेको प्रष्टै सुनिन थाल्यो । मौन रात्री विभिन्न थरी आबाजमा मुखरित भयो । सुनसान रात्रीको सन्नाटालाई चिरफार गरेर डरलाग्दा नरमाइला र उदेक लाग्दा विभिन्न स्वर ध्वनिहरूको जुहारी नै चल्न थाल्यो भने खोलातिर 'को हो, को हो' भनेर कराउने वनझाँक्री प्रेत पिशाच के हो कुन्नि झन् सारो मुटु हल्लाउने आबाज गरेर कराउन थाल्यो । पहिले त हामी ती विभिन्न थरी आबाजहरूको पालैपालो निस्कने कर्कश ध्वनिबाट त्यसै थर्कमान् भयौं । अनि खोलाको पुल तरेर उकालो लाग्दा लाग्दै खुट्टा गलेर उभो लाग्न सकेनौं र खेतको आलिमा थुचुक्क बस्यौं । सबैका मुख सुकेका थिए, सबैका शरीर मा पसिनाको मूलै फुटेझैं थियो, सबैका कान बन्द भए झैं थिए र सबैका मुटु डरले कामेका थिए । पछि विस्तारै कराउने वस्तुको आबाजबाट हाप्सिलो हुच्चिल भन्ने चिनेर आफैले लख काटेपछि दुईथरी आबाजबाट भयमुक्त भयौं । अनि ती दुई जुहारी नायकहरू पशु र चरो वंश भएका र ती दुबैबाट हामीमाथि सिधै आक्रमण हुने सम्भावना नभएकाले नडराउने दृढता पनि आफैभित्र विकास गर्‍यौं । तर छिनछिनमा को हो, को हो जस्तो गरेर कराउने जन्तु जनावर या वनझाँक्री बारे हामी सबैजना पूर्णत: अनभिज्ञ थियौं । त्यसैले हिंड्दा हिंड्दै हाम्रो बाटो अगाडि आएर कुनै अतिमानवाकार दैत्य भूत-प्रेत पसारो पर्छ कि अथवा हामीलाई झम्टिने, घोक्याउने, मुन्ट्याउने या बोकेर कतै अज्ञात प्रदेशतिर लैजाने गर्छ कि भन्ने डरले हाम्रो मन औधि नै कामिरहेको थियो । घरिघरि त्यो कर्कश आबाज केही मन्द र केही पातलो झैं लाग्दथ्यो । घरि अलि टाढैतिर गए जस्तो पनि लाग्दथ्यो अनि त्यतिखेर अलि उत्साहित भएर उभो लाग्दथ्यौं । हिंड्दै बस्दै र डरले थर्कमान भएर कान्ला-भित्ता लुक्तै जाँदा फेंदीको सानै उकालो काटेर गाउँमा निस्किन पनि हामीलाई धेरैबेर लागेको थियो, गाउँ आएपनि कतै खैलाबैला थिएन, कतै पधेर्नीहरूको चहलपहल थिएन । घर-घर चर्पी नभएकोले बारी खेतका भित्ता खोल्सा र करेसातिर बाहिर बस्न जानेहरूको कतै कुनै सुइकोसम्म थिएन । हामी गाउँमा यताउती नगरी तडातडी उभो लाग्यौं । बीचमा पर्ने धारोमा पेटभरि पानी खाएर गाउँको सिरानको चौतारीमा विश्राम गर्‍यौं । हुच्चिल हाप्सिलाको ध्वनि सञ्चार निकै कम भएको र अर्को अपरिचित अज्ञात वस्तुको आबाज चाहिं गाउँ पसेपछि पूरै हराएको थियो । हामी चौतारीमा आ-आफ्ना झोला सिरानी हालेर पल्टिएका थियौं र उज्यालो भएर मान्छे आवत-जावत नगरी नहिंड्ने प्रतिज्ञा गरेर अघिको डरलाग्दो जुहारी बारे नानाभाँती लख काट्तै थियौं । अघिल्लोपल्ट त्यही उकालोमा मलाई झाडावान्ता भएर सिकिस्त विरामी भएको थिएँ । साथीले बोकेर उकालो कटाएथ्यो, सम्झँदा अझै मेरो मन डराइरहन्थ्यो ।

एकैछिन पनि पल्टिन नपाउँदै हामीलाई जाडोले टिप्पा

टिपेर थर्कमान बनाइहाल्यो । एकातिर बिहानी उषाकालीन चीसो हावा चल्न थालेछ । अर्कोतिर हाम्रा शरीरभरि निथ्रुक्कै रुझाउने गरी आएको पसिना ओभाएछ । अब के बसिसक्नु हुन्थ्यो र ? दाँत कटकट गर्दै चीसो स्याँठमा ओठमुख सुकाउँदै झोलासोला भिरेर हामी फेरि डाँडैडाँडाको बाटो तेर्सियौं । अलि अघिसम्म धवल प्रकाश छरेर टहटह लागेको जून अहिले केही धुमैंलो र उषाकालीन विहानी प्रकाश मिसिएर फुस्रो जस्तो बन्दै आएको थियो । उता सीधा अगाडिको नालदुम डाँडा नगरकोट भञ्ज्याङपारिको लामो हिमश्रृंखलामाथि उषाको रातोलालीको सिउँर सजिएको भान पर्नथालेको थियो । दाउराका भारी, मूला, दही, घिउ र सागपात लिएर भक्तपुर शहरतिर आउने नर-नारीहरूको हूल पनि बिस्तार बिस्तारै बढ्दै गयो । चीसो स्याँठमा ओठ मुख सुकाउँदै र कान सेकाउँदै हाम्रो यात्रा विस्तार-विस्तार अघि बढि नै रहेको थियो ।

म र अर्को साथी बाह्र/तेह्र वर्षका थियौं र अर्को एकजना सोह्र/सत्रको लक्का जवान थियो । तैपनि हामी तीनजनाको दौंतरी निकै स्नेह सद्भाव र समझदारीपूर्ण थियो । त्यस्तै पाँच /छ कक्षातिर भक्तपुरको माध्यमिक विद्यालयमा त्यसै वर्षदेखि मात्र पढ्न थालेका थियौं हामी । फेंदीदेखि उठेर लम्पसार परेको डाँडैडाँडा बिहानी उषाको लाली, अनि सूर्योदयको मधुरो प्रकाश जंगलमा छिर्काछिर्कि ओझेल र घामको लुकामारी चल्दै गरेको दृश्य हेर्दै त्यो लम्पसार लामो डाँडो पार गरेर हामी गडरे साहुनीको पसलमा पुग्यौं ।

गडरेको गाउँबस्ती पाखा-पखेरा छरिएको भए पनि बाटो छेउमा दुई-चार दोकान मात्र थिए । तिनैमध्ये अलि राम्रो पक्की घरमा ढिक हालेर झिकेको पसल कवलमा साहुनी व्यापार गरेर बस्थिन् । जीरामरिच, मसला, नून, तेल आदि खिचिमिचि सहितको चिया पसल भएपनि हामी चाहिं त्यहाँ दहीच्यूरा खानबस्ने गर्दथ्यौं । घरबाट आउँदा खाजाको रूपमा र घरतिर जाँदा भुजाको सट्टा दहीच्यूरा खाने हाम्रो स्थायी चलन थियो । हामी मात्र होइन त्यसबाटो आवतजावत गर्ने असंख्य नर-नारीले गडरेकी साहुनीलाई चिन्दथे र त्यसै पसलमा दहीच्यूरा खाएर आवतजावत गर्दथे । त्यसदिन एकाबिहानै भएपनि साहुनीको हातले दिएको दहीच्यूरा खाएर जाने मनसायले हामी त्यसै पसलमा झोला राखेर नगीचैको खोलातिर दिसा जंगल र सुचिस्नान गर्नतिर लाग्यौं ।

साहुनीको उमेर हामी अल्लारे किशोरहरूले यकिन गर्न सकेका थिएनौं । बीस/बाइस बर्षे बैला हुन् कि अठ्ठाईस-तीस तिरकी एक दुई बेते मातृत्व बोकेकी तरुनी हुन् ! कसैले यसै भन्न सक्तैनथ्यो । जेभए पनि लेकाली हावापानीमा हुर्किएको उनको कञ्चनकाया रातोपिरो अनुहार, लामा केशराशी तथा सलक्क परेका गोरा मिहीन अंग-प्रत्यङ्गहरूले असाधारण सुन्दर देखिन्थ्यो, सुनैसुनको भण्डार जस्तै धपक्क बलेको उनको रूपराशी सधै साधा शुभ्र परिधानभित्र लुकेको हुन्थ्यो । लामा केशहरू दुई चुल्ठामा बाटेर चुल्ठै पिच्छे रातो फूल सिउँरिएकी हुन्थिन् । फराक र पोटिलो निधारको शिरानमा रातो टीका लगाएकी, गोडामा कल्ली अनि विभिन्न रंगीन चुराहरूले नाडी सजाएर झपक्क पारेकी हुन्थिन् । कानमा लस्करी मुन्द्रा र सानो ढुंग्री सजिएको हुन्थ्यो । रंगरोगनको धोती, चोलो लगाएर चौबन्दीभित्र आफ्नो मांसल कोमल शरीरलाई सुटुक्क लुकाएकी हुन्थिन् । सधै लर्के परेलीहरूबाट बांगोटिंगो हेराइ हेर्न अभ्यस्त उनका आँखा अरू कसैसँगको जम्का भेटमा सधैं विजय हासिल गरेर आफ्नो बाटो लाग्दथे । राम्रोसँग शारीरिक विकास नभइसकेका र मानसिक हिसाबले नारी सौन्दर्य र रागात्मक व्यञ्जनाको हेक्का पाइनसकेका हामी अल्लारे किशोरहरू पनि तिनै साहुनीकहाँ बस उठ नगरी र दहीच्यूरा नखाई हिंड्दैनथ्यौं । उनको शारीरिक स्थूलताभित्रको रागात्मक आकर्षण तीव्र संवेदनात्मक थियो र त्यसलाई उनका सुन्दर अवयवहरूले अभिव्यक्ति दिइरहेका हुन्थे । हामी जति पटक त्यो बाटो हिंड्दा पनि उहीं उस्तै प्रकारकी देखिन्थिन् उनी । हामीले आफ्नो घर पहाडतिर र भक्तपुरको शहर बजारतिर पनि त्यो खाले सृष्टिको शारीरिक असाधारण सुन्दर अभिव्यञ्जनालाई भेटेका थिएनौं । त्यस पसलमा पुगेर बस्दा दहीच्यूरा खाँदा पनि टोलाएर उनको अनुहारतिर लुकीछुपी हेरिरहेका हुन्थ्यौं र बाटो लागेपछि धेरैजसो त्यसै मोनालिसा या सिंगमर्मरको मनचिन्ते मूर्तिको विवेचना र संझना गर्दै समय बिताएका हुन्थ्यौं । उनको सामीप्यमा बस्दा पनि एकै छिनमा बर्षौं बिताएर संसारका सबै खाले प्राप्तिजन्य सन्तोषहरू हासिल गरे जस्तो लाग्दथ्यो भने कहिले धेरैबेर बस्दा पनि निमेषभरको समयमात्र पनि नबिती समय स्थिर बनेझैं लाग्दथ्यो । प्रत्येक पटक मुसुमुसु हाँस्दै र दहीच्यूरा थप्दै गर्थिन् उनी । हामी नाइंनास्ती गर्न नसकी पेट चर्काएर, खल्ती रित्याएर त्यहाँबाट हिंड्ने गर्दथ्यौं ।

एकपटक भक्तपुरमा बेच्नु भनेर पठाएको घिउ त्यही पसलमा सस्तो बेचिदिएथें मैले ।

त्यसदिन एकाबिहानै भएपनि साहुनीको हातको च्यूरा खाएरै जाने हिसाबले हातमुख धुन खोलातिर गएका थियौं हामी । फर्कंदा पसलको ठीक अगाडि बेन्चमा राखिएका हाम्रा झोलाहरू यथावत् थिए तर पसल खुलेको थिएन । हामी अलमल्ल परेर के

गरौं के भनौं भनी ठान्दै थियौं । बन्द गजवारकै अर्को छेउ पट्टिको भित्र बाहिर गर्ने ढोका खोलेर साहुनी निस्किइन्, हामीलाई देख्ने बित्तिकै भनिन् - आज घरमा जुठो परेको छ, पसल खुल्दैन । उनको परिधान र हावभाव हेर्दा घरमा कुनै विपत्ति परे जस्तो थिएन । होला कुनै घर-गाउँ छर-छिमेकको जुठो भन्ने अन्दाज गर्दै खल्लो मन लिएर हामी साहुनीबाट विदा भयौं र गडरे खोलो तरेर उभो लाग्यौं । त्यसै उकालोको बीचमा पहिला एकदिन स्थानीय बासिन्दालाई दाउरा चोरेको देखेपछि चोर चोरभन्दा उल्टै हामीलाई लखेट्न आइलागेको थियो र यो बाटो हिंड्लास् भनेर चुनौति दिंदै फर्किएको थियो । आज कतै त्यो मान्छेसँग जम्काभेट भएर आइलाग्ने हो कि भन्ने डरले पुन: हामी एकपटक थर्कमान् भएर लुसुलुसु पाइला चाल्दै यताउती नहेरी सुइकिन थाल्यौं । उकालोको बीचको गाउँ काटेर नगरकोट निस्किएपछि बल्ल हाम्रो सास आएथ्यो ।

नगरकोट भञ्ज्याङको पल्लो डीलमा पुगेर विश्राम गऱ्यौं । सम्पूर्ण उत्तरी हिमश्रृंखला खुलेर लाङटाङदेखि गौरीशंकर सम्मका चुचुराहरू कलिलो घामको प्रकाशमा टल्किएका थिए । हिमश्रृंखलाकै टाकुरा चुचुराहरूमा कतै धुवाँ उडेको, कतै सियाल परेर अनौंठो दृश्य प्रस्तुत भएको रातो पहेंलो वर्णको वृत्ताकार पर्दै सूर्यका किरणहरूले लुकामारी खेलिरहेको शिव पार्वतीको साँच्चिकै क्रीडाभूमि जस्तो लाग्ने सुन्दर हिमप्रदेश त्यसबाट निस्किएका सेता छाँगा तथा झर्ना, पोखरी, गोसाईंथान, कालिनचोक आदि तीर्थहरू हिमालको कटिप्रदेशमा शिवजीकै परिधानको अनुकरण गरिरहेको कालो हरियो देखिने विकट अरण्य प्रदेश अनि त्यसभन्दा तल पर्ने सेर्पा भोटे बस्तीहरू हेर्दै हामी प्राकृतिक रमणीयताको चकाचौंधमै भुलेर निकै बेर सुस्ताएछौं । घाम छिप्पिंदै आएर जाडो हराउँदै गएछ भने उता हिंड्दा खेरी आएको पसिना ओभाएर शरीर चंगाझैं फुर्तिलो भएछ ।

त्यतिबेर बाटो हिंड्दा भात खाने होटेल रेष्टुराँहरू त्यति हुँदैनथे । कि त दालचामल भाँडाकुँडा खोजेर कसैको घर कटेरो या पाटी पँधेरोमा पकाएर खानुपर्थ्यो होइन भने दही दूधसँग च्यूरा सातु या आफैले लगेको पुरी, खीर, खट्टे आदि हुँदै रोटी, मकै, भटमाससमेत गच्छे अनुसारको खाना खानु पर्दथ्यो । हामी मध्यमखाले बटुवा भएकोले जो हात लाग्यो सोही टिपेर हिंड्ने गर्दथ्यौं । गडरेकी साहुनीको पसल बन्द भएर घाइते बनेको हाम्रो मन वौरिएको थिएन । नगरकोट भञ्ज्याङबाट चिसापानी भन्ने बस्तीमा झऱ्यौं । लामालामा ढुंगे पक्कीघर भएको चीसापानी बजार देउपुर मण्डनदेखि सिपासम्मको गाउँ बस्तीबाट ल्याएर अन्नपात र मास भटमास आदि गेडागुडी बिक्री गर्ने केन्द्रको रूपमा फस्टाएको थियो र मङ्सिरको महिनामा औधि चल्ती पनि भइरहन्थ्यो । हामीले त्यसै बजारको एक छेउको पसलमा गएर दहीच्यूरा खाने तर्तीव मिलायौं ।

दहीच्यूरा मुछ्ता मुछ्तै एउटा साथीले भागबाट के के टिप्तै गरेर फ्याक्न थाल्यो । बीचमा एकाध गाँस साप्राकसुप्रुक पारेझैं पनि गर्दैथियो । तर मुख बिगारेर केही दिङमिङ मानेझैं गर्दै पनि रहेछ ।

'के टिपेर फाल्यौ फलाना ?' मैले सोधें ।

'दहीका खुट्टा' साथीले जबाफ दियो र च्यूरा मुछ्ने र टिप्दै फाल्दै गर्ने कार्यमा लागिरह्यो ।

अलिपरको ढुंगाको बिसौनीमा बसेर दहीच्यूरा मुछ्तै गरेको अर्को साथीतिर हेरें । ऊ पनि त्यसै गर्दै रहेछ । यति खेरसम्म म पनि एक भाग दहीच्यूरा लिएर डबके पाराको सिलाबर थालमा मुछ्तै थिएँ । अन्त हेर्न छाडेर आफ्नै भागमा हेरेको त मरेका साङ्ला ढाडिएर अटसमटस भएका । मुछ्ताखेरि साङ्लाका जिउ पखेटा र खुट्टाहरू यत्रतत्र छुट्टिएर दहीच्यूरा त तील चामले पाराको भइरहेको । मैले पनि दुई-चार साङ्ला टिपेर फ्याकी हेरें तर दहीच्यूरा खान लायक भएन । देख्तै अचम्मसँग दिङमिङ लागेर आयो र पेट उमठिएर वाक्वाक लाग्न थाल्यो । साथीहरू पनि अमिलो मुख पारेर यताउति हेर्दै थिए । सबैले दहीच्यूरा फालेर साहूसँग साङ्ला मिसाएकोमा झगडा गर्न पुग्यौं । साहूले पनि अन्तैबाट किनेर ल्याएको दही भनेर टारिदियो अनि मुख बोली पैसा अँठ्याएर छोड्यो । हामी पनि खुट्टा लागेको दही त्यसै छाडेर सित्तै खल्ती रित्याएर बाटो लाग्यौं ।

अनि राती देखिको अनिंदो बिहानीको शीत र लेकको सिरेटोले थप्पड लगाएर नौ नाडी गलेको शरीर जसोतसो खुट्टा कमाएर घसार्दै बालुवा घुमाउने र गैरी बिसाउने हुँदै सिपा घाटतिर लाग्यौं ।

जस्तै गले सुस्ताए पनि तल बगेको इन्द्रावतीको नीलो प्रवाहले हाम्रो मनलाई शान्ति र सन्तोष दिइरहेको थियो । नदीपारि देखिने हाम्रो घरगाउँले त्यतै बोलाइरहेको थियो । दहीको खुट्टा र हुच्चिलको जुहारी भने हाम्रो दिनभरिको यात्रामा चर्चित बिषय रहे र आजसम्म अविस्मरणीय बनेर स्मृतिपटलमा फस्टाइरहेछन्, मौलाइ रहेछन् ।

- नयाँ बानेश्वर

# बाल्यस्मृति

✍ पूर्णप्रकाश नेपाल 'यात्री'

नाम बाल्यस्मृति गरे पनि अब म बालक रहिन । नजानी नजानी किशोरमा प्रवेश गरेंछु । किशोरमा प्रवेश गर्दासाथ जीवनयात्राले नयाँ मोड लियो । अक्सर नेपाल भारत नेपाल भ्रमणमा समय बित्न लाग्यो । अबसम्म *अभिभावक स्वामीजीलाई* मैले पहिचान्न सकेको रहेनछु । जब उहाँका संरक्षणका बहत्तर महीना बिते तब अलिअलि घैंटामा घाम लागे । मानें *स्वामिजी प्रकाण्ड विद्वान् हुनुहुँदो रहेछ,* जसका वात्सल्यले गर्दा मेरो पढाइ रोकिदैनथ्यो; दोस्रो आफू कामविशेषले कतै जानुपर्दा कुनै विद्वान्का जिम्मा अथवा कहीं विद्यालयका जिम्मामा छाडेर जाने गर्नुहुन्थ्यो । अतएव धरानमा *समाजसुधारक पण्डित छलिलाल पोखरेलका* सामीप्यलाभको आधार तथा *पिण्डेश्वर महाविद्यालय* स्थापना हुँदाका सुखद् अवसरको श्रेयसमेत उहाँमाथि नै रह्यो ।

*स्वामीजी* अक्सर भन्ने गर्नु हुन्थ्यो *खान नपाए बनी गर्न जानू । बनी गर्दा घटिँन तर कसैका द्वारमा गएर माग्दा आफ्नै मनोबलमा धक्का लाग्दछ । यता आत्माले आफूलाई धिक्कार दिन्छ । उता सहपाठीले आफूलाई मगन्ते भनेर हेप्दछन् ।*

*पिण्डेश्वर संस्कृत महाविद्यालय* स्थापना नहुँदैको कुरा । मलाई धरानमा *रङ्गलाल ढकालका* संरक्षणमा छाडेर स्वामीजी मानसरोवरयात्रामा जानुभयो । सोह्र वर्ष नपुगी, सम्पूर्ण मध्यमा परीक्षा उत्तीर्ण नगरी मसँग टाढाका दुर्गमयात्रामा लाग्दा पढाइमा बाधा पर्दछ; दुःख कष्ट हुन्छ । नेपालका धेरै स्थल रमणीय सुन्दर मनोहर छन्, दर्शनीय छन् तापनि मौसम सुहाउँदा गीतको महत्त्व हुन्छ भन्ने सरसल्लाह दिनुहुन्थ्यो ।

*स्वामीजी* तीर्थाटनतिर लागेपछि मेरालागि रङ्गलाल ढकालले सिधा भर्ने, *गुरु पण्डित छविलाल पोखरेलले* पढाउने धरान-पुरानुबजार स्थित *शिवालयमा* शङ्कर बजारका सेठ साहुमहाजनले रुद्रिपाठ गराएर पनि विद्यार्थीगणलाई यथासक्य सहयोग पुऱ्याउँथे । खास दुःख कष्ट थिएन ।

*स्वामीजी* छ महीनामा आउने कुरा थियो त्यस्तो पठनपाठनको व्यवस्था स्थानीय समाजसेवीहरू मिलेर आफूखुसी गरेका थिए । कुनै अनिष्टको शंका थिएन । एक प्रकारले त्यस क्षेत्रमा राम *धुनिवन चतरा-औविनेया बाबाको मठ, कोशी दुर्वासाघाट, बाराहक्षेत्र र विष्णुपादुका* आदि धार्मिक तथा *दर्शनयोग्य पर्यटकीय क्षेत्र* परेकाले संस्कृत पठनपाठनको गतिविधि बढाउँदा देश र समाजको भलाइ नै होला भन्ने चिताएका हुँदा हुन् सञ्चालकहरूले। परन्तु राणाशासनका गुप्तचरले त्यसको अर्कै अर्थ गरेर *काँचो खरमा आगो* लगाउने काम गरेछन् । विबश बनेर सञ्चालकहरू जोगिन थाले । पढाइमा शिथिलता आयो । यसोउसो कसोकसो पत्करले पनि पो तर्छाउन थाल्यो ।

*किशोरकिशोरीको मन बाखाको पाठोभन्दा चञ्चल हुन्छ* साथै प्रायः अल्लारेपनसँग धीत विश्वासको कमी हुन्छ भन्ने बुढापाकाको भनाइ छ । यस भनाइको तारो म आफै भएको छु किनभने तत्काल ममा दायित्व वोध भएन । बस्तुतः *स्वामीजीले* अफ्ना कुटीको रेखदेख गर्न अन्हाएर तालाकुची मेरो भरमा छाडी जानुभएको थियो । त्यसभन्दा बढी धीत पत्यार अरु के हुन सक्ला ?

तत्काल चैते औलो कुपित भएको थियो । मदेसमा यसलाई विगौते औलो भन्दथे । माल हिमालका मौसमसम्बन्धी कुरामाथि ख्याल राखेर शायद *स्वामीजीले* जनाउ दिनुभएको हुनुपर्छ मानसरोवरमा साउनमा पुगिने र फिर्ता भई धरान आइपुग्दा असौज बित्न सक्ला । त्यस हिसाबले आठ नौ महीनाको कुरा आयो, तर यता के भयो ?

मेरा आफ्ना भतिजा जो एक मानन्धर जमीनदारको मौजामा केही वर्ष पहिलेदेखि कम्तिया बसेका छन् भन्ने जानकारी थियो । *हृषीकेश नेपालले* एक ठाउँमा भेट गर्न आउनू भनेर खबर पठाए । कुटी राम्ररी बन्द गरेर त्यहाँ पुगें । भेट हुँदासाथ उनले भने - 'आज एउटा लरी (ट्रक) जोगबनीतर्फ जाँदैछ; जोगबनीमा रेलगाडी हेर्न पाइन्छ । भोलि आउने गरी जान बोलाएको ।' उनी मभन्दा सात वर्ष जेठो हुनाले लक्का जवान थिए । म परें भनेभन्दा चुलबुले अनि चञ्चल ।

शायद मेरो दोमन बुझेर उनले भने 'काकालाई कसैले सुनाए कि सुनाएनन् कोनि; काकालाई पढाउने गोलभेंडे पण्डितलाई त उनका मतियारसहित नेपालमा लगेर फलामका कोलमा पेल्दछन् अरे ! धरानभर छाप्छाप्ती भेडिया पसेका छन् अरे । उनीसँग पढ्दै गरेका पढन्तेलाई पनि समातेर थुन्ने हुन् कि भनेर *रङ्गनाथ* त मोगलान पसिसके ।'

*ऋषीकेशका* कुराले मेरो सातोपुत्लो उडायो । आतिएका स्वरमा भनें अब के हुन्छ ? त्यसो हुने भए तिमी के गर्ने भन्दछौं ?'

उनले फ्याद्दै भने 'बिलम्ब नगरौं मोगलान पसौं ।'

मैले भनें *'स्वामीजी नभएका बेला ?'*

उनले भने 'केको चिन्ता ! फर्केर आइहालिन्छ नि । खर्चवर्च मसित जति पनि छँदैछ ।'

मैंले सोधें 'तिमीसँग त्यतिको पैसा कताबाट अयो ? भन त कति छ ? अनि त्यो पैसाले के के गर्ने ?'

यतिका कुराकानीपछि लरी पनि आयो । तत्काल नौलो अनुभव गर्दै बाटा लागियो । साँझपख जोगबनी पुगियो । जोगबनी रेलवे स्टेसन पहिलापल्ट नजरमा परेकाले नौलो लाग्नु स्वाभाविक थियो । प्लेटफर्ममा रात गुजार्दा क्लेशको अनुभव भएन ।

सवेर शरीर त्यति चङ्गा थिएन । बेचैनीसँग मैंले सोधें 'यहाँबाट हामी कहाँ जाने ?'

*ऋषीकेशले* निस्फिक्रीसँग भने 'अब हामी धरानतिर फिर्ने होइन यहाँबाट सिलगुडीतिर जाने । आजदेखि होटलमा खानुपर्छ । फुक्का ।'

मलाई सारा दृश्य नौलो लाग्यो । चरा मूसा सबै नौला । एकपल्ट मन झस्कियो । झस्केर के गर्ने, एक्लै फिर्न सक्ने साहस भएन । डराएका सोरमा सोधें 'त्यहाँ गएर के गर्ने ?'

उनले पहिले झैं निस्फिक्रीसँग भने 'आफूले गर्न सक्ने खालको काम खोज्ने; काम गर्ने ।'

मैलें सोधें 'त्यसो भए यहाँबाट कहिले हिँड्ने त ?'

उनले भने 'आज तीन बजेको रेलबाट गइयो भने ठीक समयमा सिलगुडी जाने रेल भेटिन्छ अरे ।'

यसपछि मैंले आफूमाथि के दायित्व छ त्यो बिर्सिएँ । मैंले जीवनमा गरेको यो पहिलो बेइमानी हो । *स्वामीजीले* मलाई पुस्तक, कागज कलम किन्नू भनेर तेह्र रूपैया दिएर जानुभएको थियो, जोरबिंटे कम्पनी । साथमा त्यति भए कसो नपुगिएला त भन्ने लाग्यो । भतिजलाई मनको कुरा नसुनाई गजक्क फुलें ।

बाटा लगियो तर घरभित्र बसे जसरी । कानमा गुञ्जियो छ छ पैसा भनेजस्तो छकछकछकछक । कति कतिबेला रेलका झ्यालबाट बाहिरको आवाज आउँथ्यो एकाना गोटा दोआनावाले; तानसिन गोली टाइगरबाम अदि ।

जोगबनी कटिहार रेलवे किराया १।। लेखिएको टिकट कटिहार पुगेपछि एक कालो साहेबले फिर्ता लियो र गन्तव्य सोधेर नयाँ टिकट लिने कोठा देखाइदियो । पूर्वोत्तर सीमा रेलवे किराया ६। । लेखिएको टिकट हातमा लिएर नयाँ चमचमाउँदो रेलको डब्बामा पसेर बस्यौं । भीड त्यति असह्य थिएन ।

यो मेरालागि पहिलो रेलयात्रा र मोगलानको यात्रा थियो । म जति कम उमेरको थिएँ त्यसभन्दा निकै कम उमेरको ठाने होलान् दर्शकले । *नौ दश वर्षे केटो, दौरा सुरुवाल इष्टकोट र टोपीमा चिटिक्क परेको तर जुत्ता चप्पल विनाको नाङ्गा पैतालामा* देखेर कतिले नौलो माने होलान् । आजभोलि स्मरण गर्दा मलाई आत्मग्लानि होइन रमाइलो लागेर आउँछ । खसोखास नेपाली सुकुमार केटो देखे तापनि कसैले हेपेर कुरा गरेनन्, न यससँग पैसा सैसा केही छ कि भनेर शंका उपशंका नै गरे । भतिजले पनि मसँग कुनै चासो राखेनन् । बेलाबेला केही किनेर ख्वाउँथे । ममाथि केही परेन ।

भतिज मोटो मान्छे । सेता कमिज सुरुवाल र कालो मखमलको बण्डी र कालै टोपीमा सजिएकाले दर्शकका दृष्टिमा साहु व्यापारी जस्ता लाग्दथे । उनीसँगै जोडिएर बसेको एक अधवैंसे जवान सैनिक वर्दीमा थियो । उसले शुरुमा कुरा चलायो । उसले विश्वास दिलाए अनुसार ऊ भारतीय गोरखा रेजिमेण्टको जवान हो, हालसाल सिलगुडी छाउनीमा रहन्छ ।

कुरैकुरामा उसले भतिजलाई यति विश्वास दिलायो कि उसले हामीमाथि कुनै आपत्ति आइपर्न दिनेछैन । एकपाने पहिलोपन्थे भएकाले टिकट र नगद रुपैयाँ समेत आफूले राख्न ठीक पर्दैन भनेर राम्ररी संझायो । म देखिरहेछु भतिजले बडो सादर मानेर आफूसँग जो भएको नगद र टिकटसहित त्यस लाहुरेका जिम्मा लगाए ।

रेलले चर्को वेग लिएपछि हामी निदाएछौं । बीचमा के भयो कसो भयो केही थाहा पाइएन । व्यूंझदा रेल सिलगुडी जक्सनमा रोकिएको थियो तर तथाकथित लाहुरे हामीसित थिएन । भतिज आत्तिएर यता र उति हेर्न दगुर्न थाले । विराना ठाउँमा

विरान्तरीका माझमा म रमितेसरह बनें । वास्तवमा त्यो व्यक्ति लाहुरे थियो वा ठग थियो त्यो खुट्याउनेतर्फ हाम्रो सोचाइ भएन । ऊ बीचमा ओर्लियो वा यहीं आएर ओर्लियो त्यसको सुइँको कसरी पाउनूँ ? यति चाहिं पक्का भन्न सकिन्छ *ऊ नेपाली थियो । नेपालीले नेपालीलाई ठग्यो ।*

हामीलाई टि.टि.ले गेट नाघेर जान दिएन । समातियौं । हामीमाथि विना टिकट यात्रा गर्ने रेलवे अपराधीको आरोप लगाई सफाइको अवसर नदिई खोरमा लगेर थुनियो । धाती न गुहारी । अन्तमा तीन घण्टा खोरमा थुनेर दुई दुई आना जरिवाना गरेर छाडियौं । भतिजसँग त दुई आना पनि जोगिएनछ । रेलवे गेट पार गर्दा विहानको नौ बजिसकेको थियो । भतिजको ओठमुख सुकिसकेको थियो । पीर थपिएला भनेर *कति हराए !* भनेर सोध्न उचित लागेन । मसँग केही छ आत्तिन पर्दैन भनेर आश्वस्त तुल्याएँ । वाहिर बजारमा पसेर खाना खाँदा १।) खर्च भयो ।

अलपत्र परिएला भन्ने भयले महानदीका पुलमाथि उभिएर पुलबजारतिर हेर्दै थियौं त्यतिकैमा *सेतो मखमली जीनका सर्ट कट्टु लगाएको मुडुलो गोरो मान्छे* हाम्रा सामु आयो । रातको घटना हाम्रालागि दुःखदायी साबित भएकाले नेपालीदेखि नै डराउन थालेका थियौं । त्यसैले उसबाट टाढा हुने चेष्टा गर्न थाल्यौं । परन्तु त्यस मान्छेले हामी डराएको लख काट्दै फ्याट्ट भनिहाल्यो 'किन डर मानेका ? डराउनु पर्दैन । म ठग होइन । तिमीहरू ठगद्वारा ठगिएको छाँट छ ।' हो ?

हाम्रो मनोभाव सरक्क समातेकाले होइन भन्ने कारण थिएन । मनमा केही सादर पनि लाग्यो र धार्नीको शीर हल्लायौं । उसले भतिजसँग हाम्रो ठाउँ-ठेगाना सबै कुरा सोधेर जानकारी लियो । भतिजको स्वभाव *ढुंग्राको पानी जस्तो ।* भएभरका कुरा स्वात्त उगेल्ने । त्यहाँ पनि त्यसै गरे ।

हाम्रा कुरा सुनिसकेपछि उनले भने *'मेरो नाम जे.बी. सुब्बा हो ।* म चोइली कटाउने ठेगदार हुँ । तिमीहरू चोइली काट्न सक्छौ भने मसँग हिँड म काम दिन्छु । चोइली काटेमा चट्टाको तीन रुपैयाँ; लट्ठा काटेमा डोबको दुईआना, बोक्रा ताछ्न परे गींडको पाँचआना, आरा चिर्न सके मड्सर फिटको दुई आना र क्यू.फि.को चारआना दर छ त्यसमध्ये जेसुकैको पनि हप्तासफाइ पाउँदा रुपैयाँमा एकआना कट्टा गरिन्छ । चाहिएका औजार म दिन्छु ! रासनपानीका लागि आवश्यक परे पेश्की पनि दिन्छु । यहाँबाट प्लटमा जाने खर्च म हाल्दछु । पछि काम राम्रो गर्न सक्यौ भने मिनाहा पाउला ।'

कामको परिणाम संझन सक्ने ज्ञान थिएन । हामीले त भातको चोइली भन्न जानेका थियौं । वास्तवमा कामको अनुभव नभए पनि, भोलि के होला कसो होला भनेर सोच्न असमर्थ रहेपनि त्यस्ता प्रष्टवक्ता *जे.बि. सुब्बालाई* सामु पाउँदा साक्खे आफन्त भेटेजस्तो सादर लाग्यो । उनका पछि लाग्न मंजुर गरियो । उनले हामीलाई रेलमार्गद्वारा अघि आएतिरै फिर्ता लगे । हातीघिसा नामका फारममा उत्रियौं ।

आपटका जंगलका माझमा *देउनियाँ खोलाको किनार, सानु गोलाकार चउरमा पुगेर सेउले छाप्रो शलियो । लुगाफाटो, भाँडाकुँडा, रासनपानी साथै औजारहरू - एउटा गिँडुवा आरा, दुईवटा तबल बन्चरा, एउटा छिनु, एक दाँगो, एक घन, एक झम्पल, एक रेती र एक लामो लठ्ठा तान्ने डोरी जिम्मा दिंदै भने* 'तिमीहरूले गाछी ढाल्नु पर्दैन । चोइली काटे चट्टा नपाउनु पर्छ । लट्टा काटे गींड गन्ती गराउनु पर्छ । मड्सर फिटको हिसाबमा क्यू.फि. नपाउनु पर्दैन । तिमीहरूले बोक्रा ताछ्न पर्दैन ।'

भोलिपल्टदेखि हामीले काम शुरु गर्‍यौं । सुरिला रोजारोजा सालका रूखहरू पहिले नै ढालिसकेकाले टुक्रा पार्न थाल्यौं । तीन फुट मोटाइले फाइदा हुने देखियो तर बढी मोटाइकामा हातहाल्दा पूर्वोक्त दररेटले फाइदा नहुने बुझियो । चोइलीको काम गर्दा बन्चराले आफ्ना गोडा काटिने डर भएकाले तेस्रा दिन *जे.बि.सुब्बालाई* भेटेर ती कुरा सुनायौं । हाम्रा कुरा सुनेर उनले भने 'ए गाँठे ! तिमीहरूले पढेको छ कि के हो ! लकडीको हिसाब गर्न आउँछ ?'

हामीले आफ्ना कुरा बतायौं । त्यसपछि उनले भने 'ल, काम गरेर घट्ने होइन तापनि बाबुसाहेव हुने,ल्यागतको दुःख नगरेको मान्छे परेछ ।... ठीक छ । तिमीहरूलाई लठ्ठाको दोहरा हिसाब दिउँला । खाना खाएपछि फलटमा घुमेर चट्टा नापी गरेर मलाई रिपोर्ट दिने काम गर्नू ।'

त्यसकाममा हामी तीन महीना खट्यौं । *किन चाउरिइस् मरीच ? आफ्नै रागले'* भनेजस्तो भयो । औजारसँग पहिलापल्ट चिनजान भएकाले खूब रौसियौं । उमेर अवस्थाले पनि होला पसिना बगाउन हर्ष अनुभव गरिन्थ्यो, आत्मग्लानि अथवा हीनताबोध हुँदैनथ्यो । मागेर खानुपर्ने समस्या आइप्ररेन साथै त्यस तथाकथित लाहुरेका ठगाइबाट मनमा पैदा भएको वितृष्णा सुब्बाका व्यवहार ले मत्थर गरायो ।

तीन महीना आरावाल श्रमिक बनिसकेको यी पंक्तिका लेखकले दिएको चट्टा नापीको विवरण बातेल नभएकाले सुब्बाद्वारा मैंले नयाँ नाम पाएँ *'भावी समयको पण्डित'* उनले एक दिन यसो भनेथे *'सीताराम ! तिम्रा हातले कलम चलाउनुपर्ने कसरी आरा-बन्चरा चलाउन आइपुग्यौं ? गजब लाग्यो । पछि ता संझिन पनि लाज लाग्ला ।'*

आजभोलि बेलाबेला बाल्यस्मृतिको लहर चल्दा *जे.बी. सुब्बाका* त्यस छविको स्मरण हुन आउँछ । हुन त उनीसँग पछि पनि भेटघाट भयो, बोलव्यवहार भयो तर अरूअरू प्रसङ्गमा जसलाई यस घटनासँग तौलेर हेर्न मिल्दैन । यसमा *उनी सरदार थिए, ठेकदार थिए भने म थिएँ उनको श्रमिक कुल्ली ।* त्यसोभए तापनि उनका श्रमिक हृदयमा विराजमान विवेक रूपी ईश्वर सब कोहीका हृदयमा हुन्छ नै भन्न मलाई कताकता संकोच लाग्दछ ।

म आज जहाँ छु त्यहाँसम्म पुऱ्याउने प्रत्यक्ष अप्रत्यक्ष प्रेरकहरू यस्तै सत्पुरुष हुन् भन्ने मेरो अटल धारणा छ । *जे.बी. सुब्बासँग* छुट्टिएपछि हामीले अरू तीन महीना *चियाबगानमा* चियापत्ती टिप्ने केलाउने कुल्लीको काम गरेका थियौं । ती कुरा म अगाडिका प्रसङ्गमा क्रमशः उल्लेख गर्नेछु । छलछाम गरेको शंका लागेमा *देउनियाँ, सन्यासी बगान, वागडोगरा, हातीधिसा र कमलझोराका* धर्तीका कणकणमा मेरा पैतालाका छाप परेका छन् । अझ त देख्ने दर्शक पनि होलान् ।


विजया दशमी तथा दीपावली २०५५ को पावन अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र**
**नयाँ वानेश्वर**

राष्ट्रिय, अन्तर्राष्ट्रिय, सभा, गोष्ठी, सम्मेलन, प्रदर्शनी, सिनेमा सो तथा विभिन्न प्रकारका सांस्कृतिक कार्यक्रमहरू यस सम्मेलन केन्द्रमै गरौं ।
भौतिक सुविधासम्पन्न यस केन्द्रमा आवश्यकतानुसार सीट भएका हलहरूको व्यवस्था छ ।

२०५५
विजया दशमी तथा दीपावलीको पुनीत
उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं।

**नगर विकास कोष**
**नयाँवानेश्वर, काठमाडौं**

**खुसीको खवर !** फोन- ४२११७४
यस सिंहदरवार वैद्यखानाद्वारा निर्मित औषधि व्यापारिहरूलाई सुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यले विशेष छुट दरमा विक्रि वितरण गरिने भएको व्यहोरा जानकारी गराउँदछौं ।
१) च्यवनप्राश २० फाइलमा १ फाइल र ५० फाइलमा ३ फाइल सित्तैमा
२) रु. २५०००/- भन्दा बढी रकमको च्यवनप्राश अवलेह वा अन्य (तोकिएको) औषधि एकैपटकमा उठाउने व्यापारिहरूलाई थप ८% छुट ।
३) थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु होला ।

श्री ५ को सरकार, **स्वास्थ मन्त्रालय**
**सिंहदरबार वैद्यखाना, विकास समिति**

# त्यो रात हामीले रोएर बितायौं

✍ बादेपा

पत्रकारिता क्षेत्रसँग सम्बद्धित भएर स्वदेश र विदेशको यात्रा गर्ने यथेष्ट मौका मिल्यो, तर त्यस्ता यात्राको अनुभवलाई लिपिबद्ध गर्ने चेष्टा कहिल्यै गरिएन, डायरी लेख्ने काम पनि गरिएन । कुनै खास उद्देश्यका निम्ति भ्रमण गरियो, त्यसबारे पत्रिकामा लेखियो पनि, तर तिनलाई संकलन गरेर राख्ने, पुस्तकाकारमा प्रकाशित गर्ने झन्झट पनि कहिल्यै गरिएन । यात्राका विषयमा मात्र होइन अहिलेसम्म जे जति लेखियो तिनलाई मात्र संकलन गरेर राख्न सकेका भए अहिले केही किताब तयार हुन्थे होलान् । यस दृष्टिले हेर्दा म ज्यादै अल्छी र लापरवाह रहेछु भन्ने अनुभव हुन थालेको छ ।

जिन्दगीको पहिलो यात्रा थियो मेरो काशी र गयाको । त्यस बेला आठ-नौ वर्षको मात्र हुँदो हुँ । बुबा-आमाको साथमा गइएको थियो । घरबाट थानकोटसम्म डाँक गाडीमा चढेको, त्यहाँबाट भीमफेदीसम्म भरियाले डोकोमा बोकेर लगेको, भीमफेदीदेखि अमलेखगञ्जसम्म लरी चढेको, चुरेको सुरुङ, नेपाली रेल चढेर रक्सौल पुगेको अलिअलि सम्झना अहिले पनि छ । गया र काशीको सम्झना पनि अलि अलि छ । यो यात्रा कति दिनको थियो केही सम्झना छैन । त्यसैले यसलाई आजको परिभाषा अनुसार यात्रा भन्नै मिल्दैन ।

अर्को लामो यात्राको केही सम्झना छ । यो थियो काठमाडौंदेखि कुन्छासम्मको पैदल यात्रा । यो एघारसालको कुरो हो । मैले एस.एल.सी. जाँच दिइसकेको थिएँ तर रिजल्ट आएको थिएन । मेरा मामा कुन्छा अदालतका हाकिम हुनुहुन्थ्यो । उहाँले नै आवश्यक खर्चसहित एकजना पियन पठाइदिनु भएको थियो मलाई लिन । काठमाडौंबाट पैदल हिंडेर कुन्छा पुग्न पूरा सात दिन लागेको थियो । जति हिंडे पनि नसकिने शुरुमा त निकै उत्साह थियो, तर दुई-तीन दिन हिंडेपछि एकदम निराश भएँ, बेकारमा आएँछु जस्तो लाग्यो । यस्तो लामो यात्रामा एकदुई जना मन मिल्ने साथी भए बाटो काटेको पत्तै हुँदैनथ्यो । जुन पियन साथमा थियो त्यो बोल्दै नबोल्ने । बेलुकी खाने र बस्ने व्यवस्था गर्थ्यो, दिउँसो 'बाबुलाई भोक लाग्यो कि ?' भनेर सोध्थ्यो, पसल भएका ठाउँमा पुगेपछि दहीच्यूरा सखर किनेर खवाउँथ्यो । यो ज्यादै नीरस र पट्यारलाग्दो यात्रा थियो । कुन्छा पुगेपछि मामाले सोध्नुभयो - 'बाटोमा गाह्रो त भएन ?' मैले जवाफ दिएँ - 'यही बाटो भएर फर्कने हो भने म घरै जान्नँ, यहीं बस्छु ।' मामा हाँस्नुभयो र भन्नुभयो - 'यहाँबाट एक दिनमा पोखरा पुगिन्छ, त्यहाँबाट प्लेन चढेर घर जाने ।' म अत्यन्त प्रफुल्ल भएँ । त्यसभन्दा पहिले मैले हवाइजहाज चढेकै थिइन । मैले काठमाडौं देखि सात दिन लगाएर कुन्छा आएको वेदना सबै बिर्सें । दशदिन जति म कुन्छाको डाँडोमा बसें । डाँडामा लहरै घर थिए, केही सरकारी कार्यालयका साथै पसलहरू थिए । घुम्ने र हेर्ने ठाउँ केही थिएन । त्यो लमजुङ्ग गैंडाको सदर मुकाम थियो क्यार । त्यस बेला जिल्ला विभाजन भएकै थिएन । गोरखा २ नम्बर थियो भने कास्की अथवा पोखरा ३ नम्बर । तिनका बीचमा रहेको लमजुङ्ग स्वतन्त्र प्रशासनिक एकाइ थियो वा थिएन कुन्नि । मेरा मामा बिचारी मात्र भए पनि अदालतका हाकिम हुनुहुन्थ्यो । अदालतको हाकिम भनेको निकै प्रभावशाली पद थियो क्यार । बिहान-बेलुका पनि उहाँको निवासमा मान्छेको भीड लागिरहन्थ्यो । शायद ती झगडियाहरू होलान् ।

आफूलाई भने कहिले पोखरा पुगिएला र हवाइजहाज चढ्न पाइएला भन्ने ध्याउन्न मात्र थियो । एघारसालको पोखरा अहिले पनि अलि-अलि सम्झन्छु । त्यो काठमाडौं जस्तै उपत्यका भए पनि पक्कीघरहरू भएका गाउँ जस्तै थियो । फराकिला सडक थिए तर त्यहाँ मोटर, लरी जस्ता सवारीका साधन पुगेकै थिएनन् । सवारीका साधन भनेको घोडा र खच्चड मात्र थिए । सडकमा पनि बाउल्डर बिछ्याइएको थियो । मुख्य सडक भनेको मोहरिया टोलबाट विन्ध्यवासिनी हुँदै बगर पुगिने बाटो थियो । सेती नदीको सुरुङ थियो, तर वारपार गर्ने पक्की पुल थिएन । त्यो ज्यादै साँधुरो भएको ठाउँमा काठका फड्के हालिएको थियो, मान्छे त्यसबाटै वारपार गर्थे । एयरपोर्टनिर पनि यस्तै फड्के थियो । त्यसको पारिपट्टि लहरै भट्टी पसलहरू थिए । यो एघार सालको कुरो हो । त्यसपछि पनि अनेकौं पल्ट पोखरा पुगेको

छु । आजको पोखरा पुग्दा र त्यस बेलाको पोखरा सम्झँदा उदेक लाग्छ । पोखराको सुन्तला नामुद थियो । म जाँदा सुन्तलाको मौसम थिएन तैपनि काठमाडौंमा जहाज चल्ने दिन एयरपोर्टमा अलिअलि सुन्तला बेच्न राखिएको थियो । एक रूपियाँको बीस-पच्चीस दाना पाइन्थ्यो । मंसिर-पुस ताका त रूपियाँको बत्तीस दानासम्म पाइन्थ्यो रे ।

म पोखरा घुम्न, त्यहाँको प्राकृतिक सौन्दर्यको अवलोकन गर्न गएको थिइनँ । आफूलाई त जहाज चढेर काठमाडौं पुग्नु थियो ! अहिलेको जस्तो हवाइजहाजको टिकट काट्ने चलन थिएन क्यार ! मलाई पुऱ्याउन आएको व्यक्तिले जहाज चढ्नोस् भन्यो, चढें । जहाजभित्र पसेपछि कहाँ बस्ने हो भन्ने चाल पाइनँ। झ्यालपट्टी लहरै बेन्च जस्तो लामो सिट बिछ्याइएको थियो, त्यसमै मान्छे लहरै बस्दा रहेछन् । एउटा लामो डोरीले सबैलाई बाँधेको जस्तो देखियो । बीचको भाग खाली थियो, त्यहाँ सामानहरू त्यस्तै डोरीले बाँधेर राखिएका थिए । यो मान्छे बोक्ने होइन सामान ओसार्ने जहाज रहेछ जुन भैरहवा र पोखराका बीच दिनको तीन चार पल्ट चल्दो रहेछ । त्यसपछि जीवनमा अनेकौं पल्ट अनेकौं किसिमका विमान चढियो, तर पोखराबाट काठमाडौं आउँदा जिन्दगीमा पहिलो पल्ट चढेको त्यो 'मालगाडी' को अनुभव अनौठो थियो, कहिल्यै बिर्सन सकिने घटना होइन यो । चौध सालमा फेरि हवाइजहाज चढ्न पाइयो । आई.ए. पास भएका अवसरमा दाजुले कलकत्ता घुमाउन लग्नुभएको थियो । पटनासम्म हवाइजहाजबाट र त्यहाँबाट रातभरी रेल चढेर कलकत्ता पुगिएको थियो । यो यात्रा निकै रोमाञ्जक र स्मरणीय थियो । कलकत्ता पहिलो पल्ट पुगिएको थियो । कहाँ काठमाडौं कहाँ कलकत्ता । जताहेऱ्यो मान्छेको घुइँचो । चौरंगीको एउटा होटलमा बसिएको थियो । राति एघार-बाह्र बजेसम्म ट्रामको ट्रिङ-ट्रिङ र अन्य सवारी साधनका घ्यार्र-घुर्र । राम्ररी निदाउन नै नपाइने । नेपालीहरू पनि उत्तिकै भेटिने । हाम्रा गाउँका केटाहरू पनि निकै भेट्टिए । ती कोही होटलमा भाँडा माझ्दा रहेछन् त कोही ठूला बडाको दरवान । लाहुर आएका ती केटाहरू घर फर्केपछि कलकत्ताको निकै धाक लाउँथे, वास्तविकता के रहेछ त्यहाँ गएपछि पो बुझियो ।

एकजना गाउँका साहूकै छोरा भेट्टिए । गाउँमा उसको निकै धाक थियो, कलकत्तामा उसले जागिर खाएकों रहेछ एउटा बैण्ड कम्पनीमा । काम चाहिं सिनेमा हलको प्रचार गर्नु । छुट्टिने बेलामा उसले भन्यो - 'हजुर, गाउँमा बा-आमालाई राम्रो काममा लागेको छ भनिदिनु होला, दमैले जस्तो बाजा बजाएर हिंड्छ भनेर नभनिदिनु होला, फेरि जात हटक गरिदिन्छन् ।' 'कति कमाउँछौं ?' मैले सोधें । उसको जबाफ थियो - 'खान मात्र पुग्छ अलिकति पैसा जोगिएला र घर फर्कुला भनेको, कहिल्यै पुग्दैन ।' त्यहाँका अरु केटाहरूको हालत पनि यस्तै थियो । कलकत्ताकै एउटा घटना सम्झन्छु, साथमा गौतमदास श्रेष्ठ (हाल शेर्पा होटलका म्या. डाइरेक्टर) पनि साथमै थिए । एक दिन हामी दुईजना मात्र डुल्दै एउटा रेस्टुराँमा पस्यौं । पराठा र खसीको मासु ल्याउने अर्डर दियौं । मासु ल्याएपछि श्रेष्ठलाई चित्त बुझेनछ, त्यसमा हाड र छाला थिएन, पक्कै त्यो गाईको मासु हो भन्ने ठानेछन् । उनले यो केको मासु भनेर बेयरासँग सोधे, उसले बकरीका भन्यो । 'हे माम्पाखा, यो गाईका मांस जस्तो छ' भनेर बेयरालाई झपारे । उसले होइन भनेर जति भने पनि पत्याएका होइनन्, आखिर बिल तिरेर केही खाँदै नखाई उठ्यौं । हामी दुबैलाई कलकत्तातिर खसीको मासुमा पनि छाला हुँदैन भन्ने थाहा थिएन । बेकार जान्ने भएर गाको, रातो मुख लगाएर फर्कनु पऱ्यो त्यो दिन । वास्तवमा यो भ्रमण मेरो जीवनमा पहिलो थियो जुन सम्झन लायकको थियो ।

त्यसपछि कुनै वर्ष यस्तो आएन जब स्वदेश वा विदेशको यात्रा नगरिएको होस् । ती सबैको बारेमा लेख्ने हो भने ठूलै ठेली तयार हुनेछ । यसो हिसाब गर्छु अहिलेसम्म स्वदेशका छैसट्ठी जति जिल्लाको अनि विदेशका पाँच महाद्वीपका झण्डै तीस मुलुक पुगिएछ । प्रत्येक भ्रमणमा बटुलिएका अनुभवहरूलाई लिपिबद्ध गर्न सकिएको भए दुई-चार वटा पुस्तक नै तयार भइसक्ने थिए । सकिएन, पछुताउनु बाहेक अरु उपाय के नै रह्यो र । केही उल्लेखनीय र अविस्मरणीय यात्राको विषयमा यहाँ लेख्न चाहन्छु ।

२०-२१ सालतिरको कुरा हो यो । चार जना नेपाली पत्रकार पाकिस्तान सरकारको निमन्त्रणामा पाकिस्तान जाने भयौं । काठमाडौंबाट म र भैरव अर्याल त्यता लाग्यौं । मणिराज उपाध्याय र मणिन्द्रराज श्रेष्ठ कराँचीबाट साथ रहने भए । त्यस बेला पाकिस्तान छुट्टिएको थिएन अर्थात् बंगलादेश बनेको थिएन । हामी यताबाट सिधै पूर्व पाकिस्तानको ढाका गयौं । म र भैरव दुबैलाई पूर्वी पाकिस्तानको भ्रमण अत्यन्त कष्टप्रद रह्यो । कारण के थियो भने म राम्ररी कान सुन्दैनथें भने भैरवको घाँटी खराब थियो, मुख चलाएको केही छिनपछि मात्र केरिएको रेकर्ड जस्तो आबाज निस्कन्थ्यो । ढाका भ्रमण ज्यादै नरमाइलो रह्यो । त्यहाँ जहाँ जहाँ पनि गइयो हाम्रो साथमा रहेका पाकिस्तानी मित्रले

भनेको कुरा सम्झे पनि नसम्झे पनि टाउको हल्लाएर सम्मति जनायौं । ढाकाबाट कराँची पुगेपछि त्यहाँ मणिन्द्र दाइ पनि सामेल भएकाले हामी समस्याबाट एक किसिमले मुक्त भयौं । मणिराजज्यू आउँदै आउनुभएन । जेठ महिनामा पाकिस्तानको भ्रमण गर्नु सुखद् थिएन । तैपनि सहियो । कराँचीबाट हामी पेशावर पुग्यौं । त्यो त झन् बेस्करी तातेको तावा जस्तै थियो । त्यहाँका मान्छे अग्ला र देख्दै डरलाग्दा थिए । कराँचीमा आइमाईहरू निकै स्वतन्त्र थिए, तर पेशावरमा त्यस्तो थिएन, बुर्काको बोलबाला थियो । त्यहाँ उर्दू पनि राम्रोसँग बोलिंदो रहेनछ, पश्तु भनिने पठानी भाषा बोलिने । पेशावर पुगेको भोलिपल्टै खैबर भन्ज्याङ जाने कार्यक्रम थियो । पाकिस्तान र अफगानिस्तानको सीमा थियो त्यो । उसै त उखरमाउलो गर्मी त्यसमाथि खैबर भञ्ज्याङको मोटर यात्रा । हरियो कतै देख्न नपाइने, सबै नाङ्गा डाँडा । मोटरमा छिनछिनमा पानी नहाले रेडिएटर फुट्न सक्ने । एक डेढ घण्टाको मोटर यात्रापछि खैबर पुगियो । त्यहाँ अलिअलि भए पनि झुरुम्म हरियाली रहेछ । हामी तिर्खाले छट्पटिएका थियौं । त्यहाँ दुई-चार वटा विशाल माटाको घ्याम्पाहरू भुईंमा गाडिएका थिए । त्यसबाटै पानी उबाएर पिउनुपर्ने रहेछ । तर अत्यन्त तिर्खा लागे पनि, त्यहाँ चिसो पानी हुँदा पनि हामीले पिउन सकेनौं । कारण के थियो भने जो पनि त्यहाँ आएर पानी पिउँथे त्री गिलास जुठो लाएर पिउँथे । धुने खकाल्ने चलन नै रहेनछ । सबैको जुठो पानी कसरी पिउने ? हाम्रो संस्कारले त्यसो गर्ने अनुमति नै दिएन । पछि थाहा पाइयो मुस्लिम समाजमा पानी अलक्क खान हुँदो रहेनछ, ओठले च्यापेरै अथवा जुठो लाएरै खानुपर्ने । तिर्खाले भुतुक्कै भए पनि हामीले अथवा म र भैरवले खैबर भन्ज्याङ्गमा पानी पिउन सकेनौं । पेशावरबाट हाम्रो कार्यक्रम 'आजाद कश्मीर' को राजधानी मुजफ्फरावाद जाने थियो । बाटामा मरी भन्ने ठाउँ पर्दो रहेछ, अत्यन्त चिसो र ठण्डा । हेटौंडाबाट त्रिभुवन राजपथ भएर आउँदा दामन आइपुग्दा जति आनन्द लाग्छ त्यस्तै भयो । मुजफ्फरावाद एउटा सानो शहर रहेछ अत्यन्त रमाइलो । तल झेलम नदी बगिरहेको । त्यहाँ पनि एउटा त्यस्तै तीतो घटना भयो । हामीलाई सरकारी गेष्टहाउसमा राखिएको थियो । त्यसका हाकिमको नाम थियो पण्डित । ती पहिले हिन्दु नै थिए रे, तिनका बाबु-बाजे पछि मुसलमान भएका रहेछन्, यो सुन्दा हामी छक्क पऱ्यौ ।

मुजफ्फरावाद पुगेको भोलिपल्ट त्यहाँका राष्ट्रपतिले हाम्रो सम्मानमा दिवाभोजको आयोजना गरेका थिए । अनेकौं परिकारले टेबुल सज्जिएका थिए तिनमा मासुका परिकार नै बढी थिए । हामीले निकै स्वाद मानेर दिवाभोज खायौं । त्यहाँका राष्ट्रपतिले हाम्रो स्वागत-सत्कार खूब गरे । बेलुकी हामी गेष्ट हाउसको लनमा बसेर आजाद काश्मीरको प्राकृतिक सौन्दर्यको बयान गर्दै थियौं, अझ दुईचार दिन यहाँ बस्न पाए क्या रमाइलो हुन्थ्यो भन्दै थियौं अचानक पण्डित त्यहाँ आइपुगे र सोधे- 'आजको खाना कस्तो रह्यो ?' हामीले निकै स्वादिलो थियो भन्यौं । उनले फेरि भने - 'तपाईंहरूका निम्ति आज विशेष बाछोको व्यवस्था गरिएको थियो ।' यति के सुन्नु थियो म र भैरव छाँगोबाट खसे जस्तै भयौं । मणिन्द्र दाइले कुनै प्रतिक्रिया देखाउनु भएन र पण्डितको कुरालाई सहज रूपमा लिनुभयो । भैरव त्यहाँबाट अँध्यारो अनुहार लाएर कोठातिर लागे । एक छिनपछि मैले देखें उनी मुखमा औंलाले कोचेर छाद्ने काम गरिरहेका थिए । त्यो रात भैरव सुत्दा पनि सुतेनन्, रोइ मात्र रहे । मैले कंति सम्झाएँ, बुझाएँ तर केही सीप लागेन । आखिर हामीले जानी जानी गऱ्या गल्ती थिएन त्यो, अहिले चित्त दुखाएर के गर्ने ?

त्यसपछि हामी पाकिस्तानको राजधानी रावलपिण्डी फर्क्यौं, नयाँ बन्दै गरेको राजधानी इस्लामाबादको निरीक्षण गऱ्यौं, राष्ट्रपति अयुब खाँको सौख रहेछ यो नयाँ राजधानी बनाउने । रावलपिण्डीबाट नजिकै रहेको इस्लामाबाद प्राकृतिक दृष्टिले पनि अत्यन्त सुन्दर थियो । लाहोर पुग्नासाथ मणिन्द्रदाइ नयाँ दिल्ली हुँदै काठमाडौं तिर लाग्नु भयो । हामीले अझ दुई दिन लाहोरमै बस्नुपर्ने भयो । फेरि पुरानै अप्ठ्यारो शुरु भयो कानको र घाँटीको । त्यसमाथि हामीले पाकिस्तान भ्रमणको अनुभवबारे लाहोर रेडियोलाई अन्तर्वार्ता दिनुपर्ने भयो । बडो सकसको क्षण थियो त्यो । हामीलाई लिखित प्रश्न सोधेकाले जोगियौं, तर छड्के प्रश्न आउँदा चाहिं जिल्लिनु पर्थ्यो । तै भैरवले इज्जत जोगाइदिए । उनी जवाफ दिन्थे, म सही थाप्थें । लाहोरबाट ढाका आयौं, त्यहाँको भ्रमण कार्यक्रम बाँकी नै रहेछ, तर हामी दुबैले अस्वस्थता देखाउँदै ती कार्यक्रम रद्द गऱ्यौं र काठमाडौं फर्क्यौं ।

भनिहालें जीवनमा धेरै ठाउँ घुमियो, तर पाकिस्तानको यात्रा साँच्चि नै बिर्सन नसकिने किसिमको रह्यो ।

---

सत्य वाहिर देखिन्न सत्य देखिन्छ भित्रको,
भित्रको तहमा आफ्नो दिलको केन्द्रमा त्यसै ।

**- महाकवि लक्ष्मीप्रसाद देवकोटा**

# संस्मरणः अधूरो यात्राको

✍ भरतराज शर्मा 'मन्थलीय'

प्रस्तुत यात्रातिर मनको रथ चलाउनु भन्दा अगाडि, पण्डितराज 'जगन्नाथ' कविवरको काव्यशिल्पले बक्त्याएको भाव-माधुर्यको आस्वादन गर्न र पद्र-लालित्यको चमत्कार हेर्न सान्दर्भिक विषय-संगत एक कविता-कामिनीका कमनीय अङ्गाङ्गमा दृष्टिपात गरौं, रसिक वृन्दः-

"मरुल्लीला-लोलल्लहरि - लुलिताम्भोजपटल
स्खलत्पांसुव्रात-च्छुरण विसरत्कौङ्कुमरुचि,
सुरस्त्री-वक्षोज-क्षरदगुरुजम्बाल-जटिलं
जलं ते जङ्घालं मम जननजालं जरयतु ।"

अर्थात् - "हावाको चालले उठिरहने तरल तरङ्गहरूद्वारा हल्लिएका कमलहरूबाट खसेको पराग मिसिंदा र फैलिंदा केसरको कान्ति लिएको, स्वर्गका सुन्दरीहरूको स्तनबाट जलक्रीडामा झरेको- 'अगुरु' लेपको हिलोले घनीभूत, तीब्रगतिमा बहने, तिम्रो जलले हे गङ्गामाई । मेरो पुनर्जन्मको परम्परामय जाल तोडिदेओस् ।'

'शिखरिणी' छन्दमा, श्रौत संस्कारको मान्यतामा विरचित यस पद्यमा जस्तो मनोहर भाव छ, त्यस्तै कोमल-कान्त पदावलीको विच्छित्तिमय विन्यास छ, जसले कविताको रसास्वादन लिने उत्कण्ठा पुऱ्याइदिन्छ ।

प्रस्तुत विषयकै सँग सन्दर्भित हुँदा कवि कस्ता हुन्, त्यसको पनि संक्षिप्त उल्लेख गरौं, किंवदन्ती अनुसार- यी आन्ध्रदेशीय ब्राह्मण कुलका प्रकाण्ड विद्वान् 'जगन्नाथ' दिल्लीका बादशाह 'शाहजहाँ' का दरबारिया पण्डितराज हुन् । यिनका कविता-कलापको रस-माधुर्यमा चुर्लुम्मिएर लट्टिएका रसिक बादशाहले यिनले मागे अनुसार यौवनारुढ आफ्नी राजकुमारी 'लवङ्गी' लाई अतुल वैभवका साथ यिनैलाई पत्नीत्व रूपमा सुम्पिए । तर हिन्दु पण्डित मण्डलीले यिनलाई समाजबाट बहिष्कार गरे, त्यस्तै मुसलमानहरू पनि क्रुद्ध भए र दुबै समाजमा नअटाएर यिनी बाहिरिए । तथापि नवनीत कोमलाङ्गी यवनीसँग रसिक कविवर भोग-विलासमा रम्नु रमे । यौवन वैलाएपछि, दुबैजना पवित्र हुन कविले यवनीलाई काखमा राखेर बाउन्न सिंढी तलकी गङ्गाजीको प्रार्थना गरे, माथिल्लो सिंढीमा बसेर, तत्काल निर्मित 'गङ्गा लहरी' स्तोत्रबाट । श्लोक-श्लोकमा गङ्गा सिंढी-सिंढी चढ्दै आइन् र बाउन्नौं श्लोक बनाइसकिंदा प्रेममय जलप्रवाहमा दुबैलाई पतित पावनी जाह्नवीले आत्मसात् गरिन् र तत्कालै उनी ओर्लिई यथास्थितिमै रहिन् । अनि यस वृत्तान्तले उक्त दुबै समाजलाई साश्चर्य ठूलो पछुताउभयो । त्यही 'गङ्गा लहरी' को अर्को नाम हो 'पीयूष लहरी' जसको उपरिस्थ पद्य बीसौं हो ।

प्रस्तुत विषयको पुष्टिका निम्ति उपरि उक्त सन्दर्भ ल्याइएको हो । अब लागौं यतै - यिनै महिमशालिनी तरङ्गमालिनी गङ्गाजीको पावन जलमा पटकपटक स्नान गरेर बाह्याभ्यन्तर मल-प्रक्षालन गरिएतापनि, यस पङ्तिकारलाई यिनको अवतरण-धाम गङ्गोत्तरीमा पुग्ने सौभाग्य आएन । यमुनोत्तरी, केदारनाथ, बदरीनाथसम्म वि.सं. २०४० मा गरिएको तीर्थ यात्राको सम्बन्धमा गङ्गोत्तरी मात्र बाटो पहिरिनाको कारणले पुग्न नपाउनु पनि एक अधूरो यात्रा हो, तर त्यसै सन्दर्भमा गङ्गाद्वार अर्थात् 'हरि द्वार' पहुँचियो, जसको संक्षिप्त विवरण 'पहाड र झर्नाको लोक' नामक खण्डकाव्यको भूमिकामा लेखिएको छ । तसर्थ यहाँ त्यही पिष्ट-पोषण नगरौं । तथापि त्यहाँ र 'कनखल' मा पुग्दापुग्दै स्फुरित कविताको एकेक चरण चाहिं यहाँ पुनः राखौं, जस्तो कि -

"हरिद्वारो गृहद्वारं मुक्तिधाम्नो हरेः किल ।"
"दृष्टं 'कतखल' - क्षेत्रं संस्कृत क्षेत्रमुत्तमम् ।"

अर्थात् - " 'हरिद्वार' साँच्चिनै मुक्तिधाम-हरि भवनको मूलढोका हो । संस्कृत भाषाको उत्तमक्षेत्र 'कनखल' पनि देखियो ।" अहा ! कनखल जस्तै पाशुपतक्षेत्र संस्कृतको क्षेत्र भए, लिच्छवि वंशीय राजा मानदेव प्रथमको राज्य-शासनमा जस्तो संस्कृत वाङ्मयमा सारा व्यवहार हुने थियो भन्ने त्यसबेला मनमा लाग्यो । अथवा राजा 'भोज' को धारा नगरी जस्तो 'कान्तिपुरी' संस्कृत वादिनी हुन के बेर !

'कनखल' को कुरो उठेकोले महाकवि कालिदास

विरचित 'मेघदूतम्' काव्यको प्रासङ्गिक एउटा पद्यको यस पंक्तिकारबाट भएको छायानुवाद राख्न के अनौचित्य होला र ! जस्तो कि- यक्ष मेघलाई भन्छन् -

"जाऊ बढ्दै 'कनखल' निरै, उच्च शैलेन्द्र देखि
झर्छिन् 'गङ्गा' 'सगर'-सुतकी स्वर्ग सोपान-रेखी,
जो 'गौरी'को कुटिल भृकुटी फींजले झैं गिज्याई
राख्छिन् चन्द्रोपरि जल-कर स्वामिकेशै समाई (पृ.५०)॥

गङ्गा स्वर्गमा 'मन्दाकिनी', पातालमा 'भोगवती' र यस पृथ्वीमा 'भागीरथी' नामले प्रसिद्ध छिन् । 'भागीरथी' नाम हुनाको कारण सूर्यवंशी राजा 'सगर' का प्रपौत्र (पनाति) 'भगीरथ' ले कठोर तप: साधनाद्वारा स्वर्गङ्गालाई पृथ्वीतलमा ल्याए र 'कपिल' मुनिका अभिशापले दग्ध साठी-हजार पूर्वजहरूको खरानी पवित्र पारी तिनको उद्धार गर्न पाताल पनि पुऱ्याए । त्यसैले कठिन साध्यको प्रयासलाई 'भगीरथ-प्रयास' भन्ने चलन छ ।यिनै भागीरथी गङ्गा मैदानबाट बहेर सागरमा मिसिएको ठाउँ (तीर्थधाम) 'गङ्गा-सागर' को नामले प्रख्यात छ, जुन भारतको बङ्गाल खाडीमा पर्छ । अन्यत्र सयौं तीर्थमा स्नान गरेकोभन्दा एकचोटी 'गङ्गा-सागर' मा स्नान गरेको पुण्य अधिक हुन्छ भन्ने पनि शास्त्रीय कथन छ । ज्ञानविना तीर्थ भागादिले मात्र मुक्ति प्राप्त हुँदैन भने तापनि, जगद्गुरू आद्य शङ्कराचार्यज्यूले मुख्यै संभी गङ्गा सागरकै उल्लेख गर्नुभएको छ, जस्तो कि - "कुरुते गङ्गा सागर गमनम् ।'

यही गङ्गा सागरमा मकर संक्रान्तिका दिन स्नान गर्ने पनि इच्छा भयो । स्नानार्थ विशेष महत्त्व त्यसै संक्रान्ति (माघे संक्रान्ति) मै छ । हिंड्ने दिनको निधो भइसकेको चार दिन अगाडि साइकलमा आरुढ एक किशोरको वेहोसीले त्यो द्विचक्रीको धक्का लाग्दा भुइँमा लडी घुँडा ठोक्किंदा हिंड्न मुस्किल हुने स्थिति आइलाग्यो, तथापि हिंड्ने प्रबल इच्छा रोक्न नसकी जनकपुरका तीर्थ-यात्रीसँग मिसिन तम्सियो यो पंक्तिकार । यसैबेला विश्वहिन्दु महासंघको अधिवेशनको निम्तो प्राप्त भयो गोरखपुर जान । काठमाण्डूदेखि गोरखपुरसम्म एउटै बसको व्यवस्था हुँदा त्यसमा चढ्न पुग्यो यो निमन्त्रित पनि । बसभित्र उक्त महासंघका सम-विषम-लिङ्गी सदस्यहरूसँग परिचित भई मधुर वार्ताक्रमका साथै शास्त्रीय गन्थन-मन्थनहरू निकै भए । सबभन्दा स्मरणीय छ-विदुषी 'पीताम्बरा' दहालको रुचिकर प्रस्ताव, जुन अनुसार संस्कृत श्लोकमा अन्ताक्षरी लड्नुपर्थ्यो र जसले गर्दा मौनमा आस्थित बसभित्रको वातावरण यज्ञशालाझैं संस्कृतका श्लोकोच्चारणले गुन्जायमान भयो । सबै आइमाईका कोकिल कण्ठ एकातिर यो एक्लै एकातिर भएर अभिमन्यू-युद्ध लड्नुपऱ्यो । यसैले हराएको चाहिं यो संझदैन, कतिपल्ट उनीहरूले हराएको बरु संझन्छ- तथापि हारजीतको कुराभन्दा ती श्लोकहरूले वर्षाएको रस वर्षा नै विशेष वरणीय थियो । जसले गर्दा साहित्यको त्यो समूर्त क्षेत्र जस्तै भो ।

उसै दिन राति नौ बजे झिलिमिलि झल्किएको गोरखपुर पुगियो । 'शैपू' - रामेछाप निवासी, मित्रवर, श्री बाबुराम पौडेल पनि त्यसै हूलमा हुनुहुन्थ्यो र गोरखपुरमा उहाँले दिनुभएको अविस्मरणीय साहचर्य एवं सहयोगले गोरखपुर को तीन दिने बसाइ महँगी र शीतलहरका प्रबल झोक्काको अविरल सामना गर्नु परे पनि एकांकीपनको वेचैनी थाहा भएन । धार्मिक संघको छन्द पनि राजनैतिक छन्दै रहेछ । ठूल-ठूला धनाढ्यहरूको सहयोगबाट चलेको अधिवेशन हुनाले खानपानादिको व्यवस्थाचाहिं राम्रो थियो- अन्य प्रबन्धका हकमा जुत्ता खोलेर बस्नुपर्ने राम्रै कुरो हो, तर जुत्ताको रक्षागर्ने प्रबन्ध नहुनु मूर्खता हो, फलत: टाढाटाढाबाट आएका नारीहरूका मूल्यवान् नयाँनयाँ जुत्ता चोरिए एवं यस पंक्तिकारको जुत्ता पुरानै भए पनि, न चोरिइरहेन । दु:ख र द्रव्यको हानि परदेशमा परिहाल्यो । धार्मिक होइन, राजनैतिक जस्तो वातावरणले निर्विरोधको अवस्था पाउनुभयो कृष्ण गोपाल टन्डनले र पुन: उहाँ नै त्यस महासंघको अध्यक्ष हुनुभयो । यो पंक्तिकार र यो जस्तै अरू नेपाली साथी गोरखपुर हेरेर फर्के मात्र नबोल्न पाए मञ्चमा । 'उक्त संघ सम्बन्धी मेरा अनुभवहरू निकै छन् ।' यसै कारण मैले पाणिनि पुरस्कारसमेत पाएको छु ।

तेस्रो दिन अयोध्याको बाटो गरी उसै बसबाट प्रत्यावर्तन शुरुभयो । सन्ध्यामा श्रीरामको राज्याभिषेक भएको राजधानी नगरी अयोध्या जराजीर्ण रूपमा रामको विरहमा झैं मलीन देखिन्छन् र त्यसरात त्यहींको बाबरीमस्जिदका विरुद्ध लड्ने शिवसेनाको दुर्भेद्य दुर्गका धर्मशालाहरूमा बासभयो । नि:शुल्क भैकन मीठो सह भोजन "सह नाववतु सह नौ भुनक्तु, सह वीर्यं करवावहै, तेजस्वी नावधीतमस्तु मा विद्विषावहै" यो वैदिक मन्त्रको उच्चारणसाथ पाइयो र विशाल कक्षमा पंक्तिबद्ध शयन गरियो । खाएको भाँडा आफैंले माझी स्वावलम्बनको मधुरशिक्षा पनि लिइयो । भोलिपल्ट सोमवारेऔंसी परेकाले ब्रह्ममुहूर्तमा नबोलीकन

सरयूमा स्नान गर्ने सौभाग्य प्राप्तभयो । त्यसपछि प्रात:कालमा श्रीराम जानकीको दर्शन गरी रामजन्म भूमिमा भएको सैनिक पहराको घेराभित्रबाट पुगी दर्शन गरी रमाइला साथीहरूसँग रमाइलो गरीगरी कृष्णनगरको बाटो फर्किई नारायणघाटबाट छुट्टिई यो अकेला पंक्तिकार जनकपुरतिर लाग्यो- तर छुट्टिंदाछुट्टिंदै यसो पनि भनेको थियो यसले-

"छुट्टिएर म जाँदैछु मन राखी यतातिर,
क्षमा दी दोषमा माया गुण संझी हवोस् स्थिर"

शीतलहरी पूरै महिना अविरल रहिरह्यो -सूर्य कस्ता हुन्छन् थाहा भएन, अन्धालाई झैं धेरैदिन । अपशोच गङ्गासागर जाने बस पनि रोकिए शीतलहरीले । २०५४ सालको पुषे शीतलहरी तराई बासीले भोगे, काठमाण्डू उपत्यका निवासीले होइन । यो मांसपीण्डलाई रेलद्वारा लगी गङ्गासागरमा चोवल्ने साहस आएन तापनि मानस स्नान त भई नै गयो । साइकलको धक्का लाग्नु नै यात्रा पूर्ण हुँदैन भन्ने संकेत दैवले दिएको रहेछ, के बुझ्नु अदना मानिसले । बरु बुझ्दछन् यस्ता संकेत पशुहरू । यो अधूरो यात्रा पढ्नेहरूको कुनै पनि यात्रा अधूरो नहोस् भन्ने कामना राख्नै यो कलम यहीं थामिन्छ । शुभमस्तु .....

**- डिल्लीबजार, घट्टेकुला**


हिन्दूहरूको महान चाड दशैं र तिहारको शुभ उपलक्ष्यमा समस्त कृषक, उद्यमी एवं शुभेच्छुक महानुभावहरूमा मंगलमय शुभ-कामना व्यक्त गर्दछौं । साथै यस बैंकले कृषक वर्गको हितलाई ध्यानमा राखी लागू गरेको 'सुधार कार्यक्रम २०५४' अन्तर्गत निम्नानुसार व्यवस्था गरिएको हुँदा सोबाट लाभान्वित हुनुहुन सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

- मासिक रूपमा व्याज बुझाएमा बुझाएको व्याज रकममा १० प्रतिशत छूट दिइने व्यवस्था गरिएको छ ।
- भाखा नाघेको सम्पूर्ण साँवा व्याज बुझाएमा बुझाएको व्याजमा बढी छूट पाउने व्यवस्था गरिएको छ ।
- भाखा नाघेको सम्पूर्ण साँवा व्याज बुझाउन नसक्नेहरूका लागि आंशिक रकम बुझाएमा पनि छूट दिई बाँकी रहेको ऋणको भुक्तानी कार्यक्रम संशोधन हुने व्यवस्था गरिएको छ ।
- लगानीमा बाँकी रहेको ऋणमा साधारण, मध्यम वा अधिकतम व्याजदर लाग्ने सम्बन्धमा कृषक/उद्यमीमा नै निर्भर रहने व्यवस्था छ ।
- ग्राहक सुरक्षण कोषको व्यवस्थाबाट कृषक/उद्यमीलाई आफ्नो गाउँघरमै बैंकिङ सुविधा प्राप्त हुने र उक्त कोषमा जम्मा गरेको रकममा समेत बैंकले १० प्रतिशत व्याज दिने व्यवस्था गरेको छ ।
- २०५५ साल साउन १ गतेदेखि व्यक्तिगत ऋणको व्याज दरमा १ प्रतिशत घटाइएको छ ।

कृषि विकास बैंक परिवार ।



२०५५
विजया दशमी तथा दीपावलीको
शुभ उपलक्ष्यमा
हाम्रा समस्त ग्राहक तथा शुभचिन्तक
महानुभावहरूमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**ग्रामीण आवास कम्पनी लि.**
श्रीमहल, पुल्चोक
ललितपुर



२०५५
विजया दशमी तथा दीपावलीको
शुभ उपलक्ष्यमा
हाम्रा समस्त ग्राहक तथा शुभचिन्तक
महानुभावहरूमा मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**सुरज रोडा उद्योग**
**परिवार**
मडाहा, टिकुलीगढ, रुपन्देही



# रेलको झ्यालभरिको संसार

✍ भीष्म उप्रेती

रातभरिको घनघोर निन्द्रापछि आँखा खुल्छ। बिहानको साढेपाँच बजेको रहेछ । मान्छेहरू सुतिरहेका छन् आ-आफ्नो सिटमा । फाट्टफुट्ट उठेका मान्छेहरू बाथरूम जाने-आउने गर्दैछन् । रेल गुडिरहेको छ एकनासले ।

रेल गुडिरहेको छ एकनासले । रेलसँगै रेलकै दिशातिर भएर मेरो उमेर पनि गुड्दै गइरहेको छ र अनुभूति भने रूखबाट खसेका पात झैं मभित्रभित्रै थुप्रिदै गइरहेको छ - मेरो प्राप्ति भएर । रेलगाडी बाहिरको उज्यालो बन्द गरेको सानो झ्यालबाट भित्र पस्ने अथक प्रयत्न गरिरहेछ बलपूर्वक कहिले यो छेउबाट र कहिले उ छेउबाट । तर त्यसलाई नदेखे झैं गर्छन् सबैले । आधाघण्टा पुगनपुग बित्छ यत्तिकै र त्यसपछि अर्को सिटको मित्र उठेर झ्याल खोल्छन् । विहानको रमणीय उज्यालो हाँस्दै पस्छ र सुतिरहेकाहरूलाई काउकुती लगाउँछ । मेरो सिटको छेउमा राति कतिबेलादेखि एकजना आएर बसिरहेका रहेछन् सानो नानीलाई काखी च्यापेर । म आफ्नो सिट उनलाई छाडिदिन्छु ।

अनुभव गरिरहेछु आज शरीर एकदम स्वस्थ र स्फूर्ति पनि छ हिजोभन्दा । सम्झनामा एकपल्ट हिजोका यावत् घटनाहरू आउँछन् र पुनः एकपल्ट थकाइको अनुभूति गराउँछन् । दिउँसो गोरखपुरको रेल स्टेशनमा झण्डै पाँच घण्टा समय घोर निराशा, छटपटी, उत्सुकता र थकावटले थिचिएर बिताउनु परेको थियो । अहमदाबाद जाने टिकट प्राप्त गर्न गर्नुपरेका कठीन प्रयत्नहरूले र काला मान्छेहरूको एकोहोरो आवाज र कोकोहोलोको तँछाडमछाडले थकित् पारेको क्षण । सम्झन्छु फेरि भोग्न नपरोस् । काउण्टरमा बसेका रेल कर्मचारीहरूको अनुहार र टिकट प्राप्त गर्नको लागि रु. १०/- घुस दिँदाको क्षण । कस्तो भद्दा भएर बस्छ आँखामा । जीवनमा पहिलोपल्ट घुस ख्वाइयो हिजो भारतमा आएर ।

गोपी र म दुईजना नेपालीहरू भारतीय रेल यातायातको साबरमती एक्सप्रेस नामको रेलयात्रामा छौं यतिबेला । हिजो अपरान्ह चारबजेतिर यो रेल चढेका हामीले अहिलेसम्ममा रेलमै झण्डै चौध घण्टा बिताइसक्यौं थाहै नपाइकन । अझै करीव दुईदिन यो क्रम चलि नै रहने छ । त्यसैले त्यति हतार पनि छैन र छटपटी पनि छैन ।

मेरो जीवनमा यो पहिलो रेलयात्रा हो । पहिलोपल्टमै लामो यात्रा हुने भो रेलमा । एक किसिमको उत्साह, आनन्द र व्यग्रताले भरिन्छु म । राति कहाँ कहाँ रोकियो रेल र कुन कुन स्टेशन छुट्यो, मलाई थाहा छैन । अहिले कहाँ गुडिरहेको छ त्यो पनि थाहा छैन । तर थाहा पाउने उत्सुकता भने उही गतिमा बढिरहेको छ ।

त्यही सानो झ्यालबाट एक चोइलो घाम पनि छिर्छ र छेउको खाली सिटमा आएर बस्छ । अचम्म ! उसको आगमनले यहाँ कसैलाई केही फरक पर्दैन । मान्छेहरू घामसँग यति अभ्यस्त भइसकेका छन् अब ऊ आउनु र जानुले कसैलाई केही फरक पार्दैन । जहिले आउने घाम पनि उही घाम र जहिले जाने घाम पनि उही घाम । न कुनैदिन कुनै नयाँ खुशी लिएर आउँछ, न जाँदा केही दुःख लिएर जान्छ । बस् आउँछ हेर्छ मान्छेका पीडा र कष्टले भरिएका उदास दिनहरू र जान्छ इख्याएर । स्वार्थी घाम, बरू अलिकति आयु पो निचोरेर लान्छ जाँदाखेरि । के पुछ्नु त मान्छेले उसलाई ।

रेल रोकिन्छ केहीबेर । रेलभित्र चहलपहल अरू बढ्छ । झाँसीको रेल्वे स्टेशन विशाल रहेछ । झाँसीको देशप्रेम र साहसको ऐतिहासिक घटना सम्झन्छु एकपल्ट । प्लेटफर्म बाहिर निस्कन्छु र एक चक्कर लाएर फर्कन्छु ।

फेरि कुद्छन् दृश्यहरू । बाटो कुद्छ । नयाँ ठाउँमाथि हाम्रा उत्सुकताहरू पनि सल्बलाउँछन् र बग्न थाल्छन् । म झ्यालसँगै बस्छु । त्यही सानो झ्यालबाट सारा उत्सुकताहरूलाई बाहिर खेल्न पठाइदिन्छु । अब त्यही सानो झ्यालभरिको संसार मेरो देख्ने, खेल्ने र हाँस्ने-दुख्ने संसार भएको छ । म रेलको झ्यालभरि अटाएको भारतलाई पन्ना पन्ना पल्टाउँदै पढ्न थाल्छु ।

झाँसीबाट छुट्ने बित्तिकै भारतको उत्तर प्रदेश सकिन्छ र मध्यप्रदेश शुरू हुन्छ । मध्यप्रदेशमा प्रवेश गरेदेखि नै मनभित्र खेलिरहेको विहार र यू.पी.को काल्पनिक र संभावित आतङ्क र त्रास पनि छोडिन्छ र ढुक्कको न्यानोले लपेट्छ ।

काँसघारीजस्तो बाँझो भू-भागले छेक्छ बाटोलाई । बाटोसँग कुद्नैपर्ने बाध्यता छ दायाँबायाँ नहेरी । बग्गीको घोडा

झैं भएको छ बाटो । स-साना पहाडी थुम्काहरू भने रूख बिरूवाको नाममा केवल बुट्यानहरू उमारेर बसिरहेका छन् मुक, दृश्यपटबाट पछि हट्दै जान्छन् । गेग्रान र धारिला चट्टानहरूमात्रै देखिन्छन् जताजतै । बाँझो जमीन आँखाको आयतनभरि अटाउँछ कतै कतै पानीका स-साना दहहरू देखिए पनि अधिकांश त सुक्खा लाग्छ यो ठाउँ । जैविक विविधता सम्बन्धी कार्यशाला गोष्ठीमा भाग लिन जाँदै गरेका हामीलाई यी दृश्यहरू चाखलाग्दा र अनौठा बन्दै जान्छन् ।

ठाउँ ठाउँमा पुराना खबटाले छाएका छाप्राहरू । ढल्न ढल्न लागेका छाप्राहरू । हुनसक्छ, हाम्रो भक्तपुर शहरजस्तै कुनै ऐतिहासिक महत्त्व राख्दा हुन् अथवा हुनसक्छ, चीरकालदेखिको गरीबीको यतिलामो विज्ञापन गरिसक्दा पनि आजसम्म कसैको ध्यान नपुगेको होस् ।

ललितपुर । साइनबोर्डका अक्षरहरू पढ्ने वित्तिकै शरीरमा रोमान्चकता थपिन्छ । यहाँ पनि रहेछ ललितपुर । रेल्वे स्टेशनमा रोकिएको बेलामा मलाई पाटनढोका अथवा लगनखेलतिर कतै भएजस्तो लाग्छ । यो लाग्नुले मात्र पनि आनन्द र तृप्तिको तहमाथि उकाल्छ । आफ्नो भनिएको कुराको महत्त्वै अर्कै ।

हरियाली आएर बस्छ आँखामा । हरिया बालीहरू आउँछन् । कतै कतै रङ्गीन फूलहरू भेटिन्छन् । तर सब क्षणिक । दुःखी मान्छेहरूको आँगनमा झुक्किएर पुगेको खुशीजस्तो, पानीको फोकाजस्तो । त्यसपछि फेरि उही मरूभूमितुल्य भूमि । उदास सिउँदो झैं बाँझो भूमि । उही सुख्खैसुख्खा र गरीब गाउँलेहरू । जमीनमै टाँसिएको छ मान्छेको जीवन यहाँ । जमीनकै रङ्गका छन् मान्छेहरू । उदास आँखा टाँसिएको छ अनुहारमा । उनीहरूलाई हेर्दा लाग्छ-जीवनमा कहिले मुस्कुराए होलान् यिनीहरू । आँखामा यही एकसुरको निरस र पट्यारलाग्दो दृश्य मात्र बस्न थालेपछि म भारतीय जनजीवनको आर्थिक असमानताको भयङ्कर दूरीलाई ठम्याउने प्रयत्न गर्छु । कठै ! कहालिलाग्दो देखिन्छ त्यो ।

रेल रोकिदै गुड्दै गर्न थाल्छ । वातावरण र अनुभूतिले वैराग्य थप्दै लगेको बेला यसरी जथाभावी रेल रोकिन थालेपछि झन् दिक्दारी थपिन्छ । तर रेल गुडेको बेलामा भने दृश्यहरू बदलिन्छन् । तर गरीबीको विद्रुप रूप बदलिदैन । उदासी र वैराग्यको फुस्रो रङ्ग बदलिदैन । छाप्राछाप्रीले भरिएका आदिवासीका गाउँहरू । खुट्टाभरि ठूलै अपराधीलाई लगाइएको जन्जीरजस्तो ठूला ठूला कल्ली लगाएका आइमाईहरू । नाङ्गै घुम्दै गरेका माटो रङ्गका केटाकेटीहरू । हिन्दी हो कि जस्तो आफ्नै बोलीमा कुन्नि के के बोल्छन् उनीहरू । खवटाजस्तो अनुसार र कुपोषणले खाएको शरीर । कठै । यस्तो पनि मान्छेको जीवन । के मान्छे आँसु पिउन र दुःखको अथाह कोर्रा खानमात्र जन्मन्छ ? मान्छे सपना र आकांक्षाका इन्द्रेणी रङ्गसँग उज्यालिनको सट्टा भोकसँग पौंठेजोरी खेल्नमात्र जन्मन्छ अथवा मान्छे केवल मृत्यु कुर्नलाई मात्र जन्मन्छ ? श्रेष्ठताको उन्मादले मात्तिदै गरेको मान्छेको फेरि यस्ता निरीहता । म विचलित हुँदै गएको अनुभव गर्छु आफूलाई । गोपी पनि उनीहरूलाई नियालेर हेर्दै भन्नुहुन्छ - 'कस्ता सारसका जस्ता खुट्टा हगि ! ऊ त्यो चाहिँ अलि तरुनी हो कि । यहाँ त तरुनी पनि चिन्न गाह्रो, सबै उस्तै ।' म अझै नियालेर हेर्छु उनीहरूलाई । उनीहरूमा कहिले 'उमेर' आउला र जाला । चिम्सा र फुस्रा आँखामा सपना फुल्ला कि नफुल्ला सोच्न थाल्छु ।

समय गुड्दै जाँदा जब करोंदा नामको एउटा रेल्वे स्टेशन पार गर्छ तब केही राम्रो ठाउँ आएर बस्छ रेलको झ्यालमा । ठूला ठूला गह्राहरूमा हरिया बालीहरू र काम गरिरहेका मान्छेहरू देखिन्छन् । ठाउँ ठाउँमा कुल्कुलाइरहेका कुलाहरू, पानी जमेका खाडलहरू र चिसो माटो देखिन्छ । फुस्रो उदास वैराग्यको रङ्ग हावामा हराउँदै जान्छ र क्रमशः उज्यालो गुलाबी रङ्ग वातावरणमा फैलन थाल्छ । मनले अलिकति फैलने ठाउँ पाउँछ अब । त्यो उदासी, त्यो निर्जीवपन । झण्डै रहरहरूको मुर्दा व्यहोर्नुपरेथ्यो ।

रेलभित्र व्यापार पनि चल्छ । बेला बेलामा चिया बोग्दै आउँछ मान्छे । बेला बेलामा खाना बाँड्दै पनि आउँछ । रेलभित्र वल्लोकोठा, पल्लोकोठा यात्रुहरू राम्रै छिमेकी भइसकेका छन् । आउँछन्, गफ गर्छन् र अलिकति समयलाई बगाएर जान्छन् । वातावरण आफ्नै किसिमको छ यहाँ ।

साबरमती एक्सप्रेस यतिन्जेलसम्ममा पूरै लोकल भएको छ । नेपालमा व्यङ्गपूर्वक बोलिने 'नेपाली समय' जस्तै यो रेलले पनि 'भारतीय समय' को उदाहरण प्रस्तुत गरिरहेको छ । बिना भन्ने ठाउँमा धेरैबेरसम्म रोकिएपछि रेलको यो लापर्वाहीप्रति हामी क्षुब्ध हुन र छट्पटिन थाल्छौं । हामीलाई त भोलि दशबजे अहमदावाद पुग्नु छ । तर यो रेललाई शायद हतार छैन । भारतमा यतिका वर्षहरूको लामो प्रयत्नपछि पनि स्थिरता, आर्थिक बृद्धि र जीवनस्तर समग्रमा माथि उठ्न नसकेको शायद यस्तै कारणले पनि होला । मनोबृत्ति र मानसिकता अझै पनि कतिपय ठाउँहरूमा दरिद्र नै भेटिंदोरहेछ यहाँ ।

अब चाहिँ जति फड्को मार्छ बाटोले, त्यति नै आकर्षण

थपिएको अनूभूति हुन्छ । खेलका विशाल गह्राहरू । ट्रेक्टरको प्रयोग । खेतका आलीभरि हरिया रूखहरू । खेत खेतमा बिजुलीबत्तीको सुप्रबन्ध । सफा सुग्घर वातावरण । केही घण्टा पहिलेको दृश्य र अहिलेको दृश्यबीच आकास जमीनको फरक छ । जसले अहिलेका दृश्यहरू र सम्पन्न भारतको सुविधा भोगेर बसेको छ उसले त्यो अकल्पनीय गरीबी भारतकै यथार्थ हो भनेर सोच्दैन शायद र ती जो त्यो क्रूर जिन्दगी भोगिरहेका छन् तिनीहरूलाई भारतको सम्पन्नता र वैभवको न कल्पना होला न महत्त्व नै । यो स्वतन्त्र भारतको एक झलकमा देखिएको सानो चित्र हो, जसलाई मैले रेलको सानो झ्यालबाट खिचेर हृदयमा राखेको छु ।

अशोकनगरमा पुग्दा नपुग्दा गोधूलिको सुनौला रङ्गसँग भेट हुन्छ । बाटो, रूख, घरहरू, खोला सर्वत्र स्वर्णिम गोधूलि छरिएको छ र गोधूलिले माझिएको हरेक दृश्य झनै मनोहर बनेको छ । हाम्रो आँखा, उत्सुकता र दृश्य पनि माझिन्छ गोधूलि किरणले । गोधूलिले छोइएका हरेक कुराहरू जीवन्त र अनुभूतिमय बन्दै गइरहेकै बेलामा गोधूलि आफूचाहिँ विस्तारै टाढिदै जान्छ साँझ र अँध्यारो रात छोडेर हामीलाई । बांठो गोधूलि, केहीछिनको लुटुपुटु र माया त रात जिम्मा लाउन पो रहेछ । हामी सोझा मान्छेहरू एकपल्ट फेरि फँस्छौं रातको गहिरो कालिमामा ।

ब्यूँझदा हरेक कुरा नयाँ भइसक्छ । बाँचेको दिन, आँखाको ज्योति, परिवेश, अनुभूति गर्ने मुटु, यात्रा हरेक कुरा नयाँ भइसक्छ । यो नयाँको भ्रमको लागूले दूनियाँ बेहोश छ । हामी पनि यही भ्रम बोकिरहेका छौं ।

सुन्दरता सापेक्ष कुरो हो । जब अर्को बस्तुको अस्तित्व छैन तबसम्म हरेक बस्तु सुन्दर हुन्छ । म अहिले झ्यालबाट बाहिर मान्छेहरू हृष्टपुष्ट र उज्याला देखिरहेको छु । हरिया बोटविरूवाहरूमा, पातहरूमा, मान्छेका आँखा र अधरमा खेलिरहेको घामको विहानी किरण देखिरहेछु । म हिजो अस्तिका उदास अनुहारहरू र दृश्यहरू पनि सम्झिरहेको छु साथसाथै । त्यसैले आजका हरेक कुराहरू सुन्दर र आकर्षक बन्दै गइरहेका छन् मेरो लागि । म आकर्षण र सौन्दर्यको बीचमा छरिदै र फैलिदै गइरहेको छु ।

रेल फेरि रोकिन्छ र गुड्छ । मेरो अनुभूतिमा लेखिन नयाँ पाना थपिन्छ । ठूला ठूला घरहरू, स्कूल र पार्कहरू । फूलका रङ्गीन बोटहरू, लहराहरू र रातैराता फुलेका फूलहरू । झ्याम्म हरिया रूखहरू । म एकाएक काठमाडौं पुग्छु र त्यहाँ बितेका मेरा रमणीय दिनहरूको अनुभूतिभित्र हराउँछु । सम्झन्छु- फूल र मान्छेको सम्बन्धको अनौठोपन ! हरियो रङ्गसँग मान्छेको हृदयको सम्बन्धको अनौठोपन । फूल र मान्छेको कोमल भावना ।

तर तेस्रो विश्वको विशेषता यहाँ पनि छ । ठूला र भव्य घरहरूसँगै उठ्ने प्रयत्न गरिरहेका झुपडीहरू । यी ठूला घरहरूको सम्पन्नतालाई, वैभव र व्यवस्थिततालाई यी झुपडीहरूले व्यंग्य गरिरहेका छन् । म देख्दैछु - झुपडीहरू उठ्न सकेका छन् छैनन् तर अग्ला घरहरूको गर्व र दम्भलाई भने झुकाउन समर्थ छन् ।

शहर हात फैलाउँदै आइरहेछ । राक्षसले जस्तो मुख बाउँदै आइरहेछ अहमदावाद । उसको बाहुवन्धनभित्र, उसको ठूलो पेटभित्र बिस्तारै गाउँहरू पस्दै र हराउँदै गइरहेछन् । सपनाहरू पस्दै र हराउँदै गइरहेछन् । कत्रो उत्साह र उत्सुकता बोकेर आएका बाटाहरू पस्दै र हराउँदै गइरहेका छन् । म यतिबेला अनुभूतिशून्य भएको छु । चुपचाप नियाल्दैछु हरेक क्षण र घटनाहरूलाई शहर झन् झन् ठूलो मुख बाउँदै आइरहेछ । म उसका आँखामा अनौठो भाव देख्छु तर मसँग बोल्नलाई शब्द छैन यतिबेला । म आफूभित्र एक किसिमको रोमान्चकता, त्रास र दुविधा बढ्दै गइरहेको आभास पाउँछु ।

रेलगाडी बिस्तारै अघि बढिरहेको छ । - झापा


२०५५

विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

---

**वालप्रसाद शाही**

(प्रधानाध्यापक)

तथा

**श्रम राष्ट्रिय मा.वि.**

कुमारीगाल, काठमाडौं

# पाटलीपुत्र, अर्थात् पटना

✍ मनु ब्राजाकी

२५ सापूर्व छैठौं शताब्दीदेखि गुल्जार ।
नगर पाटलीपुत्र । शहर पटना ।

यो महिमाशाली नगर जसलाई सम्राट अजातशत्रुले राजगीर भनेर आफ्नो राजधानी बनाएका थिए । जहाँ द्विजेतर महाप्रतापी सम्राट नन्दको जगजगी थियो । सम्पूर्ण ब्राह्मण समर्थित क्षेत्रीय राजाहरू उनको पाउको शरणमा थिए । पछि यहींबाट मौर्य गणका कुमार चन्द्रगुप्तले आफ्नो विशाल साम्राज्य निर्माण गरे, विष्णुगुप्त चाणक्यको सहयोगले । सिक्रन्दर महान्का प्रतिनिधि सेल्युकसले समेत पाटलीपुत्रको प्रतापसामु घुँडा टेक्नुपरेको थियो । यहीं अशोक भए - भारतका विख्यात् बौद्ध सम्राट । बौद्ध धर्मले जरा हाल्यो, फुल्यो, फल्यो र चौतर्फी फस्टायो । वीणाको तार न धेरे कसियो, न धेरै खुकुलो पारियो । बौद्ध धर्म र संस्कृतिको मधुर सङ्गीतले चारैदिशा झङ्कृत भयो ।

अन्तिम मौर्य सम्राट आफ्नै महामात्य ब्राह्मण पुष्यमित्रद्वारा घोषणा गरियो- 'जसले मलाई एउटा बौद्ध श्रमणको टाउको काटेर देला त्यसलाई म एक सय स्वर्ण-मुद्रा दिनेछु ।

अनि त बौद्ध विहार र संघारामहरूमा रक्तपात मच्चिन थाल्यो । चतुर्वर्ण व्यवस्था फेरि कायम गर्न थालियो । बौद्ध धर्म नेपाल, तिब्बत, श्रीलङ्का, चीन, जापान, अर्थात् भारतको सुदूर पूर्वउत्तर भूभाग र दक्षिणपूर्वी एशियामा मात्र बाँकी रह्यो । गौतम बुद्धको जन्मस्थल हुनाले हो कि भारतको यति निकट हुँदा पनि नेपालमा बौद्ध धर्म जीवित रहिराख्नु सुखद् आश्चर्य नै हो ।

आज भारतिय इतिहासमा पढाइँदैछ, भारतको दुःखका दिन र पराजयको कारण बौद्धधर्मको अहिंसा, सत्य र समानताको अव्यावहारिक सिद्धान्त थियो । तर साँचो कुरा के हो भने भारतको स्वर्णकाल बौद्धकाल नै थियो ।

पछि यो पाटलीपुत्र मुगलकालमा आजिमावाद भन्ने नाउँले बिउँझ्यो । शेरशाह सूरीले यसको पुनः निर्माण गराए । सत्रौं शताब्दी ई. सन्देखि नै यो एउटा व्यापारिक नगरको रूपमा विकसित हुन थालेको थियो । अंग्रेजहरूको पालामा आएर यो अजिमावादबाट पुनः पाटलीपुत्रकै अपभ्रंश पटना हुन पुग्यो । त्यसैबेला अंग्रेजहरूले यहाँ अन्न भण्डारका रूपमा गोलघरको र सार्वजनिक उद्यानका रूपमा पटना-लनको निर्माण गरे । यै पटना-लन आज गान्धी मैदानको नाउँले प्रसिद्ध छ । काठमाडौं टुँडिखेल जस्तै ।

छेउमै आड लिएर बग्ने गंगानदीले यस सहरलाई अनेकौं पटक आफ्नो बलौटेगर्भमा लुकाएको छ । आज त्यस पटलीपुत्रको कुनै अवशेष यहाँ देखापर्दैन । केही सम्झनाका टुक्रा-टाक्री बाँकी छन् भने ऐतिहासिक यात्रा-वर्णनहरूमा अथवा जादूघर (पटना म्युजियम) मा ।

पटना । विहारको राजधानी । भारतको एउटा मझौला खालको शहर । म जनकपुरबाट आएँ - भिठ्ठामोड, सीतामढी, मुजफ्फरपुर र पहलेजाघाट हुँदै । अनि स्टिमर धमिलो पानीमा पौडिदै बाँसघाट (पटना) आइपुग्छ । २७ गते असार २०३३ साल वि.सं.मा ।

आफू भारततिर नआएको चार-पाँच वर्ष भइसकेको थियो । श्रीमती इन्दिरा गान्धीको शासनकाल चलिरहेको थियो र साथै आपत्कालीन व्यवस्था पनि चलिरहेको थियो । तर क्यान्सरको बीरामी लिएर आउनुपर्‍यो । भिठ्ठामोड (नेपाल-भारत सिमाना) आइपुग्दा सर्वप्रथम मलाई भारतीय बसहरूमा लेखिएका नारा देखेर नौलो लाग्यो । 'परिश्रमके सिवा और कोई रास्ता नहीं है', 'अनुशासन ही देशको महान् बनाता है', 'बातें कम काम ज्याद', 'अफवाहें फैलाना अपराध है' इत्यादि । संभवतः यस्ता र यी जस्ता नाराहरू सबै देशमा हुन्छन् । किनभने सबै देशमा सरकारहरू हुन्छन् र जनता पनि ।

पटना-४ । क्यान्सर इन्टिच्युट ..... आउट डोर .... डाक्टर्स चेम्बर .....डीप एक्स-रे ..... कोबाल्ट-६०.... .शुभ्र नर्सहरू.....पेसेण्ट कार्ड .....खैनी खाने से मुँह में क्यान्सर होता है.....शहाबाद जिल्लाका गाउँलेहरू खैनी माड्दै गरेका..... आप कहाँ से आए हैं ? ..... नेपाल से, जनकपुर

! ....अच्छा, अच्छा, जानकी जन्मभूमि.... आपके यहाँ कैन्सरका इलाज नहीं होता है ? ....उत्तर नकारात्मक ....लाइन लगाइए, आपका कार्ड कहाँ है ? .... इमरजेन्सी चालू .... डाक्टरहरूको प्राइभेट क्लिनिक बन्द .... बीस सूत्री कार्यक्रम .... हेड अफ द डिपार्टमेण्ट डा. ए. डि. सिंह ..... गम्भीर शान्त मुद्रा ..... गरीबी हटाओ....भई, अब तो समाजवाद आया ही समझो .... हाँसो - जोडदार, बिस्तारो, रुञ्चे ... अप्सरा टाकिज, महमूद प्रजेण्ट्स - 'सब से बडा रुपैया' .... द होल थिङ इज दैट कि भैया सबसे बडा रुपैया !

आएको चौबीस/पच्चीस दिन हुन आँट्यो । क्यान्सर इन्टिच्युटमै केही नेपालीहरू भेटिए । खुशी लाग्यो, दुख्ख सहित । कोही विराटनगरबाट आएका, कोही काठमाडौंबाट, कोही गुल्मीबाट । एक दिन एकजना कलेजियट नेपालीसित भेट भयो । खुशी लाग्यो, अचम्म पनि । उपदेश दिन थाले । बडो व्यावहारिक उपदेश थियो । तपाईंहरूले पनि लाभान्वित हुनुपर्छ । के ठेगाना ? कहिले क्यान्सरले समात्ने हो र पटना पुऱ्याइदिने हो ! (स्थानीय समाचार-पत्र 'प्रदीप' ले पनि लेखेको रहेछ - नेपालमा क्यान्सरका रोगीहरूको बृद्धि !) उनले मलाई साउती गर्दै भने - 'हेर्नुस्, यहाँ नेपाली भनेर चिने भने त ठगिहाल्छन्, अस्पतालदेखि बजारसम्म । तपाईं हामी त नेपाली जस्तो लाग्दैनौं, हिन्दीमा बोल्न थाल्ने हो भने ।'

हिन्दी, हिन्दुस्तानी, इण्डिया र इण्डियनहरूको आपना स-साना छिमेकीहरूप्रति देखाइने उच्चताभासपूर्ण व्यवहार मेरालागी कुनै नौलो र सोचनीय कुरा होइन, तर यी महोदयको लघुताभासी व्यवहार भने मलाई दिक्कपार्ने खालको थियो । आफू ननिहुरी अरूले ड्याक्न सक्तैन । उनले बिर्से, भारतजस्तो विशाल देश टुक्राटुक्रामा छरिएर निहुरिंदै नगएको भए सानो ब्रिटेनले ड्याक्न सक्थ्यो र ?

अत: उनी सम्पूर्ण भारतीयहरूलाई ठग बनाएर मसित निरन्तर हिन्दीमा बोलिराख्थे, शुद्ध गोर्खाली लयमा । र त्यसै हुनाले एउटा रिक्सावालले उनलाई गान्धी मैदानबाट जादूघर (म्युजियम) पचहत्तर पैसाको सातो दुई रुपियाँमा पुऱ्याइदिएछ । तर म मूर्ख भने उनीसंग हिंड्दा उनको उत्कृष्ट व्यवहारवादी उपदेशलाई बिर्सेर उनलाई खिज्याउन जोसुकैसंग पनि नेपालीमा कुरा गर्न खोज्थें । मैले यसो गर्दा उनको मुहारमा भगवान् बुद्धको झैं करुणा उम्रेर आउँथ्यो । अनि मलाई नबोल्ने आदेश दिएर आफ्नै गोर्खाली लयमा हिन्दी बरबराउन थाल्थे ।

म अन्तर्राष्ट्रिय पोशाकमा छु । फेसन पनि छ । कपाल केही लामै छ । जुँघा केही घोप्टिएर ओठका दुबै कुनातिर झुण्डिएकै छ । पटनाको 'भद्रलोक' झैं मगही पानको बिडा चपाएकै छु । सबै ठिकठाक छ । एउटा रिक्सामा चढ्छु । अलि पर गएपछि रिक्सावालाले सोध्छ - 'किधर चलें, बाबूजी ?'

'बस चलते चलो । घूमना है ।'

'कहीं तो जाएँगे ।'

एक बजिसक्यो । टण्टलापुरे घाम छ । ट्राफिक पनि उतिसारो छैन ।

'आपको घूमना है बाबूजी तो हम अपना कलउ खाइलेते हैं ।'

'हाँ-हाँ, खाओ । चलो इसी बहाने तुम्हारा घर भी देख लेंगे ।'

'हमारा घर तो दरभंगा जीला है, बाबूजी ।'

'अच्छा तो यहाँ होटल में खाते हो ? '

'जी ! '

उसले जस्तो होटेलमा लिएर जान्छ त्यो देखेर म सोच्छु यो विशाल देशमा आउने समाजवाद कतै मजस्तै आगन्तुक त हुनेछैन । केही दिन निरुद्देश्य डुलेर फर्की जाने ।

यो होटेल होइन । न 'ढाबा' जस्तै छ । सडकको खुला पेटीमा एउटा मैलो झुत्रे लुगा लामो बाँसको क्प्टेरोमा बाँधी घाम छेलेर एउटी बूढी बसेकी छे । अगाडि छिटीमा कुनै सस्तो अन्नको सातु चुल्याएर राखिएको छ । मेरो रिक्सावालाले एक रुपियाँको सातु किन्छ । पातमा राख्छ । पानीले भिजाउँछ । डल्लो पारेर नून-खुर्सानीसित निल्न थाल्छ । प्याज माग्दा बूढीले दिइन । कसरी देओस् ? उसको गुज्रान पनि यै एक छिटी सातुले हुन्छ । उसलाई थाहा छ, रिक्सावालाले प्याजको टुक्रा फोसा मागेको हो । रिक्साको गद्दामा बसेर म उसले खाँदै गरेको हेरिरहेको छु । एक्कासि मैथिली र हिन्दीका साहित्यकार नागार्जुनको उपन्यास 'बरुण के बेटे' सम्झिन्छु । कतै यो पनि माझी त होइन ? उपन्यासको नायक-पात्र खुरखुन, कतै यसको पनि नाम

खुरखुन त होइन ।

उसले खाइसक्छ । हाम्रो रिक्सा फेरि गुड्न थाल्छ । गान्धी मैदाननेर आउँदा म देख्छु -एउटा विशाल पाँचतारे होटेलको निर्माण हुँदैगरेको । मेरो यस रिक्सावाला खुरखुनले खाएको होटेल त सधैं बिहान तयार हुन्छ र राती भत्किन्छ ।

म रिक्सावालालाई सोध्छु - 'तिम्रो नाम खुरखुन हो, भैया ?'

'रामखेलावन, बाबूजी !' - ऊ हाँस्छ ।

उपन्यासबाट बिउँझेर म पनि हाँस्न खोज्छु ।

'तिम्रो जिन्दगीको जालमा माछा पर्छन् ?'

'हम त पेटक जालमे पडल छी, मुदा ई सब किएक पुछ रहल छी ?'

म केही जवाफ दिन सक्तिनँ । तर ऊ भन्दैजान्छ । उसको एउटा गाउँ थियो । घर थियो । केही कट्ठा जग्गा थियो । अब जग्गा रहेन । पटना छ र छ मालिकको रिक्सा । सरकारले रिक्सावालाहरूलाई आफ्नो नीजी रिक्सा किन्न रिणको व्यवस्था गरेको छ । व्याज-दर र किस्ताबन्दीको अवधि तिर्न सकिने खालको छ । नौ सयसम्ममा एउटा नयाँ रिक्सा पाइन्छ । धेरैले किनिसके । यसले किन्न सकेको छैन । आशा छ । यहाँका रिक्सा चढ्ने मध्यमवर्गीय र निम्न मध्यमवर्गीयहरूको पनि गुनासो छ- आफ्नो रिक्सा भएदेखि यिनीहरू अटेरी भएका छन्, मनपरी भाडा माग्छन् ।

रिक्सा गुड्दैछ । राजेन्द्रनगर । आर्यकुमार रोड ।

राम खेलावन भन्छ - 'पोहर साल यी सबै घरहरूको तल्लो तला बाढीले डुबेको थियो । सडकमा डुंगा चल्छे ।'

पटनाको भीषण बाढीवारे पोहरसाल मैले पनि भारतीय पत्र-पत्रिकाहरूमा पढेको थिएँ । अहिले यो ट्राफिकले भरिएको सडक देखेर अनुमान लगाउँदैछु, कस्तो थियो होला त्यो दृष्य ? अनुमानले के थाहा हुन्छ र ! आफू नडुबी भुमरीको प्रताप कसले थाहा पाएको छ र ? मानिसहरूको यो अपार घुइँचो, जसले अहिले सडक ढाकेको छ , कसरी त्यसबेला डुंगा, छत र कौशीमा अटायो होला ? पाटलीपुत्रलाई विदेशी आक्रमणले भन्दा आपनो छेउमै बग्ने नदीले बढी बरवाद पारेको छ ।

रिक्सा गुड्दैछ ।

यहाँ मोटरहरूले भन्दा पनि रिक्साहरूले नै सडक भरिएको हुन्छ । एक्जिभिसन रोडबाट फ्रेजर रोडतिर, अनि एउटा गल्लीजस्तो सानो सडकमा प्रवेश । अलि पर गएपछि अग्ला-अग्ला ताड बृक्षहरूको छत्रछायाँमा ताडकै पातले छाएका तीनवटा झुपडीहरू । झुपडी अगाडि माटाका भुँड्काहरू । भुँड्काहरूमा दूधझैं सेतो तरल ताडी भरिएको । पटना सहरबीच आफूले नदेखेको गजवको दृष्य थियो त्यो । अनि इन्दिरा गान्धीको यस्तो इमरजेन्सीको बेलामा । आकर्षक । चित्ताकर्षक । नेपाल छोडेदेखि ठर्रा सेवन गर्न नपाएको यो क्षणभङ्गुर मानव देह । गोजी चाउरिएको हुनाले 'अंग्रेजी शराव की दुकान'मा पस्ने औकात थिएन । न ता कुनै होटेलको बारमा छिर्ने हिम्मत नै थियो ।

भोलिपल्टै ताड बृक्षको छत्रछायाँमा शरण लिन पुगें । त्यहाँ ताडरस, अर्थात् ताडी सेवन गर्न बसेका मैलाधैला मजदूरवर्गले मलाई शंकालु नजरले हेऱ्यो - पोलेस्टरको प्याण्ट र टेरिकटनको सर्टले गर्दा ।

'क्या देख रहे हो, साहव ?' एउटा हनुमान जस्तो मजदूरले सोध्यो ।

'सोचा, आप लोगों के साथ मैं भी वैठ जाउँ ।'

मैले संकोचसाथ भूमिका निर्माण गर्न थालें ।

'हाँ-हाँ, बैठो । पीना है ? उसले एउटा झिल्ली कुरुम्-कुरुम् पार्दै खुल्लम् खुल्ला सोध्यो ।

'कब्ज बडा परेशान कर रहा था, सोचा.....'

'अरे इस में सोचने की क्या बात है । नशा तो देता ही है, दस्तावर भी है । फल का रस ही तो है ।'

कब्जियतले सताएकै थियो र नशाहीनताले पनि । यसर्थ पेटभरि खाएँ । सस्तै रहेछ । जनता-वियर ।

'अंग्रेजी दवाखाना' र 'अंग्रेजी शराब' । अंग्रेजी शब्दले भ्रममा नपर्नु होला । अंग्रेजी दवाखानामा भारतीय एलोप्याथिक औषधिहरू नै पाइन्छन् र अंग्रेजी शराब भनेको भारतीय डिष्टिलरीद्वारा नै उत्पादन गरिएका रक्सी हुन् । अंग्रेजी शब्दपछाडि यति नै इतिहास होला, के भने, भारतमा एलोप्याथी चिकित्सा प्रणालीको प्रचार-प्रसार अंग्रेजहरूद्वारा नै भयो र अंग्रेज महाप्रभुहरूद्वारा सेवन गरिने डिस्टिल्ड एण्ड बोटल्ड रक्सीलाई सर्वसामान्यद्वारा 'अंग्रेजी शराब' भनिन थालियो होला । जेहोस्, अहिले भने आफूलाई पनि हेवर्डस् ह्विस्की महाप्रभुहरूले खाने 'अंग्रेजी शराब' नै भएको छ ।

अत: पटना प्रवासकालभरि म जनता-वियरकै शरण परिरहें ।

आज २०३३ सालको साउने संक्रान्ति ।

एलफिन्स्टन सिनेमा हलसामु उभिएको छु । ठेलगाडाहरू छन्, अनुकूल मौसमका फलहरूले भरिएका । चिनीयाँ बदामवाला। आइसक्रिम-कुल्फीवाला । फुरन्दानावाला । तासको खेल देखाएर

दन्तमन्जन बेच्नेवाला । सिंगै तरवार निलेर पेट ठटाउँदै पैसा माग्ने चटकी । युनिफर्म लगाएर सेण्ट जोजफ कनवेन्टतिर जाँदै गरेका स्कूले नानीहरू । कोही रिक्सामा, कोही स्कूल बसमा, कोही कारमा र कोही आफ्नै खुट्टाको भरमा । ड्रेन पाइप सुधार हुँदैछ । सुलभ शौचालय तथा स्नान । पटना नगर निगम । पटना नगर आपका है इसे साफ-सुथरा रखें । फुटपाथमा फिंजाइएका सेकेण्डह्याण्ड टेक्स्ट बुक । ठेलागाडामा सजाइएका- फिल्मी सितारोंका लोकप्रिय एलबम, सचित्र काशमिरी कोकशास्त्र, सिन्दाबाद जहाजी, सुहागरात की रसभरी कहानियाँ, देवर-भाभी के किस्से... । हथुवा मार्केट । बाकरगन्ज । सब्जीबाग । पवित्र हिन्दू होटल - प्रो. परसराम मिसिर । मछली एक रुपया पिस । केला रुपए दर्जन । चावल (भात) अस्सी पैसे प्लेट । अन्दर केबिन में चलिए, साहब - शक्तिरस, सोमरस, मधुरस । जी नही, साहब - ये शराब के नाम हैं । आयुर्वेदिक दवाका लेबल झूठा है । बेदाना अनार छ रुपया किलो । अघाएका मुस्कानहरू बीच भोकाएका रुन्चे अनुहार । खुदाबख्स ओरियण्टल लाइब्रेरी । समाज अध्ययन संस्थान । केवल यहीं पेशाव करें अन्यत्र नहीं । टेम्पो पछाडि लेखिएको - 'बेबी ट्याक्सी ।'

के यो शहर पनि उस्तै छ जस्तो सबै सहरहरू हुने गर्दछन् ? सडक छ । घुइँचो छ । ठूला-ठूला बिल्डिङ्हरू छन् । साना-साना झुपडीहरू छन् । पोश एरिया छन् । सवर्बन स्लम्स् छन् र सेठ छन् । मजदूर छन् । सिनेमा हलहरू छन् । स्कूल-कलेज छन् । वेश्याहरू छन् । राजनीतिज्ञहरू छन् । साहित्यका, कलाकारहरू संगै फुटपाथहरू छन् । बस, यस्तै-यस्तै । समानता नै समानता । तर असमानता अथावा अर्को शब्दमा भन्ने हो भने विशिष्टता त्यस सहरको सांस्कृतिक उपलब्धिमा हुन्छ जुन उसले आफ्नो विगतमा समाजार्थिक उत्कर्षबाट प्राप्त गरेको हुन्छ । पाटलीपुत्रका कैयौं उत्कर्षकालहरू बलौटे बगरमा परिणत भए ।

भाइ आएन । घर फर्किनु छ । फर्किदा पनि स्टिमरमा चढेरै त्यै नदीको छातीबाट गुज्रिनु पर्ला जसले पाटली पुत्रलाई यति धेरै पटक निल्यो कि त्यो पाटलीपुत्रबाट अजिमाबाद र अजिमाबादबाट पटना भएको छ ।

हिजो भाइ आयो । आज म फर्किदैछु । महेन्द्र घाटको एउटा कुल्लीले गाएको हो कि कराएको सुन्दैछु - 'अरे भाई, ये है पटना, दिन-रात खटना, पीछे नहीं हटना !'

९/५/०५५ भैंसेपाटी, ललितपुर


विजयादशमी २०५५ को शुभ उपलक्ष्यमा

**साझा प्रकाशन**

देशका समस्त बुद्धिजीवी, लेखक, साहित्यकार, कलाकारहरूमा बुद्धि र ज्ञानको ज्योति फैलाउन मंगलमय शुभकामना व्यक्त गर्दछ । त्यसका लागि हाम्रा प्रकाशनका निम्निलिखित पुस्कतहरू साझा प्रकाशनका केन्द्रीय, क्षेत्रीय, मुख्यशाखा, शाखा कार्यालयहरूमा खोजी खोजी पढौं ।

| पुस्तकको नाम | लेखक | मूल्य |
|---|---|---|
| १. पागल बस्ती (उपन्यास) | -सरुभक्त | रु. १०९/- |
| २. नेपालको समीक्षात्मक इतिहास | -डा. श्रीरामप्रसाद उपाध्याय | रु. १६०/- |
| ३. विसर्जन (कथासंग्रह) | -लोकेन्द्रबहादुर चन्द | रु. ८४/- |
| ४. एउटा पुरानो घर (उपन्यास) | -शङ्कर कोइलाला | रु. ७०/- |
| ५. कर्णाली प्रदेशको मध्यकालीन इतिहास | -डा.राजाराम सुवेदी | रु. १६३/- |
| ६. देश परदेश (यात्रा निवन्ध) | -कुमार ज्ञवाली | रु. ४५/- |
| ७. सिपाही र जुलुस (कथासंग्रह) | -देवीप्रसाद सुवेदी | रु. ६२/- |
| ८. रचना र माध्यम (समालोचना) | -अभि सुवेदी | रु. ७५/- |

**साझा प्रकाशन, परिवार**



विजया दशमी तथा दीपावली

२०५५ को

पुनीत उपलक्ष्यमा समस्त

देशवासीमा हार्दिक मंगलमय

शुभकामना व्यक्त गर्दछौं।

प्रो. संसाद अलि

**सनराइज रोडा उद्योग**

मडाहा, टिकुलीगढ, रुपन्देही



# कहिले आउला त्यो दिन !

✍ मञ्जुल

एक दिन मलाई एकजना सुन्दरी स्वास्नी मान्छेले आफ्नो घरमा खाना खान बोलाइन् । उनी त्यही विश्वविद्यालयको त्यही विभागमा पि. एच. डी. को लागि अध्ययनरत थिइन्, जुन विश्वविद्यालयको जुन विभागमा बसेर पि. एच. डी. गर्दै गरेका अर्का साथीलाई म सघाउँदै थिएँ ।

यी स्वास्नीमान्छे मिलनशील छिन्, विनम्र छिन् र रानी जस्तै धनी छिन् भनेर त्यो विभागमा सबैले भन्थे । नभन्दै घुम्दैफिर्दै क्यालेण्डरमा बसेको त्यो दिन आइपुग्यो जुन मैले उनको हार्दिक निम्तोलाई स्वीकारेको थिएँ ।

अत्यन्त राम्रो उनको कार । आफ्नो छेवैको अगाडिको बस्ने ठाउँमा राखिन् तिनले मलाई । उनी गाडी हाँकिरहेकी थिइन् र उनको सम्मानित पाहुना म प्रशन्न भएर कुरा गरिरहेको थिएँ । को बढी विनम्र हुन सक्छ ? हाम्रो होडबाजी चले जस्तो थियो । तर यिनी यति स्वभाविक, यति शिष्ट थिइन् - मैले झल्यास्स संझें, 'घोडाहरू होडबाजी गर्छन्, कलाकारहरू सिर्जना ।' तिनी स्वाभाविक रूपले शिष्टताको सिर्जनागर्ने कलाकार थिइन; म कवि । मैले सहज रूपमा आफ्नो शरीरले आराम गरेको अनुभव गरें । तिनी धनी स्वास्नीमान्छे जस्तो पटक्कै देखिन्नथिन् । शायद तिनी ढोंग विनाको धनी थिइन् । एकदम सहज, एकदम साधारण, अत्यन्त घनिष्ट साथी जस्तो ।

कार गुडिरहेको थियो । हामी एक अर्काको संस्कृतिको बारेमा, साहित्यको बारेमा, साहित्यकारहरूको बारेमा कुरा गरिरहेका थियौं । आफ्नो कला साहित्यप्रति प्रेम प्रदर्शन नगर्ने कुनै धनी मान्छे हिंस्रक जनावर जस्तो मलाई लाग्छ; खुंखार डाकु जस्तो । यही कुरा हो, जो अरू देशमा र मेरो देशमा खुबै फरक देख्छु म । हाम्रा देशका राजा महाराजा, सेठ र सामन्तहरू लेखक, कवि, कलाकारहरूको संग्रहालय बनाउन, प्रतीमा स्थापना गर्न, तिनीहरूको जयन्ती मनाउन, तिनीहरूका कृतिहरू प्रकाशन गर्न, तिनीहरूका कृति र तिनीहरूका बारेमा ज्ञान राख्न कत्ति पनि उत्सुक देखिंदैनन् । यिनीहरू त कवि लेखकहरूलाई नोकर संझन्छन्, आफ्नो प्रशंसा र प्रसस्ती लेखाउने; कलाकारहरूलाई साधन संझन्छन् मनोरञ्जन दिलाउने । त्यसैले मलाई हाम्रो देशका धनीहरूलाई संझदा अत्यन्त विरक्त लागेर आउँछ । यिनीहरू त कुनै व्यवस्थाका कुनै निरङ्कुश शासक जस्तो आफ्नै प्रशस्ती लेखाउन, आफ्नै प्रतीमा स्थापना गराउन, आफ्नो जन्मदिन भव्य रूपले मनाउन चाहन्छन् । गरीब दुःखी जनतालाई यिनीहरूले दिनसम्म दुःख दिएको हुन्छ, देशलाई लुट्नसम्म लुटेको हुन्छ, गर्नसम्म कुकर्म गरेको हुन्छ तर यिनीहरू आफूलाई कुनै महापुरुष झैं चित्रण गराएर बखान लेखाउन चाहन्छन् । भैगो यिनीहरूको कुरा नगरौं । नेपालमा पनि एकदिन त्यस्तो दिन आउला जुन दिन निरङ्कुश शासकहरूको होइन जनप्रिय कवि, लेखक, कलाकार, समाजसेवी, वैज्ञानिक, विद्वान र देशभक्तहरूका प्रतिमाहरू देखिएलान् । अहिले जस्तो सडक सडकमा मूर्ति चोरहरूको बिगबिगी होइन, निर्भिकतापूर्वक सडक र पार्कहरूमा कलाकृतिहरू सजिएका दिनहरू आउलान् ।

यी स्वास्नीमान्छे बसेको ठाउँ अत्यन्त सुन्दर थियो । आँखाले भ्याउने भन्दा कता हो कता जग्गा जमिन, ठूलो समिल, कृषि फार्म, तालको अगाडि उभिएको सुन्दर दरबार । उनको घर भित्र पस्दा मलाई दरबारभित्र पसेजस्तो लागेन, घरभित्र पसेजस्तो लाग्यो । अत्यन्त शान्त । हामी सरासर उनको पुस्तकालयमा गयौं । ओहो ! कत्रो ठूलो पुस्तकालय । मैले केशर शम्शेरलाई संझें । मलाई केशर पुस्तकालयभित्र पस्दा पनि आनन्द लाग्छ चाहे त्यो यो जति ठूलो भलै नहोस् ।

उनले सत्रौं शताब्दीको एटलास निकालिन् । एसिया महादेशको मानचित्र पनि मैले देखेभन्दा कस्तो कस्तो ! कठैबरा । मेरो देशै रहेनछ त्यहाँ । मलाई त्यो एटलाससँग झनक्क रीस उठ्यो । 'त्यहाँ नभए पनि यहाँ छ' । मैले आफ्नो छातीको त्यो भागमा औंला राखें, जहाँ मेरो मुटु थियो । हामी दुवैजना हाँस्यौं । नयाँ मानचित्रमा भने मेरो देश मुसुक्क हाँसिरहेको थियो ।

समय थाहै नपाई चिप्लेर गयो । त्यहीं बसेर हामीले कफी पियौं । कुरा गऱ्यौं । जब दुई व्यक्तिमा मित्रता हुन्छ तब एक अर्कोप्रति कत्रो विश्वास, कति मीठो शान्ति, कति स्वादिलो निर्भरता, कति मनमोहक आनन्द र सबभन्दा मीठो कुरा त कति सुन्दर सदव्यवहार !

केही समयपछि उनका श्रीमान् आए । उनी त झन्

मलाई मनपर्ने खालका रहेछन् । मजस्तै गायक दुईटा क्यासेट उपहार पाइहाले मैले । सरस्वती र लक्ष्मी एकै ठाउँ बस्दैनन् भन्छन् हाम्रो देशमा एकदम झुट !

हामी तीन जना भान्सामा गयौं । स्वीडेनको खाना मलाई मन नपर्ने हो कि भनेर पिरिदै थिए दुवै । तर मलाई भने उनीहरूको घरको वातावरणै मगमगाइरहेको थियो । उनीहरूले झन् माया गरेर दिने खानाको त कुरै नगरौं । मैले जसरी खाए पनि हुने - हातैले खाए पनि हुने, मुखै खोलेर खाए पनि हुने । तर मलाई भने अब यी दुवै कुराहरू त्यति समस्याका थिएनन् । मलाई के चाहिं एकदम राम्रो लाग्यो भने मलाई बोलाउनुभन्दा पहिल्यै मेरो बारेमा जानकारी राखिसक्ने कति मीठो स्वभाव उनीहरूको ।

खाना खाइसकेपछि अत्यन्त विनम्रतापूर्वक विदा मागेर श्रीमान् आफ्नो काममा गए । यी स्वास्नीमान्छे एक्लै एकान्तमा बसेर धेरै कुरा गर्न चाहन्थिन्, म सुन्न ।

यिनका तीन जना छोराहरू रहेछन् । अत्यन्त मायालु । दुईटाको बिहा भइसकेछ । एउटाकी केटी साथी रहिछन् र अहिले पढ्दै रहेछन् । तीन जना छोरा, तिनका तीनैजना जीवन साथी घरमा थिएनन् । दुईजना छोरा र तिनका श्रीमतीको बारेमा तिनले भनिन्, 'दे लिभ अन दिएर ओन ।' आफ्नै कमाइ खाने, अर्काको कमाइ नखाने । विचरा सानो छोराले चाहिं अहिलेसम्म उनीहरूको कमाइ लिदै रहेछ तर 'बिहेपछि म पनि तपाईहरूको कमाई खान्नँ है आमा ! आफ्नो सम्पत्ति के गर्ने हो, कृपया सोच्नोस्' भनेर मनभरिको माया पोखिसकेको रहेछ ।

विचरी यी स्वास्नीमान्छेको दिल रोइरहेको थियो । कहाल्ली कहाल्ली रोइरहेको थियो । आफूले सम्मान गरेका पुर्खाहरूको सम्पत्ति, आफूले दुःख गरेर कमाएको सम्पत्ति वेवारिस हुने हो कि ? 'म कसरी यसलाई सदुपयोग गर्न सक्छु मञ्जुल ?' तिनी अदृश्य हातले मेरो कठालामा समातेर मलाई झकझक्याइरहेकी थिइन् । तर मलाई स्वीडेनको बारेमा कम जानकारी थियो, म के सल्लाह दिन सक्थें र ? एक फोक्टो बारी र एउटा साधारण घरसम्म नभएको गरीब कवि ! भने- 'कुनै विश्वविद्यालयलाई दिनोस् ।' 'लिन मानिदिए त हुन्थ्यो ।' तिनले लामो सास तानेर भनिन् ।

मैले त्यतिबेला अंश दिएनन् भनेर आमा बाबु काट्ने बहादुर नेपाली छोराहरू सम्झें, आफ्ना छोराछोरीलाई अंश ठग्ने पुरुषार्थी नेपाली बाबुआमालाई सम्झें । पैतृक सम्पत्तिको अंश हामीले पाउनु पर्छ भनेर लडिरहेका नेपाली छोरीहरूलाई सम्झें । लोग्नेले पनि लिन नपाओस्, छोराहरूलाई पनि अंश दिन नपरोस् भनेर पेवा, दाइजो, राख्ने नेपाली महिलाहरूलाई सम्झें । अंशकै किचलो गरेर जिन्दगीभर बाझिरहने सहोदर दाजुभाइहरूलाई सम्झें । नेपालमा पनि कहिले आउला 'आफ्नै कमाइ खान्छु, अर्काको कमाइ खादिनँ' भन्ने र सुन्न पाउने दिन ! अनि संसारमा कहिले आउला ती स्वास्नीमान्छेले पनि त्यसरी पीर नगर्नु पर्ने दिन !


२०५५

विजया दशमी तथा
दीपावलीको पुनीत
उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं

**जिल्ला विकास समिति**
**कालिकोट**



२०५५

विजया दशमी तथा
दीपावलीको पुनीत
उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं

**मेयर** तथा
**गुलरिया नगरपालिका**
**बर्दिया, गुलरिया**



# ठेचोको बिहान र ठैवको साँझ

✍ युवराज नयाँघरे

काठमाण्डौका चारै दिशामा पहाडी बुर्जा र त्यसमाथि खापिएका बादलका सेताम्मे चँदुवा । र, ती प्रत्येक पहाडी बुर्जामुनिको जीवन-संसारलाई अघाउञ्जेल हेर्न आकांक्षा अद्यापि सारसौंदो छ, मरेको छैन । अगाडि खोलो पछाडि भड्खालो जस्तो दिनचर्यामा खाल्डोको दैनन्दिनी कटिरहेछ । वरिपरिका पहाड हेर्ने हुटहुटी अग्लिरहेछ ..... अग्लिरहेछ ।

तर तारतम्य मिल्यो - हामी बरालिन लाग्यौं दक्षिणतिर ।

कलंकीबाट लगनखेल पुगुन्जेलसम्म भनेजस्तो निर्णय न ज्ञानुले लियो न मैल । मात्र जाने ठाउँको सोचमा दुबै भयौं चुइँक्क बिहीन चुप । र, त्यत्तिकै सरासर उक्ल्यौं चापागाउँ जाने कोप्चो भ्यानमा ।

निकै बेरसम्म भ्यानमा कुर्चा खाएपछि, वाहन बत्तियो दक्षिणतिर । अनि पो ज्ञानेन्द्र विवश फुसफुसायो - 'ठेचोमा दही खान जाने !'

भ्यान रिङरोडको सुकिलो मोड काटी भ्वाङ - भड्दालोतिर बेगिन थाल्यो । खाल्टाखुल्टी र पीच उक्किएको सडक नालीभन्दा भिन्न थिएन ।

एक ठाउँमा जोल्टिङमा परी मेरो ओठ सामुन्नेको सिटमा रगडिन पुग्यो । तोरीको फूल मात्र होइन फलै देखें मैले ।

'यो बाटो हो कि बगर ?' ज्ञानु जर्कियो ।

पछाडि एउटी नवविवाहिता सुन्दरी थिइन् । घरीघरी हेर्थिन् घडी । स्थिति हेर्दा, पतिको आश र सासूको त्रासमा परेकी हुनुपर्छ । तिनले राताओठबाट यी शब्द जन्माइन् - 'याँ' त बर्खामा खोलो कुद्छ ।'

अट्टालिकाहरू पातलिदै र झिंगटीहरू बाक्लिदै गएको देख्छु । घाम उक्लेर बीचको भागमा पुगेको छ । अत्यासलाग्दो छ असारको गर्मी ।

भ्यान बत्तिएको बत्तियै छ थोरै यात्रुसहित । नभन्दै मकैबारीको घाँच, दीनहीन बस्ती र सम्पन्नताको चपेटोमा च्याप्टिदै थिल्थिएर बाँचेको प्राचीन नगर ठेचो पुगिएछ तालु पिल्सिँदो रापिलो बिहानीमा नोट खलासीका हातमा थमायो ज्ञानुले । हामी बरालसिङहरू, प्रश्न हुर्काएर आँखामा-खोज्न थाल्यौं निकासा ।

गाउँको जिन्दगीमा एकदिन आफूलाई रुझाउन र समाहित गराउन हामी ठेचोतिर हुर्रिएका थियौं, त्यसैले मनपरी डुल्नै थियो - मनमथिङ्गल घोल्नै बाँकी थियो ।

ललितपुर जिल्लाको दक्षिणी भागमा अवस्थित ठेचो अर्वाचीन संक्रमणमा परेको छ । प्राचीनताको गर्व-गुमानमा इतिहास कतै थन्काएर बसिरहेको यो शहरमा पहिला छेलोखेलो हुन्थ्यो रे दूधदही । अहिले नि ? वन मासियो, घर ठडिए, बस्तुभाउ पाल्न छोडिए अनि ....! हामी पनि फुस्रा ओठमा ठेचो वरपर रल्लिन थाल्यौं । दही त फुस्सा !!

सकसकी छ हृदयमा । ज्ञानु बिस्तारै पश्चिमतिर लर्किन्छ । मचाहिं ठेचो बजारैभरि भनेजस्तो देखिएका छिपछिपे र दलदल अवस्थामा रहेका पोखरीहरूको विसम्भार अनि गणना गरिरहेथें ।

पानी नपरेर सुत्लिएका मकै पनि खङ्ग्रङ थिए । धानका बीउ पहेलिदै थिए । खेतका गरा देखिन्थे जर्जर, जर्कटो ।

टारजस्तो ठाउँमा सियाँलपारि उभियोभित्र । छेउमा एक नेवार बूढा थिए - एक्लै टोलाइरहेका । परपरसम्म खेतका तरेली, निकै परबाट उठेको तरुनीका छातीजस्ता दुई थुम्का, अनि स्वात्त परेर गएका डोल खेतहरू, फेरि फुल्चोकीको पश्चिमी फेर पारी आएका थुप्रै ढिस्काहरू - बस्तीहरू, वनबुट्यान एकपछि अर्को ओइरिन थाले आँखामा ।

भिरालोको फेंदीमा रहेको पनेरामा आइमाइहरू लुगा धुँदै थिए । पानी खाने मन थियो तर उकालो उकल्ने हैरानीमा तिर्खा मऱ्यो त्यसै त्यसै !

'घुम्न आएको मान्छे एकै ठाउँमा गज्मौरिएर हुँदैन' मैले भनिनसक्तै ज्ञानु पूर्वतिर हुर्रियो । हामी पीच सडक छोडेर एकोहोरो पूर्व नै हानियौं - गाउँले गोरेटोतिर ।

एउटा छाता, दुईजनालाई थेग्न हम्मेहम्मे । फेरि बाटो छ खार्दाखार्दा एकबित्ते मात्र भएको खिरिलो आली । पञ्चमीका

पाइला सारे भैं गति छ हिंडाइको । निकै तलदेखि खारिएका आली हुनाले सन्तुलित रूपमा नहिंडे खुर्मुरिने भय छ चर्कोचर्को ।

ज्ञानुले भन्यो - 'नयाँघरे, हामी कस्तो बहुला मान्छे ! शनिवारको दिन दुनियाँका मान्छे सपरिवार मीठो मसिनु, जुराएर खाइपिई रमाइरहेका छन्, हामीलाई चाहिं किन यस्तो तालु फुट्ने टन्टलापुर घाममा डढी-डढी हिंड्नुपर्ने । हामी अव्यवहारिक 'जन्तु' हौं ।'

प्रत्युत्तरमा फिस्स हाँसे म । हुँडलो मभित्र पाकिरहेथ्यो ।

हो, ज्ञानु ठीक भनिरहेछ । तर हामी लेख्ने मान्छेहरू ! लेख्न जीवनलाई परिश्रमी बनाउनु पर्छ । आज कल्पित लेख्ने ढोंगीहरूको फुर्तीफार्ती छ । आज भ्रमणलाई 'कोशक्रम' मा पढ्नेहरू नै भूमण्डल घुमेको तर्क तेर्साउँछन् । तर हामी त्यस मनचिन्तेका पक्षधर होइनौं । यात्राजन्य अनुभूति समेटी शाश्वत साहित्य लेख्ने आकांक्षा लहलह छन् हामीभित्र अर्थात् ज्ञानुभित्र, मभित्र ।

अहो, निकै हिंडिएछ । खेतका आली, मकैबारी, टारबारी, गरैगरा धेरै छिचोलिएछ ।

खेतको बीचमा आएको ढिस्कोमा सुस्ताइयो एकछिन । पसिना खल्खल्ती आए । हामी पूर्वतर्फ देखिएका तीन थुम्कालाई आँखा गाडिरहेथ्यौं ।

रुखपातको बुटोसम्म नभएको फाँट सिद्धिएपछि झ्याम्म छहारीमुनिको गोरेटो हुँदै बाक्लिंदै गएको झाडीसँगैको बाटो हिंडिरह्यौं हामी । भक्तपुर, काठमाण्डौ र ललितपुरका सेपिला बस्तीहरूमा चितुवाले मान्छे मारेको समाचारको पाठक भएको छु धेरै पटक । त्यसैले पनि बाँसझाड्मुनिको सियाँलमा ज्ञानु बस्ने भन्दै थियो, मैले मानिनँ - अहँ पटक्क मानिनँ ।

भिरालो हुँदै अग्लिएको ठूलो सडक पानी सुकेको कुवा र तपतप पानी खसिरहेको धारोमा पुग्यो । धारोमाथिको मूर्तिमा लगाइएको रातो सिन्दुर प्रसाद स्वरूप शिरमा राख्दै र ओठ भिजाउँदै रमाइलो बस्तीमा पुगियो - जसलाई झरुवारासी भन्दारहेछन् ।

मकैबारी बीचका फुसका घरहरू आइजाइको क्रममा थिए । आइमाईहरू डोकामा घाँस कोच्दै नानीलाई छाती चुसाउन हतारिएको देखेपछि मैले मेरी स्वर्गवासी आमालाई झलक्क सम्झन पुगें । पारिवारिक सम्पन्नताको स्पर्श नपाउनुभएकी मेरी आमाका बर्स्यौंटे सात सन्तान अहिले यस संसारको दशदिशामा छरिएका छौं हामी ।

चौर आयो । केटाकेटीहरू कुन्नि के कुरामा अत्तो थापी झगडिंदै र खेल्दै थिए । घामको गर्मी मधुर रंगमा ओर्लियो ।

सामुन्ने सल्लाघारीको सुसाइ हावामा बत्तिरहेथ्यो । हामी एकछिन रमायौं - अघि परबाट देखिएको थुम्कोको सट्टा अर्को हरियोपरियो डाँडो देखेर । बसिरहन मानेन मन, खुट्टा लम्किहाले ।

डाँडाको फेंदीबाट मोटरबाटो उत्तर हुईंकियो । हामी उक्ल्यौं, पूर्वी मोहोडाको गजधुम्मे उकालो ! चढ्ने त आँट गरियो तर पाइला सरेका होइनन् । बाटो उकालो, खुर्मुरिने भिरालो, सल्लाका पातको चिल्लो - चिप्लो र एकदमै ठाडो डाँडो हुनाले मलाई हम्मेहम्मे पऱ्यो । अगाडि खोलो पछाडि भड्खालोको जस्तो स्थितिमा लम्किरहेछु म ।

निकैबेरको प्रयत्नपछि डाँडाको टाउकैमा पुगियो । शिरमा समथर र पूर्वतर्फ गोदावरीका रमाइला बजार बस्ती परिदृश्य सजाएर डाँडो हाँस्यो । आनन्दीलाई अँगालेर थचक्क बसे हाम्रा ज्यान । नांगो डाँडोलाई गाउँलेहरूको बीसवर्षे मिहिनेत र स्याहारसंभारले यो भरिलो रूप प्राप्त गरेको रहेछ ।

डाँडैडाँडा उत्तर लाग्यौं हामी । एकजोडी युवायुवती संसार भर्सेलै परोस् भनी आलिङ्गनमा निमग्न भेटिए । तिनका छेउमा पुगेपछि युवक किशोरीका कुचमर्दनमा झन् कम्मर कसेर लाग्यो ।

ज्ञानु फुस्फुसायो - 'यही गति हो भने कन्याका छातीलाई पर्यटक उड्ने बेलुन बनाउनेछ यो लबर पाँडेले ।'

सावधानीवश हाँसें म खितित्त ।

थुम्काको थाप्लैथाप्ला हुँदै उत्तरतिर हामी लम्किरहेका छौं । सल्लाको चीसो हावा फोक्सोमा हुली-हुली हुर्दुराइरहेका छौं हामी । घाम हेऱ्यो हिंड्यो, घडी हेर्ने फुर्सदै कहाँ र ? खुट्टाभन्दा आँखा धेरै हिंडिरहेछन् !

डाँडाको उत्तरी भाग सिद्धिने छनक देखियो भिरालो भागसँगै खेतबस्तीको सुरम्यता तेर्सिएर । हो, ओरालो उभियो । लगलगी खुट्टा कमाउँदै ओराली झरिरहेछु म । ज्ञानु त फर्लङ-फर्लङ अघि नै तल झरेर हात पो हल्लाउँदै रहेछ । मोरो, भीर बाँदर जस्तो चाँडो ओर्लन्छ, उक्लन्छ हँ ?

अघि फेंदीमा छोडिएको बाटो आयो र पूर्वतिर हानियो ।

दुई थुम्काका चेपमा तीनचार घर, पसल र बोर्डिङ्ग स्कूलको पोस्टर टाँसिएको आँखामा ठोकिए ।

फेरि ठडियो थेप्चो थुम्को बाक्लो जङ्गलसहित । हाम्रा खुट्टा त्यतै लहसिए अर्थात् उकालोतिर । बाटामा मूर्ति विहीन सन्तोषीमाताको मन्दिर देखियो । मन्दिर देखेपछि भोक जाग्यो । निकै उक्लिएपछि झरुवारासीका अर्जुन जी.सी. भेटिए, धेरै कुराकानी भए ।

अघिको भन्दा यो थुम्को मलाई विशेष मन पऱ्यो । पूर्वमा फुल्चोकीको बादलु पहाड, पश्चिममा पुरानो ठेचो शहर, दक्षिणमा चापागाउँ - बज्रबाराही र उत्तरमा सन्तानेश्वर महादेव रहेको लोभलाग्दो डाँडो यहाँबाट छर्लङ्ग देख्न सकिंदो रहेछ । असाध्यै चीसो बतासको हुल कुहिरोसँग फुल्चोकीको घना वनमा आइजाइ गरेको दृश्यमा विमुग्ध भएँ म । कुहिरो बिरबिर खस्थ्यो, बादलको त्यो फुसफुसाइमा हामी पनि उड्यौं ।

अबडेखबडे, चेप्टिला र योनि- उत्तेजित शिश्न आकारका ढुंगाका उरुडखात टेक्तै हामी उत्तरतिर हिंडिरहेका छौं । बाक्ला अनि बाटुला खालका पात भएका पोथ्रा छिचोल्दै डाँडाको फेरो नापिरहेका छौं निरन्तर ..... निरन्तर ..... ।

भोकले भुँडीमा बलक्क-बलक्क उफ्रिने गतिमा तीव्रता ल्याइरहेछ । फेरि आयो सल्लाघारी । सल्लाघारीमा ज्ञानुको छैटौं इन्द्रिय अघिको दृश्य संझन पुगेछन् । उखरमाउलो ओकल्यो - 'यतिन्जेलमा त्यो भालुथुनेले किशोरको शिवलिङ्गलाई रकेट बनाई कतिपटक चचहुई गरिसकी होली !'

अहिले भने आँत रमाउने गरी हाँसें म । हाँसोले रन्क्यो रनवन । यतिन्जेलमा थुम्कोको आकार घट्तै गइरहेथ्यो । यसरी बिना बित्थामा भौंतारिएको सम्झी आफैंलाई लबिधरे भन्न पुगें म ।

अब फेरि ओह्रालो । कस्तो झोंज - झाडी । लौ, म त लडें .... लडें ..... !! ज्ञानु बारीको तल्लो डिलमा पुगेर खित्काइरहेछ । जुत्ताको सोल खिइएर चिप्लो न चिप्लो भइरहेछ । लितिलिति चिप्लिरहेछ एकोहोरो । वनबुट्यान समात्दै, खुट्टा कमाउँदै म ओरालो झरिरहेछु । खुट्टा असाध्यै चिप्लिए । भएन बा, अब जुत्ता खोल्नै पऱ्यो, नत्र एकैपटक पुल्टुङबाजी खाने भइयो !!

र, त्यसै गरियो । जुत्ता एक हातमा, अर्को हातमा ब्याग । लड्दैभिड्दै ओर्लिरहेछु । लठिबज्रे बाटो त मकैबारीमा गएर पो अल्मलियो । बाटोसँगै अल्मलिएँ म पनि । लौ, यो कस्तो अलपत्रमा परियो हँ, ?

ज्ञानु तल सडकसामुको धारामा पानी खाँदै गरेको देखें मैले । बिस्तारै मकैबारी छिचोल्दै उत्तरदक्षिण पसारिएको धुलेसडकमा पुगें म । फर्केर पछाडि हेर्दा आपट्टेको भीर नाघी आएछु म । छिनभर त पत्यारै लागेन, एकैछिन त खुट्टा धरमरिए ।

बल्ल देखियो तरेली टाकुरामा सन्तानेश्वर महादेव मन्दिर । जो हामीले बिहान घरमै धेरथोर कल्पेको स्थान । तय गरेको थलो ।

दायाँबायाँ सुन्तलै सुन्तलाका झ्याङ, त्यस्तै एकतल्ले फुस्का र झिंगटीका घर अनि सुलुलु उत्तर-दक्षिण लमतन्निएको खुट्टा भासिने धुले बाटो हुँदै हामी हुत्तिरहेका छौं । घडी हैन घरीघरी हेरिरहेछु म घामको गति ।

सन्तानेश्वर डाँडोको फेंदीमा पट्ठो ज्ञानु घाँस काटिरहेका पट्ठीलाई मनमाफिक निल्दै हेर्दै, चुस्दै मलाई पर्खिरहेको रहेछ । मैले जिस्काएँ, 'नसुमरिएको बहरसँग हिंड्न ज्यादै गाह्रो, कतिबेला कुनचाहिं कोरलीमाथि उक्लने हो - ठेगानै हुँदैन !'

कुराले ऊर्जा दियो । हामी सन्तानेश्वरको टाकुरो नाघ्न लम्किरह्यौं ..... लम्किरह्यौं ..... ।

सन्तानेश्वरको तेर्छो मोडमा पुगेपछि ज्ञानु दक्षिणतिर फर्कियो - जहाँ अघि छिचोलिएका दुई पहाडी थुम्का हरियापरिया अनुहारमा सुसाइरहेथे । भित्र फुस्फुसायो - 'दुईटा डाँडा छिचोलियो, चढिरहेको यो समेत उक्ले पछि तीन थुम्का हुन्छ । नयाँघरे, यो डाँडो काटेपछि त हामीले लिंगो ढाले बराबर हुन्छ नि !'

तिर्खाले घाटी स्याप्प, जुत्तामा खुट्टा चेप्टिएर कऱ्याप्प? काखी पाछेर हैरानी त उधुम छ । तर, फलाकांक्षा राख्नेले दुःखको फलाको गरेर त भएन नि ।

सन्तानेश्वरका तीन तरेली काटिएछ बिस्तारै हिंड्नाले पानीका थोपा अलिलि वर्षिए हाम्रा आङमा । ओहरो-दोहरो राम्रैसँग हुने यो सडक बर्खामा स्वात्तै बग्ने अवस्थामा छ । गुम्बज शैलीको घुमाउरो बाटो हिंडिरहेछौं र पर-परका तहैतह बजार-बस्ती हेर्दै छौं । पाखाबारीमा लहलह मकै, भटमास र तुलफुलका बोटविरुवा हलक्क बढेका देख्छु र आत्मविस्मृत बन्छु ।

मानिसले जतिसुकै सिद्धान्त वा दर्शनका तर्क ल्याओस् तर जिन्दगी त हरियोमै फुल्छ, प्रकृतिमै सम्पन्न बन्छ....बन्छ !!!

स्वाँस्वाँ तीव्र भयो तथापि छोडिएन हिंड्न । निकै घुम्तीले घुमायो हामीलाई, घिच्च्यायो हामीलाई र घुइँक्यायो हामीलाई । उकालोको घुस्सा र घचेटाइमा चोप्टिदैं हामी उक्लिरह्यौं.....उक्लिरह्यौं.....! बाटाको ताबेदारी खुबै गर्नुपर्‍यो । मरेर-मरेर पुगियो सन्तानेश्वरको थुम्कोमा ।

गँजेडीहरूको ग्याङ एकातिर, धुनी तापिरहेका जोगीहरूको अखडा अर्कोतिर । पिपलको फेंदको शितल खाई थकान मेटियो केही क्षण । अनि परिक्रमा गरियो सन्तानेश्वर महादेवको मन्दिरलाई । केही अघिसम्म बोल्दा पैसा पर्लाजस्तो गर्ने एक जोगीका हातमा मैले दश रुपियाँको नोट थमाएपछि उनी हाँडीका मकैझैं पटट.. भट्याउन थाले यस मन्दिरको महत्ता र मूल्य ।

सन्तानेश्वर महादेवसँग ज्ञानुले के माग्यो, थाहा छैन । मैले पनि के मागें, थाहा छैन उसलाई । कुनै दिन सोध्नैपर्ला !

निकैबेरसम्म हामी त्यहीं रमायौं, जहाँबाट सेता हिउँचुलीका चुचुरा उत्तरतिर चमचमाइरहेका देखिन्थे । उपत्यकालाई पहरा दिने अग्ला शिखरहरू अविचलसँगै शान्त सौन्दर्यमा निमग्न लाग्थे । हामी कुरकुरे बैंसे झैं भावालु मनमा निश्शब्द रह्यौं..... निश्शब्द रह्यौं ..... ।

हठात् ज्ञानु गर्जियो - 'नयाँघरे, यतै छन् कि क्या हो ससुराली ? घर जानु पर्दैन, हँ !' घामले दिएको इशारा पनि यस्तै थियो, आकाशको जनाउ पनि त्यस्तै त्यस्तै ।

अब फेरि हामी लर्कियौं उत्तरतिर तेर्छो ओराली । उही सल्लाघारी चिप्लेटी ठाडो ओराली । खुट्टालाई मजबुतीसँग थिन्याउँदै ओरालो झरिरहेछु । गति छ कछुवाभन्दा धीमा, एकदमै धीमा । गम खाईखाई झर्नु पर्ने नत्र एकदमै खाँचमा खर्ल्यामखुर्लम जाकिने डर ।

कुलोमा पुगिएछ । अनि फेरि समथर, डेउडी, झाडीमा पुगियो । लौ, बाटो बिलायो । अब के होला ? ज्ञानुले सबैतिर हेरी पहिल्यायो बाटो । कुलो छोडेपछि हैरानी देखिएको रहेछ, फेरि त्यही बाटो समाए पछि पातलो बस्तीमा हाम्रा खुट्टा पुगे । मानिसहरूको कल्याङमल्याङ चर्को हुँदै गयो । अनि त अनि बडेमानका ट्रकहरू पनि तल नदीमा ध्यार्र-ध्यार्र गरिरहेका पनि आँखा सामु आए ।

किशोरीहरू डोकामा गिट्टी ओसारिरहेका देखिन्थे, किशोरहरू बडेमाका चट्टान फोरिरहेका देखिए । हामी ओराले-ओरालो कोड्कु खोलामा झर्‍यौं र त्यहाँको जिन्दगीका पात्रहरूसँग नजिकिन थाल्यौं ।

कोड्कुको सड्लो पानीले तिर्खा मेटेपछि 'झरी पर्दा बग्ने, हावा लाग्दा लड्ने' प्लास्टिके छानाको झुप्रोमा पाकेको चाउचाउ र चिया हुल्यौं भुँडीमा । माइली सर्किनीका सिपालु हातले पाकेका परिकार जति स्वादिला थिए, सर्किनीका प्रत्येक अङ्गप्रत्यङ्ग त्यतिकै कसिला थिए, गठिला थिए र रसिला थिए ।

अब आँखा पनि अघाए, भुँडी पनि उक्सिए । र, बिस्तारै कोड्कु तरी पारिको डिलमा हामी पुग्यौं । बाबै, जिन्दगीको अनौठो रूप त यहाँ पो रहेछ । पहराको भीरबाट कोही ढुंगा निकालिरहेछन्, कोही ढुंगा निकालेका ओडारबाट मुन्टो चिहाइ सास फेरिरहेछन् कोही भीरबाट बालुवा बोकिरहेछन्, कोही ढुंगाका चेपबाट झन्झन् माथि उक्लिरहेछन् । फेरि काम गर्नेहरू सबै मसिना केटाकेटी !! म दुःखको भासमा भासिएँ झन्झन् ।

नजिकैको कुलामा काला शरीरका थसुल्लीहरू नुहाइरहेथे आङ मिची-मिची । त्यता तानिएका आँखा कैले छोड्दै, कैले थुन्दै हामी हुर्रियौं फेरि पूर्व-उत्तर । काँक्रा, फर्सी लदाबदी फलेका बारी छिचोले पछि चरिरहेका भेडाका बथानमा हामी पुगेछौं, यतिखेर साँझको साढे छ बजेको थियो ।

निकै खेत छिचोलेपछि चौर आयो । चौरमा साँझलाई साथी बनाएर केटाकेटीहरू खेलिरहेथे । हाम्रा खुट्टाले मौका पाएनन् बिसाउने । थली जस्तो पातलो मैदान सिद्धिएपछि धर्ती अग्लिंदै गएको अनुभूत हामीलाई भो ।

साँझको रङ गाढा, निकै गाढा हुँदै थियो । थकान हाम्रो शरीरमा त्यत्तिकै सन्सनाइरहेथ्यो निरन्तर .....! लौ ! ठैब पो आएछ, आँखाले नजीकैका पाटी पढ्दै रमाए ।

गोदावरीबाट शहर पसेको बाटो सामुन्ने आयो । हामी दुबै रमायौ तीन बित्ता उफ्रीउफ्री । गुड्न भन्दा हिँड्न रुचाउने ज्ञानु चाहन्थ्यो पैदलै पुगौं सातदोबाटो ।

नभन्दै भनि पनि हाल्यो - 'नयाँघरे, तेतै कि लस्किने हो !'

मैले भन्दिएँ - 'अब त म हैन मेरो मुडो शरीर तपाईंले बोकेर लर्किए मात्रै !!' झमक्क साँझमा हामीले गलेको शरीर लगनखेल जाने भ्यानमा पसारो परेझैं पसार्‍यौं । मनमा दिनभरि तीनवटा थुम्काका उकाली-ओराली आइरहेथे, गइरहेथे । ठेचोदेखि ठैबसम्मको डुलाइ खिल भएर गडिरहेछ मनभरि, आँखाभरि !!!

---

राजनीतिक स्वतन्त्रता दशपटक हराए पनि फेरि लिन सकिन्छ, तर सांस्कृतिक स्वतन्त्रता एकपटक हराएपछि फेरि पाउन सकिन्न

**- खप्तड स्वामी**

# सन्ताउन्न वर्ष बितेछ त्यस यात्राको

✍ रमेश विकल

छोरो जिल्लाको हाकिम, जिल्ला सदरमुकाम (दार्चुला) बाट छः सात दिनको बाटो - मानसरोवर कैलाश -शिव पार्वतीको मुख्य दरबार; त्यसको फाइदा त्यस्तो अवसरमा नउठाए कहिले उठाउने ? हजूर बा मानसरोवर कैलाश जान भनेर दार्चुला आउनु भो । कुरा १९९९ विक्रमीको हो । म त्यतिखेर त्यही थिएँ र दिदी पनि थिइन् । हामीले कैलाश मानसरोवर बारे स्वस्थानी कथामा रोचक वर्णन सुनेका थियौं र त्यसै माध्यमबाट कल्पना यात्रा धेरैपल्ट गरेका थियौं - हिरामोती, माणिक जडित, सुनको छाना भएको शिवजीको दरबार ! अनि शिव पार्वती रजहाँससँग कृडा गर्ने मानसरोवर तलाउ । तर यथार्थमा त्यो कस्तो होला ?.. हाम्रो मनमा एउटा कौतुहलपूर्ण उत्तेजना जाग्यो । हामी पनि जानुपर्छ हजूरबासँग मानसरोवर । यो मौका गुमाउनु हुन्न ।

हिमालको यात्रामा- न भनेजस्तो ठाउँमा बास बस्ने चाँजो मिल्न सक्छ न त भनेजस्तो खानपिन नै । हामीले पूरा सामल तुमल, वढ्ने वछ्याउनेको बन्दोवस्त त गरेरै हिंड्नु पर्‍यो नि ! त्यसैले जौको सातु पिंधेर घिउमा भुट्ने त्यसलाई खुदोमा मुछेर डल्ला पार्ने; गुन्द्रक मस्यौरा जस्ता नबिग्रने तिहुन तरकारीको जोहो गर्ने, अनि उनी काम्ला कम्मल-ओढ्ने ओछ्याउनेको गुण्टा कस्ने आदि तयारी थालियो । यिनै थिए हाम्रो बाटोका मुख्य सामल तुमल - अनिवार्य रूपमा लानु पर्ने । किनभने त्यतिबेला आजकोजस्तो वास र गाँसकालागि ठाउँ ठाउँमा आधुनिक सुविधा - होटल, लजहरू थिएनन् । कहिलेकहीं त खुला आकाश मुनि, हिमालको काखमा पनि रात गुजार्नु पर्थ्यो । त्यसैले एउटा पाल पनि लानु जरुरी थियो ।

सबै सामल तुमल, ओढ्ने विछ्याउनेको जोहो भएपछि निश्चित दिनमा हामी हजूरबा, आमा, दिदी र म भम्बु सिपाहीको अगुवाइमा कैलाश मानसरोवर यात्राकालागि प्रस्थान गर्‍यौं । पहाडी, हिमाली क्षेत्रको यात्रा हुनाले (अझ खास अर्थमा त जिल्लाको अदालत (अमिनी) का अधिकार सम्पन्न हाकिमका परिवार भएकाले) हामी पैदल हिंड्ने कल्पना पनि गर्न सक्तैनथ्यौं । त्यसैले हाम्रा लागि चारवटा भोटे घोडाको वन्दोवस्त भएको थियो र हामी विहान सवेरै घोडामा सवार भएर प्रस्थान गर्‍यौं । हाकिमका परिवार तीर्थयात्रा जान हिंडेको त्यो भव्य दृश्य हेर्न खलङ्गा बजारमा दर्शकको भीड लागेको थियो ।

भम्बु सिपाही (उसको वास्तविक नाउँ त मलाई थाहै भएन । जातको भने ऊ अवस्थी ब्राह्मण थियो ।) त्यस जिल्लाका लागि राणा शासनको कठोरताको एउटा प्रतीक नै बनेको थियो । वीस-पच्चीस वर्षदेखि अमिनीमा सिपाही रहेको ऊ त्यहाँ जोसुकै हाकिम भएर गए पनि उसको हनुमान (सत्ताको अत्यन्त वफादार) भएर रहन्थ्यो । तर त्यस जिल्लाका रैती दुनियाँ (जनता) का लागि भने ऊ शासनसत्ताको क्रूरमूर्ति नै थियो । उसको दबदबा कति थियो भने कुनै दुईथरीको भै झगडा पर्‍यो, कसैसँग बैरभाव पर्‍यो भने परस्परमा एक अर्कालाई 'तेरा घरमा भम्बु लागि झाला' भनेर सराप्ने गर्थे रे । त्यति मात्र होइन कसैका छोराछोरीले अत्यन्त पिरे भने बाबु आमा उनीहरूलाई तह लगाउन भन्ने गर्थे रे - 'ऊ भम्बु सिपाही आयो, । झगडा नगर ।'

यस्तो जिल्लाव्यापी आतङ्क बनेको तर आफ्नो (हाकिमी सत्ताको) अत्यन्त विश्वसनीय, वफादार तावेदारको जिम्मा लाएर परिवारलाई यात्रामा पठाउँदा बा पनि निश्चिन्त हुनुभयो । हाम्रो यात्रा महाकाली नदीको पूर्वी किनारै किनार, विकट वरालो उकालो, नाउँमात्रको बाटो हुँदै एकदिन मध्यान्नतिर (एक दिन हो वा दुई दिनको यात्रा पछि - निश्चित दिन बिर्से ।) हामी एउटा खोंच जस्तो ठाउँमा पुग्यौं । त्यहाँको सेरोफेरो र नजिकैको एउटा झ्याम्म परेको रुखको कुञ्जतिर देखाउँदै भम्बु सिपाहीले भन्यो - 'यो काला पाना हो ।.. ऊ त्यो कालो मण्ठ धेख्या नाइ कवै ?.. जाऊ.. भाग ।' हँस्यालू (ऐंसेलु) को बोट ।.. 'यसैको जडोबाट काली नदी निस्क्याको छ, भन्छन् मान्छेहरू ।'

म त्यतिखेर कच्चै उमेरको (बाह्र-तेह्र वर्षको) थिएँ र मलाई त्यति खेर काला पानी, महाकाली नदी आदिको राष्ट्रिय अर्थ र महत्त्व केही थाहा थिएन । (त्यतिखेरका मेरो उमेरका केटाकेटीको ज्ञान भण्डार र बौद्धिक चेतना आजका केटाकेटीको

दाँजोमा सय खण्डमा एक पनि हुँदैनथ्यो) त्यसैले त्यहाँको किंवदन्ती के थियो र ऐतिहासिक सत्य तथ्य के हो मलाई त्यसको कुनै खायस भएन । हाम्रो यात्रुदल त्यहाँको जल सेचन गरेर अगाडि बढ्यो ।

अन्यन्त कठिन र नाउँमात्रको बाटो - अनकण्टार खोंच-खोल्सा र उकाली-ओराली गर्दै फेनभरलस्त भएर हाम्रो टोली बेलुकीखेर कुनै सानो, अकिञ्चन गाउँमा पुग्थ्यो । त्यसपछिको गाउँबस्ती कति टाढा पर्ने हो र कति समय लाग्ने हो अर्को बस्ती भेट्न त्यसको कुनै निश्चितता नभएकोले जतिसुकै दिन बाँकी भए पनि भम्बुले हामीलाई त्यहीं रात बिताउने चाँजो मिलाउँथ्यो । अनि ऊ त्यस गाउँको मूली-मुखियालाई भेटेर हाम्रो त्यस रातको गाँस र बासको प्रवन्धमा जुट्थ्यो ।

हामी गाउँमा पुगेपछि त्यहाँ एउटा विचित्र खालको हावा बहे झैं लाग्थ्यो -केही कौतुहल, केही आतंक र केही दुःख, पीडा बोकेको बोझिलो हावा । अत्यन्त विपन्न लाग्ने, रोगी र उराठ लाग्ने गाउँका अत्यन्त मैलाथैला - नाउँमात्रका झुत्रा-धरा लुगा-कपडाले अत्यन्त कृषकायलाई ढाक्ने प्रयत्न गरेका-नरनारी, बूढा-बाला, तरुना-तन्नेरीका डराएका, खुम्चिएका भीड टाढा-टाढा उभिएर कुनै चिडियाखानका जन्तुलाई हेरेझैं हामीलाई हेर्न थाल्थे । उनीहरूका आँखामा, कौतुहल, डर र आशङ्काको आँधी उठिरहेको हुन्थ्यो र अकारणको क्षमा याचनाको भाव गङ्गा तरङ्गिरहेझैं लाग्थ्यो । (त्यतिखेर त मभा यो स्पष्ट ज्ञान त के भनेर हुन्थ्यो, केवल एउटा अज्ञात बाल अनुभूति मात्र थियो त्यो, जसले आज भाषाको विश्लेषण पाएको छ ।)

एकातिर यो अत्यन्त हृदय विदीर्ण गर्ने खालको दृश्य जीवन्त भएको हुन्थ्यो भने अर्कोतिर भम्बु । सिपाहीको क्रूर सत्ताको कठोर डण्डा त्यहाँ ताण्डव गर्न थाल्थ्यो । ऊ त्यहाँको मुखियालाई साथ लिएर आफ्नो हैकमको गोली दाग्न थाल्थ्यो - 'यी हाकिमका माउ (परिवार) हुन् झाड्याँ (थहा छ कि) हो कि नाइँ ?...यिन रात यहीं बस्दा हुन् । यिनका लागि, वारो लिई सामेल हुनु ।'

राणाको त्यस निरङ्कुश सत्ता भएको त्यो समयमा हाकिम वा हाकिमका परिवार वा सम्बन्धी पनि (भनौं शासन सत्तासँग झीनो धागोले गाँस्सिएकासम्म कुनै पनि) दौडाहामा जाँदा (चाहे सरकारी होस् चाहे निजी) उनीहरूलाई बसुञ्जेल गाँस र वासको राजसी व्यवस्था गर्नु त्यस अभागी गाउँ र त्यहाँका दरिद्र (जनता) रैती-दुनियाँको कर्तव्य उत्तरदायित्व भित्र पर्थ्यो । .. उनीहरूको उचित सम्मान पुऱ्याउन नसके सँग जाने राजप्रतिनिधि - (भम्बुजस्ता) को कहर त्यस गाउँको शिरमा वैरिन्थ्यो ।.. त्यसैले भम्बु सिपाहीको कठोर उर्दी हुनासाथ त्यहाँ एउटा भुइँचालो जान्थ्यो । प्रत्येक घरबाट भए नभएका खाद्य सामग्री (वारो) लिएर मानिसहरू काम्दै, डराउँदै उपस्थित हुन्थे । कसैले ध्यू, कसैले पिठो, कसैले, राता-मोटा चामल, कसैले आलु, सागपात, नून खोर्सानीसम्म पनि बोकेर सामेल हुन्थ्यो ।... भरेलाई खानै छैन भने पनि उसले केही न केही लिएर आउनै पर्थ्यो । कदाचित कसैले लुक्ने छिप्ने धृष्ठता गऱ्यो भने ऊ भम्बुको क्रोधाग्निको शिकार बन्थ्यो ।...उसलाई मुखियाको मदतले घिसारेर ल्याएर उचित सजायँ दिइन्थ्यो ।

यसरी गरीब निमुखा-निरीह रैतीका श्रम-पसिनाको वारो उठाएर हाम्रो तीर्थयात्री दल बेलुकी हलुवा पुरी र आलुका कवाफको ज्याफत उडाउन थाल्थ्यो । त्यतिखेर ढोकामा जम्मा भएर हामी खाएको दृश्यमा अत्यन्त भोका र लालची आँखाले क्वार्क्वार्ति हेर्ने नाङ्गा-भुतुङ्गा-मैलाथैला केटाकेटीहरूको चित्र अत्यन्त दयनीय बन्न पुग्थ्यो । तर त्यस्तो दयनीय चित्रले पनि भम्बुका आँखा पगाल्नु भन्दा त्यसमा ज्वालामुखीको नै निर्माण गर्थ्यो । रातमराता, गोलभेडा जस्ता आँखाबाट राँको वकल्दै ऊ ती दरिद्रनारायणका सन्तानमाथि खनिन पुग्थ्यो - 'के हेछा हौ तमी ? जाऊ.. ! भाग !...'

भम्बुको सातो खाने गर्जनले ती भोकानाङ्गा रैती बच्चाहरूलाई आँधीको पत्कर झैं उडाइदिन्थ्यो । हामी पनि आफ्ना चौरासीव्यञ्जनमा छौंडाका दरिद्र आँखा लाग्ने डरबाट मुक्त हुन्थ्यौं । यसरी रैती थर्काउँदै 'वारो' डकार्दै हाम्रो यात्रादल चौथो दिन सीमा बस्ती (तिब्बत तिरको) ताक्लाकोट बजार भनौं सानो उपनगर जस्तो -बजारमा उक्लियौं । व्यास हिमालको लिपुधुराको माझ काखमा अवस्थित सानो तिब्बती शैलीको सहर तिब्बती प्रशासनको सीमाक्षेत्रको सदरमुकाम थियो । टिङ्कर भञ्ज्याङ काटेर गएपछि पहिलो तिब्बती मुकाम यो ताक्लाकोट भनिन्थ्यो । यस व्यापार केन्द्रमा नेपाली व्यापारीहरू तिब्बत व्यापार गर्न आइपुग्थे र यहाँबाट नून ऊनलाई उताबाट चामल आदिसँग साट्ने गर्थे ।

तिब्बती भाषामा ताक्लाखार भनिने यो पठारी सहरमा एउटा प्रशासनिक भवन र केही बौद्ध मठ (गुम्बाहरू) थिए । यी मठहरू झट्ट हेर्दा डाँडाको छातीमा पहरा खारेर बनाएका गुफाझैं स-साना झ्यालबाट थोरैमात्र उज्यालो छिर्ने सुरुङ् जस्ता लामा लामा कक्षमा विभिन्न बुद्ध र औतारी लामाहरूका राता, सेता, सुनौला, हरिया -विविध रङ्ग र मुद्राका प्रतीमाहरूको भव्य झाँकी देखेर मनमा एकखाले अलौकिक भावना जाग्थ्यो । यी प्रतीमाहरूका सामू चौरीको ध्यूका असंख्य बत्तीहरूले मानिसको अन्तरको अँध्यारोलाई भगाउन खोजेझैं प्रतीत हुन्थ्यो । भित्तामा जडिएका दराजहरू र काठका मिहीन बुट्टादार बाकसहरूमा सजाएर राखिएका काठका गाताले सुरक्षित बौद्धग्रन्थहरूको बाहुल्य भएको यो कक्षमा राता लुगा लगाएका बौद्ध लामा (यिनमा गुरु लामा र विद्यार्थीहरू थिए) प्रतीमासामु लहरै बसेका थिए । उनीहरूका सामु धार्मिकग्रन्थहरू खुलेका र बगलमा तात्तातो बाफ उडिरहेका चियाका बटुकाहरू थिए । केही छात्रहरूका हातमा सहनाईजस्ता कारीगरीयुक्त पीतल र सुनले मोरिएका लामा धुतुरी बाजा, कसैकामा लामा बीड गरेका त्यस्तै बुट्टा कुँदिएका फ्रेममा जडिएका छालाका द्याङ्ग्रो जातका बाजा थिए । कसैका हातमा काँसका बडे-बडे झ्याम्टा । यी सब खाले वाद्यवादन र छात्रहरूद्वारा एक लयमा उच्चरित वेदध्वनीले त्यो घ्याङ् (गुम्बा) विचित्र रहस्यमय आभास दिएर गुँज्जिएको हुन्थ्यो ।

(उपर्युक्त वर्णन र भावनात्मक विश्लेषण त मेरो आजको संस्मरणको आधारमा मात्र गरिएको हो; यथार्थमा त मेरो अनुभव केवल मूर्ति (प्रतीमा) को र त्यहाँको वातावरणको भव्यतालाई रोमाञ्चक मनोरञ्जनका रूपमा ग्रहण गर्नेसम्म मात्र सीमित थियो - एउटा डरजस्तो, एउटा कौतुहल जस्तो, एउटा विचित्र र नौलो संसारमा पुगेजस्तो ।)

ताक्लाकोटको प्रशासनिक कार्यभार एउटा गभर्नरको जिम्मामा रहेछ । (त्यतिखेर -त्यस पदलाई तिब्बती भाषामा के भन्थे -मलाई थहा छैन; गभर्नर भनेर त मैले आफ्नै सुविधा र आजको परिप्रेक्षमा बुझ्न सजिलोका लागि मात्र भनेको हुँ ।) ऊ त्यहींको प्रशासनिक भवनमा बस्तोरहेछ । त नेपाल (दार्चुला) बाट हाकिमका परिवार मानसरोवर जान आएका छन् भन्ने खबर पाएपछि हामीलाई उसकहाँ भेटाउन लगियो (शायद यो कूटनीतिक परम्परा नै थियो ।) तिब्बती शैलीबाट सजिएको राजसी बैठक । अत्यन्त मूल्यवान चिनियाँ गलैंचाले ढाकिएको, भित्तामा रेशमका धागो र सुनका तारहरूबाट कुचीनका, तास र चिनियाँ रेशमका सिलिङदेखि भुइँसम्म झुण्डिएका फलकहरूमा कार्चोपी शैलीमा अङ्कित पोटाला दरबार, मठमन्दिर प्राकृतिक दृश्यहरू-ताल सरोवर, हिमाल, जङ्गल र बस्तीहरूका, अनि बडेबडे सामन्त राजारानी लगायतका लडाकु तिब्बती सिपाही - घोडचढी, पैदल अनि सुन्दरी परिचारिकाहरूका भव्य चित्रहरूले साँच्चै एउटा तेस्रो संसारको झलक दिएको थियो ।

हामीलाई अदबसाथ कक्षमा प्रवेश गराइएपछि हामी उकजना भव्य तिब्बती भारदारकासामु उभ्याइयो । कुचीनको पट्टावाल बख्खुभित्र ह्वार्लाङ्गे बाहुला र छाती कलरको भाग देखिने गरी लगाएको कमीज, उनीको सुरुवाल, तेल हालेर सिनित्त कोरेर चुल्ठो पारी टाउको वरिपरि रीवन झैं घुमाएर बेरेको लामो कालो कपाल र कानमा बडेबडे यूँ जडित झण्डै, दुई-दुई तोलाको सुनको कुण्डल र औलाहरूमा पनि मुँगा, यूँ जडिएका मोटामोटा औंठी - यो गभर्नर तिब्बती सामन्त भारदारको एउटा जिउँदो नमूना थियो । तर मेरा केटाकेटी आँखामा ऊ एउटा सम्पन्न थाक्से (हिउँद महिनामा काठमाडौं- बौद्धनाथतिर तीर्थ गर्न साथै व्यापार गर्न झर्ने गरेका - मेरो आफ्नो अनुभव (भित्रका) थियो । ऊ त्यतिखेर झ्यालसामु उभिएर फर्सीको बियाँ छोडाउँदै खादै थियो । यो देखेर मलाई भित्रभित्रै हाँसो पनि उठ्यो । तर समग्रमा म उसको भव्य व्यक्तित्व र भाला (तीखा चुच्चा भएका) लिएरबडो मुस्तैदीसाथ (देख्ता पाषाण प्रतीमा लाग्ने - हलचल शून्य) उसका अंगरक्षकहरूलाई हेरेर मलाई केही डर जस्तो कौतुहल पनि लागेको थियो ।

हामीलाई लग्ने अधिकारीले गभर्नरसँग के-के भन्यो । मैले बुझ्न सक्ने कुरो भएन । मैले त कति देखें भने अधिकारीका कुरामा ऊ टाउको हल्लाउँदै एकाध शब्द बोल्थ्यो र चम्किला आँखाले हामीतिर हेर्थ्यो । उसले धेरै बोलेको देखिएन । शायद पदको गम्भीरता र मर्यादाले उसलाई बढी बोल्न दिएको थिएन- स्वभावमा गम्भीरताको खोल ओढाएको थियो । केहीबेर अन्दाजी दश-पन्ध्र मिनेटको यो भेटघाट सकेर हामीलाई त्यहाँबाट बिदा गरियो । त्यसपछि हामी त्यहाँको एउटा प्रसिद्ध र महत्त्वपूर्ण गुम्बा हेर्न गयौं । यस गुम्बाको नाउँ मलाई याद भएन । तर यो गुम्बा पनि पहिले हामी गएकै गुम्बाजस्तो थियो । तर यसमा पहिलोमा

जस्तो शैक्षिक वातावरण चाहिं थिएन र संग्रहालय जस्तो थियो । यहाँ पनि अनेकन मुद्रा र रङ अनि कदका बुद्ध प्रतीमा, गुरु लामाका प्रतीमाहरू र काठका सुनका पाताहरूले कार्चोपी गरि एका बडे बडे खाना बट्टा बाकसहरूमा सुनौला रङ र सुनका पाताहरूले कुँदिएका अक्षरहरूले भरिएका बौद्ध वेदहरू - विविध आध्यात्मिक ग्रन्थहरूले खचाखच भरिएको थियो । तर त्यतिबेला यी सबकुराको मूल्य र सांस्कृतिक महत्त्वको मलाई कुनै ज्ञान वा धारणा थिएन; न त तिनका जीवनमूल्य (उपयोगिता) र कलात्मक उच्चताकै किंचित आभास थियो । मेरालागि त ती केवल राम्रा मूर्तिहरू र पुस्तकहरू थिए । बस । (अहिले लाग्छ -सांस्कृतिक र अध्यात्मिक सम्पदाले कति सम्पन्न देश रहेछ त्यो - तिब्बत !)

त्यहाँबाट निस्केर हामीले त्यस्तै एउटा घ्याङ (धर्मशाला) को एउटा कोठामा मध्याह्नको खाना पकाएर खायौं । अबको खाना के थियो, त्यही घीउमा भुटेर डल्लो पारिएको सत्तु र त्यसको सितनका लागि आलुको काँचो कचिलो तरकारी । किनभने अब त्यहाँ हामी न त हाकिमका माउ (परिवार) थियौं, न आफ्नो गाँस र केटाकेटीका पेट काटेर हाम्रा लागि चौरासी व्यञ्जन (वारो) जुटाइदिने हाम्रा रैतान नै थिए त्यहाँ । हामी त अब केवल मानसरोवर कैलाश यात्रा गर्न निस्केका सामान्य पर देशी यात्री थियौं । त्यसैले आफूसँग भएका सत्तु सामलले उदर भरेर हामी त्यहाँबाट रमाना भयौं ।

अबको दृश्य बदलिएको थियो । उचा-उचा र हरिया पहाडका सट्टा अब होचा-होचा, रुख्खा; ढुंग्यानैढुंग्यान भएका डाँडा, थुम्का र पूर्वतिर निकै फैलिएको समथर पठार । हामी यही ढुंग्यानै डाँडाको पूर्वी काख काख हुँदै उत्तरतिर बढ्दै थियौं । आँखा अगाडि परपरसम्म उराठ लाग्दो, फुङ्ग उडेको खैरो पठार । माथि क्षितिजमा गएर मिलेको खैरो आकाश-मनमा एक किसिमको उराठ जगाउने । हाम्रो बायाँतिर डाँडाको माथिमाथि पहरामा गुफा जस्ता आकृति । वास्तवमा यी सानातिना आवास र साधनागृह थिए । ती गुफाहरूमा लामाहरू एकान्त साधना गर्थे रे । र कुनैमा गृहस्थहरू पनि बस्थे रे ।

यसरी यो रुखो ढुंग्याने डाँडाको काख काख, उत्तर पूर्वबाट हान्निएर आएको चिसो हावाको बलीयो झोंकासँग सिंगौरी खेल्दै सायद दोस्रो दिन एउटा हिमालको टाउकामा पुग्यौं । यसलाई लिपुधुरा भन्दा रहेछन् । त्यसको लेक (शिखरबाट पश्चिम उत्तरतिर हेर्दा तल दुईटा विशाल आकाश फैलिएर माथिको आकाशसँग क्षितिजमा गएर आलिङ्गनबद्ध भएको भव्य दृश्य देखिन्थ्यो । यसरी आँखुमुनि फैलिएको आकाशले के भान पर्थ्यो भने त्यो लिपुलेख पल्तिर धर्तीको टुक्रो पनि छैन जे छ आकाश मात्र छ । सम्पूर्ण आकाश ।

म विश्वका आँखामा हिमाली देशको बासी, तर हिउँको नाउ (पुस-माघ) मासमा आगन र बारीमा पर्ने तुसारो र आकाश खुलेको बखत आफ्नो घर आगनबाट उत्तरी क्षितिजमा पश्चिम देखि पूर्वसम्म फैलिएको अग्लो हिमश्रृङ्खलाको भव्य दृश्य वाहेक केही नदेखेको मेरो बालहृदय एक्कासी आफैं हिउँको पहाडमा टेक्न पुग्दा त आत्मविभोरै भएँ । हत्त र पत्त घोडाबाट वर्लिएर म त नरमनरम शुभ्र कनिको थुप्रो लगाए जस्तो गोलिगाँठासम्म धसिने हिमराशीमा मृगशावक झैं उफ्रन, खेल्न थालें । हावा नचलेकोले त्यत्रो हिउँको थुप्रोमा चल्दा र उफ्रंदा पनि जाडोको किञ्चित अनुभव भएन । बरु एकखालको रोमांचक अनुभूति भइरहेको थियो । म यही रोमाञ्चक फूर्ति र जोशमा आमा, हजुर बा र भम्बुहरूले रोक्तारोक्तै पनि हिमराशीको ढलान भिरालो कुद्दै चिप्लिदै वर्लन थाले ।

माथि खैरो आकाश, बीचमा हिउँको शुभ्रपहाड र तल फेरि अर्को नीलोआकाश - हाम्रो दाहिने हातितर आफ्नो अनन्त विस्तारमा फैलिएका मानसरोवर र बायाँतिर राक्षसताल मानसरोवरको आकार कमल पत्ताझैं गोल थियो भने राकसतालको आकृति उत्तर दक्षिण लमतन्न परेको भीमकाय राक्षस जस्तै देखिन्थ्यो । मानसरोवर शिवजीले आफ्नो जलक्रिडाका लागि (बेलाबेला राजहंसकोजोडी बनेर जल क्रिडा गर्छन् रे ! शिव-पार्वती) रचना गरेका र राकसताल रावणद्वारा - शिवजीको तप साधनाको क्रममा रचिएको रे । त्यसैले मानसरोवरको जल स्फटिक झैं निर्मल देखिन्थ्यो भने राकसतालको पानी केही कालिमा युक्त एउटा अमृत जल मानिन्थ्यो भने अर्को विष कुण्ड । तीर्थ यात्रीहरू मानसरोवरमा त नुहाउँथे तर राकसतालको निकटता देखि बच्ने गर्थे ।

तलको यो भव्यदृश्य हेर्दै हाम्रो दल अपरान्हतिर लिपुलेकको उत्तर-पश्चिम फेंदीमा झऱ्यो । राकसताल र मानसरोवरलाई छुट्याउने यो बीचको धापिलो जमीनलाई बर्खा भनिंदो रहेछ । लगभग सबै समय झिरझिर झिरझिर पानी

झिरझिराइ रहँदो रहेछ । अनि बीचको साँगुरो गोरेटो छोडेर दायाँ बायाँ अदृश्य धापीलो धर्ती छ भन्दा रहेछन् । साथै यहाँ लुटेरा खम्पा (Nomad) हरूले अलि सम्पन्न तीर्थ यात्रीहरूलाई लुट्ने मार्ने घटनाहरू पनि भैरहन्छ भन्ने धारणा रहेछ । त्यसैले मानिसहरू दायाँबायाँका धाप र लुटेरा खम्पाहरूबाट त्यहाँ त्रसित भएर सकेसम्म बास नबस्ने मनस्थितिमा हुँदा रहेछन् । तर त्यसदिन त्यो बर्खा भन्ने ठाउँमा पुगेपछि मलाई अकस्मात् केही भयो । मेरा हात गोडा लुलिए र म आलसतालस परें । यसले गर्दा त्यहाँ एउटा आतुरीको स्थिति पैदा भयो के गर्ने । कसो गर्ने । केही टुङ्गोमा पुग्न नसकेर त्यहाँ अतासको स्थिति भयो ।

'धेरै भयो भात (तातो) खान नपाएको, तातो खाना पाए बौरिन्छ कि !' धेरै हाकिमका परिवारलाई यस तीर्थको यात्रा गराइसकेको भम्बु सिपाहीको अनुभवी परामर्शमा मलाई जाउलो पकाएर खुवाउने चाँजो गर्न थाले । तर त्यस तिब्बती पठारको वनस्पति रहित रुखो धर्तीमा आगो जगाएर भात पकाउंने कुरा कठिनकै थियो । जेनतेन खच्चर, चौंरी र च्याङ्ग्रा भेडाका सुकेका गोबर, बङ्कौला जम्मा गरेर आगो सल्कायो भम्बुले र आमाले मलाई आधा काँचो जाउलो पकाएर ख्वाउनु भो । यसरी तातो पेटमा परेपछि मेरो रगतमा गर्माहट आयो र शरीर पनि तातेर आयो । अनि हाम्रो टोली त्यहाँबाट फेरि प्रस्थान गऱ्यो ।

यस ठाउँमा एउटा अर्को अप्रिय घटना पनि हुनपुग्यो । ताक्लाकोट देखि हामीसँग एउटा भारतीय साधु पछि लागेको थियो, गेरुवा पहिरन तर अत्यन्त भड्किलो बहुमूल्य कपडा, भड्किलो सज्जा, नाडीमा मूल्यवान् घडी तेल चुपर गरेर तलासेको गर्दनसम्म झुलेको कपाल, सुनको तरमा उनिएको रुद्राक्षको माला र नाडीमा सुन मोडेको बाजु, सुनौला फ्रेममा मढिएको चश्माभित्र तीब्र रूपमा चम्कने आँखा यो साधु साधु कम, कामुक गुण्डो बढी लाग्थ्यो । कामदेवको कलियुगी प्रकरण । उसका धूर्त र कामुक-वासनाको तलाउ झैं लाग्ने आँखाको चमक देखेर मेरो बाल-मस्तिष्कमा शुरुदेखि नै यसप्रति अत्यन्त तीब्र वितृष्णा जन्मेको थियो । किनभने उसको अत्यन्त कामुक हेराइमा मेरी बालविधवा युवती दिदीको कामिनी नारी प्रतिपल सम्मोहित हुँदै गएकी म प्रष्ट अनुभव गरिरहेको थिएँ । यसले मभित्र एउटा दुर्दमनीय आक्रोशको ज्वाला भड्काएको थियो । तर म केटाकेटी ठूला-बडाको अगाडि केवल मन खुम्च्याएर बस्थें ।

तर त्यस दिन हजूर बाले त्यस बदमास साधुको घृणित चेष्टाको कुन हदलाई अनुभव गर्नु भएछ कुन्नि उहाँको उग्र स्वभावको प्रदर्शन त्यहाँ हुन पुग्यो । उहाँ त्यो आडम्बरी साधुप्रति उग्र भएर उसमाथि जाइलाग्नु भयो - 'तेरा फुँडा बदमास झन् साधु भनेर मान गरेको त ....लौ तुम निस्की जाओ, हाम्रा साथ नआओ ।'

हजूरबाले अप्रत्यासित रूपले यसरी झम्टिनु भएपछि त्यो दुर्वासा पनि प्रचण्ड रूपले हातको त्रिशूल उठाएर गर्जन थाल्यो - 'तुम हम साधुका अपमान करा, हम तुमको श्राप देंगे - तुम भष्म हो जओगे ।'

उसको भयङ्कर क्रोधले सल्कँदो आँखा र त्यो श्रापले मेरो बालहृदय भयले काम्न थाल्यो । आमा र दिदी पनि डराए । किन भने हाम्रो संस्कारमा कथा पुराणमा वर्णित साधु ऋषिमुनिको श्रापले मानिस भष्म भएको घटनाहरूको भय गढेको थियो । तर यस आडम्बरी साधुको क्रोध र श्रापले हजूरबाको रौं पनि झार्न सकेन ।

'यस्ता लुच्चा, गुण्डा साधुको श्रापले मेरो केही लछार्दैन । यो कहाँको जोगी हो र, यो त ठग, धूर्त बदमास हो ।' हजूरबाले भन्नु भो । भम्बु सिपाहीले उसलाई घोक्र्याएर पालबाट बाहिर निकालिदियो । त्यसपछि ऊ हाम्रो साथमा लाग्न सकेन । तर त्यहाँको चलेको किंवदन्तीको कारण (लुटोराहरूको डर) ले उसलाई एक्लै हिंड्ने हिम्मत पनि भएन । त्यसैले ऊ परिआएमा तुरुन्तै हामीबाट सहायता पाउन सक्ने दूरी राखेर हिंड्न थाल्यो । यस्तै दूरीमा रहेर उसले मानसरोवर कैलाश यात्राभरको सम्पूर्ण अवधी काट्यो र फर्केर ताक्लाकोट पुगेपछि ऊ भारतीय भूमितिर लाग्यो । मैले अलि ढुक्कको सास फेरें । नत्र भने उसको साथ नछुटुन्जेल मभित्र एउटा तीब्र भयको भावना उर्लिइरह्यो । किनभने उसले प्रष्ट शब्दमा हजूरबालाई - 'देखुँगा तुमको' भनेर दगा धरेको थियो, उसको हातमा धारिलो त्रिशूल थियो र ऊ प्राय: आफ्ना गोल्भेडा जस्ता राता आँखामा वासना र क्रोधको राँको भरेर हाम्रो टोलीलाई हेर्थ्यो । तर मलाई थाहाथियो उसको मुख्य निशाना दिदीको नारी जवानी हुने गर्थ्यो ।

त्यो अप्रत्यासित र अप्रिय घटनापछि हामी दिनभर (शायद डेढदिन) को यात्रापछि साँझ कैलाश पर्वतको पश्चिम दक्षिण पार्श्वमा स्थित (शायद दार्चेनगुम्बा नाउँको) धर्मशालामा बास बस्न पुग्यौं । यो कैलाशको पुरानो गुम्बाको पुरानो धर्मशाला त्यहाँको परिप्रेक्षमा ठूलै भन्नुपर्ने थियो । कोठा र छिंडीहरू रातदिन भनेजस्तै धूवाँले टन्न र अँध्यारो धमिलो भैरहने झैं मैलो देखिन्थ्यो । एउटा कोठामा आगो दन्किरहेको र ठूलो फोसीजस्तो भाँडोमा पानी पाकिरहेको, चियाका केतलीबाट बाफ छुटिरहेको देखिन्थ्यो । धूवाँमा धुवाउन डोरी टाँगेर झुण्याइएका च्याङ्ग्रा भेंडा र याकका सुकुटीबाट र अरू धूवाँ धूप र चौरी घ्यूका गन्धले व्याप्त त्यो धर्मशाला र त्यहाँ विभिन्न काममा लागेका

अत्यन्त फोहरी देखिने (किन भने त्यस ठाउँमा नुहाउने धुने र पानीसँग खेल्ने त कल्पनै गर्नु पर्दैनथ्यो) नर-नारीका छालाका उनीका बख्खुहरूबाट छुट्ने नाक फोर्ने गन्ध र वातावरणीय परिवेश यो हाम्रा लागि ज्यादै अपरिचित र अरुचिकर थियो । तर हामी यसलाई उपेक्षा गर्न पनि त सक्तैनथ्यौं । हामी त्यही अंध्यारो र गन्धयुक्त वातावरणमुनि त्यसैको परिवेशमा रात गुजार्न विवश थियौं ।

मानसरोवर र कैलाशको हिमानीबाट बहने मुटु छेड्ने चिसो स्याँठ, उनी काम्लो र बेलुकी केही दाउरा किनेर बालेको सीमित आगोको सीमित तातोमा रातभर सिउसिउ गर्दै बिताएपछि विहानको घामको न्यानो हातले मुसारेपछि हाम्रो केही ज्यान आयो । मुखसुख कुल्लासुल्ला गरेर बाहिर आएर हेर्दा उत्तरपट्टि ठूलो शोली घोप्ट्याए झैं आकृतिको भव्य हिमाच्छादित कैलाशपर्वतमा विहानको सूर्यको सुनौला किरणले सुनको जलप लगाए झैं अत्यन्त सुन्दर दृश्य देखेर स्वस्थानीमा वर्णित कैलाश दरवारको प्रष्ट कल्पना साकार भएको थियो । सुनको गजूर स्फटिकको खम्बाहरू-रत्न माणिकका बुट्टावाल रजत धवल हिमपहराका भित्ता पार्वतीले पहिलोपल्ट देखेको शिवदर्वार ! त्यसको भव्यताको त्यसको मोहक सौन्दर्यले खिचिएका हामी हिउँ छोएर बहेको मुटु छुने स्याँठको थपेडामा सिउसिउ हाम्रो यात्रुदल पुण्य लाभको उत्कट अभिलाषा बोकेर कैलाशपर्वत परिक्रमा गर्न हिंड्यो ।

विहानको सूर्यको किरणमा सुनको पानीले नुहाए झैं त्यहाँको त्यो चाँदीको धर्ती, तीनैतिर हिमाच्छादित स-साना टाकुरा, पश्चिमतिर उत्तर-दक्षिण परेर पश्रिएको विशालकाय राकसताल अहिले त्यसमाथि कालो धूवाँ उठेझैं विभत्स रूपमा वृत्रले टाउको उठाइरहेको भान हुन्थ्यो । अनि तिनैका बीच उत्तरतिर भव्य रूपमा टल्किने शिवदर्वार ! कति मत्तमोहक दृश्य ! जाडोले सिउसिउ थरथर गर्दै हामी यस कैलाश पर्वतको दक्षिणवर्त हुँदै उत्तर पूर्वी पार्श्वमा रहेको गौरीकुण्ड पुग्यौं । त्यस कुण्डको सतहको बरफको पत्र फोरेर, नाङ्गो भुतुङ्गो भएर सबैले छेउमा डुबुल्की लगाउँदा किनारमा जमेर भम्बु सिपाहीले सहारा दिएको थियो । आश्चर्य के थियो भने त्यो रगत जमाउने बरफ पानीमा पनि डुबुल्की मार्ने हामी कोही जमेनौं, शायद आस्था र विश्वासको शक्तिको प्रमाण थियो यो ।

त्यसपछि हामी दोस्रो आकाश जस्तै आँखाको पहुँचसम्म गोलाकार फैलिएको (भनिन्थ्यो त्यसको परिक्रमा लगभग २७ कोश को छ रे) मानसरोवरको किनारमा पुग्यौं र त्यसको नीलो सौन्दर्य आँखाभरी भर्न थाल्यौं । किनारमा परपरसम्म पानीमा खेलिरहेका हाँस र जलेचाका जोडीहरू कति आनन्दसँग पौडिरहेका यी जलपन्छीहरू ! के यिनीहरूलाई पटक्कै जाडो हुँदैन ? कति अनौठो ! अनि आँखामा नअटाएर बाहिर छल्कन खोज्ने कति भव्य दृश्य !

हामी किनारामा लुगा फुकालेर केही भित्र घुसेर (घुँडा घुँडासम्मको पानीमा) नुहाउन थाल्यौं । हामीलाई त वास्तवमा त्यतिखेर नुहाउनु नै ठूलो महिमा थियो । नभए यस्तो रगत जमाउने त्यस ठण्डा पानीमा कसले आँट गर्न सक्छ ? (थाहा भयो त्यहाँका बासिन्दा शिवगण त कहिल्यै भनौं महिनौं नुहाउँदैन थे । नुहाउने त कुरै छोडौं खाने प्रयोजनका लागि बाहेक उनीहरू त पानीको स्पर्श बिरलै गर्थे) ।

परबाट एकजोडी रजहाँस हेल्दै हामीतिर आए । यी किन हो कुन्नि यी हंसजोडी (अरू पनि जलपंछीहरू) हामीदेखि पटक्कै डराएका देखिंदैनथे । उनीहरूका आँखामा बरु कौतुकी प्रश्न छल्के झैं लाग्थ्यो । मानौं उनीहरू भनिरहेका थिए - 'को हौ तिमीहरू ? कहाँ देखि आयौ तिमीहरू ? कुन आस्था र विश्वास बोकेर आयौ ?' मलाई त्यति बेला स्वस्थानीको कथाको सम्झना भयो शिव पार्वतीले रजहाँसको रूपमा मानसरोवरमा जलक्रिडा गरेको कथा । के यी शिव पार्वतीका जोडी हुन् त ? यो कति रमाइलो र कति सुन्दर कल्पना थियो । म पनि यसै गरी हाँस बनेर त्यो सरोवरमा पौडिन पाए ... !

मानसरोवरबाट फर्केर हामी फेरि दार्चेनगुम्बामा फर्क्यौं । किनभने हामीले कैलाश परिक्रमा गर्न जाँदा आँङको एकसरो लुगा र नुहाएर फेर्नका लागि चाहिने धोती रुमाल मात्र लगेका थियौं र अरू, सर-सामान सबै त्यहीं छोडेर गएका थियौं । धर्मशाला फर्केर त्यहाँ गुन्द्रुक मस्यौरा र भात पकाएर खाईपिई लगभग बाह्र बजे तिर त्यहाँबाट प्रस्थान गर्‍यौं । हामी जुनबाटो आएका थियौं त्यही बाटो फर्केर ताक्लाकोट पुग्यौं (भन्नु परोइन बीचमा हामीले बास बस्नु परेको थियो) बीचमा त्यस्तो उल्लेखनीय घटना कुनै नभए पनि मेरो मनमा त्यो दुष्ट भारतीय गुण्डो जोगीको आतङ्क भने मडारिइ नै रह्यो । किनभने ऊ हामीबाट केही फरक भएर हिंडे पनि उसको घृणित ज्वाला बकल्ने आँखा हर्दम हामीतिर लक्षित भैरहेको हुन्थ्यो । ताक्लाकोटबाट ऊ अर्कैबाटो लागेपछि मात्र मैले लामो साँस फेरें ।

ताक्लाकोटबाट तल टिङकर बेसीमा झरेपछि एउटा अप्रत्यासित र रौं ठड्याउने खालको घटना भयो । मैदानमा मतापसँग हिंडिरहेका घोडाहरू मध्ये दिदीलाई बोकेको घोडा एक्कासी भड्के र दिदीलाई फ्याँकेर हावाको बेगमा दगुर्न

थाल्यो । भएछ के भने काठीसँगै झुण्डिएको रासनको झोला एक्कासी भुइँमा लत्रन पुग्दा त्यो घोडा तर्सिएर भड्केको रहेछ । त्यो आफूमात्र भड्किएन, उसले हामी प्रत्येकले चढेका घोडालाई भड्काएर दगुर्न थाल्यो । त्यसका साथै हाम्रा घोडाहरू पनि हावाझैं कुद्न थाले । यसरी कुद्दा आमालाई पनि फ्याँकिदियो । हजूरबालाई हत्त न पत्त भम्बुले घोडाबाट ओराल्यो र घोडामात्र दगुर्न थाल्यो ।

दिदी र आमाको घोडाले म चढेको घोडा पनि भट्किएर बेतोडसँग कुद्न थाल्यो । म त्यस्को पीठबाट खस्न त खसिन, तर मलाई अड्न अत्यन्त मुस्किल परिरहेको थियो । म अड्न नसकेर त्यतिखेर खसेको भए म बाँच्ने सम्भव थिएन । किनभने मेरो घोडाको एकापट्टिको रिकाप (गोडा अड्याउने पाउदान) भाँच्चिएको र त्यसमा मेरो गोडा गोलिगाँठोसम्म फँसेको थियो । म यदि घोडाको पीठबाट खसेको भए पनि म भाँचिएको रिकापको फन्दाबाट छुट्ने सम्भव थिएन । अनि मलाई आफूसँगै घिसारेर लाने थियो । यसो गर्दा त्यो बगरको ढुङ्ग्यानमा बज्रँदै र घस्रँदै जाँदा मेरो अङ्गभङ्ग हुने थियो र शायद हाडखोर सद्दे बाँकी रहने थिएन र विभत्स रूपमा मेरो अन्त्य हुने थियो ।

म घोडाको पीठमा जबरजस्ति अडिएर दुबैतिरको लगाम न्वारानदेखिको बलले तान्न थालें । तर जति जोडले ताने पनि घोडा अड्ने नाउँनै नलिने । मृत्यु सन्त्रासले म मृत्युभन्दा पहिले नै मृतप्राय: भैसकेको थिएँ । चारोटा घोडाहरू एक आपसमा लठारिदै हावाको बेगमा चक्कर खाँदै रहे, म आतङ्कित भएर त्यसैको बेगमा कुद्दै रहें । मैले जोडसँग लगाम खिच्ता घोडाको मुखको फलामे काँडेबागले काटेर छरछर्ति रगत फुटिरहेको थियो । तर घोडा अड्नु सट्टा झन् त्यही रगतको मात लागेझैं झन्झन् बेगले उड्दै थियो । आखिर संयोगले मैले दुबैतिरको लगाम खिच्नुसट्टा एकातिरको मात्र खिच्न पुगेछु । अनि त उसको मुन्टो परक्क एकातिर बटारिन गयो । मुण्टो बटारिए पछि सोझो हेर्न नपाएर विवश भएर उ रोकियो । घोडा रोकिनासाथ मेरो पहिलो चेष्टा रिकापमा फँसेको गोडालाई मुक्त तुल्याउनपट्टि केन्द्रित भयो । हत्त र पत्त गोडा मुक्त तुल्याएर त्यसको पीठबाट हाम्फालें । घोडा फेरि हावाबेगमा कुद्न थाल्यो । यसरी भाग्यले बाँच्न पुगेको मलाई देखेर परिवार सबैको ज्यान आए झैं भयो ।

आखिर घोडाका मालिकहरूले बल्ल तल्ल भड्केका घोडाहरूलाई समातेर ल्याए र फेरि काठी कसकास गरेर सबार गर्यौं । यसरी हाम्रो कैलाश मानसरोवर यात्रा पूर्ण भयो । पन्ध्र दिनको दिन हामी दार्चुला फर्क्यौं ।

*२०५५ भदौ ६* *आरुबारी*


२०५५

विजया दशमी तथा दीपावलीको पुनीत
उपलक्ष्यमा सम्पूर्ण देशवासीमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

अध्यक्ष तथा उपाध्यक्ष

**टीकापुर विकास समिति परिवार**

टीकापुर, कैलाली

फोन नं ०९१-६०२४३

# त्यो संक्रान्ति डाँडो अनि त्यो छाते ढुंगो

✍ रामचन्द्र गौतम

पत्र-पत्रै तरेली परेका अनगिन्ती डाँडाहरू एकपछि अर्को गर्दै खात लागेको झझल्को दिने मनमोहक प्राकृतिक दृश्यको केन्द्रविन्दु । लोभलाग्दा सांस्कृतिक छँटाहरूको संगमस्थल संक्रान्ति डाँडो । समुद्री सतहबाट उठेर बढीमा ८ देखि १० हजार फीटसम्मको उचाइमा आकास्सिएर आफै आफ्नो बिट मोटर थुपुक्क नि बसिराखेको बहुभाषिक जनताको जमघटको केन्द्रस्थल यो ठाउँ । न जाने कुन पुरानो युगदेखि प्रत्येक महिनाको संक्रान्तिकै दिन विशाल हाटबजार लगाउने व्यवस्था मिलाएर हज्जारौं हज्जार ग्रामीण जनतालाई टाढा-टाढाबाट यसले डाकिरहेको हुन्छ । बाफ रे बाफ ५/७ घण्टाको ठाडो उकाली छिचोलेर हत्तोहरान लखतरान परेकाहरूलाई स्वतस्फूर्त सञ्जिवनी-रस बनेको चीसो वायुका जलकणहरू पिलाएर छिनभरमै यसले तरोताजा बनाइदिन्छ । हिउँद महिनामा मुटु छेड्ने चीसो सिरेटो खन्याइदिएर यस बजारले सातोपुत्लो उडाइदिन्छ । चिल्ला खाइलाग्दा ओठहरू पटपटी फुटाएर यसले एकैछिनमा रगतपच्छे हुनेगरी धुलोको विषालु पाउडर खन्याएर धुरुधुरु रुवाइदिन्छ । बर्षायाममा गज्गजी हिलो व्याप्त पारिदिने भएका कारण कैयौं बजारप्रेमी युवा-युवती प्रौढ र वृद्धहरू माथि हिले होली खेलेर, अंग-प्रत्यंगका जोर्नीहरू शिथिल तुल्याएर यसले दोहोलो नकाढी छाड्दैन । जता हेऱ्यो चारै दिशामा प ... र ... प ... र ... उभ्भिएका डाँडाहरू । त ... ल खोंचमा नीलो रंग टल्काउँदै नागबेली आकारमा कैयौं ठाडा डाँडाहरूका खोंच छिचोल्दै अघि बढ्ने कावेली (कावेरी) नदीका रमाइला भाव-भंगिमाहरू । हेर्दाहेर्दै कहाली लाग्ने पहाडै-पहाडका पत्रहरू माथि लम्बाकार चाँदीको मुकुट बनेर फैलिराखेको हिमाली श्रृंखला । त्यही श्रृंखला माथि रुवाकै तालमा फुसफुस उडिरहेको सेतो कुहिरो । कुहिराले साथ छाडेका बखत कावेली नदीकै तालको गहिरो नीलो आकाश जहाँबाट घाम र जूनका लोभलाग्दा दृश्यहरू संक्रान्ति डाँडा भरिभरि छताछुल्ल भएर पोखिने गर्दछन् । ईशान कोणमा गुर्धुम्म परेर माथि उठेर पाथीभरेकै तालमा ठडिएको पाथीभरा डाँडाको त्यो आकाश छुने उचाई । त्यस उचाई माथि अत्यन्त गहिरा बिषादका छाल-तरंगहरू उराल्ने नीलो आकाशको मनमोहकता । जुन डाँडो प्रायः मसिमण्डे कुहिराको खास्टो ओढेर छिनछिनमा आँखाबाट आझेल पर्न खप्पिस भैं लाग्छ ।

कोशी अञ्चलको एउटा पहाडी जिल्ला तेह्रथुम । तेह्रथुम जिल्लाको सबैभन्दा चर्चित ठाउँ आठराई । जहाँ हाङ्पाङ, छिन्ताङ, निगुरादिन जस्ता गाउँका नामहरूले 'भाउजुले मलाई चिउरा दिइन्' केही अनुप्रासमय रञ्जकता घोलिदिने गर्दछन् । खाम्लालुङ, म्याङलुङ, घोक्लावाङ, जस्ता नाकेबोलीको स्वरहरूमा गाउँहरूको बाहुल्य भएको जिल्ला यो । हिंगुवा, पिंगुवा, खोरुंगा, सुरुंगा जस्ता अनुप्रासयुक्त बोलीका लोलीहरूमा कुल्कुलाउने यहाँका खोलानालाहरू । कोयाखोला नामको उत्तर-दक्षिण परेर बग्ने खोलाले दुवै वारिपारिका डाँडाहरू जोडिएको नाके भागलाई छेडेर दुवै डाँडालाई वारि र पारिका पाटाका रूपमा परिणत गरिदिएको छ । अनि त्यही कोयाखोलाले आफ्नो नाम र अस्तित्वकै आत्महत्या गराएर तमोर नदीमा झ्याम्म हामफाल्ने बडो नाटकीय चर्तिकला देखाइदिएको छ । ताप्लेजुङको ओलाङचुङ गोलाबाट बग्दै आउने तमोर नदीले देब्रे किनारातर्फबाट उँभो उठाएर संक्रान्ति डाँडामा लगेर टुंग्याइदिएको आठराईको डाँडो । जुन डाँडो वल्लो छेउदेखि पल्लो छेउसम्म ३०/४० कि. मि. को लम्बाइमा फैलिएर तमोर नदीदेखि पारिपट्टि पर्ने ताप्लेजुङको पाटालाई निरन्तर रूपमा ललकारीरहेको हुन्छ । यता कोयाखोलबाट प्रारम्भ भएको डाँडो (आठराईको ठीक विपरीत पाटो) पनि माथि-माथि शैलुंगे लेकमा भनेझैं माथिल्लो भागमा पुगेपछि संक्रान्ति डाँडामा परिणत भइदिन्छ । कोयाखोलाले तमोर नदीमा हाम्फालेर आफ्नो इति श्री गराइदिएको ठाउँबाट उकाली चढ्दै गएपछि पुगिने ठाउँ पनि त्यही संक्रान्ति डाँडो नै । अर्थात् पूर्वट्टिको सीमाना तमोर नदीको खोंच, पश्चिमपट्टिको सीमाना कोयाखोलाको खोंच तथा दक्षिणपट्टिको सीमाना कोयाखोलाले आफ्नो अस्तित्व विसर्जन गरिदिएको ठाउँ सिमराहा दोभान र उत्तरतर्फको सीमानामा कोयाखोलाकै वारि र पारिका पाटाहरू जोल्टिएको ठाउँ पर्ने गर्छन् । यति चार किल्लाबाट घेरिएको ठाउँको चर्चित शिखर नै संक्रान्ति डाँडो हो ।

छन पनि संक्रान्ति डाँडाले मोहनी लगाएर भुतुक्क पार्न थालेपछि जस्तै मै हुँ भन्नेलाई पनि प्रत्येक एक गतेका दिन लाग्ने संक्रान्ति हाटमा एकपटक पुगौं पुगौंको कुत्कुतीले नरौस्याई छाड्दैन । दुई तीन घण्टाको उकाली चढेर पाथीका पाथी पसीना फालेपछि बल्लतल्ल फेला पर्ने गुराँस फूलका लहलहाउँदा बोटहरूको रमणीय दृश्यले गर्दा चकाचौंध भएर प्रकृति नै पोखिन आइपुगेको अनुभूति । बुक्की फूलका लुकामारी

खेलहरू, कहीं-कहीं ऐंसेलुका बोटहरूमा सुनौला दानाहरू। लालुपाते शयपत्री र केतकी फूलहरू, पहेंलपुर तोरी फूलेका बारीहरू, सुनौला बालाहरू लर्काएर मस्किराखेका धानखेतहरू। खर, झिंगटी र टीनले छाएका कमेरो, रातोमाटो, गेरु र गाजलबाट सिंगारेर चिरिच्याट्ट पारिएका स-साना र मझौला आकृतिका दिव्यघरहरू, मचानहरू। धानका कुन्यु, मकैका थांग्रा, दाउराका कुन्यु, गाईवस्तु, भेडाबाखा र गोठालाहरू। छुपुछुपु धान रोप्ने रोपाहारहरू जस्ता मौसमी सुन्दर दृश्यहरूले ठेल्दै र पेल्दै संक्रान्ति डाँडामा पुऱ्याइदिने हुनाले टाढाटाढादेखि पसिनाका धारामा पखालिदै त्यहाँ पुग्नेहरूको मनभित्रको मैलोको दोहोलो नै भइछाड्छ।

संक्रान्ति डाँडाबाट तीनवटा जिल्लाभित्र पर्ने दर्जनौं डाँडाहरू पत्रै-पत्र परेर माथि पुगेर टुप्पाका आकृतिमा मात्र देख्न सकिन्छन्। धनकुटाका डाँडाको माथिल्लो टुप्पादेखि हिमाली श्रृंखलाको टुप्पोसम्म। पाथीभरा र फुडलिङ जस्ता ताप्लेजुङका डाँडादेखि नेपाल अधिराज्यकै सबैभन्दा अग्लो हिंगुवा छाँगो छडछड पार्ने तीन जुरे डाँडाको लोभलाग्दो दृश्य सम्मका वातावरणहरू चिहाउन पाइने डाँडो यो। हुनाले त्यस्तो पनि सधैंभरि चीसो हावाको तीब्र वेगमा सुसेलीको फुँइकीलो जत्ति हानिराख्ने भए पनि त्यहाँ नपुगी खासगरी युवा-पुस्ताका मानिसहरूलाई चित्तै बुझ्दैन। तर, हिँगुवा छाँगो ठीक पारिपट्टि पर्ने भएर पनि कोल्टे परेर छेलिने हुनाले संक्रान्ति डाँडाका निम्ति यो कुरोचाहिं छाती पिटीपिटी रुनुपर्ने विषादकै बिषय बन्न पुगेको छ।

आजभन्दा बीस वर्ष अघिको संक्रान्ति डाँडो भिरालो परेर उकाली र ओरालीमा पसलहरू थापेर पचासौं हजार मानिसहरूलाई ग्वारवारतीसित तल र माथि गर्न विवश तुल्याउँथ्यो। सबैभन्दा माथि छातेढुंगो पर्थ्यो - जुन ढुंगाको छतमा चढेर भाषण हाँक्ने वा गीत घन्काउने कृयाकलाप बडो जोडसित चलाइन्थ्यो। बजारको सबैभन्दा अग्लो भू-भागबाट झण्डै २०/२५ फीट माथि पर्ने हुनाले छाते ढुंगो त्यसबेला संक्रान्ति डाँडाकै धरहरा जस्तो बन्न पाएर गजक्क पर्ने गर्थ्यो। त्यस ठाउँबाट वरि-परिका चारचौरासमा पर्ने डाँडाहरू देखि अर्को छेउको अलिक अग्लो भागमा पर्ने जगदम्बा औषधालयसम्म, औषधालयभन्दा २०० फीट तल पर्ने त्रिमोहन हाई स्कूलदेखि आठराईका केही भागहरूराम्म, करीब ५ कि. मि. दक्षिणतर्फ पर्ने एकुम्बा भगवती थानको रहरलाग्दो जंगलदेखि लिएर संक्रान्ति बजारमा फाटफुट रूपमा उभिएका घरहरू र बजार भर्ने हजारौं हजार मानिसहरूसम्म मौरीका हजारौं गोलाहरूकै तालमा बजारबाट निस्किने विशाल कोलाहल पिएर मोज लुट्ने गर्दथ्यो। तर ... आज म सुन्दैछु - घरैघरहरूको ऐंफेरु उम्रिएका कारण त्यो ऐतिहासिक छाते ढुंगाको अस्तित्व नै समाप्त भइसकेको छ। काठमाडौंमा टुंडिखेलमा खरीको रुखको एउटा महत्वपूर्ण इतिहास गर्ल्याम-गुर्लुम ढालिएजस्तै यसरी संक्रान्ति डाँडाको छाते ढुंगाको इतिहास ध्वस्त पारिएको छ। त्यसै हुनाले मणि हराएको नागकै रूपमा आज संक्रान्ति डाँडो अचेत अवस्थामा रोइरहेको हुनुपर्छ। सिंदूर पुछिएकी षोड्शी युवतीकै तालमा संक्रान्ति डाँडाका करुण चित्कारहरू दिन-रात आफू मास्तिरको शून्य क्षितिजमा पोखिएर अरण्य रोदनमा परिणत भइरहेको हुनुपर्छ।

संक्रान्ति डाँडामा रानी जगदम्बाले स्थापना गरिदिएका औषधालय र धारो। अनि त्यसैको बार्षिकोत्सवका रूपमा प्रत्येक वर्ष अक्षय तृतीयाका अवसरमा तीन दिनसम्म भव्यरूपमा लाग्ने साँस्कृतिक मेलाको रमाइलो वातावरण। रात-रातभरि धाननाच। खासगरि लिम्बुजातीका युवक-युवतीहरू लठारिदै, चट्टारिंदै र बटारिंदै नाचिने नृत्यका श्रृंखलाहरू। तीनदिन तीनरातसम्म तमोर नदीको जलप्रवाहकै कलकलका रूपमा अजस्र रूपमा डोलिदै बग्ने नृत्यमय भावभंगिमाका साथ संगीतमय स्वर-लहरीका मनमोहक प्रस्तुतिहरू। पहाडी भागमा प्रत्येक महिना लाग्ने सबैभन्दा ठूलो हाटबजारका रूपमा चर्चित संक्रान्ति डाँडाका विशेषताहरू मनभरि जब हाँडीमा मकैका फुल उठेसरि भररर उठ्न थाल्छन्- भक्कानो फुट्ने गरी असह्य वेदनाले मेरा मन-मुटु र मथिंगललाई बेस्सरी चिथोर्न थाल्छ। म फेरि आपनै वाल्यकालका समस्त अनुभूतिहरूको पोको-पुन्तरो खोलेर अतीतका केस्रा-केस्रा खोतल-खातल पार्न थाल्छु। दुवै आँखाका डीलभरि हिंगुवा छाँगाको पानी टिलपिल-टिलपिल गर्ने परिणतितर्फ उन्मुख हुन्छ। दुवै आँखबाट बलीन्द्रधारा छुट्न थाल्ने क्षणलाई बीचैमा अवरुद्ध पारेरै छाड्न म मरिमेटेर लगिरहन्छु। यति सुन्दर यति आकर्षक, यति सुललित मेरो प्यारो संक्रान्ति डाँडो। जसले प्रत्येक महिना जनताको महासागर उरालेर साँस्कृतिक क्रान्तिको जाज्वल्यमान दीप-शिखालाई निरन्तरता प्रदान गरिरहन्छ। एकाविहानै लालिमायुक्त कोमल-किरणका ज्वालामुखी फैलाउँदै रहरलाग्दो गोलाकृतिमा हिमालकै थाप्लामाथिबाट पुलुक्क हेर्दै झुलुक्क झुल्किने सूर्यको पहिलो चुम्बन पाउने संक्रान्ति डाँडो। पारिपट्टिको अस्ताचल माथिबाट पहेंलो आकृति लिएर अथाह-अज्ञात-अन्तरालमा चुर्लुम्म डुब्ने सूर्यलाई बिदाइ नमस्कार गर्न पाउने भाग्यशाली यही डाँडो। चौर, ठूलठूला नागी, घौराली,

गौचरण, जंगल र आग्नेय कोण (५ कि. मि. टाढा) मा अलिक उचाईमा भगवती एकुम्बाको मन्दिर जस्ता अनगिन्ती रमणीय स्थलहरूलाई डाँडाको ३०/४० कि. मि. परसम्म फैलाएर रमाइरहेको यो संक्रान्ति डाँडो एउटै मात्र यस्तो ठाउँ हो- जसले त्यस पूरै दूरीभित्रका शालीनता र विशेषताहरूलाई आफूछेउ ल्याइपुऱ्याएर बीट नै मारिदिन्छ । शिक्षित र प्रबुद्ध व्यक्तिहरूको घनावस्ती भएको आठराई तथा कोयाखोला क्षेत्रको मुकुटका रूपमा विराजमान संक्रान्ति डाँडो कहिलेदेखि यस रूपमा प्रतिष्ठित बन्न पुगेको हुँदो हो ? खोजीकै विषय भएको छ । त्यस बजारमा नपाइने वस्तु के हुँदो हो अनि त्यस भेकको कुनचाहिं व्यक्ति त्यस्तो हुँदो हो जसले संक्रान्ति डाँडामा पाइला राखेर त्यसको बेस्सरी आस्वादन नगरेको होओस् । सोच्न मन लाग्छ ।

हिजो आज चारैतिर घरैघरले खचाखच संक्रान्ति डाँडो चिन्नै नसकिने गरी कच्याक-कुचुक परेर खुम्चिसकेको हुनुपर्छ । हाटबजार भर्न, साँस्कृतिक चहलपहल बढाउन अनि भेटघाट र भलाकुसारीका इच्छा आकांक्षा पूरा गर्न त्यहाँ पुग्ने २०/३० वर्ष अघिका सबै मानिसहरू आज म जस्तै टाढा-टाढाका वस्तीहरूमा एक्लिन पुगेका हुँदा हुन् । नयाँ पुस्ताका मानिसहरूका निम्ति नयाँ अनुहार बोकेको संक्रान्ति डाँडो आज कुन रूपमा मेरो प्रतीक्षामा बसिराखेको होला ? व्यग्र-चिन्तनको सुस्केरा हालेर म घोत्लिरहन्छु ।

---


२०५५

विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पूर्वी क्षेत्रीय संयुक्त विद्यालय समिति

(स्था. .....)

काठमाडौं, नेपाल

२०५५

विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

देवीबहादुर डी.सी.

(अध्यक्ष) तथा

राप्ती अञ्चल यातायात व्यावसायी समिति दाङ्

२०५५

विजया दशमी तथा दीपावलीको पुनीत उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

अमरबहादुर डाँगी

(प्रमुख) तथा

त्रिभुवननगर नगरपालिका

घोराही, दाङ्

वडा दशैं २०५५ सम्पूर्ण देशवासीका निम्ति सुख समृद्धिदाता र मंगलकारी रहोस ।

नेपाल बैंक लिमिटेड

# बुकिट कियारा, अर्थात् उच्चस्थानमा रहेको बस्ती

✍ रामप्रसाद पन्त

सहरी वातावरणबाट अलिकति पर प्राकृतिक सौन्दर्यले परिपूरित अनि समतल जमिनबाट सामान्य उचाइमा बसेर पूर्वतिर हेरिरहेको छ - इन्तान,अर्थात् क्वालालम्पुर स्थित सेमिनार स्थल ।

नाकको डाँडी जस्तै गरेर ठडिएको डाँडाको दुबै पाखा पर्ने गरी दुईखण्डमा चन्द्राकार रूपमा बनेका होष्टेलका चौविस वटा ब्लक । प्रत्येक ब्लकमा दुईकोठा । माथिल्लो लाइनको ब्लक दुईतल्ले भएकोले जम्माजम्मी वहत्तरकोठा । जसमध्ये एउटा ब्लक होष्टेल इन्चार्ज, काउण्टर र आगन्तुक कक्षको रूपमा प्रयोग गरिएको छ । सारांशमा भन्नुपर्दा सत्तरी सहभागीहरू अटाउन सक्ने क्षमता थियो त्यो होष्टेलको ।

जहाँ प्रवेश गरीसकेपछि होष्टेल इन्चार्जसँग मेरो परिचय गराउँछन् - जाफरले । मैले होष्टेलको साँचो, एउटा फाइल र परिचय कार्ड पाउँछु । जाफर भन्छन् - अब तपाईं एक महिनाको लागि इन्तानको शिक्षार्थी हुनुभयो । हाम्रो पाहुना । तपाईंलाई कुनै तकलिफ हुनेछैन । हुनु हुँदैन । भएमा कृपया हामीले जान्ने अवसर पाउनु पर्छ ।

उनी इन्तानका शिष्टाचार महापाल ।

हात मिलाए - गुड नाइट मि. पन्त ।

'गुड नाइट थ्याङ्क यू भेरी मच ।'

मि. पन्त, आउनुस् म तपाईलाई कोठासम्म पुऱ्याउँछु - एकजना परिचरले मेरो सुडकेस बोक्छन् र होष्टेल इन्चार्जले अगुवाइ गर्छन् । होष्टेलको दुईखण्डमध्ये दोस्रोखण्डको २६ नं. कोठामा म प्रवेश गर्छु । इन्चार्जले कोठाको नियम र प्रयोग गरिने सामानको वारेमा सामान्य परिचय गराउँछन् । यसैगरी उनले क्याफ्टेरियाको नियम र ब्रेकफास्ट, लन्च, डिनर, टी-टायम जस्ता स्थलहरू उल्लेख भएको फाइल अगाडि सारी दिन्छन् । र, विदा हुन्छन् ।

करिब १५ x २० को एयरकण्डिसन युक्त कोठा । एक कुनामा खाट, अर्को कुनामा स्टडी गर्न आवश्यक सामानहरू सहितको टेवुल, कुर्सी र टेलिफोन । यसैगरी कोठाको आकारप्रकार अनुसार यथास्थानमा राखिएका ड्रेसिङटेवुल, सोफासेट, फ्रीज, टि.भी, एटेज दराज, एटेज वाथरुम ।

अगुवाइ गर्ने मानिस कोठाबाट निस्केर गैसकेपछि मैले कोठाको सूक्ष्म निरीक्षण गरें - तातो पानीको लागि थर्मस, चिसो विशुद्ध पानीको लागि फिल्टर, कपप्लेट, गिलास । वाथरुम हेरें - नुहाइ-धुवाइ गर्न तातो-चीसो पानी, साबुन, स्याम्पु र रुमाल । फ्रिज खोलेर हेरें - एउटा किस्तीमा थरीथरीका फलफूलहरू, चिनी, चियापत्ती र कफी ।

तालिम शुरुहुन ३/४ दिन बाँकि नै थियो । त्यस कारण पनि मलाई धेरै कुरा जानीबुझी हाल्नुपर्ने चासो वा चिन्ता थिएन । डिनर पश्चात् म रात्री विश्राम गरें ।

अर्कोदिन विहानदेखि मेरो नियमित प्रकृया शुरु भयो । प्रथमतः मैले घरमा टेलिफोन गर्नुथियो । फोन गर्ने प्रकृया के हो । कहाँबाट हुने हो ? फाइल पल्टाउने कि कसैलाई सोध्ने ?

मेरा सहभागीहरू अरू दुईजना आइसकेका छन् भन्ने मैले मि. जाफरबाट थाहा पाएको थिएँ, तर कति नं. कोठा, सोध्न भुलेंछु । उनीहरूले पनि त टेलिफोन गरे होलान् ! गर्लान् ! त्यसकारण मैंले तिनलाई भेट्नु जरुरी थियो । अर्को कुरा तालिम आरम्भ हुनु अघिका दिनहरू विताउन पनि तिनीहरूसँग वार्तालाप भयो भनें सजिलो पर्ला !

Mr. micca shemeleza nkabinde स्वाजीलैण्डका नागरिक र Mrs. catherine princilla मलावी की ।

मैंले मेरो तालिमको विषयसँग सम्बन्धित फाइल पल्टाएर फोटो हेरें- दुबै कालो रंगका ।

उनीहरूसँग मेरो पहिलो भेटघाट क्याफ्टेरियामा भयो । फोटो हेरिसकेको हुँदा मान्छे चिन्न गाह्रो परेन ।

Where are you from ?

I am from Swajilaind / I am from Malawi

and you ?

मैले पनि आफ्नो परिचय दिएँ - I am from Nepal.

हामीले आपसमा हात मिलायौं । जुन स्वाभाविक प्रकृया हो । मि. कविन्देले गला मिलाए । उनले आफ्नो संस्कृति प्रस्तुत गरे, त्यो चाहीं अस्वाभाविक थिएन । तर श्रीमती क्याथरिनले मेरो गालामा म्वाइ खाइन् त्यसलाई भनें सहजै पचाउन मलाई गाहारो भयो । क्याफ्टेरियामा ब्रेकफाष्टको लागि बसेका थुप्रै मलेसियन नागरिकहरूले यो सबै हेर्दै थिए । मलाई कताकता लाज लाग्यो । लज्जामिश्रित हाँसो हाँसें मात्र ।

क्रमशः परिचय को क्रम विस्तारित हुँदै थियो । अर्थात् कुन महादेश र कुन कुन देशको सामीप्यमा । यहाँ आइपुग्न कति समय लाग्यो र कुनकुन मार्गबाट ? यसरी लन्च गरिसक्दासम्म हामी धेरै निकट भइसकेका थियौं ।

क्याफ्टेरियाबाट बाहिर निस्केपछि मैले उनीहरू सामु टेलिफोनको कुरा उठाएँ । तालिम शुरु भएपछि सहभागीहरूले टेलिफोन कार्ड पाउने र सो प्रयोग गरे वापत पच्चीस प्रतिशत छुट मिल्ने, तर अहिले फोन गर्नुपर्दा आफ्नै कोठाको फोनबाट ..... नं. मा रिङ्ग गर्ने, आफ्नो नम्बर, कन्ट्याक्ट गर्न लगाउने- कविन्देले टेलिफोन सम्बन्धी नियम बताए ।

मैले उनले बताए बमोजिमको विधि प्रयोग गरेर घरमा श्रीमतीसँग कुरा गरें । फोन रिसिभरमा राख्ने वित्तिकै मालाई फोन आयो - 'तपाईले ६ मिनेट कुराकानी गर्नु भयो । सो वापत पचास डलर (मलेसियन रिङ्गिट) को वील भोलि तपाईलाई प्राप्त हुनेछ ।'

'ओ. के' मैले स्वीकृती जनाएँ ।

विशेष गरेर मेरो मि. कविन्देसँग मित्रता बढ्दै गयो र क्याथरिन पनि प्रायः संगै हुन्थिन् । परिभ्रमणमा निस्कँदा हामी एकैसाथ हुन्थ्यौं । हुन त एकपछि अर्को गरेर सहभागी साथीहरू आउँदै थिए । सबैसँग परिचय हुन्थ्यो, कुराकानी हुन्थ्यो तर कविन्देसँग जस्तो गहिरो मित्रता अरूसँग हुन सकेन-अन्तसम्म । वास्तवमा उनी सहयोगी,सहृदयी र मिलनसार पनि रहेछन् ।

एकदिन (तेस्रो दिन) ब्रेकफास्ट पछि एकछिन घुमेर आएको त भुसुक्क निदाएँछु । उठेर घडी हेर्छु त लन्चको टायम टलेछ । हतारहतार लुगा लगाएर ढोका बाहिर निस्कन्छु त कविन्दे र क्याथरिनले दुईवटा किस्तीमा खाना बोकेर आएका ।

'टाइम सकियो, खानापनि सकियो'- उनीहरूले भने ।

'म त भुसुक्क निदाएँ छु ।'

'हामीलाई थाहा थियो । हामीले नोक गरेका थियौं तर तपाई उठ्नु भएन ।'

'धेरै धेरै धन्यवाद । तपाईहरूले दुःख गर्नुभयो ।'

उनीहरूको यस कार्यले म अत्यन्त प्रभावित भएको थिएँ । वास्तवमा के खाँचो थियो मेरो वास्ता गर्न तिनीहरूलाई । कसैले खाओस् कि भोकै बसोस् के मतलव ।

अन्तिम दिन विदाइको बेला मैंले कविन्देलाई भनेको थिएँ - कविन्दे ! 'यू आर माई बेष्ट फ्रेण्ड' । नयाँवर्ष वा प्रमुख चाडको अवसरमा हामीहरूले एउटा कार्ड पठाउन भुल्ने छैनौं ।

कार्यक्रम संचालन हुनु अघि हामीहरू जलानक्षेत्र परिसरमा स्वेच्छाले घुम्ने गर्थ्यौं । होष्टेल माथिको कार पार्किङ्ग क्षेत्र र त्यसमाथि बनाइएको पुल । जुन पुलको माध्यमबाट हामी सीधै क्याफ्टेरियामा जान्थ्यौं र उदरार्चना गर्थ्यौं । सयौं व्यक्तिले एकैचोटी लन्च गर्न सकिने, खासगरी मलेसियन नागरिक र विदेशी नागरिकहरूको लागि वितरण प्रकृयामा सरलीकृत गर्ने हेतु अनौपचारिक विभाजन गरिएको तर जतातिर खाए पनि हुने भेदभावको वातावरण नभएको त्यो क्याफ्टेरिया सफाइ र व्यवस्थापनको दृष्टिले पनि त्यत्तिकै उत्कृष्ट थियो । हामी त्यो ठाउँमा कम्तिमा तीन पटक र बढीमा पाँच पटक (टी-टायम समेत) त्यहाँ पुग्ने गर्थ्यौं । र, फुर्सदको समयमा एक छेउँमा बसेर दैनिकी समाचारपत्र हेर्थ्यौं ।

त्यसभन्दा पनि माथि इन्तानका स्टाफहरूका क्वार्टरहरू र दायाँतिरको सुन्दर हरियो वनले बुकिट कियाराको शोभा अरू बढेको थियो । हामीहरू बस्ने होस्टेल भन्दा तल्लो भागमा इन्तान अर्थात् इन्स्टिच्यूटको विशाल भवन । जस अन्तर्गत प्रशासनिक ब्लक, कक्षा सम्बन्धी ब्लक, लाइब्रेटी ब्लक, प्रदर्शनी एवं संगीत ब्लक, पार्टीहल र टी-स्टलहरू । यसैगरी बाहिरपट्टि मूलद्वारको पूरै फेरोमा ढकमक्क फुलेका विविध रंगीविरंगी फूलहरूले सजिएको पुष्पवाटिकाले इन्तानको भवनलाई शोभायमान बनाएको । यसबाहेक ठाउँठाउँमा व्यवस्थित ढंगबाट लगाइएका सदावहार बृक्ष वनस्पतिहरूले भवनको शीर्षस्थानलाई हरियो चँदुवा ओढाएर सजाए जस्तो प्रतीत हुन्थ्यो ।

हामीले कुनै पनि बेला नरमाइलो महशुस गर्नु परेन । सहभागीहरूले यस्तो समय भोग्नु नपरोस् भन्ने हेतु आयोजकहरूले हामीलाई टेलिभिजन, फिल्म, मनोरञ्जनात्मक पत्रपत्रिका उपलब्ध

गराउनुको अतिरिक्त इच्छा लागेमा स्वीमिङपुल, फुटवल, भलिवल र चेसको लागि पनि समय निर्धारित गरिदिएका थिए । फुटवल लगायतका विभिन्न खेलहरू हामीहरू सँगसँगै खेल्थ्यौं । तर स्वीमिङको लागि भने महिला र पुरुषको समय बेग्लाबेग्लै तोकिएको थियो ।

यद्यपि तालिम शुरु भएको थिएन, तथापि आगन्तुक सहभागीहरूले चाहेमा सायंकालीन भ्रमणमा सुपरमार्केटतिर लगिने गरिन्थ्यो । ताकि इन्तानबाट उपलब्ध बस्तुको उपभोग वाहेक स्वेच्छाले ग्रहण गरिने वस्तु एवं परिकारहरूको उपभोगबाट सहभागी वञ्चित नहोउन् । तसर्थ हामी इन्तानबाट सबभन्दा नजिक पर्ने सुपरमार्केट Pataling Jaya जान्थ्यौं प्राय: इन्तानको बसबाट र कहिले स्वेच्छाले बीस सेन्ट (मलेसियन) तिरेर लोकल बसबाट । अनि नभै नहुने सामान र आफूलाई मनपर्ने चिजवीज लगायत केही फलफूल खरिद गर्थ्यौं । तुलनात्मक रूपमा फलफूल महँगो पर्दोरहेछ । मैंले नेपाली रुपैयाँमा कन्भर्ट गरेर हेरें - झण्डै चारगुना बढी ।

त्यहाँ बस्दा, घुम्दा, खाँदाको सम्पूर्ण खर्च इन्तानले व्यहोरेको हुँदा उपलब्ध गराइएको केही पकेट खर्च बाहेक बचाउन सकिने गहकिलो अर्थिक श्रोत हामीसँग थिएन । त्यसैले पनि हामीले अत्यावश्यक वस्तु बाहेक त्यहाँ उपभोग वा उपयोग गरिने वस्तु किन्न सोच्नै पर्थ्यो ।

तालिमको पूर्व सन्ध्यामा मैले १/२ वटा अरू पनि काम गर्नु थियो । काठमाडौंबाट एकजना भाइले पठाएका दुईवटा चिठी र कोसेली सम्बन्धित मलेसियन मित्रहरूलाई थमाइ दिनु थियो र मेरै एकजना गाउँले भाइलाई पनि भेट्नु थियो । सबैको फोन नम्बर मसँग भएको र लोकल फोन गर्न अलग आर्थिक दायित्व वहन गर्नु नपर्ने भएकोले मैंले त्यो काम फत्ते गरिहालें ।

उनीहरू सबै आए । मलेसियन मित्रहरू पनि मिलनसार रहेछन् । खुसी भए । घरमा आमन्त्रण गरे । तर म जान भनें सकिन । यसैगरी मलेसियामा बसेर जागिर खाने मेरा गाउँले भाइ पनि मलाई त्यहाँ देखेर हर्षविभोर भए । एकरात मसँगै बसे, फ्याक्ट्रीको गाडीमा बसालेर आफ्नो कार्य थलोमा पुऱ्याए । सहरका केही भागहरू घुमाए ।

'वातुकेश' - मलेसियामा रहेका करिव १२% हिन्दूहरूको पवित्र धार्मिकस्थल । जहाँ भगवान् विष्णुको सुन्दर मन्दिर छ । क्वालालम्पुर सिटी देखि करिव २०/२५ कि. मि. पर अवस्थित सो ठाउँमा पछि जाने अनुकूल नपर्न सक्छ । मुस्लिमहरूको बाहुल्य भएको आयोजक राष्ट्र र सम्भवत: सोही बमोजिमका सहभागीहरूको बाहुल्यताले गर्दा पछि त्यो ठाउँमा जाने कार्यक्रम नबन्न सक्छ । यसर्थ पनि हामीले सर्वप्रथम त्यो ठाउँमा जाने कार्ययोजना तयार गऱ्यौं र गयौं । सो ठाउँ अत्यन्त मनोहारी रहेछ ।

सनातन हिन्दू धर्म प्रति आस्थावान् हामीहरूले जहाँ गए पनि जहाँ भए पनि प्रचलित संस्कारलाई चटक्क बिर्सिहाल्न सक्तैनौं । ओंकारलाई मान्छौं, गाईलाई पुज्छौं । तर त्यहाँ भने गाईको मासु नभैकन मानौं भोजनै चल्दैन । त्यसकारण वीफले मलाई सधै तर्साइरहन्थ्यो, सतर्क बनाइरहन्थ्यो । कुखुराको मासुलाई त International meat भनिन्छ सायद । त्यसैभएर होला चिकेन पनि वीफ जस्तै प्रत्येक भोजनमा राखिएको हुन्थ्यो कुनै न कुनै परिकारको रूपमा । र, प्राय: माछा पनि । यसर्थ भोजनका परिकारहरू मनग्गे भएकोले नचिनेको परिकारमा आँखा डुलाई रहनु वा जान्ने इच्छा राख्नु आवश्यक थिएन । वैकल्पिक मासुहरूमा मटन, गंगटा र सामुद्रिक कीराहरू हुन्थे । सी फुड त्यहाँको उत्तम भोजन थियो । अति स्वादिष्ट । इन्तानद्वारा वितरित Evaluation form (मूल्यांकन फारम) मा मैंले सीफुडलाई उत्तम भोजनमा अंकित गरेको थिएँ । अन्तमा सहभागीहरूद्वारा अत्यन्त वहुमतले सो अनुमोदन पनि भएको थियो । भोजन पछि प्रत्येक दिन थरिथरि का फलफूलहरू राखिएका हुन्थे । मनले चाहेसम्म र पेटले भ्याएसम्म तृष्णा मेट्न हामी स्वतन्त्र थियौं ।

यसरी हामीले सम्पूर्ण सहभागीहरू, आइ नपुग्दासम्मका दिनहरू ज्यादै रमाइलोसंग त्यस बुकिट कियारालाई अंगालो भरी हालेर भोग गऱ्यौं - नयनाभिराम नहुँदासम्म, मनको प्यास नमेटिदासम्म ।


२०५५
विजया दशमी तथा दीपावलीको
पुनीत उपलक्ष्यमा
हार्दिक मङ्गलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**मेरिनोल नेपाल 'आशादीप'**
**(मानसिक विरामीहरूको पुन:स्थापना केन्द्र)**
**सिफल, काठमाडौं ।**

# यात्रा–दर्शन दिग्दर्शन

✍ प्रा. शिवगोपाल रिसाल

१. कुनै खास उद्देश्य लिएर घर छोडेर अन्यत्र जानु सामान्य अर्थमा 'यात्रा' हो । तर लामो होस् या छोटो- यात्रामा निस्केको मान्छे चाँडो होस् वा ढिलो कार्य सम्पन्न गरेर घर फर्कन्छ भन्ने धारणा राखिन्छ । चारैतिर, यताउता, विभिन्न दिशामा घुम्नु, भ्रमण गर्नु, यात्रा गर्नलाई आजभोलिको पारिभाषिक शब्दावलीमा 'पर्यटन' भनिन्छ । यो चाहिं विशेषत: देश छोडेर विदेश जानु वा आउनुसँग ज्यादा सम्बन्धित छ । नेपाली नेपालकै विभिन्न जिल्लामा घुम्नेनै उद्देश्यले गए भने त्यो पर्यटन भएन, ती पर्यटक भएनन् । नेपाली नै श्रीलंका वा अमेरिका आदि विदेशमा गए भने पर्यटक भए, उनको त्यस मुलुकमा जानु पर्यटन भयो । घुमफिर, डुलफिर गर्ने काम, देश देशावरको दर्शन, देशाटन, यात्रा, सफर नै भ्रमण भएकाले यात्रा, देशाटन, भ्रमण, सफर, पर्यटन पर्यायवाची शब्दभित्र पर्दछन् । सफर गर्नु, यात्रा गर्नु या भ्रमण गर्नु मान्छेको स्वभाव पनि हो । अनि कहिलेकाहिं आवश्यकता र कहिले सौख पनि हो । जुन उद्देश्य पूर्तिका लागि भए पनि यात्राको पनि दर्शन (फिलोसफी) हुन्छ । दर्शन भन्दासाथै यसले एकातिर त्यसको गहिरो चिन्तन पक्षलाई औंल्याउँछ भने अर्कातिर आध्यात्मिक पक्षलाई समेत द्योतन गर्दछ । यात्रा-दर्शनको दिग्दर्शन गर्ने हो भने मानव मात्र होइन मानवेतर प्राणीको स्वभाव र व्यवहारलाई समेत अवलोकन गर्नुपर्ने हुन्छ । मान्छे मात्र होइन चराचुरुङ्गी र जीवजन्तु समेत यात्रा गर्दछन् । उनीहरू भन् स्वतन्त्र छन्- यात्राका सन्दर्भमा । मान्छेले कोरेका रगतका वा वीरताका, साँघुरो मस्तिष्कका वा भेदभावका साँध र सीमाना अनि तेरो र मेरोका राष्ट्र र राष्ट्रियता भन्दा धेरै माथि उठेका पशुपक्षी निर्वाधरूपमा राष्ट्र, सीमाना, जात, धर्म, भाषा आदि विभाजनका रेखा नाघेर देश-देशान्तर मात्र होइन, द्विप-द्विपान्तरसम्म पुगेका हुन्छन्- आफ्नो लामो आकाशमार्गीय वा जलमार्गीय यात्राका सन्दर्भमा ।

२. जीवन स्वयं नै एक यात्रा हो - महान्‌यात्रा, दीर्घयात्रा, भन्डै भन्डै अनन्तयात्रा । जीवनको यात्राको आरम्भ कहिलेदेखि भयो- आजसम्म खोजिकै विषय बनेको छ । सृष्टिको तिथि-मिति, थात-थलो आजसम्म कुनै वैज्ञानिक वा दार्शनिकले पत्ता लगाइसकेका छैनन् । त्यसैले मानवको यात्राको शुभारम्भ अनादि मानिन्छ अनि ज्ञान नहुन्जेल अनन्त मानिन्छ । चौरासीलाख योनिको भुमरीमा घुमिरहेका सम्पूर्ण प्राणीहरू एक योनिदेखि अर्को योनिसम्मको यात्रा सम्पन्न गरिरहेका छन् भने मान्छेले मानव योनिमा आफ्नो स्थायी वा अस्थायी बसोबास भएको एउटा थलोबाट केही दिन, महिना वा वर्ष लगाएर अर्को ठाउँमा जानु कत्रो कुरो भयो र ? गर्भवास पनि एक यात्रा । अरु भनौं भने शुक्र-शोणितबाट वा रजवीर्यबाट छुटेर गएपछिको पहिलो वासनै आमाको गर्भासय हो । त्यसभन्दा पनि अगाडि त्यो जीव आमा-बाबुको अन्नमय शरीरमा वासनारूपमा बासबसेको थियो । यसरी जीवको यात्राको आरम्भ हुन्छ । यात्राको समाप्ति मृत्यु पनि होइन । शरीरको मृत्यु भए पनि आत्मा त अमर छ, फेरि जीवात्मा वासनामय किंवा सूक्ष्म शरीर, वा लिङ्ग शरीर वा आतिदाहिक शरीर लिएर अर्को गर्भमा वासबस्न जान्छ । यदि ब्रह्मात्मैक्यबोध भएको छ भने मात्र जीवको यात्राको विश्रान्ति हुन्छ ।

३. यात्रा धेरै प्रकारका छन् -

तीर्थ यात्रा, राजनैतिक यात्रा, वाणिज्य यात्रा, खोज (अनुसन्धान) यात्रा, मनोरञ्जन यात्रा, सामान्य देश-दर्शन यात्रा, शैक्षिक यात्रा, जासुसी यात्रा, अपराधमुक्ति यात्रा, विजय अभियान यात्रा, राजकीय यात्रा, मैत्री यात्रा, धर्म प्रचार यात्रा आदि मनुष्यले धरतीमा गरिने यात्रा हुन् भने परब्रह्म परमात्माले सगुण, साकार रूपमा लोककल्याणहेतु गरिने सावधिक यात्रालाई 'लीलावतार यात्रा' भनिन्छ । दायाँ बायाँ नहेरिकन लुरुलुरु जाने खुरुखुरु आउनेलाई ठिमीले यात्रा भनी उपेक्षाकै भावले हेरे पनि यसको आफ्ना ठाउँमा महत्त्वपूर्ण स्थान छ भने माथि उल्लेख गरिएका विविध प्रकारका राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका यात्राहरू सबैले आफ-आफ्ना क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन्, आफ्नो महनीय भूमिका कायम गरेका छन् । हिजो-आजका वैज्ञानिकहरूको आन्तरिक्ष यात्राको त भन् कताहो कता फूर्ती-फार्ती छ । पहिले पहिले सुनिएका र आजभोलिका पनि सामुद्री यात्राले पनि समुद्रतटीय मुलुकका

इतिहासमा र आर्थिक समुन्नतिमा उल्लेख्य भूमिका निर्वाह गरेकै हुन् । दुलही लिन जाने 'जन्ती यात्रा' र मरेको शवलाई लिएर दाहसंस्कार गर्नेका लागि मसानघाटतिर जाने 'शवयात्रा वा मलामी यात्रा' हाम्रा संस्कारजन्म स्थानीय, वंशीय, गोत्रीय, सामाजिक यात्रा हुन् । कठोपनिषद्को मूल विषयकै रूपमा स्थापित नचिकेताको यमलोक यात्रा, त्यस्तै सती-सावित्रीको पनि आफ्ना मृत पतिको अंगूष्टमात्र शरीर र यमराजका साथ यमलोकतिरको यात्रा आदि त अन्तर्राष्ट्रिय मात्र होइन अन्तर्नक्षत्रीय, र लोकान्तरीय यात्रा हुन् । यसबाट हाम्रो जीवनमा र जगत्मा नै यात्राको कति महान् स्थान रहेछ स्पष्ट हुन्छ । त्यसैले हाम्रो जीवन नै एउटा यात्रा हो- महायात्रा अनि हामीले बसेको संसार नै यात्राहरूका लागिको एउटा वासस्थान हो; धर्मशाला हो, पाटी-पौवा वा डेरा मात्र हो ।

४. सम्पूर्ण जीवहरू गतिशील छन् । गतिशीलता मानवको पनि स्वभाव हो । त्यसैकारण मान्छे भ्रमणप्रिय प्राणी भएकाले यात्रा उसको जन्मसिद्ध गुणभित्रै पर्छ । यात्रा कसैको स्वभाव हो भने कसैको सौख वा बानी अनि कसैका लागि मनोरञ्जन त कसैका लागि नितान्त आवश्यकता । हामीले सुनेका छौं संसारमा लाखौं मानिस सडकमा (पेटीमा) जन्मन्छन् रे, लाखौं सडक (पेटी) मा नै हुर्कन्छन्, अनि त्यसैगरी सडकमा नै मर्छन् रे । अझै पनि संसार मा कतिपय जाति 'फिरन्ता जाति' कै नामले चिनिन्छन्- जसको स्थायी बसोबास नै छैन । अनि त भन्न सकिन्छ यात्रा मान्छेको बाध्यता पनि हो । निजी यात्रा सौखका लागि, भेटघाटका लागि, देशदर्शनका लागि, किनमेलका लागि अनि संक्षेपमा भन्ने हो भने मनोरञ्जनका लागि हुन्छन् । त्यति मात्र होइन कति सामन्त र सम्पन्न मान्छेहरू त सुहागरात (हनीमुन) मनाउनका लागि समेत अन्तरदेशीय मात्रै होइन अन्तर्राष्ट्रिय यात्रामा निस्कन्छन् । यातायातका विभिन्न साधनहरू उपलब्ध भएकाले हिजो आज राष्ट्रिय र अन्तर्राष्ट्रिय यात्रा किंवा पर्यटन ज्यादा लोकप्रिय र सरल बन्दै गएको छ ।

संस्कृत 'यात्रा'को नेपालीमा 'जात्रा' भएको छ । र, हुँदा हुँदा 'पशुपतिको जात्रा सिद्राको व्यापार'- मा पुगेर जात्राले आफ्नो उद्देश्यनै बदलेको समेत पाइन्छ । देव-देवीका स्थानमा पूजाआजा सहित निश्चित तिथि-मितिमा मनाइने विशेष प्रकारको धार्मिक/सांस्कृतिक उत्सव विशेषलाई हामीले 'जात्रा' भन्ने गरेका छौं । 'गाई जात्रा', 'घोडेजात्रा', 'इन्द्रजात्रा', भोटोजात्रा', 'कृष्णजात्रा' आदिले धार्मिक संस्कृतिका साथै चाडबाडलाई समेत लिने गरेका छन् ।

पौराणिक कालदेखिनै 'यात्रा' अत्यन्त प्रसिद्ध थियो । एक त तीर्थयात्राका रूपमा । त्रेतायुगमा श्रीरामको तीर्थयात्रा, द्वापरयुगमा श्री बलरामको तीर्थयात्रा, श्रीकृष्णको मथुरा, बृन्दावन र द्वारका यात्रा । श्रीरामकै पनि चौधवर्षे वनवास यात्रा, त्यस्तै पाण्डवको बाह्रवर्षे वनवास यात्रा । श्रीराम, श्रीबलराम आदिको तीर्थयात्रा बाहेक अन्य वनवास आदिका यात्रा धार्मिक उद्देश्यले नभएर वाध्यता थिए । धार्मिक र वाध्यताका यात्राका अतिरिक्त राष्ट्र विस्तारका लागि गरिने 'विजय यात्रा' वा युद्धहेतु गरिने यात्रा पनि त्यत्तिकै प्रसिद्ध छन् । विजया दशमीका शुभ मुहूर्तमा आरम्भ गरिएको श्रीरामको विजय यात्राका सन्दर्भले गर्दा नेपालीहरूको सर्वाधिक महत्त्वको राष्ट्रिय चाड, धार्मिक महोत्सव दशैं अत्यन्त प्रसिद्ध छ । श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरण अभियान यात्राले पनि नेपालको इतिहासमा उल्लेखनीय भूमिका खेलेको छ । अलेक्जेन्डरको विश्व विजय यात्रा पनि पश्चिमी मुलुकका इतिहासमा निकै प्रसिद्ध छ ।

काशीयात्रा, बद्रीकेदार यात्रा, चारधाम, तीनधाम यात्रा, पशुपतिनाथको यात्रा, गोसाइँकुण्ड, अमरनाथ, मुक्तिनाथ मानसरोवर, कैलास यात्रा आदि विशुद्ध धार्मिक यात्रामा पर्दछन् । यिनीहरू देवपूजनका साथै तीर्थस्नानका अतिरिक्त पितृउद्धार हेतु गरिने यात्रा हुन् । श्री ५ पृथ्वीको काशीयात्रा, श्री ३ जंगबहादुरको बेलायत यात्रा, चिनियाँ यात्री हुआनसाङको भारत-नेपाल यात्रा, कोलम्बसको, भास्कोडिगामाको देश पत्ता लगाउने यात्रा आफ-आफ्ना स्थानमा महत्त्वपूर्ण मानिन्छन् । ब्रिटिश इन्डिया कम्पनीको भारतको व्यापारिक यात्राले पछि गएर देश विजय गर्ने यात्राका रूप लियो । त्यसैले साना मुलुकमा अथवा कमजोर, दुर्बल मुलुकमा ठूला वा बलिया मुलुकका मानिसले गरिने यात्रा भविष्यमा अत्यन्त डरलाग्दो पनि बन्नसक्दो रहेछ भन्ने कुरो घाम जत्तिकै छर्लङ्ग भइसकेको छ । बडामहाराजले विदेशीलाई नेपाल भित्र छिर्नै नदिनुको रहस्य निकै गहिरो र दूरदर्शी थियो भन्ने कुरो आजका राजनैतिक नेता र राष्ट्रिय उद्योगपति र व्यापारीले बुझ्नु पर्ने कुरो हो । हाम्रा नेपालीहरू विद्या कमाउन काशी जानु, पैसा कमाउन भोट जानु, ऋणबाट मुक्त हुन लाहोर जानु त साधारण यात्रा हो ।

५. आमाको गर्भमा वास बसेकादिन देखि आरम्भ भएको यात्रा सामान्यत: मसानमा चितामा सुतेपछि समाप्त हुन्छ तर वासना बाँकी छ, ब्रह्मात्मैक्य बोध भएको छैन भने फेरि अर्को आमाका गर्भमा बास बस्न जानुपर्छ र अगाडिको झैं चौरासीको चक्करमा परिरहनु पर्छ । बालक अवस्थाबाट किशोरावस्था, पौगण्डावस्था, यौवनावस्था, प्रौढावस्था, बृद्धावस्था, रुग्णावस्था आदि पनि यात्रा अन्त:पाति नै हुन् । त्यस्तै ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र संन्यासाश्रम पनि यात्राकै क्रममा पर्दछन् । शरीरसंग जसरी यात्राको सम्बन्ध छ त्यसरी नै इन्द्रियसँग, प्राणसँग, मनसँग र बुद्धिसँग पनि यात्राको सम्बन्ध छ । मान्छेका साथमा भएका रोगले, संस्कारले र संस्कृतिले पनि यात्रा गर्दछन् भने यात्राको व्यापकता सर्वत्र छ । पुण्यात्माले बैकुण्ठ, गोलोक आदिको यात्रा गरेका र पापात्माले नरकादिको यात्रा गरेका प्रसङ्गहरू गरुडपुराण आदिमा प्रशस्त भेटिन्छन् । अत: यात्राको समाप्ति वा पूर्णता वा साङ्गिता हुन्छ मोक्षमा पुगेपछि- जीवात्मा र परमात्माको एकता बोध भएपछि । यसरी ब्रह्मसाक्षात्कार भएका मुक्तात्माकै विषयलाई लिएर हाम्रा उपनिषद्हरूको घोषणा छ -

'न स पुनरावर्तते, न स पुनरावर्तते ।'

(ब्रह्मात्मैक्य बोध भएका ज्ञानवान्हरू जीवन्मुक्त हुने हुनाले फेरि फर्केर आउँदैनन्, फेरि फर्केर आउँदैनन् ।) यसै प्रसङ्गमा भगवान् श्रीकृष्ण आफ्ना प्यारा सखा, शिष्य अर्जुनलाई सम्बोधन गर्दै आज्ञा हुन्छ ।

'यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।'

*(श्री मद्भगवद्गीता १५/६)*

(जहाँ पुगेपछि अर्थात् ब्रह्मसाक्षात्कार भएपछि फेरि फर्केर आउनुपर्दैन, त्यही नै मेरो परम धाम हो ।) सम्पूर्ण प्राणीको स्थायी बसोबास स्थल ब्रह्मनै हो । आफ्-आफ्ना वासना, संस्कारले गर्दा जीवन यात्रा (जीवयात्रा) आरम्भ हुन्छ र अन्तिम गन्तव्य लक्ष्य ब्रह्म प्राप्ति भएकोले र जीवनभर गरिएको पुरुषार्थबाट नै ब्रह्मबोध हुने भएकाले ब्रह्मबोध अनन्तर यात्रा गर्नु पर्दैन । यही नै हाम्रा वेद, उपनिषद्, गीता, भागवत आदि मोक्षपरक शास्त्रहरूको सार हो । यात्रा साहित्यको मूल मर्म पनि यही हो । 'यात्रा-दर्शन' को विश्रान्ति पनि स्वरूप साक्षात्कारमा पुगेपछि नै हुन्छ ।

*-शिवमस्तु*

*२०५५/५/५*

*'शिव-मन्दिर'*
*शान्तिकुना, जाउलाखेल*


विजया दशमी तथा दीपावली २०५५ को शुभ उपलक्ष्यमा
हाम्रा समस्त ग्राहक, शुभचिन्तक तथा शेयरधनी महानुभावहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(पञ्जाब नेशनल बैंक, भारतको संयुक्त लगानीमा संचालित)
नयाँ वानेश्वर, काठमाडौं

विजया दशमी तथा दीपावली २०५५ को शुभ उपलक्ष्यमा
हाम्रा समस्त ग्राहकवर्ग एवं शुभचिन्तकहरूमा सु-स्वास्थ एवं समृद्धिकोलागि मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल बङ्गलादेश बैंक लिमिटेड
केन्द्रिय कार्यालय/मुख्य शाखा
पो.व.नं. ९०६२, विजुली बजार, नयाँ वानेश्वर
फोन: ४९०१९५,४९०६९८,४९०७६७, ४९०७७०
फ्याक्स: ०९७७ -१- ४९०८२४

# नेपाली दिलका ध्वनि !

✍ शैलेन्दुप्रकाश नेपाल

२०५५ सालको झरीले विनाशलीला रचेछ । थानकोटको डाँडाबाट ओरालो झरेपछि थुप्रै ठाउँमा पहिरो गएको देखियो । दुई-चार मिटरका अन्तरमा पहाडबाट माटो बगेको देखिनु दुःखलाग्दो कुरो । कतै धानबाली, मकैबाली सखाप ! ढुंगासहितको खहरेले खेत पूरै छोपिदिएको । विचरा कृषकहरू ठूलो मारमा परे । आखिर प्रकृतिलाई जित्न सक्ने कसले ? नत्र विकसित मुलुकहरू दैवीप्रकोपका चपेटामा किन पर्थे ? धन्य छ प्रकृतिको लीला !

गाडीमा गफ जमाउँदै यात्रामा अग्रसर हुनु पनि रमाइलो पक्ष हो । हामी दुईवटा गाडीमा बाँडिएका थियौं। पहिलो गाडीमा निर्वाचन आयुक्त तथा भानु जन्मस्थल विकास समितिका अध्यक्ष रामचन्द्र शर्मा पौडेल, प्रा. डा. वासुदेव त्रिपाठी, रामप्रसाद ज्ञवाली, विजयराज न्यौपाने, पूर्णचन्द्र वाग्ले, माधवप्रसाद लामिछाने, शिशिर पौडेल एवं दोस्रो गाडीमा डा. व्रतराज आचार्य, कोषराज न्यौपाने, हेमचन्द्र नेपाल, म तथा ध्रुव न्यौपाने थियौं । हामी आदिकवि भानुभक्तको १८५ औं जन्मजयन्ती कार्यक्रममा सहभागी हुन चुँदीरम्घातर्फ लम्कँदै थियौं । प्रत्येक वर्ष राजधानीबाट अतिथिका रूपमा साहित्यकारहरू त्यसतर्फ जाने प्रचलन छ । त्यही परम्परामा यसपटक हामी पनि आबद्ध थियौं ।

मलाई हाम्रा आदिकविको जन्मस्थल हेर्ने तीव्र इच्छा पलाएको धेरै भएको थियो । परन्तु प्रत्येक वर्ष यसै अवसरमा नेपाली वाङ्मय प्रतिष्ठानले आयोजना गर्ने कविगोष्ठीको व्यस्ततालै गर्दा जान पाइएको थिएन । यसचोटि भने असार २७ गतेकै दिन कविगोष्ठी सकिएकाले २८ गते रम्घातर्फ प्रस्थान गर्ने साइत जुरेको हो । साहित्यकारका रूपमा देशका विभिन्न भागमा डुल्न पाउनु गौरवकै कुरा हो ।

नौबीसेसम्म विशेष गरी बाटो बिग्रिएको रहेछ । अगाडि पनि ठाउँ-ठाउँमा दुःखलाग्दा दृश्य देखिए नै ! मलेखुमा जमेर खाजा खाइयो । तारेका झिंगे माछाले तराईको बाल्यकाल संझायो नै ! कोषराज मामाले तीतेकरेला गच्याम गच्याम चबाएको देख्दा धेरैजनाले सिको गर्यौं पनि । मनले स्वीकारेपछि नमीठो भन्ने कुरा केही हुँदैन भन्ने लाग्यो ।

अगाडि बढेपछि 'हेशैकोब्र' शीर्षकमा सामूहिक श्लोक रच्यौं हामीले मन्दाक्रान्ता छन्दमा ।

बाटोघाटो रनबन सबै गण्डकी हेर राम्रो !
डाँडाकाँडा हरित रमिता जिन्दगी यै छ हाम्रो
गाडी गुड्दा पिच सडकमै काव्य यात्रा मिठो भो
यस्तै-यस्तै युगयुग सधैं चाहना हुन्छ हाम्रो !

पछि अर्को पंक्ति पनि थपियो-

जे जे गर्छौं गर व्रत तिमी नाइके आज हाम्रो !

वास्तवमा हामीलाई नेतृत्व गरेर लैजाने मूल व्यक्ति डा. व्रतराज नै हुनुहुन्थ्यो ।

समष्टिमा हाम्रो यात्रा रमाइलो भएको थियो । काठमाडौंको काँठेलयमा मैले पनि दुई पंक्ति गीत बनाएँ -

आधा काँको बाँड्यौ आधा आफै खायौं एक्लै टोक्यौ करेला
आँखा झिम्काएर नजिस्काऊ मलाई उखेल्दिउँला परेला ।

गण्डकीका किनाराबाट गुडिरहँदा भरतराज पन्तले यस्तै प्रसंगमा रचेको कविताको पनि संझना गर्यौं हामीले -

गण्डकी हुत्तिएकी छन् बाङ्गोटिंगो गरीगरी
नयाँ सडकमा साँझ हरिभक्त हिंडेसरी !

आजको दिन उज्यालो थियो । राष्ट्रको हरियालीले-पाखा-पर्वतले हामीलाई लोभ्याएकै थिए । नेपाली धर्ती जत्तिको सुन्दर स्थल विश्वमा अन्यत्र पनि छ भन्ने विश्वास मलाई पटक्कै लाग्दैन । किन हो !

मुग्लिन, आँबुखैरेनी पार गर्दै डुम्रे पुग्दा घाम डुबिसकेका थिए । आजै रम्घामा संचालन भइरहेको कविगोष्ठीमा सहभागी हुन पाइन्छ भन्ने हाम्रो अभिलाषा प्रस्थानमा ढिलाई भएका कारण खण्डित हुनपुग्यो । हामीलाई बोक्ने गाडी दमौलीतिर लाग्यो, हामी झोला बोकेर डुम्रेबाट उत्तरतिर लाग्यौं । गाडीबाट चुँदी पार लाग्न गाह्रो हुने देखिएकाले हामी हिंडेका हौं । चुँदीमा पुल बन्ने तयारी हुँदै रहेछ । संभवतः अर्को वर्ष यसरी भानुतीर्थ आउनेहरूले हिंड्नु नपर्ला ।

पारि तरेर सडक विभागको गाडी पर्खने काम भयो । बजारभन्दा अलि पर पानी पिउँदै नास्पाती गफैमा रमायौं । त्रिपाठी सरले यस ठाउँमा एउटा काव्यग्रामको परिकल्पना आफूले गरेको कुरो बताउनुभयो । कविहरूले एक-एक रोपनी घडेरी किनेर काव्यग्राम निर्माण गर्ने र बेलाबखत भेला भएर कविगोष्ठी जमाउनुपर्ने धारणा व्यक्त गरिए ।

हिंडेर जानुपरे पनि कस्सिनुपर्ने परिस्थिति थियो । केही वेर प्रतीक्षा गरेपछि गाडी आयो । हामी सबै एउटै गाडीमा खाँदियौं । यही बाटो केही वर्षपूर्व म तुरतुरेसम्म पुगेको थिएँ । अलि माथि पुगेपछि चुँदी जाने बाटो छुट्टिंदो रहेछ । आँखाले देखुञ्जेल वरपर हेरियो । त्रिपाठी सरको घर-परिवेशको संकेत पनि उहाँले गर्नुभयो । ठाउँ अत्यन्त मनोहर लाग्यो । समष्टिमा गण्डकी अञ्चल बढी उर्वरा देखापर्दछ पहाडी अञ्चलहरूमा । साहित्यिक उर्वरताको चर्चा गरेर त साध्य नै छैन । आदिकवि भानुभक्त, जनकविकेशरी धर्मराज थापा, कविवर माधव घिमिरे, अलिमियाँ, समालोचक यदुनाथ खनाल, समालोचक प्रा.डा. वासुदेव त्रिपाठी, कवि मुकुन्दशरण उपाध्याय, सरुभक्त आदि कति प्रतिभाको नाम लिने ? त्यसमाथि गोरखाको प्राचीनताको आपनै महत्त्व छ । अग्ला-अग्ला होइन मझौला खालका थुम्काथुम्की, लेकवेंसी मिलेको क्षेत्र, नदीनालाको व्यापकता जस्ता प्रकृतिक संयोजनले यस अञ्चललाई सदा सुन्दर बनाएको प्रष्ट छ । त्यसमाथि तनहुँ जिल्ला झन् सबै पक्षबाट बढी महत्त्वपूर्ण देखापर्छ । नेपाली भाषा-साहित्यका लागि त तनहुँको माटो सदा पवित्र, उर्वर तथा वन्दनायोग्य रहिआएको छ ।

दोस्रोपल्ट चुँदी तर्नुपर्ने ठाउँमा गाडी लान चालकले नमानेपछि पुनः हिंडेर झोलुंगे पार गऱ्यौं । फाँटिलो ठाउँमा फराकिलो बाटो हिंड्दै गाउँ छिचोल्न आँट्दा एउटा बस आयो, त्यसैमा चढेर हामी सेपा बगैंचा पुग्यौं । आजको हाम्रो बासको प्रबन्ध यहीं गरिएको रहेछ भोलि चुँदी पारि कार्यक्रम हुने भन्ने सुनियो । रातको समय । गर्मी अचाक्ली थियो । पसिना ओवाओस् भन्ने हेतुले 'हावा आए पनि रहरले ज्यानमा पस्न पाओस्' भन्दै कमेजका टाँक खोलेर बसियो । यहाँको पानी पनि स्वादिलो, चिया त्यस्तै बनाएको । होटलको तलामाथि हाम्रो बासको प्रबन्ध । मीठोसँग खाना खाएपछि माथि उक्लियौं हामी । आइतवारको व्रत साँझ परेपछि पानीसम्म नखाने अठोटमा कोषराज मामा हुनुहुन्थ्यो । घाम डुब्नुपूर्व काँक्रो, करेला, आँप, नास्पाती र पानीले टन्न बन्ने प्रयत्नमा उहाँ लाग्नुभएको थियो । खानामा कर्कलाको मीठोपनले यसो भन्नै पऱ्यो मैले -

खाए टन्नै पनि करकलो टन्न कैल्यै भएन
पाए भन्नै पनि प्रियतमा भन्न कैल्यै भएन ।

रातको बाह्र चालीससम्म हाम्रो अनौपचारिक कविगोष्ठी जम्यो । एक-एक श्लोक रामायण पाठ गरियो शुरूमा । पछि आ-आफ्ना कविता सुनाइयो । समय बित्ते जाँदा तात्तातो सेलरोटीले पनि हामीलाई सत्कार गऱ्यो । मैले काँठे भाका हाल्नै पऱ्यो-

कविगोष्ठी झन्नै सुक्न लागेको थ्यो सेलरोटीले जगायौं
सुट्ट भागिजाने इच्छा गरेको थें कस्तो माया लगायौं ?

आजको रातको अर्को महत्त्वपूर्ण पक्ष थियो - विश्वकप फुटबलको फाइनल खेल । हामी दिउँसैदेखि त्यसको चर्चामा थियौं । हामी बसेभन्दा दश मिनट जति परको माथिल्लो बजारमा टेलिभिजन छ भन्ने थाहा भएपछि कविगोष्ठी सिध्याएर त्यतै लाग्यौं । अपेक्षा गरेअनुसार ब्राजिलले खेल जमाउन सकेन । जतिसुकै होड परे तापनि खेल प्रतिस्पर्धात्मक हुन सकेन । आपनै जन्मभूमिमा फ्रान्सेलीहरू निकै जमे । विश्वगौरवलाई हात पार्न उनीहरू सफल रहे । प्रत्येक अवसरलाई उनीहरूले गुमाएनन् । ब्राजिलका खेलाडीहरूका लागि शुरुदेखि नै अपशकुनहरू मात्र देखापरे । चार वर्षपछि मात्र हेर्नपाइने यो खेल विश्वले जमजमाएर हेरेको कुरालाई नकार्न सकिंदैन । तीन गोल खाँदा पनि एक गोल फर्काउन नसक्नु ब्राजिलका खेलाडीको दोष भन्ने कि के ?

चुँदीको किनारमा हाम्रो बसाइ भएको रहेछ । राति पानी बगाइको आवाज मीठो सुनिएथ्यो । किनारैमा सुतिएको रहेछ । कोषराज मामा र मैले चुँदीमा मज्जासित नुहायौं । भानुले पनि यसैगरी नुहाएका थिए होलान् । चुँदी एउटा उपत्यकाकै रूपमा अवस्थित रहेछ । उत्तरतर्फ रम्घाको हरियो डाँडो । पूर्व-पश्चिममा उत्तर ढल्किएर चुँदी फैलिएको । रम्घाको डाँडाले दक्षिण हेर्छ ।

सात बजे हामी चुँदी तरेर पारि लाग्यौं । पुस्तकालय सहितको भानु भवनका प्राङ्गणमा हामी भेला भयौं । प्रभातफेरीको कार्यक्रम थियो अब । भानुका पनाति मुक्तिनाथ आचार्यसँग चिनापर्ची भयो । बेलुकै आफ्नो घरतिर लाग्नुभएका रामचन्द्र शर्मा पौडेल पनि आइसक्नु भएको रहेछ । बडो रसिलो व्यक्तित्व लाग्यो उहाँको । प्रभातफेरीको अगुवाइ पञ्चैबाजाले गऱ्यो । थुप्रै बालबालिका, महिलाहरू सहितको जुलुस हेर्न लायक थियो । रातो माटाको उकालो बाटो रहरलाग्दो थियो । हामी क्रमशः उत्तरतर्फ उक्लँदै छौं । चुँदीबेंसीमै भानुसंस्कृत विद्यापीठ र भानु संस्कृत मा.वि. पनि रहेछन् । घरगाउँ छोडे पछि वनजंगलले ढाकेको बाटो हिंड्नुपऱ्यो । ठाउँ-ठाउँमा चौताराहरू भेटिन्थे । चौतार र वरपीपल परोपकारका लागि नेपाली संस्कारको उच्च नमुना । कुनै चौतारो श्रीकृष्ण आचार्यको, कुनै चौतारो भानुका छोरा रमानाथको भन्ने सुनाउँथे सन्ततिहरू । गिरिधारी भाटसँग मुद्दा परेको ठाउँ बेंसीकै वर चौतारी हो भनेर पनि देखाएथे ।

भानुको जन्म घडेरीमा पुरानै परम्पराको घर निर्माण गरिएको रहेछ - चलचित्र निर्माणको सन्दर्भ र प्रयोजनहेतु । आजै उद्घाटन गर्ने भनेर ढोकामा घडा र रिबन राखिएको, तर सो

कार्यक्रम स्थगित भएछ । यस ठाउँमा औलाले दु:ख दिन थालेपछि भानुसन्ततिहरू शिखरतिर बसाईं सरेका रहेछन् । अहिले भानु टोलमा कुनै वस्ती छैन ।

पुनर्निर्मित भानुभवन एकलाख छब्बीस हजारको लागतमा तयार पारिएको रहेछ । नेपाली साहित्यका विद्यार्थीहरूका लागि चुँदी-रम्घा तीर्थस्थल हो । यस क्षेत्रको दीर्घकालीन विकास गर्न अहिले रामचन्द्र शर्मा पौडेलको अध्यक्षतामा भानु जन्मस्थल विकास समिति गठन भएको रहेछ । केही सुधार-निर्माणका कार्यहरू पनि भइसकेछन् ।

नेपाली भाषा र साहित्यका क्षेत्रमा भानुको योगदानको कुनै सीमा छैन । नेपाली जनहृदयमा गुञ्जिने प्रथम साहित्यकार भानु नै हुन् । 'शिखरकटेरी' उनको घरको नाउँ । भानुग्रामको परिकल्पना गरेर विकास समितिले कार्य गर्दैछ । नयाँ घरलाई संग्रहालयको रूप दिने सोचाइ रहेछ ।

डुम्रे बजारबाट करीब नौ किलोमिटर उत्तर पश्चिममा रहेको चुँदीरम्घा ऐतिहासिक स्थल हो साहित्यिक । पर्यटनका दृष्टिले पनि यो ठाउँ महत्त्वपूर्ण हुनसक्छ । यादव खरेलका निर्देशनमा आदिकवि भानुभक्त नामको चलचित्र पनि बन्दैछ ।

भानुप्रति नतमस्तक हुन र गौरवमय पद्धतिलाई महत्त्व दिन हामीलाई दार्जिलिङ्ग- सिक्किमतिरका नेपालीहरूले सिकाएका हुन् भन्दा अन्यथा नहोला । उतातिर भानु जयन्तीलाई जातीय पर्वका रूपमा मनाइन्छ । हामी भने त्यस दिशामा भर्खर बामे सर्दैछौं । राजधानीमा भानुसेवा समिति, नेपाली शिक्षा परिषद्, नेपाली बाङ्मय प्रतिष्ठान लगायतका संस्थाहरूले भानुको कीर्तित्वको व्याख्या -विवेचना गर्दै आ-आपना कार्यक्रमहरू संचालन गर्दछन् ।

'भानुभक्त कविका कविता नछाडौं' भने धरणीधरले । 'नेपालीका प्रथम ध्वनि, शुक्रतारा, 'नेपाली साहित्यका सर्वश्रेष्ठ पुरुष' भनेर महाकवि देवकोटाले भानुलाई चिनाए । मोतीरामको त कुरै छाडौं ।

डाँडाको चुचुरोनेर भानुको प्रतिमा रहेछ प्राथमिक विद्यालयको उत्तरतर्फ वरको चौतारो नजिकै । मौसम उज्यालो भएकाले बाटो चिप्लो त थिएन, तर पसिनाले जीउ निथ्रुक्क भिजेथ्यो । डेढघण्टा ठ्याक्कै लाग्यो हामीलाई माथि उक्लन ! सालघारीले भने मलाई तराई संझाउँथ्यो, रातो माटोले पहाड ! यस्तैमा पनि हामीले केही क्षण त्रिपाठी सरसँग कवितावारे छलफल गर्‍यौं । नेपाली कवितालाई सिंगार्नु आवश्यक छ भन्ने उहाँको आग्रह रह्यो । उहाँका घतलाग्दा, प्रेरणाप्रद, तर्कसंगत, विद्वत्तापूर्ण कुराहरू सुन्न हामीजस्ता सिकारु कविलाई अत्यावश्यक छँदैथियो । कविता पनि सरल हुनुपर्छ भन्ने दृष्टिकोण थिए-मेरा र रामप्रसादजीका ।

बाजागाजासहित प्रतिमालाई परिक्रमा गरी माल्यार्पण गरेपछि रामायण पाठ भयो पञ्चकन्याबाट र हामीजस्ता अतिथिहरूबाट । रम्घालीहरूको भानुप्रतिको श्रद्धा-आस्था देख्दा आश्चर्यको सीमा रहेन । मैले सोच्नै पर्‍यो -

आपनै बाटो समातेर, ज्ञानगुन सिके पनि
नेपाली विश्वमा घुम्दै नयाँ जुक्ति झिके पनि !
म हुँ नेपालको विम्ब भन्दै चुलीचढे पनि
नसंझे भानु, नेपाली मान्छे बन्दैन तैपनि !

सेलरोटी, फुरुनदाना र झिलिंगाको खाजा खाएर तल झर्दा बाह्र बज्न लागेको थियो । भानु गा.वि.स. वडा नं. ३ मा बनाइएको प्रतिमा राम्रै खालको रहेछ । ओरालो झर्दा पूर्व, पश्चिम र दक्षिणतिरका डाँडा र हरियालीको दृश्य लोभलाग्दो थियो । तल व्रतराजजीका घरमा एकछिन बसेर पानी-मोही पिएर हामी यथास्थानमा खाना खान आयौं ।

प्रतियोगितात्मक जुलुस तथा झाँकी प्रदर्शनी ! भानु-सन्दर्भका उद्‌गार, बुलन्द आवाजले चुँदीवेंसी थर्केझैं लाग्दथ्यो । भानुप्रतिको अपार श्रद्धा-सिक्नुपर्ने रहेछ सबै क्षेत्रका नेपालीले । विद्यालयका विद्यार्थीहरू भानु बनेर सिंगारिएका छन् बिर्के टोपी, दौरा सुरुवाल र पटुकामा । नारीहरू विभिन्न संघसंस्थामा सम्बन्धित भएर सिंगारिएका छन् एकै रूप र रंगमा । गाउँलेहरूको काव्यमय संलग्नता र उल्लास अवर्णनीय छ । प्रमुख जिल्ला अधिकारी र प्रहरी नायव उपरीक्षक लगायतका सम्पूर्ण भद्रभलाद्‌मी सहभागी भएको जुलुसमा हामी पनि मिसियौं । घाम भने टण्टलापुर असार को दिन भए पनि । नारा र प्लेकार्डमा विभिन्नता छ । विद्यार्थीले बोकेको एउटा प्लेकार्डमा लेखिएको थियो -

सपनीमा पनि भानु तिम्रै याद आउँछ !

यस अभिव्यक्तिले मलाई छोयो नै । त्यसैका आधारमा मैले भाइबहिनीका लागि एउटा गीत लेखें -

नेपालका हृदयले तिम्रै जय गाउँछ ।

रम्घाचुली आज पनि आफूलाई हेर्छ
तिमीलाई पाउँछु भन्दै लाखौं जुनी फेर्छ
चुँदी खोलो सुसाउँछ तिम्रै मीठो भाका
नेपालीका दिलहरू तिम्रा लागि काख !

यो माटामा कुन साइत तिमी उभिदियौ
नेपालीको बोलीभित्र मन्त्र छरिदियौं ।

जति गाए पनि सधैं मीठो लाग्ने गीत
तिम्रै नाम तिम्रै काम नेपालीको जीत ।

जुलुसमा सामेल हुनुपूर्व हामी एकछिन खाटमा पल्टेका थियौं । एकातर्फ त्रिपाठी सर र अर्कातर्फ रामप्रसादजी र म । त्यस अवसरमा 'शास्त्रीय छन्दमा कविता लेख्न पन्ध्र-सोह्र वर्षको अटुट साधना चाहिन्छ, तपाईंहरूले पनि त त्यति समय बिताइसक्नु भएको छ' भनेर त्रिपाठी सरले हामीलाई संकेत गर्नुभयो । हामीले स्वीकार्नै पऱ्यो । 'शास्त्रीय छन्द संस्कृत परम्पराबाट नेपालीमा भित्रियो, गद्य कविता पश्चात्य परम्पराबाट आयो । तसर्थ यी दुबै शैली नेपालीका मौलिक होइनन् । नेपाली लोकलय नै मौलिक हो, तसर्थ मलाई लोकलय बढी मनपर्छ' भन्ने आग्रह गरें मैले । यसमा रामप्रसादजीको त सहमति छँदै थियो । त्रिपाठी सरले पनि यस कुरालाई स्वीकार गर्नुभयो ।

नेपाली कवितामा नेपाली जीवन हुनुपर्छ, जीवनलाई लत्याएर अगि बढ्दैमा कविता स्तरीय हुन्छ भनिठान्नु हुँदैन भन्ने कुरामा रामप्रसादजी र मेराबीच एकमत थियो । वास्तवमा यसपटकको भानुयात्रा कविता चर्चाका रूपमा उपलब्ध थियो ।

'यमकादि अलंकारले कवितालाई उच्च बनाउँछ' भन्ने कोषराज मामाको भनाइमा 'जबर्जस्ती अलंकार जड्न खोज्दा कविता हराउँछ' भन्ने प्रतिक्रिया त्रिपाठी सरले अभिव्यक्त गर्नुभयो । निष्कर्षमा 'अलंकार सहज भएमात्र स्वीकार्य हुन्छ' भन्नेमा हामी पुग्यौं ।

तीनबजे भानु भवनका प्राङ्गणमा श्रद्धाञ्जलिसभा प्रारम्भ भयो । व्रतराजजीले अतिथिहरूलाई आसन ग्रहण गर्न उद्घोषणका क्रममा अनुरोध गर्दै हाम्रो नाम माइकबाट फुक्दा रामप्रसादजी र म चुँदीकोपुल तरेर दौडँदै थियौं । त्यसअगि तनहुँकै उदीयमान प्रतिभा शङ्कर्राज नहर्की 'विवश' ले साहित्यिक अभियानका रूपमा सम्पादन-प्रकाशन गरेका 'तरङ्ग' मुखपत्र बारे प्रतिक्रिया लेखिदिनु भन्ने अनुरोध गरेकाले होटलमा बसेर रामप्रसादजीले केही लेख्नुभयो, मैले पनि सो पढेर सहमति जनाउँदै हामी दुबैको प्रतिक्रिया एकै हो भनेर सही गरिदिएँ ।

कार्यक्रममा अगिल्लो दिनको प्रतियोगितामा पुरस्कृत भएका लगायत हामी अतिथिलाई पनि कविता वाचन गर्न लगाइयो । त्रिपाठी सरले भने मन्तव्य प्रकट गर्नुभयो । मन्तव्य प्रकट गर्ने अन्य महानुभावहरूमा सूर्यनाथ आचार्य, जनार्दन पन्त, दुर्गा श्रेष्ठ, प्र.जि.अ. जनार्दन नेपाल, रामचन्द्र पोखरेल, रामचन्द्र शर्मा पौडेल, शम्पा उपाध्याय, लक्ष्मी आचार्य, गा.वि.स. अध्यक्ष ऋषिराम पन्त तथा सभापतिका रूपमा जि.वि.स. सभापति विश्वबहादुर अधिकारी हुनुहुन्थ्यो ।

प्रत्येक वर्ष तीनजनालाई भानुभक्तीय पाराको बिर्के टोपी प्रदान गर्ने प्रचलन रहेछ ज्यादै चाखलाग्दो । भानुका सन्तति मध्ये सूर्यनाथ आचार्य, भानुजन्मस्थल विकास समितिका व्यक्तिहरू मध्ये डा. वासुदेव त्रिपाठी र अतिथिहरूमध्ये कोषराज न्यौपानेलाई यसपटक विर्केटोपी पहिराइयो । भानुको संझनामा यस टोपीले पनि महत्त्वपूर्ण भूमिका खेल्दो रहेछ ।

नर-नारी विद्यार्थीवर्ग सबैको अपार सहभागिता थियो यस कार्यक्रममा । तीन-तीन घण्टासम्म टसको मस नगरी धैर्यपूर्वक कविता र भाषण सुन्न सक्दा रहेछन् यहाँका वासिन्दाहरू । धन्य भानुको योगदान । रम्घाको हावापानी माटो सबै प्रेरणादायी । उर्वर ठाउँ-रमणीय परिवेश । चुँदीरम्घा कल्पना गरेभन्दा बढी सहज र सुरम्य रहेछ ।

बीचमा एउटा ठूलो खाता फेला परेथ्यो । उपस्थित व्यक्तिहरूलाई मन्तव्य प्रकट गर्न लगाउने प्रचलन रहेछ लिखित रूपमा । मैले पनि यस्तो लेखिदिएँ -

भानुको नामले हाम्रै सदा गौरव बढ्छ रे
उच्च हिमालमा चोखो भाव-सौरभ चढ्छ रे ।

काठमाडौंतर्फ आजै फर्कने योजना थियो, भोलि उपत्यका बन्द हुने भएकोले । छ बजे कार्यक्रम टुंगिएपछि प्र.जि.अ. जनार्दन दाजुले मलाई पनि दमौलीतिरै जाऊँ भन्ने आग्रह गर्नुभयो । केही क्षण असमञ्जस्यमा परे पनि अन्त्यमा दाजुका आग्रहलाई शिरोधार्य गरी सबै सहयात्रीहरूसँग विदा मागी म तनहुँको सदर मुकाम दमौलीतर्फ लागें ।

हृदयमा चुँदीरम्घाको माया बसेको छ । अब भने म भानुका विषयको आधिकारिक व्यक्ति भएको छु । रम्घा तीर्थ नपुगेसम्म नेपाली भाषाको मेरो आराधना-उपासना अपूर्ण नै हुनेथियो । यस पक्षमा हृदय प्रफुल्ल हुने नै भयो । धन्य छ चुँदीरम्घाको सेरोफेरो बेंसीबाट हिमाल देखिने एउटा अनौठो संगम-

भानु हिमाल हुन् हाम्रा नेपाली दिलका ध्वनि
सधैं उज्जवल तारा झैं धर्तीमै हाँस्दछन् उनी ।

दिलमा उठेका सबै भावनालाई समेट्न धौ-धौ पर्नु स्वाभाविकै हो- यस्ता अवसरमा । सम्पूर्ण रूपले आफूलाई सोही परिवेश र भावनामा समाहित तुल्याउन आनन्द लाग्छ । जय होस् सबैको - जो नेपाली भाषाका उपासक छन् ।

म दुईरात दमौलीमा बसेर काठमाडौं फर्कें ।

*पद्मकन्या ब. क्याम्पस*
*काठमाडौं ।*



# दुई पटकसम्म हुन सक्छ कि ! तीन पटक हैन

✍ श्रीकृष्ण गौतम

तपाईको भीसाले त तपाईं छ महिनासम्म बस्न पाउनु हुन्छ, यति छिटो किन फर्किन लाग्नुभयो ?

कन्साइ अन्तर्राष्ट्रिय विमानस्थल ओसाका अध्यागमनमा कार्यरत अधिकृतले यसोभन्दा म झसङ्ग भएँ। खेलाडीको रूपमा, कलाकार को रूपमा र पर्यटकको रूपमा समेत जसरी तसरी जापान पसेर त्यहीं लुकेर काम गरी धन कमाउने लाखौं दक्षिण एशियाली मध्ये सयौं नेपालीहरू पनि पर्छन् । अरू कसैले नगर्ने गाह्रो अप्ठ्यारो काम गरेर बसेका पनि छन् । मेरो ओसाका बसाइमा (साँझ पख) वियर खाएर हल्ला गर्दै डुलिरहेका केही नेपाली श्रमिकहरूलाई पनि देखें ।

एकाउन्न वर्षकाले गर्न सक्ने काम के हुन्थ्यो होला र मैले बस्न चाहेको भए पनि । त्यसकारण अध्यागमन अधिकृतलाई मैले आफ्नो पूरा परिचय दिएर के कामको लागि ओसाका आएको थिएँ, त्यो बताएँ । ऊ छक्क पऱ्यो र क्षमा मागेर हात मिलायो ।

एशियाली उत्पादकत्व संघ Asian Productivity Organisation को बैठकमा नेपालको प्रतिनिधि भएर जाँदा व्यांककबाट मध्यरात्रिमा उडेको जहाजले साढे सात घण्टाजति समय लगाएर ओसाकाको नयाँ विमानस्थल कन्साइ पुऱ्याउँदा रातभरिको अनिंदोले व्यथित म विमानस्थल नजिकैको समुद्र कतै धावनमार्गमै त आइपुग्ने हैन भनी झस्किएको पनि थिएँ। अलिकति पनि गति भएको वाहनमा म केही गरे पनि निदाउन सक्तिन । चाहे बस होस् चाहे वायुयान । अनि राति झ्यालबाट के हेर्ने ? सँगैका सबै यात्रु आरामले निदाइरहन्छन्, कोसित कुरा गरेर समय बिताउने ?

बिहानीको चिसो हावाले आलस्य हटाइदियो र एअरपोर्ट-शहर गर्ने बसले रोयल रिगा होटेल पुऱ्याइदिंदा म कसलाई देख्छु ? जापानका लागि नेपालका राजदूत श्री विष्णुहरि नेपाललाई ? यो भन्दा राम्रो साइत अरू केही हुन सक्छ ? विष्णुहरिजी आफ्ना पुराना मित्र पनि ।

रोयल रिगा होटेल पाँच तारेभन्दा पनि माथिको डिलक्स श्रेणीको रहेछ । व्यवस्था पनि त्यस्तै भव्य । म आफ्नो कोठामा पसेर व्यवस्थित भइसकेपछि टी.भी. खोल्दा सर्वप्रथम नै श्रीकृष्ण गौतम सान[1] तपाईको, जापानमा, ओसाकामा र यो होटेलमा स्वागत छ भनी पर्दामा देखियो । गोर्खाली कति खुशी भएहोला । त्यसपछि होटेलको बारेमा के कसरी गर्ने भनी देखाउन थालियो । यो अनुभव त जिन्दगीमा नै नौलो थियो । यस्तो शान्दार होटेलमा पनि म अझै बसेको थिइनँ । फ्रान्सका नाम चलेका डिजाइनर, फेशन हाउस, सुगन्धि निर्माता, श्रृंगार सामग्री निर्माताहरूका पसल दोश्रो तलामा भरिभराउ थिए । त्यसबाटै होटेलको स्तर थाहा हुन्छ ।

एसियाली उत्पादकमा मात्र के विश्वकै उत्पादकहरू मध्ये सर्वोत्कृष्ट ठहरिएका जापानीहरूको कुशलताको नमूनाले मेरो मन लोभ्यायो नै र जापानीहरू पनि एशियाली हुन् भनेर वर्गको अनुभूति पनि भयो ।

निस्सान मोटर कम्पनीको सताइमा रहेको मोटर कारखानाको अवलोकन गर्दा पनि म छक्क परिरहें । दुईतले कन्भेयर बेल्ट (श्रमिकहरू आ-आफ्नो ठाउँमा उँभिएर काम गर्ने, र बनिरहेको कार छेउ आएर निश्चित समय रोकिने र त्यसै बेला श्रमिकले आफुले जडान गर्नु पर्ने सामान जडान गर्ने) म पहिलो पटक देख्दै थिएँ । श्रमिकलाई चोट पटक लाग्ने, आगो लाग्नसक्ने गाह्रो काम जति रोबोट (यन्त्र मानव) ले गरेको देख्नु पनि नौलो थियो । सबभन्दा अचम्मको कुरा त स-साना पार्टपुर्जाहरू ल्याउने, लैजाने, उतार्ने काम ड्राइभर विहीन ट्रकले गरेको देख्नु थियो । यान्त्रिकीको एउटा विशिष्ट शाखा नै भइसकेको छ Robotics (रोबोटिक्स) अर्थात् रोबोट प्रविधि।

ओसाकाको ऐतिहासिक किल्ला पनि बहुत जतनले सुरक्षित गरेर राखिएको छ । यस किल्लामा भएको भयंकर युद्धका विजेताले जापानका सम्राट्को शक्ति सीमित गरेर आफू शोगुन भई शोगुन शासन व्यवस्थाको सूत्रपात गरेका थिए ।

जापानको पुरानो राजधानी नारा र क्योतो शहर जोरिएका छन् । क्योतोको भ्रमण सारै रमाइलो भयो । हस्तकलाको प्रदर्शनी कक्ष हेर्दा म सबभन्दा प्रभावित भएँ सीपी राखेको बट्टाबाट । हरेक बट्टामा भएको सीपी, प्रत्येकमा एउटा मोती पाउनु त निश्चित थियो एक भन्दा बढी पनि मोती पनि हुनसक्थ्यो रे ।

महँगी पनि हामी पाहुनालाई कम प्रभावित पार्ने कुरा थिएन । होटेल शुल्कमा बिहानको खाजा पनि पाइन्थ्यो । दिउँसोको र साँझको भोजन पनि त्यहीं गर्ने हो भने घटीमा दश डलर आफ्नो खल्टीबाट राख्नु पर्ने हुन्थ्यो । एक बोतल खाने पानीको ९०० येन, (रु.४५०) पर्थ्यो ।

एक घण्टामा ५०० किलोमिटर गुड्ने बुलेट ट्रेन चढ्ने रहर त पुगेन, हेर्न सम्म भ्याएँ र गुडेको हेर्दा छक्क परें ।

[2]फर्किने दिन बिहान मात्र मैले जापानमा टेक्नासाथ सोधौं सोधौं भनेर खुर्दुली लागिरहेको प्रश्न कार्यक्रम संचालकसंग सोध्न सकें-डाइरेक्टर सान ! जापानी कुखुरा उत्पादकहरूले नक्कली सूर्योदय र नक्कली रात पारेर चौबीस घण्टामा तीन पटकसम्म फुल लिने गर्छन भन्ने सुनेको थिएँ । हो कि होइन ?

उनी निकै बेर घोरिएर भने Two times may be. Three times not.

काठमाडौं
२०५४/१२/२४/२

१.सान् - ज्यू,
२.जापानी भाषा र संस्कृतिका ज्ञाता, हाल पर्यटन विभागका का.मु. महानिर्देशक श्री प्रचण्डमान श्रेष्ठले कुराको प्रसंगमा भलाई बताएका थिए ।

# यात्राको सानो क्षण

✍ सुनिल पौडचाल

हामी निजी कारमा थलीतिर लाग्यौं । घुम्ने फुर्सद थिएन । विशेष काम परेकोले नै जानुपर्‍यो । चावहिलबाट अगाडि बढिसकेपछि मात्र मलाई यताउति हेर्ने जमर्को चल्यो । हेर्दै गएँ, हेर्दै गएँ । बाटाका लगभग दुवैपट्टि टनाटन घरले जमीन माथि अतिक्रमण गरिसकेको देखेपछि मलाई झ्वाट्ट विस, एक्काइस सालतिरको सम्झना आउन थाल्यो ।

जाडोको महिना थियो । परीक्षाको परिणाम निस्किसकेको थियो । राम्रै परिणाम आएकोले घरका मानिसहरू पनि खुशी नै थिए । मेरा दुई सहपाठीहरू (नातामा दाजु पनि) र म सहित तीन जनाले गोकर्ण घुम्न जाने सल्लाह गर्‍यौं । मैले आफ्नो योजना घरमा सुनाएँ । स्वीकृति पनि प्राप्त भयो । तिनजनाले एक-एक मोहर (पचास पैसा) आ-आफ्ना घरबाट पायौं । विहान घरमा खाना खाएर करिव एघार बजे हामी बाटो लाग्यौं । त्यतिखेर कुनै सवारी साधन थिएन । हामी हिंडेरै गोकर्ण पुग्यौं । बाटामा एक ठाउँमा चिया र पाउरोटी खाएका थियौं । दिनभरि गोकर्ण जंगलभित्र घुमेर हामी घाम डुब्ने बेलातिर बाहिरियौं । गोकर्णको मूलढोका बाहिर एउटा छाप्रोमा चिया तरकारी आदिको पसल (होटेल) थियो । भोकले हामीलाई हावाकावा खेलाइरहेको थियो । त्यही पसलमा गएर हामीले चिया पाउरोटी खायौं । आलुको तरकारी पनि देखेर एक अर्काको मुख हेर्दै 'मौन सम्मति लक्षणम्' जस्तै गरी दुईदुई रिकापी आलुको तरकारी पनि खायौं । तिनताका ब्रतवन्ध गरेपछि बाहुनले बाहिर पकाएको तरकारी खानु हुँदैनथ्यो । त्यो विटुलो हुन्थ्यो । त्यसमाथि लसुन, प्याजको मसला हाली पकाएको खाँदा जात गैहाल्थ्यो । त्यसैले आलु खानुभन्दा अगाडि हामीले मुखामुख गरेका थियौं ।

त्यो पसल (होटेल) बाट बाहिर निस्कँदा समय अझै घट्की सकेको थियो । हामीलाई कता कता डरलाग्न थालिसकेको थियो । बाटामा कुनैबेला फाट्टफुट्ट स्थानीय मानिस देखिन्थे । अरुबेला सर्वत्र निर्जन थियो । कतैकतै नर्कटका घारीहरू बतासले हल्लाएर सरसराइरहेका हुन्थे भनें कतै खुला फाँट देखिन्थे । डर बढ्दै गयो र हामी आत्तिन थाल्यौं । बौद्ध पुगेपछि अलि अलि घर देखिन थाले । अलि अलि चहलपहल पनि देखिन थाल्यो । तर दोचा, बख्खु आदि पहिरनभित्र छोपिएको थाक्से देखेर हामी ज्यादै नै आत्तियौं । त्यहाँबाट कुलेलम ठोकेर बौद्धका घर र चहलपहलबाट मुक्ति पाए जस्तो त भयो तर पुन: हामी निर्जन कहालीलाग्दो ठाउँमा पुग्यौं । त्यतिखेर झमक्क साँझ परिसकेको थियो । मानिस विनाको दुर्गम स्थानमा हामी तीन प्राणी मात्र हिंडिरहेको भान हुन थाल्यो । हामी पुन: दगुर्न थाल्यौं । चावहिल दोबाटामा आइपुगेपछि एक दुई पसलमा बलिरहेको मधुरो बत्तीलेमात्र पनि हामीलाई ढाडस दियो । हामीले लामो सास फेर्‍यौं । आँट सलबलायो । खल्तीमा अझै पैसा बाँकी थियो । एउटा चिया पसल भित्र छिरेर हामीले फेरि चिया र पाउरोटी खायौं । पसलबाट निस्केपछि पुन: हामीलाई त्राशले गर्लम्म अङ्गालो हाल्यो । हामी पुन: निचोरिएको कागतीको बोक्रा झैं चाउरियौं । अझै चावहिल देखि गौशालासम्मको चुक अन्धकार छिचोल्नु थियो । त्यसपछि पनि मैतीदेवीसम्मको निरवतालाई छिचोल्नु थियो । कसरी डिल्लीबजार पुगियो र कसरी घर छिरियो अहिले सम्झँदा पनि कहाली लाग्छ ।

आज तिन दशक पछि पुन: त्यो बाटो, त्यो पनि साँझपर्ने बेला जाँदा मेरो मनमा त्यही सम्झना आइरहेकोले म चारैतिर नियाल्न थालें । त्यही निरवताको त्राश पुनर्जीवित हुने हो कि भन्ने झिनो पीडा मनभित्र सल्बलाउन थाल्यो । तर त्यो निरवताको त्राशले घर गर्न पाएन । बरू मानिसहरूको बाक्लो सलवलले पो त्राश उत्पन्न हुनथाल्यो । निरवतालाई थिचेर त्यसको चिहानमाथि मान्छेका बासहरूले मलाई एक एक गरेर जिस्क्याउन थाले र भने 'डराउनु पर्दैन हामी तिमीलाई थिच्न आउँदैनौं । बरु सदा असुरक्षित मान्छेलाई हामी सुरक्षा दिन्छौं । तर बैगुनी मानिसको विषयमा के कुरा गर्नु । आफैलाई सुरक्षा दिने हामीलाई बनाउनुसम्म कुरुप बनाएका छन् । जहाँ मनलाग्यो त्यही हामीलाई उभ्याएका छन् । कतै हामीलाई बाँसजस्तो सिकुटे बनाएका छन् भने कतै ढिस्को जस्तो थुप्रिएको छन्द नमिलेको बनाइदिएका छन् । कतै

हात्तीजस्तो अजङ्गको बनाएका छन् भने कतै सलाईको बट्टाजस्तो बनाइदिएका छन् । तर डरमान्नु पर्दैन हामी मानिस हैनौं । हामी बदला लिदैनौं । त्यो गुण मानिसमा नै सीमित रहोस् । प्राकृतिक कारण वा मानिसकै छुद्र स्वार्थका कारणले पर्न जाने विघ्न बाहेक हामी आफैले कसैलाई केही गर्दैनौं ।'

जोरपाटीबाट अगाडि बढन थालेपछि लाग्यो 'अब धानका बोटहरू खेतमा लहराइरहेका देख्न पाइनेछ । कम्मरसम्म पानी सोहोरेर झुलिरहेका मनमोहक दृष्य देख्न पाइने छ ।' लालसाले मन पुलकित हुनथाल्यो । तर जोरपाटीबाट अगाडि बढेपछि बाटाका दुवै छेउतिर र कतै पर परसम्म बुख्याँचा जसरी बाली विनासक बस्तु गजधम्म थुप्रिरहेको देखेर साह्रै खल्लो लाग्यो । नरमाइलो लाग्यो । मनले एक खालको विरानोपन महसुस गर्न थाल्यो । वाली विनासक बस्तुका स्वामीहरूलाई हाँक दिंदै वागमती सकेसम्म फैलिरहेको थियो । शक्तिशाली राष्ट्र झैं अतिक्रमण गर्दै वागमती गर्वका साथ भनिरहेको थियो 'लौ आओ वाली विनासकहरू एकपल्ट पौंठाजोरी नै खेलौं । तिमीहरू,बलिया छौ कि म, आज निर्क्योल गरौं ।' बाली विनासकहरू निरिह प्राणी झैं वागमतीको शक्तिलाई निहुरेर हेरिरहेका थिए ।

हामी अझै अगाडि बढ्दै गयौं । गोकर्ण पुग्दा तीन दशकभन्दा अगाडिको झुप्रो होटेललाई मेरा आँखाले सुमसुम्याउन चाहे, धेरैवर्ष पछि परिचितलाई भेट्दा सुमसुम्याउन चाहे जसरी । त्यो होटेल त खै कतै बसाई सरेछ कि मृत्यु वरण गर्न पुगेछ भेट्न सक्दिएन । मनमा कता कता खल्लो लाग्यो । अगाडि बढ्दै गयौं गोकर्ण वनको पर्खाललाई देब्रे पार्दै । लमतन्न तन्किएको पर्खाललाई झार र बुट्यानहरूले अतिक्रमण गरेर जताततै थिचेका रहेछन् । तिनीहरू मलाई भन्दै थिए 'के हेरेको ? तिमीहरूले जताततै हाम्रो विनाश गर्ने अनि हामी चैं हेरेर मात्र बस्ने ? कति सहनु । सहनेको पनि हद हुन्छ । थाल्यौं हामीले पनि आफ्नो स्थान पहिल्याउन ।' हामी गुडिरहेको बाटो अपाङ्गपनको पीडालाई भित्रभित्रै लुकाएर मुस्कुराउँदै हामीलाई भनिरहेको थियो 'आऊ आऊ, मेरो आङमा उक्लदै आऊ, म तिमीहरूलाई गोकर्ण वनको पर्खाल भित्रको दृष्य देखाइदिन्छु सित्तैमा । आऊ मेरो बुई ।' स्वागतका मुस्कानले हामीलाई मीठो आनन्द दियो । हामी बुई चढ्दै गयौं । वन र पर्खालको बीचको झिनो भिरालो चउरमा तीन दशक भन्दा अगाडि मृगहरू खेलिरहेका हुन्थे । आज त्यो चउर पनि निन्याउरो अनुहारमा लमतन्न तेर्सिरहेकोछ । मानौं जागीरबाट विना अपराध राजनेताहरूको खिचातानीको शिकार भएर निकालिएको कर्मचारी हो ऊ । र मानौं मलिन अनुहार लिएर ऊ झोक्र्याएर भविष्यको भयावह स्थितिको सामना गर्ने उपाय सोज्दैछ । पर्खालको अलिकति पर लामो घाँटी तानेर एउटा क्रेन लमतन्न ढल्किरहेको रहेछ । हाम्रो आगमनको आभाष मिलेर होला ऊ भुतभुताउन थाल्यो 'सर्वत्र पीडा छ यहाँ भित्र । सबै शोकमग्न छन् । म यसबेला उठेर खुशी मनाउन कसरी सक्छु र । म मान्छे त हैन निं । त्यसैले म तिमीहरूको स्वागतमा मुस्काउन पनि सक्दिन । माफगर है मलाई !' कति शिष्टता बोकेको छ क्रेनले । पीडित भएर, पीडितहरूको बीचमा रहेर पनि मानिसभन्दा भिन्न एक निर्जीव बस्तुले शिष्टताको उदगार व्यक्त गर्न छाडेन ।

मन्दिर बाहिर जीर्ण पहिरनमा आफ्नो निर्धनता प्रदर्शन गरेर यात्रुहरूको आँखामा दयाको दियो बल्छ कि भनेर हात फैलाइरहेका मगन्ते जस्तै बाटाका छेउमा थ्याच्च बसिरहेका डाँडाहरू आशका आँखाले हामीलाई नियाल्दै थिए । मैले बुझेर पनि उनीहरूको आश पूरा गर्ने जमर्को गर्न सकिन । एक ठाउँमा ढिस्कोमा कान्तिपुर कलेज निर्माणस्थल लेखिएको पाटी देखेर अलिकति खुशी पलाउन खोज्यो । तर तुरुन्तै सोच्न थालें - पश्चिमा खुला अर्थतन्त्र वा बजार अर्थतन्त्रको सिद्धान्तको जालोमा झिंगा फसे झैं फसिसकेका हाम्रा सरकारी नीतिले डोऱ्याएको यो कलेजमा कति ग्रामीण परिवारले अध्ययन गर्न पाउलान् र बढाबढको प्रतिस्पर्धामा लिलाम भैरहेका प्रमाणपत्रहरू हासिल गर्न कति जना सक्षम होलान् । सम्पन्न समाजको बजार अर्थतन्त्रले जकडेको निर्धन समाजका व्यक्तिहरू आफ्ना अस्तित्व कहिलेसम्म धान्न सक्लान् ? निर्धन समाजमा त सरकारले जनताको गाँस, वास, कपास, शिक्षा तथा स्वास्थ जस्ता अति सम्वेदनशील र अत्यावश्यक कुराको जिम्मा लिनुपर्ने हो । शिक्षा भनेको देश परिस्थिति सापेक्ष हुनुपर्ने हो । त्यही विश्लेषणका साथ विदेशमा पढ्न गएको वा पठाइएको हुनुपर्ने हो । दौरा सुरुवाल माथि जङ्गवहादुरले टाइ लगाए जसरी नहुनुपर्ने हो । खै, कसले बुझिन्छ हो यो कुरा । भाङ्ग्राको धोतीमा गुयेंलोको चोलो लगाउने धारणा

बोक्नेहरूका हत्केलाको भरमा अडेको यो देशमा कतै यो ठाउँको यो कलेज पनि व्यङ्ग त हुनेहैन !

हामी अगाडि बढदै गयौं । धानका बोटहरू झुलिरहेका दृष्य हेर्ने लालसा थलीसम्म पुग्दा पनि पूरा भएन । लालसा भुटभुटिदै मऱ्यो । थलीको बस्ती शुरुहुन थालेपछि बरु कैत कतै सुकेका मकैका ढोंड वारीमा लहरै ठिङ्ग उभिएका थिए मानौं मलाई व्यङ्ग गरिरहेका थिए । थलीको ठूलो चउर भर्खर रोपाई सकेर आएको खेताला जस्तै आधा जति हिलोमा लतपतिएको थियो भने एक चौथाई जति ढलमा डुबेको थियो । बाँकी भाग कतै कतै कपाल रहेको तालु खुइलिंएको बुढो जस्तै देखिन्थ्यो । ठाउँ ठाउँमा पसलहरू देखिन्थे । बजार अर्थतन्त्रको पोसिलो तत्वले ती चै स्वस्थ, पुष्ट देखिन्थे । विवाहको पहिलो रात कोठामा बेहुलालाई पर्खेर बसेकी बेहुली जस्तै रसिला र लोभलाग्दा देखिन्थे, आकर्षक देखिन्थे । चउरका यताउति पसल बाहिर कतै सुकिलाहरू गफ चुटिरहेका थिए भने कतैं कछाड वा मैला सुरुवाल लगाएका मानिसहरूको आफ्नै जमात पनि गफमा मस्त भएका जस्ता लाग्थे । आधाघण्टा जति एउटा घरमा बसेर जरुरी काम निप्ट्याएपछि हामी फर्कंदा झमक्क साँझ परिसकेको थियो । विना सूचना अपर्झट आएको पाहुनाले निर्धनताको चिन्ह देखिसके पनि असजिलो मान्दै केही लुकाउने प्रयत्न गर्न घरधनी व्यस्त रहेजस्तै प्रयासमा मानौं थली पूरै व्यस्त थियो । हामी पुनः थलीको चउरको छेउको बाटोमा आइपुग्यौं । चउरले मलाई भन्न थाल्यो ' हाम्रो दुःख, कष्ट, दयनीय अवस्था आदि त देखिहाल्यौ अगि नै । प्रयास गर्छौं हामीलाई मुक्ति दिलाउन ?' मैले केही बोल्न सकिन । नसुनेको जसरी टार्दै हामी छिटछिटो अगाडि बढ्यौं । बाटामा कहालीलाग्दा कालाकाला ठूला ढिस्काहरूले हामीलाई तर्साउन खोजेजस्तो गरे । बेलाबेलामा अध्यारो गुफाभित्र हामी पसिरहेछौं भन्ने भान हुन थाल्यो । हाम्रो गाडीको अगाडिका दुई ठूलठूला आँखाहरूले राक्षसले जस्तै परपर सम्म आगो फालेर भन्न थाले 'एइ मनुवा, दायाँ वायाँ किन हेर्छौं त ? सोझै अगाडि हेरन । म त्यसैकोलागि त सँगसँगै हिडिरहेछु ।' मलाई ठूलो ढाढस मिल्यो र म अगाडि मात्र हेर्न थालें । कुन वेला घर आइपुगिएछ थाहै भएन ।


विजया दशमी तथा शुभ-दीपावली

२०५५ को

पुनीत उपलक्ष्यमा समस्त नेपालीमा

सुस्वास्थ एवं समृद्धिको लागि

हार्दिक मंगलमय शुभकामना व्यक्त

गर्दछौं

**महासेठ इन्टरप्राइजेज**

नयाँ सडक, भैरहवा, रुपन्देही

फोन नं. ०७१-२१८५१



विजया दशमी तथा शुभ-दीपावली

२०५५ को

पुनीत उपलक्ष्यमा समस्त नेपालीमा

सुस्वास्थ एवं समृद्धिको लागि

हार्दिक मंगलमय शुभकामना व्यक्त

गर्दछौं

**अरुण फुड प्रा.लि.**

भरवारी, रुपन्देही

# रिमुवा-उर्लेनी भएर तम्घासतिर

✍ सूब सेन

दिन ढल्किन लागेको बेला ! छिटो-छिटो हिडें । गोरेभाइ थाकिसके जस्तो लाग्थ्यो । 'अब तीन चार दिन पछि त घर फर्किहाल्छस् नि !' भनेर सम्झाउँदै मेरै गतिमा हिंडाएँ ।

भार्सेबाट ओह्रालो झरें । उकालो चढें । माझ गाउँ भएर तल्लो हटिया पुगें । पुरा ओझेल परेपछि बडीगाड खोला तरें । उकालिएँ । साँझको थाकेको बेला, गाह्रो उकालो निस्कें । सोध्दै झर्दै रिमुवा गाउँ पुगें । ठङ्करबहादुर बस्नेतजीका घर पुगें । उहाँ यस गाउँबाट जिल्ला सभासद् हुनुहुन्थ्यो । र, भाइ दिगमबहादुर बस्नेत मेरा काठमाडौं पढ्दाका साथी हुनुहुन्थ्यो । हाल प्रहरी इन्स्पेक्टर ।

उहाँहरूका बुबा भारतीय पल्टनका अवकास प्राप्त सुबेदार हुनुहुँदो रहेछ । बुबा भन्दा अलिकति जेठा । 'नमस्कार पानी टक्र्याएँ ।' उहाँले दलानको खाटमा बस्न भन्नुभयो । बसें । परिचय र भलाकुशलीका कुरा भए । ठङ्करबहादुरजीका, दिगमबहादुर जीका बारे कुरा भए । 'छोराले जागिर खाओस्, पेन्सन पकावस् ।' भन्ने धारणा व्यक्त गर्नुभयो ।

'बृद्ध भएर पनि उत्साही व्यक्ति-कहिल्यै नडराएको, कहिल्यै पछि नहटेको, कसैसंग नदबेको, पुरा अनुशासनमा रहेको, कर्तव्य पालन गरेको ।' कुरा गर्नुभयो । 'राजनीति, मान्छेको तुच्छ व्यापार हो, राजनीति गर्नुहुन्न । जागिर खानुपर्छ ।' भन्ने सल्लाह दिनु भयो मलाई पनि ।

राती दलानको खाटमा सुतें । एकछिन पछि कताबाट एउटा कुकुर आयो -ठँस् ठँस् कन्दै सिंक् सिंक् गर्दै खाट मुनि छिऱ्यो । गन्हाउन थाल्यो । उसको हल्ला र गन्धले सुतिसक्नु भएन । सिकसिको लाग्यो । लाइट बालें । हेरें - छाला खुइलिएको, नाकबाट रगत चुहिरहेको बूढो कुकुर रहेछ । धपाउन त पर्थ्यो तर 'त्यो गतिको कुकुर अन्त आश्रय नभएर त आयोहोला नि ! बसोस्' भन्नेलाग्यो । चुप लागी सुतिरहें । तर निन्द्रा परेन । थकाइ मेटिएन ।

ठङ्करबहादुरजी राती कुनबेला आउनु भएछ । विहान भेट भयो । कुराकानी भयो - 'मेरा साथमा एघार/बाह्र जना जति मतदाता छन् । तपाईंका पक्षमा भोट पार्नेछु ।' भनी वचनबद्धता प्रकट गर्नुभयो । सात बजे उहाँसंग चिया खाएर सुबेदार साहबसंग विदा भएर बिहानैमा थोर्गा पुग्ने भनी हिंडें ।

उकालो, तेर्छो खोंचिलो, कोचेको बाटो निस्कँदा खन्न्यू बेंडुलाका स-साना बारी, छिटफुट केतुकीका चौर हिंड्दै एघार बजे झेवा पुगें । केशवराजजीसंग भेट गरें । उहाँसंग बसी चिया नास्ता खाएँ ।

यहाँ एक दुई, एक दुई गरी अरु पाँच/सात जना मानिसहरूसंग भेट भयो । उनीहरूले गुनासाहरू पोखे- 'अञ्चल सदस्य र प्रधानले लाटा सुधा जनतालाई मुद्दा मामिला लाइदिन्छन् । बास उठ्ठा गरिदिन्छन् । विधवा नाबालक र सहारा नभएकाहरूको धनमाल खाइदिन्छन् । गाउँस्तरबाट यिनीहरूलाई सुधार्न समय समयमा धेरै धेरै प्रयासहरू भए । जनतालाई काम दिलाउन धेरै परि श्रमहरू भए । तर प्रशासनले उनीहरूलाईनै साथ दिन्छ । राजनीतिका कामकुरा पनि उनीहरूबाटै भइरहन्छ । उनीहरूनै संधै अघि बढिरहन्छन् । जुनसुकै व्यवस्था आए पनि उनीहरू अगाडि पर्छन् । २०१७ साल अगाडि कांग्रेस थिए । अहिले पञ्चायतमा खाँटी पञ्च छन् । अस्ति एउटी विधवा मगर्नीले जग्गा बेच्न प्रधानपञ्चकहाँ सिफारिस माग्न गइछ । एकहजार रुपैयाँ तिरीछ । कसरी बस्नु यो गाउँमा ?'

'अब पनि आफूमाथि भइरहेका अन्याय सहेर बस्ने हो भने यस्तै भइरहन्छ । जनताले न्याय पाउन सक्तैसक्तैन ! जति जना समाज सुधारक जन्मे पनि संधै गाई बनिरहन्छन् - उनीहरू साँढे । तसर्थ, अन्यायमा परेका र पर्ने जनताहरू सबै उठ्नु पर्छ । न्यायको लागि जुध्नु पर्छ । म यही विचार लिएर जिल्लाबाट अन्यायी अत्याचारी र भ्रष्टाचारीलाई सघ्न जिल्लाको राजनीतिक नेतृत्वमा परिवर्तन र नयाँ पिंढीको प्रवेश चाहन्छु ।' मैले भनें ।

यस्तै कुराकानी गरी उनीहरूलाई न्यायको पक्षमा आत्मबल बढाएर आत्मीयता प्रकट गरि हिंडे । अञ्चलाधीशको खबरमा उपस्थित भई एक गते भार्से फर्कने उद्देश्यले तम्घासतिर सोज्जिएर डाँडैडाँडा तेर्छो बाटो समातें ।

विहान पेटभरी खाना खान पाइएको थिएन । दिनभर चिया चमेनामै वित्यो । लामो घुमाउरो तेर्छो बाटोमा लम्बिएर, घुमेर साँझ झमक्क परेपछि छामछाम, छुमछुम गर्दै भीरमुनि उर्लेनी गाउँमा बाटोमुनि लाम्चा साँगुरा पाटाको मुखमा बसेको घरमा बास माग्न पुगें ।

'के को बास ? छैन बाससास ! ? साथमा केही नल्याइकन

आउने मान्छेलाई कसरी ख्वाउन सकिन्छ र बास दिने !!' भनेर एउटी पाकी आइमाई च्याँठ्ठिइन् ।

रात छिप्पिसकेको थियो । नजिक गाउँ घर थिएन । तम्घास पुग्न अबेर र अँध्यारो भयो । त्यो अवस्थामा त्यहाँ बास बस्न बाध्य भएँ । आगनबाट दलानमा गएँ । ठाडो पारिराखेको फाटेको गुन्द्रो झारी बसें । गोरे भाइलाई कोखैमा बसालें । यो देखेर आमाका गुनगुनमा छोरी पनि थप्पिइन् ।

आमा छोरी मिलेर च्याँठ्ठिदै गरे । सराप्दै गरे । समयवस वाध्य भएको हुनाले उनीहरूको प्रतिक्रियालाई नसुनेझैं नबुझे झैं गरी बसिरहें ।

एकछिन पछि घरवालाले थन्थनाइरहेकी आफ्नी आइमाईलाई भने - 'त्यो मान्छेलाई एउटा गुन्द्रो दे ..... । ..... अब रातिनु कहाँ लखेट्नु । दे !!' घरको पाको मानिसले पनि 'त्यो मान्छे' भनेकोमा रमाइलो लाग्यो । उनीहरूको स्तर यही हो - गाउँमा बसेका छन् - पढाई लेखाइ छैन सरसंगत छैन भन्ने लाग्यो ।

टाढाबाट छिटछिटो हिंडी आएको । थकाइ थियो । प्यास थियो । ढोकानेर गएर 'पानी दिनुस् एक अमखोरा । पानी त खाऊँ ।' भनें । 'छैन पानीसानी ।' भनेर भित्रबाट ढोका लगाइन् । विस्तारै घर भित्रबाट आवाज पनि सुनिन छाड्यो । सुनसान बढ्यो । दुईवटा च्यादर झिक्यौं झोलाबाट दुई भाइ गुट्मुटिएर सुत्यौं ।

केहीबेर पछि घोऱ्याक्क ढोका खुल्यो । सेतो पहिरनकी आइमाई निस्किन् । ढोका लगाएर घर पछाडितिर लागिन् । हामी कान थाप्दै गुडुल्किरह्यौं । एकछिन पछि हातमा झुण्ड्याएर सेतो बस्तु लिएर आइन् । फुकाएर हामीलाई ओढाइदिइन् । फर्किन् । त्यो सेतो सिरक रहेछ । अब जाडो जानेभयो । जाडोबाट सुरक्षित भयौं । तैपनि उनको व्यवहारप्रति अचम्म लाग्यो । 'किन ? ! कसरी ?' आफैमा प्रश्न गरें । आफैले आफैलाई जवाफ दिएं - 'यो आइमाईले दयाभरी माँया गरी ।' लाग्यो - 'आज जीवनको विहानीमै दयाको पात्र भइयो ।' मनमनै हाँसो पनि उठ्यो । हिंजो अस्ति पानी परेको रहेछ यतातिर । जाडो थियो । सिरकले न्यानो दियो । मलाई मद्दत पुऱ्यायो । आन्द्रा भने रातभरी झगडा गरिरहे ।

विहान भुकभुकको मै हामी नउठ्दै उनी आइन् । सिरक झिकेर लगिन् । फेरि अर्को अचम्मको कुरा लाग्यो - 'किन उज्यालो नहुँदै, नउठ्दै सिरक फिर्ता लानुपर्ने ?' मनमा कौतुहल जाग्यो । 'यो सब जानेरमात्र जाने यहाँबाट' भन्ने सोंचेर उठ्न पनि अलि ढिला गरें । उज्यालो भयो । सबै उठे । छिटफुट काम गर्न थाले । घरवाला निस्के । आगन हुँदै, अन्हाइ पन्हाइ गर्दै कतातिर लागे, हामीलाई सोधसाध केही गरेनन् । हामीतिर हेर्दासम्म पनि हेरेनन् । घरवालीले पनि त्यसै गरिन् । हातमा लहरे धोती लिएर, डोकोमा गाग्री बोकेर पँधेरातिर लागिन् । सेतो पहिरनकी युवतीले दैलो कुचो गरेर दलान लिप्न थालिन् । यही मौका छोपेर मैले सोधें - 'बहिनी । तपाईं छोरी हो कि बुहारी ?'

'बुहारी' - उनले छोटो जवाफ दिइन् ।

'तपाईंका जहान वित्नुभयो ?'

'अँ.... लाहुरमा ।'

'कति भयो ?'

तीन महिना ।'

'सासु ससुराले तपाईलाई हेरचाह त राम्रो गर्नुहुन्छ होला ?।'

'कामलाई हेर्ने ता हो नी ?'

'आज राती तपाईंले सिरक दिनुभयो । हामीलाई त जाडोमा न्यानो भयो । तर तपाईंलाई जाडो भयोहोला । दुःख दिन आएजस्तो भयो, बाहिनी ! माफ गर्नु होला ।'

'केही दुःख छैन । बरु कुकुरझैं भोकै-तिसै बाहिरनु बस्नु पऱ्यो । मता खोपी भित्रता थें । जाडो भएन ।' लिपपोतको काम गर्दै कुरा गर्दै गरिन् । 'विहान कोही नउठ्दै सिरक लानुभयो । किन बहिनी ?' 'सासु ससुराले देखेता मलाई यहाँ रहनु बस्नु हुन्न । त्यसैले...।' 'ए.... बहिनी, सासु ससुराको यस्तो व्यवहार हुँदा पनि हामीलाई सहयोग पुराउने कष्ट गर्नुभयो, तपाईलाई धन्यवाद छ । हाम्रो शुभकामना छ ।' 'शुभकामना ता ज्यूँदो मान्छेलाइपो काम लाग्छ..। मलाई ता .....?' 'बहिनी । कुनैकुनै वेला यो आगनमा ढिकमा सेतै फुलेको आरुको फूल, असिना परेर झार्दिन्छ तर आरु थाक्दैन र आफ्नो कर्म पनि छोड्दैन । अर्को सालफिरे पछि फुल्छ र फल्छ - आरु पाक्छ । मलाई त मान्छेको जिन्दगानी पनि त्यस्तै लाग्छ । तपाईको सुन्दर भविष्य र सृष्टिका लागि शुभ-कामना छ ।'

'.....।' उनी बोलिनन् मुख फर्काएर हेरिन् मात्र ।

'बहिनी । ससुराको नाम थर के होला नि ?'

'चैनसिङ् थापा ।'

'राम्रो परिवार रहेछ ।'

यसबेलासम्म घाम लागिसकेका थिए । र, न्यानो पनि फिंजारिसकेको थिए । गोरे भाइले झोलामा च्यादर राखे र तयार भए । मैले कागज-पत्र मिलाई आफ्नो झोला लिएँ ।

'बहिनी हामी अब हिंड्छौं तपाईको सुन्दर भविष्य र सुन्दर सृष्टिकालागि शुभ-कामना फेरि पनि । बस्नु होला है ।' भन्दै हामी ओर्लियौं । 'हुन्छ तो राम्री जानु होला ।' उनले भनिन् ।

यसरी विदा भएर घामसँगै तम्घासतिर जाने बाटो समात्यौं ।

---

## 'मेरा छातीका कोलाजहरू' लाई केलाउँदा

नेपाली साहित्यका विविध विधाहरूमा नयाँनयाँ प्रयोगात्मक रूपहरू देखापर्दै आएको बेला सुस्मिता नेपालद्वारा लिखित 'छाती भित्रका लाजहरू'मा पनि नवीनतम औपन्यासिक प्रयोग हुन पुगेको छ ।

कुनै ठोस घटनाक्रमलाई आधारित नवनाइकन टुक्राटुक्रा घटनाहरूलाई टपाटप टिपेर सूत्रवद्ध गरिएको यस उपन्यासमा कुनै नायक वा नायिका नभैकन स्वयम् लेखिका दर्शक बनेर औपन्यासिक वर्णन गरिएको छ । पहिले नै एउटा उपन्यास लेखिसकेकी लेखिकाको लेखनशैली प्रतीकात्मक ढंगले सकारात्मक दीशातिर उन्मुख भएको छ ।

यस उपन्यासलाई पढ्दै जाँदा लाग्छ - लेखिकाले दुई/चार वटा कथा लेख्न सकिने घटनालाई तानावाना बुनेर उपन्यासमा परिणत गरेकी छन् । जसमा औपन्यासिक संगठनपक्ष खलवलिएको छ । घटनात्मक श्रृंखलाहरू खण्डित भएका छन् । शुरूका दुइ/तीन भागहरू जति उत्सुकता जगाइदिने खालका छन् त्यस क्रमलाई लेखिकाले अन्त्यसम्म यथावत राख्न सकेको भए साच्चैनै नेपाली औपन्यासिक क्षेत्रमा एउटा नौलो आयाम थपिने थियो । अर्थात् आरम्भिक शैली पछि टुट्न गएको छ र के पुगेन, के बाँकी रह्यो, केही लेख्न छुट्यो की । भन्ने शंकाले पाठकलाई अलमल्याइ दिन्छ ।

जे होस् यहाँ बुझ्नु पर्ने धेरै कुराहरू छन्- यस सहरमा गरीबमाथि अन्याय भएको छ, महिलाहरू बलात्कृत भएका छन्, वातावरण प्रदुषित भएको छ, सहरिया समाज र ठूलाबडा भनाउँदाहरू नक्कली छन्, पशुपतिनाथको नजिकमा असक्त र असहाय बृद्धहरू लुटिने गरेका छन्, जवान छोरीहरू अचानक हराउने गरेका छन्, युवाशक्ति विदेशिने गरेको छ, खाते बालक, बेरोजगारी र चोरी बढेको छ, अनावश्यक नेपाल बन्द, हड्ताल, नाराजुलुस बढेको छ, विद्वान,लेखक, कलाकार हरूको अवमूल्यन भएको छ । मन्त्री, सांसदहरूले मोज गरेका छन् -

'नेताहरूले जनतालाई चुस्छन्, लुट्छन् र आफैमा रमाउँछन् । डाँकाहरू त्यस्ता हुँदैनन् । उनीहरूले धनीलाई लुट्छन् र ग़रीबलाई बाँड्छन् । के डाँकाहरूको इज्जत नेताको,इज्जत भन्दा बढेको छैन त ?'

सातभागमा लेखिएको यस उपन्यासमा नेपाली समाजका दुःख र दारिद्रयको तस्वीर उतारिएको छ । रुढी र असांस्कृतिक कुराहरूलाई समाप्त पार्ने सन्देश दिइएको छ । ऐतिहासिक जनआन्दोलनको जनचाहनालाई लत्याउने वर्तमान राजनीतिको धज्जी उडाइएको छ । यसरी लेखिकाले प्रतीकात्मक ढंगबाट उपन्यासलाई अगाडि बढाई न दुखान्त न सुखान्त रूपमा टुङ्ग्याइदिएकी छन् । समग्ररूपमा लेखिकाको औपन्यासिक शैली प्रशंसनीय मान्न सकिन्छ ।

उपन्यास: मेरा छातीका कोलाजहरू
लेखिका: सुस्मिता नेपाल
प्रकाशक: आकास परिवार
पृ.संख्या: ९६ + ८
मूल्य:

## 'अर्थहीन अर्थहरू'लाई अर्घ्याउँदा

नयाँ पुस्ताका जल्दाबल्दा लेखककोरूपमा परिचित श्रीओम श्रेष्ठको नयाँ कृति 'अर्थहीन अर्थहरू' बजारमा पुगिसकेको छ । १५ वटा प्रकाशित र २ वटा अप्रकाशित गरी जम्मा १७ वटा निवन्धहरू संकलित भएको यस निवन्ध संग्रहमा निवन्धकारले यात्राजन्य अनुभूति र भोगाइहरूलाई आत्मीक अभिव्यक्तिको रूपमा रूपान्तरित गरेका छन् । उनका निवन्धहरूमा युवा चिन्तन र बोधगम्य चित्रणहरूको पार्थ्यक्यता छ । उनलाई एउटा मौलिक र आफ्नै किसिमको शैली स्थापित गर्ने प्रयोगधर्मीको रूपमा पनि लिन सकिन्छ ।

पहिले पहिले निवन्ध भनिने केही लेख रचनाहरूलाई अहिले प्रवन्धको दर्जामा राखिएको छ । कारण - ती निवन्धहरूमा बस्तुपरकताको वाहुल्य हुनु हो । निवन्धमा भावनात्मक अभिव्यक्ति र लयात्मक शैली हुनुपर्दछ । यस क्षेत्रका सफल निवन्धकार लक्ष्मीप्रसाद देवकोटा हुन् । हिजोआज प्रवन्धको नाम दिएर लेख लेख्ने गरिदैन । ती कि त सामान्य लेख हुन्छन् कि कथा । बस्तुपरक अभिव्यक्तिको गुण पनि यहि हो जस्तो लाग्छ ।

कतै कसैको बन्धनमा न वाधिनुनै निवन्धको गुण हो । अरू सबै जसो विधाहरू एउटा न एउटा घेरामा बाधिएका हुन्छन् । तर निर्वन्धित हुँदैमा अनियन्त्रित हुनुहुँदैन । यसका पनि केही न केही मूल्य र मान्यताहरू छन् । स्वच्छन्दता पूर्वक लेखिएको कुनै घटनालाई चीरफार गरी उजिल्याउनु निवन्धको गुण हो जस्तो लाग्छ । यस अन्तर्गत यात्रा/संस्मरण/आत्मघटित घटनाहरू र स्वविचारहरू समाविष्ट हुन्छन् । यस्तै किसिमका निवन्धहरू सफलता पूर्वक समाविष्ट गरिएका छन् यस कृतिमा ।

हृदयचन्द्र सिंह प्रधानको भूमिकामा मञ्जुलको मन्तव्य सहित प्रकाशित भएको यस निवन्ध संग्रहका निवन्धहरू हेर्दा निवन्धकारले घटनाको सतहसम्म पुगेर अत्यन्त शुक्ष्मरूपमा विश्लेषण गर्न सकेको अनुभव हुन्छ । यसबाट लेखक कल्पना र स्वप्निल जगत्मा विचरण गर्ने युवा पुस्ताका सफल निवन्धकार हुन भन्न सकिन्छ ।

कविता देखि लेखन आरम्भ गरेर अहिलेसम्म संयुक्त र निजी गरी ५ वटा कृति प्रकाशित गर्ने श्रीओम श्रेष्ठले यात्रा निवन्ध संग्रहको माध्यमबाट आफूलाई कवि भन्दा पनि निवन्धकारको रूपमा उभ्याउन सफल भएका छन् । उनीबाट भविष्यमा अरू धेरै कृतिहरू आउनसक्ने आशा गर्न सकिन्छ ।

कृति: अर्थहीन अर्थहरू
लेखक: श्रीओम श्रेष्ठ 'रोदन'
प्रकाशक: बसन्तकुमार चौधरी
मूल्य: ने.रु. ३०/- / भा.रु. २०/-
पेज संख्या : ९४

रापप